MUSIC NEPAL (P) LTD. KATHMANDU

अङ्गीत

बीस वर्ष



सम्पादक
रमण घिमिरे

बीस वर्ष

सम्पादक
रमण घिमिरे



सङ्गीत

म्युजिक नेपाल बीसौं वार्षिकोत्सव विशेषाङ्क
२८ फागुन २०६०

प्रकाशक
म्युजिक नेपाल
पो.ब.नं. १११५, अनामनगर, काठमाडौँ, नेपाल
फोन नं. ४२४२०४८, ४२२८३०८

आवरण चित्र : अशोकमान सिंह
तस्बिर : कुमार आले
साजसज्जा : द प्रिन्टहाउस
नयाँ वानेश्वर, काठमाडौँ
फोन: ४४७६८७१

ISBN : 99933-881-1-4

सर्वाधिकार : प्रकाशकाधीन
(यस पुस्तकका कुनै पनि सामग्री बिनास्वीकृत प्रकाशित नगर्नुहोला ।)



गर्न धेरै बाँकी छ

सन्तोष शर्मा

म्युजिक नेपालको प्रत्येक वार्षिकोत्सवको समयमा 'सङ्गीत' त्रैमासिकको नयाँ संस्करण प्रकाशित हुने गर्दछ। यो परम्परा नै भएको छ। तर यसपालि त हामी २० वर्ष पूरा भएकोले निश्चय नै सङ्गीतको पनि विशेष प्रस्तुति हुनुपर्छ भन्ने सहमति भयो यस पत्रिकाका सम्पादक तथा प्रसिद्ध गीतकार रमण घिमिरेसँग। र, विगत २० वर्षमा म्युजिक नेपालसँग प्रत्यक्ष परोक्ष सरोकार राख्ने व्यक्तिहरूबाट आ-आफ्नो राय तथा धारणाबारे लेख माग गर्ने निर्णय भयो। दुई दशकको यात्रामा हामीसँग सम्पर्कमा नआएका गीत-सङ्गीत क्षेत्रका विरलै कोही होलान् तर सबैलाई समावेश गर्न सम्भव थिएन। कोही देश बाहिर हुनुहुन्थ्यो

भने, कोही अस्वस्थ त कोहीले लेख दिन मञ्जुर गर्नु भएन । लेख माग्नै पर्ने कतिलाई त हामी आफैंले छुटायौं । जेहोस् जति लेख प्राप्त भयो, जसजसले दिनुभयो हामी उहाँहरूप्रति चिरकालपर्यन्त आभारी रहनेछौं । हाम्रा लागि एक महत्त्वपूर्ण दस्तावेज तयार भएको छ । आआफ्ना लेखमार्फत कतिले हामीलाई ताली दिनु भएको छ भने कतिले गाली । तर हामीले 'ताली' र 'गाली' पछाडि निहित भावना एउटै पायौं– त्यो हो म्युजिक नेपाल आफूले हालसम्म अवलम्बन गरेको मार्गबाट विचलित नहोस् र आगामी दिनमा नेपाली साङ्गीतिक क्षेत्रमा थप योगदान पुऱ्याउन सकोस् । यही सदिच्छा नै हामीले गत बीस वर्षहरूमा आर्जन गरेको सबैभन्दा महत्त्पूर्ण सम्पत्ति हो ।

हुन त बीस वर्ष यति छिटो बितेछ, यादै भएन । यस क्षेत्रका महत्त्वपूर्ण स्रष्टा-कलाकारहरूले हामीलाई कति नजिकबाट नियाली रहनुभएको रहेछ, त्यो कुरा स्पष्ट भएको छ । यो हाम्रो लागि गौरवको विषय पनि हो किनभने राष्ट्रका यति धेरै विशिष्ट व्यक्तित्वको ध्यानमा हुनु निश्चय पनि केही न केही महत्त्वपूर्ण कार्य गरेकै हुनुपर्छ । यसबाट हामी सतर्क पनि भएका छौं, डर लागेको छ– कतै यी राष्ट्रका निधिहरूको आशा भरोसाअनुरूप हामी कार्य गर्न सक्षम नहुने पो हौं कि भनेर ।

बीस वर्षअगाडि न्युनतम प्राविधिक तथा वित्तीय सहयोगबाट घरेलु उद्योगको परिभाषा अन्तर्गत सञ्चालनमा आएको यो संस्था बीस वर्षसम्म बाच्ला भनेर सायद कसैले कल्पना गरेका थिएन । शिक्षाको पेसा आफूले खोजे जतिको आकर्षक नभएपछि ठूला उद्योगको स्थापना, एजेन्सी विजनेस, निर्यात, टेन्डर आदिका व्यापारमा हन्डर खाँदै अन्त्यमा दर्ता गरेको घरेलु उद्योग नै म्युजिक नेपाल हो । यसको नाममा पनि केही प्रश्नहरू उठेको छ– 'सङ्गीत' नभनेर किन 'म्युजिक'? सङ्गीत विषयको अन्तर्राष्ट्रिय पनलाई प्रतिनिधित्व गराउन 'म्युजिक' भनिएको हो ।

दर्ता भएको केही महिना लगानीकर्ताहरूसँगको छलफल तथा प्राविधिक विषयमा बित्यो । केही महिनापश्चात दुई बहादुर सजनराम भण्डारी तथा यादव बासकोटाले १/१ लाख रूपियाँ लगानी गर्न आट्नु भयो र काम अगाडि बढ्यो । थलोको रूपमा डिल्लीबजार उकालो (पुतलीसडकपट्टि) को एभरेस्ट एक्सरेभित्रको नारायण दाइको ३ कोठे घर

मासिक रू. ८,००/- वहालमा तिर्ने गरी छानियो। ८ महिना उक्त थलोमा बसेपछि, ठाउँको अलि अभाव भएको कारण धोबीधारामा सारियो। त्यहाँ २ वर्ष, अघिल्लो ८ महिनामा बुझेका कुराहरू लागू गर्नमा खर्चियो। सिद्धान्ततः कुनै पनि उद्योग बाँच्नका लागि निरन्तर विस्तारित हुँदै जानुपर्छ। यथास्थितिमा यो धेरै दिन बाँच्न सक्दैन। तसर्थ स्थानाभावका कारण धोबीधाराबाट कालिकास्थानमा सार्न हामी बाध्य भयौं। कालिकास्थनको ५ वर्षको वसाइले हाम्रा लागि ज्यादै ठूलो महत्त्व राख्दछ। त्यहाँ हामीले आफ्नै स्टुडियोको निर्माण गर्‍यौं। र, त्यसमा सयौं एल्बम (हजारौं गीत) रेकर्ड भए। यस ५ वर्ष पश्चात आफ्नै भवन निर्माण गरी त्यसमा खाली क्यासेट उत्पादनको इकाइको स्थापना र व्यावसायिक स्टुडियो निर्माण गरी हामी अनामनगरमा सर्‍यौं र उक्त स्थान नै हाम्रो स्थायी थलो भएको छ।


यद्यपि हामी त्यहाँ पनि नअटाएका कारण सिनामङ्गलसम्म विस्तारित भएका छौं। पहिलो दशकको यो यात्रा केही शब्दको साहारामे वर्णन गरिएको भएता पनि यो निश्चय नै सहज चाहिँ थिएन। श्री ५ को सरकारले करको प्रयोजनका लागि नकारात्मक सूचीमा राखी सबै भन्दा उच्चदर (मदिरा र चुरोट सरह) लागू गरिदिएका कारण पनि यो यात्रा थप कठिन भएको थियो। तर हाम्रा सहयात्री स्रष्टा-कलाकारको सद्भाव र सङ्गीतप्रेमी नेपाली जनताको सहयोगले हामीलाई आफ्नो गन्तव्यमा पुर्‍याई छाड्यो। हाम्रो गन्तव्य भनेको नेपाली सङ्गीतको व्यावसायीकरण, उद्योगिकीकरण। चालीसको दशकमा भएको यस उपलब्धिका कारण प्रजातन्त्र पुनर्वहालीपश्चात् पचासको दशकमा अवलम्बन गरिएको खुला सञ्चार नीति अन्तर्गत वितरित एफ्एम् स्टेसनको सफल सञ्चालनका लागि महत्त्वपूर्ण आधारशिला तयार हुन गयो। प्रकारान्तरले यी एफएम स्टेशनको सफलताले नेपाली सङ्गीतलाई थप लोकप्रिय बनाउनमा सघायो। तर आज यतिमै आत्मसन्तुष्टि लिएर बस्ने अवस्था छैन। मात्र आज हामीले पहिलो खुड्किलो सफलताका साथ चढेकाछौं। निसन्देह हाम्री सही दिशामा अगाडि बढिरहेकाछौं।

नेपाली सङ्गीतको क्षेत्रमा थुप्रै कामहरू गर्न बाँकी छ। नेपाली स्रष्टा-कलाकारको सुनौला भविष्यका लागि। राष्ट्रलाई समृद्ध बनाउनका

लागि । एउटा म्युजिक नेपालले खनेको सानो गोरेटोमा आज तीन बीस म्युजिक नेपालको चहलपहल छ । यस सङ्ख्यामा निरन्तर बृद्धि होस् र हामी सबै मिली सारा राष्ट्रलाई बाँध्ने साङ्गीतिक, सांस्कृतिक डोरीको निर्माण गर्नमा सफल हुन सकौं । यही नै हाम्रो कामना छ । जनताको माया नै हाम्रो सबैभन्दा ठूलो सम्पत्ति हो । जनतालाई स्वस्थ मनोरञ्जन प्रदान गर्दै राष्ट्रको दुखेको मनमा साङ्गीतिक मलम लगाउन सकौं, यही नै हाम्रो सदिच्छा हो । आगामी दिनमा पनि विगतमा झैं म्युजिक नेपाल एक अभियानको रूपमा अघि बढ्नेछ । यसले थाल्न हरेक कदम स्रष्टा-कलाकारको हितलाई सर्वोपरि ध्यानमा राखेर चालिनेछ ।

योजनविद्हरूले अनुत्पादक ठहर गरेको यस क्षेत्रलाई आगामी दुई दशकभित्र नेपाली सङ्गीतको माध्यमबाट राष्ट्रका लागि गतिलो विदेशी मुद्राको स्रोत बनाउनु हाम्रो मुख्य लक्ष्य हुनेछ । म्युजिक नेपालको स्वामित्वमा भएका केही करोडका भौतिक सम्पत्ति (घर, मिसिन आदि) का कारणले मात्र यस संस्थाको महत्त्व भएको हैन । हामीभन्दा सयौं गुणा बढी त्यस्ता सम्पत्ति भएका औद्योगिक प्रतिष्ठान नेपालमै सयौंको सङ्ख्यामा छन् । हाम्रो महत्त्वपूर्ण उपलब्धि भनेको हाम्रा अर्काइमा रहेका हजारौं सङ्ख्याका गीत-सङ्गीत हुन् । यी राष्ट्रिय सम्पत्ति हुन्, हामी यिनका ढुकुटे मात्र हौं । मेचीदेखि महाकाली, तराईदेखि हिमालका विभिन्न जातजातिका राष्ट्रिय तथा राष्ट्रभाषाका ती गीतभित्र महत्त्वपूर्ण संस्कृति संरक्षित छन् । भावी सन्ततिका लागि यी महत्त्वपूर्ण दस्तावेज संरक्षण गर्न पाउनु हाम्रो सौभाग्य हो । यसैमा हामीलाई आत्मसन्तुष्टि प्राप्त भएको छ । म विगतमा हामीलाई सघाउनु हुने सबैमा हार्दिक कृतज्ञता ज्ञापन गर्दै आगामी दिनमा पनि सबैको यस्तै सद्भाव र सहयोग प्राप्त हुने आशा गर्दछु ।

अन्त्यमा सहकर्मी रमणजीलाई मुरीमुरी धन्यवाद । यो प्रकाशकीय मार्फत आफ्ना भावना पोख्ने मौका दिनु भएकोमा । उहाँको आँटिलो प्रयासको अभावमा न यो पुस्तकको प्रकाशन नै सम्भव थियो न यी शब्दको कुनै अर्थ हुन्थ्यो । अस्तु ।



मनको कुरो हो

रमण घिमिरे

एउटा घर बनाउन धेरै पक्षको सीप र परिश्रम चाहिन्छ । जग खन्नेदेखि गाह्रो लाउने, ग्यालढोका बनाउने, छत ढलान र रङरोगन गर्नेसम्मका चरणहरूमा प्रत्येक कर्मीको सीप, जाँगर र परिश्रमले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ ।

तर पनि कालान्तरमा घरको महत्त्वमाथि एकजना मानिसको नै बढी चर्चा हुन्छ, त्यो हो घरको 'डिजाइन' बनाउने इन्जिनियर । जसको घरको प्रारम्भिक स्वरूपको रेखाङ्कनदेखि त्यसको 'फिनिसिङ् टच'सम्म योगदान रहन्छ । किनभने उसैको मार्गनिर्देशनमा त्यस घरको निर्माण सम्पन्न हुन्छ ।

म्युजिक नेपाललाई एउटा घरसँग तुलना गरेर हेर्दा यसको संरचनामा अनेकौँ शिल्पीहरूको हात छ। आरम्भका दिनहरूमा झोलामा क्यासेट बोकेर पसलहरूमा "हाम्रा क्यासेट पनि बिक्रीमा राखिदिनोस्" भन्दै अनुनय गर्दै भौंतारिने जे.के. शर्मा र ईश्वर अर्यालको पनि म्युजिक नेपाललाई बनाउनमा ठूलो हात छ। प्रविधिशून्य अवस्थामा गीतको रेकर्ड गर्ने र यस पक्षमा परामर्श दिन सक्षम प्रदीप उपाध्यायको पनि यसको जग हाल्ने क्रममा प्रशस्त योगदान छ।

प्रकाशकीयमा सन्तोष शर्माले उल्लेख गर्नुभएका 'दुई बहादुर' सजनराम भण्डारी र यादव बाँस्कोटाको योगदान त आजपर्यन्त महत्त्वपूर्ण छ। किनभने उहाँहरूले त्यसबेला बीजरकमस्वरूप दुई लाख रूपियाँ लगानी नगरिदिनुभएको भए सायद यो म्युजिक नेपाल आज कल्पनामा पनि हुन्थ्यो, हुँदैनथ्यो।

ज्ञान र अनुभव खर्चेर आधुनिक म्युजिक नेपाललाई नीति-नियमको आधारमा निरन्तरता दिन कम्मर कसेर लाग्ने सङ्गीतज्ञ-प्रशासक मदन 'दिपबिम' को पनि उल्लेखनीय योगदान छ। यसै चरणमा रेकर्डिङ्मा सम्बद्ध पर्शुराम चौधरी र रेकर्डिङ्पछिका प्रत्येक चरणलाई आफ्नो काँधमा बोकेर झन्डैझन्डै श्रोताको दैलोसम्म एल्बम पुऱ्याएर बिसाउने कृष्ण खनालको योगदान पनि यहाँ त्यत्तिकै स्मरणीय छ। यसबाहेक पुतलीसडक र धोबीधारादेखि कालिकास्थान हुँदै अनामनगरको अत्याधुनिक प्रविधि, प्रशिक्षित प्राविधिक र कुशल व्यवस्थापनसम्मको पृथकपृथक कालखण्डमा धेरै नामहरू म्युजिक नेपालको इतिहाससँग महत्त्वपूर्ण रूपमा जोडिएका छन् र प्रत्येकको योगदान आ-आफ्नो ठाउँमा अतुलनीय पनि छ। यसमा विवाद नहोला।

तर म्युजिक नेपाललाई एउटा घरको निर्माणसँग तुलना गरेर हेर्दा यसको स्वरूप रेखाङ्कन गर्ने व्यक्तिलाई सर्वप्रथम सम्झिनुपर्छ र यसको स्वरूप रेखाङ्कनदेखि विभिन्न तहसम्म एउटा कुशल कालिगढको भूमिका निर्वाह गर्ने व्यक्ति हुन्- सन्तोष शर्मा। जसको सोच र ढाँचामा यो म्युजिक नेपाल जन्मियो, हुर्कियो र यस मोडसम्म सफल र निरन्तर रूपमा यात्रारत छ।

सन्तोष शर्मा जतिखेर सङ्गीतबाट कलासम्वर्द्धन र सँगसँगै गाँसबासको लक्ष्य लिएर म्युजिक नेपाल स्थापना गर्ने सोचाइमा पुगे– त्यस मोडमा उनी सोख, रहर या यस क्षेत्रलाई एउटा प्रयोगको रूपमा परीक्षण गर्न मात्र जम्जमाएका थिएनन्। नगेन्द्र थापाले भने झैं- "उनी गीतकार, सङ्गीतकार या गायक पनि थिएनन्।" तर साहित्य र सङ्गीतको सांस्कृतिक गरिमालाई अनुभूति गर्न सक्दथे। यसको मर्म र महत्त्वलाई आत्मसात गर्न सक्थे। यसबाट केही गर्न सकिन्छ भन्ने सम्भावनाको सानो झिल्को उनको अन्तस्करणमा झिलिकझिलिक गरिरहेको थियो। र, उनको भित्रभित्र केही गर्नुपर्छ भन्ने सङ्कल्प पनि थियो। व्यापारी परिवारसँग गाँसिएकाले उनीसँग व्यापारसम्बन्धी उतारचढावका प्रशस्त अनुभवहरू थिए र व्यापार गर्नु अनि नाफा-घाटाको हरहिसाब गर्नु उनको लागि कुनै नौलो कुरो थिएन। तर उनी एकदमै नौलो कुरो गर्न चाहन्थे र उनले त्यो 'एकदमै नौलो कुरो' को प्रतिविम्ब सङ्गीतमा देखे, प्रतिध्वनि सङ्गीत उद्योगमा सुने। उनीसँग सोचाइ, हिम्मत र सङ्कल्पहरू थिए। त्यसैले रत्नशमशेर थापाले भने झैं "उनले यसै क्षेत्रमा गाँसिएर केही गर्ने अठोट गरे।"

यसरी वि.सं. २०३८ साल साउन २ गतेदेखि सन्तोष शर्माको परिकल्पना र पहलमा म्युजिक नेपालको साङ्गीतिक, साहित्यिक र सांस्कृतिक यात्राको श्रीगणेश भयो।

अशेष मल्लले भने झैं- "यस किसिमको एक मात्र सरकारी निकाय रत्नरेकर्डिङ् संस्थान धराशायी भइसकेको थियो।" यस अवस्थामा स्वभावत: म्युजिक नेपाललाई आफ्नो बाटो आफैं बनाउनु थियो, बनायो। पहराहरू आफैंले फोड्नु थियो फोड्यो। र, भीरहरू ताछेर एक्लैले गोरेटो खन्यो। यति गर्दा पनि बाटाहरूमा प्रशस्त कुइनेटाहरू थिए। त्यसैले कतै ठोकिन्छ कि भनेर सतर्कतापूर्वक जोगिँदैजोगिँदै हिँड्यो। यस क्रममा बिस्तारबिस्तार गोरेटोलाई बाटो र बाटोलाई राजमार्गमा फैल्याउँदै अविराम, अविच्छिन्न हिँडिरह्यो।

यस यात्रामा ऊ एक्लो थियो, नितान्त एक्लो। तर ऊ गोरेटोमा निस्केपछि छेउछाउबाट एकदुई निस्के। यात्रा बढ्दै जाँदा अरूअरू पनि

पछ्याउँदै, थपिँदै गए। यसरी एकबाट दुई, दुईबाट चार, चारबाट आठ हुँदै आज अनगिन्ती समानधर्मी, सहयोगी संस्थाहरू यसको सहयात्री हुन पुगेका छन्। यस क्रममा कहिले स्रष्टा-कलाकारहरूले यसलाई डोऱ्याए। कहिले यसले स्रष्टा-कलाकारहरूलाई डोऱ्यायो। यसरी शून्यबाट आफ्नो बाटो आफैँ बनाउँदै, गन्तव्यको टुङ्गो नभएको यात्रामा निस्केको म्युजिक नेपालले आज नेपाली सङ्गीतलाई एउटा निश्चित मार्ग र गन्तव्य प्रदान गरिसकेको छ। आज यो संस्था शम्भु राईले भने झैँ- "कलाकर्मीहरूको वरपीपल र चौतारी" भएको छ।

वर्षौंदेखि स्रष्टा-कलाकारहरूको गीत-सङ्गीत निःशुल्क बजाए जागिर खाइआएका सरकारी प्रसारण माध्यमहरू स्रष्टा-कलाकारहरूको गीत-सङ्गीतलाई रेकर्ड गर्नुलाई उपकार ठान्थे। तर जसको जगमा सम्पूर्ण संरचना सञ्चालित थियो, जसको कारणले असङ्ख्य कर्मचारी-प्राविधिकहरूले गाँस-बास मात्र होइन सानको जिन्दगी बिताउने अवसर प्राप्त गरिरहेका थिए। यसलाई भुलेर ठालु प्रशासकहरू "आफूमै सर्वस्व निहित रहेको" भ्रम र अहंकारको जमरा उमारिरहेका थिए। यस अवस्थामा म्युजिक नेपालले स्रष्टा-कलाकारहरूलाई मौन तर व्यावहारिक आह्वान गऱ्यो- "तपाईंहरूका कारणले आज नेपाली सङ्गीत चलेको छ भने यससँग सम्बद्ध निकायहरू पनि तपाईहरूकै सृजनाका आधारमा चलेका छन्। तसर्थ, तपाईंहरूले यसको प्रतिफल अवश्य पाउनुपर्छ। तपाईंहरू नेपाली सङ्गीतको पहिलो कारक हुनुहुन्छ, यसपछि मात्र उत्पादक या प्रसारक। तसर्थ तपाईंहरूको सीप, सृजनाहरूको प्रसारण र वितरण गरेवापत् तपाईंहरूले आर्थिक मूल्य पाउनुपर्छ।"

अनि उसले सुरूमै रोयल्टी प्रथाको परम्परा बसायो। गीत गाउनका लागि रेडियो नेपालको गेटमा पुग्दै फर्किँदै गरेर छ महिनासम्म डेट पर्खंदा पनि पालो नआउँदा आजित र निराश भएका स्वर-साधकहरूलाई कार्यालयमै ससम्मान निम्त्याएर गीतको क्यासेट नै निकालिदिने र त्यस वापत क्यासेट विक्री भएअनुरूप पैसा पनि दिँदै जाने प्रस्ताव राख्यो, यसले। त्यसबेला यो रोयल्टी नै अचम्मको बस्तु थियो, जुन आज यति सहज लाग्छ। यसरी चेतन कार्कीले भने झैँ- "म्युजिक नेपालले रेडियोले

स्वरपरीक्षा अनुतीर्ण गराएका कतिलाई राष्ट्रिय पहिचान दिलायो ।"

अनुत्पादक कला भनेर पार्टटाइम सोखको रूपमा मात्र स्थापित सङ्गीतलाई त्यही प्रतिष्ठा र लोकप्रियताको मापदण्डमै राखेर यसले उत्पादनशील बनाइदिने सङ्कल्प गऱ्यो र यसको पहिलो पात्र नै स्वरसम्राट नारायणगोपाललाई छान्यो । 'गीतियात्रा' प्रकाशन गरेर नारायणगोपालको स्वरको अन्तिम संवेगमात्र यसले श्रोताहरूसमक्ष पुऱ्याएन, यसअघि कलाकै लागि मात्र बाँचेको उनको गायनमार्फत् केही हदसम्म जीविका समेत चलाइदिने सफल काम गऱ्यो । नारायणगोपालकी धर्मपत्नी पेमाला गुरूवाचार्यकै शब्दमा नारायणगोपालले रहर गरेर किन्न नसकेको मँहगो भीसीआर डेक म्युजिक नेपालले उहाँकै रोयल्टी रकमबाट किनिदियो । र, भरअभरमा गर्जो टारिदिने काम पनि गऱ्यो । यसरी यसले कलाकारले सोख र साधना पूरा गर्न मात्र होइन पेसाकै रूपमा पनि गीत गाउन सक्छन् भन्ने सम्भावनाको आँखीञ्याल खोलिदियो । आज त्यही 'आँखीञ्याल' बाट नेपाली सङ्गीतका उपलब्धिका अनन्त क्षितिजहरू देखिन थालेका छन् ।

हिँड्दा-हिँड्दै दिशाहरू पनि उघ्रिँदै जान्छन्, बाटाहरू पनि खुल्दै जान्छन् भने झैं समयसँगसँगै यसका लक्ष्य र उद्देश्यहरूमा पनि फैलावट बढे । सङ्गीतलाई व्यवसायमा जोडेर छोटा काव्यलाई मात्र डोऱ्याइराखेको म्युजिक नेपालले आफ्नो आयतन बढाएर रामायणजस्तो महाकाव्य, कुञ्जिनी, मुनामदनलाई समेत आफ्ना क्यासेटका फिताहरूमा अङ्कित गरायो र आज नेपाली वाङ्मयकै प्रसिद्ध शोक खण्डकाव्य 'गौरी' लाई टेपहरूमा भर्न कसिइरहेको छ ।

सङ्गीतमा जे पनि अटाउन सक्छ भन्ने मान्यतालाई नाम्लो लगाएर रामायण, मुनामदन या गौरीको भारी मात्र बोकेर यसले चित्त बुझाएन । यही मान्यताकै आधारमा 'जनता' को जनवादी सङ्गीतको त्यस पाटोलाई पनि एल्बमहरूमा समेटेर आफ्ना 'श्रोता' हरूको पहुँचभित्र सर्वसुलभ रूपमा पुऱ्यायो । यसरी राजनीतिक मतभेदले विभाजित सङ्कल्प, आस्था, वेदना, इन्द्रेणी संस्कृतिक परिवार या सबै अन्ततः एउटै छहारीमुनि आइपुगे म्युजिक नेपालको साङ्गीतिक व्यवस्थापन मार्फत् ।

यसरी साहित्यमा आदिकवि, युवाकवि, महाकवि, युगकविदेखि किशोरकवि (भूपेन्द्र खड्का) सम्म; स्वरमा आदिगायक, स्वरसम्राट, युगगायक (दीप श्रेष्ठ) देखि अहिलेका श्रोताका ढुकढुकी रामकृष्ण ढकाल, राजु लामासम्म, स्वरकिन्नरी, नाइटिङ्गेलदेखि नवकिशोरी गायिका निकेतिका प्रसाईंसम्म यसमा अटाएका छन्। काङ्ग्रेस, एमाले, माले, चौथो महाधिवेशन सबै विचारका कलाकारहरूका साङ्गीतिक सृजनाहरू बिना कुनै भेदभाव यसमा समेटिन आएका छन्। आग्रह र पूर्वाग्रहको काँडेतारलाई पन्छाएर कला र व्यवसाय रुङ्कृत गराउने सद्विचार र सकारात्मक सोचमात्र जब कुनै पनि संस्थाभित्र प्रतिध्वनित हुन्छ अनि सारा मतभेदहरू र विभाजनहरू कलामा आएर मिसिन पुग्छन् र एउटै भँगालोमा प्रवाहित भएर जनजनमा छताछुल्ल हुन पुग्छन्। यस कुरोको जीवन्त प्रमाण आज म्युजिक नेपालले दिएको छ। मनको कुरो हो, यसलाई जति खुम्चायो, त्यति साँघुरिँदै जान्छ, र जति फैलायो त्यति नै विशाल हुँदै जान्छ।

यी भए म्युजिक नेपालसम्बन्धी कुराहरू। तर यतिमै कलम बिसायो भने यो अधुरो हुनजान्छ। मलाई यस्तो लाग्यो। किनभने यो सङ्गीत विशेषाङ्क हो। यसमा म्युजिक नेपालका लागि मैले गरेको अनुरोधमा झन्डै चार दर्जन स्रष्टाहरूले यसका लागि कलम चलाउनु भएको छ, आफ्नो सृजनशील ऊर्जा खर्च गर्नुभएको छ। तसर्थ, अन्त्यमा उहाँहरूप्रति आभार व्यक्त नगरी मेरो कर्त्तव्य पूरा हुँदैन। र अर्को कुरो, यस घडी यसका प्रकाशक तथा म्युजिक नेपालका प्रबन्ध-सञ्चालक सन्तोष शर्मालाई पनि मैले आभार व्यक्त गर्नुपर्छ किनभने उहाँकै कारण मैले यस विशेषाङ्कमा यति धेरै स्रष्टाहरूको सहभागिता जुटाउने मौका पाएँ। ■

विषय सूची

	शीर्षक	लेखक	पृष्ठ
–	गर्न धेरै बाँकी छ– प्रकाशकीय	सन्तोष शर्मा	(क)
–	मनको कुरो हो– सम्पादकीय	रमण घिमिरे	(ङ)
१.	म्युजिक नेपालको प्रगति	अच्युतरमण अधिकारी	१
२.	भौतिक सम्मान पनि हुनुपर्छ	अम्बर गुरुङ	४
३.	कुरो र कुलो जता पनि जाँदोरहेछ	अनिल पौडेल	७
४.	सम्झनाका केही पाटा	अमोद भट्टराई	१०
५.	म्युजिक नेपालको छुट्टै मूल्य	अशेष मल्ल	१५
६.	पहिलो पाठशाला	इन्दिरा प्रसाई	१८
७.	म्युजिक नेपाल : अस्मितागाथा	ईश्वरवल्लभ	२३
८.	म म्युजिक नेपालको रोगी भएँ	उज्ज्वल भण्डारी	२७
९.	माटो, मुटु, म्युजिक र म्युजिक नेपाल	उर्मिला श्रेष्ठ भोजपुरे/हिरण्य भोजपुरे	३१
१०.	मैले त्यही गरेँ	कमल दीक्षित	३८
११.	अवसर र चुनौतीको घडी	कालीप्रसाद रिजाल	४४
१२.	प्रशंसनीय काम	किरण खरेल	५०
१३.	मिलनसार र आत्मीय	कुमार आले	५३
१४.	सबैको विश्वास जितेको छ	कुमार बस्नेत	५५
१५.	म्युजिक नेपालको जाँगर	केशवराज राजभण्डारी	५८
१६.	म्युजिक नेपाल र भानुभक्तको रामायण	कोषराज न्यौपाने	६२
१७.	लोकसङ्गीतका स्रष्टाको आधार	गोविन्द आचार्य	६८
१८.	सबैलाई समेटेको छ	चन्द्रराज शर्मा	७४
१९.	कुरै बेग्लै छ	चेतन कार्की	७६
२०.	नेपाली सङ्गीत र म्युजिक नेपाल	डा. चेतबहादुर कुँवर	८६
२१.	के रोजूँ ? साहित्य कि सङ्गीत ?	जयदेव भट्टराई	८३
२२.	नेपाली सङ्गीतबारे	जयनन्द लामा	८६
२३.	यसरी जिउँदो इतिहास कोर्दैछ	टीका भण्डारी	८८
२४.	गीत-सङ्गीत : मानवको अपरिहार्य तत्त्व	डा. तुलसी भट्टराई	१०५
२५.	म्युजिक नेपालले आर्जेको विश्वास	दिनेश अधिकारी	१११
२६.	मेरो अनुभवमा म्युजिक नेपाल	देवीभक्त श्रेष्ठ	११५
२७.	'माया नगरे नि सम्झन्छु दिनदिन'	देवेन्द्र भट्टराई	११८

२८. स्वतन्त्र अभिव्यक्तिको शुभकामना	जनकविकेशरी धर्मराज थापा	१२२
२९. स्रष्टा र सङ्गीतसंरक्षणका कुरा	ध्रुवेशचन्द्र रेग्मी	१२७
३०. म्युजिक नेपाल अर्थात सन्तोष शर्मा	नगेन्द्र थापा	१३४
३१. नेपाली सङ्गीतको साझा चौतारी	नन्दकृष्ण जोशी	१३७
३२. सन्तोष दाइ र म्युजिक नेपाल	नरेन्द्रराज प्रसाईं	१४४
३३. नारायणगोपाल र म्युजिक नेपाल	पेमाला गुरुवाचार्य	१४८
३४. म्युजिक नेपाल : एक विहङ्गावलोकन	प्रकाश लुइटेल	१५१
३५. म्युजिक नेपाल एक सहयात्रीको रूपमा	प्रकाश श्रेष्ठ	१६८
३६. सङ्गीतबजार र म्युजिक नेपाल	प्रकाश सायमी	१७०
३७. म्युजिक नेपालको दुई दशक	डा. प्रदीप भट्टराई	१७५
३८. म म्युजिक नेपालको सदस्य हुँ	प्रेमराजा महत	१८२
३९. सुटुक्क	बमबहादुर कार्की	१८५
४०. सङ्गीत र जीवन	भैरवनाथ रिमाल 'कदम'	१८८
४१. म्युजिक, म्युजिक नेपाल अनि म	मणिकमल छेत्री	१९२
४२. खै कसरी बित्यो ?	मदन 'दिपबिम'	१९५
४३. खालि सकारात्मक कुरा छन्	राष्ट्रकवि माधव घिमिरे	२०१
४४. सङ्गीत र सिद्धि	दाहाल यज्ञनिधि	२०५
४५. परम्परा बनाउने संस्था	रत्नशमशेर थापा	२१०
४६. बधाई म्युजिक नेपाललाई	रमा शर्मा	२१६
४७. एउटा बीउ, सयौं बिरुवा	रामकृष्ण ढकाल	२२०
४८. मैथिली सङ्गीत : संक्षिप्त सिंहावलोकन	डा. रामदयाल राकेश	२२४
४९. गीत र भजन	रामलाल अधिकारी	२३०
५०. नेपाली साङ्गीतिक विकासमा प्रतिबद्ध	रामशरण दर्नाल	२३५
५१. यो विश्वासको संस्था बनिरहोस्	रामेश श्रेष्ठ	२४७
५२. नेपाली गीत, सङ्गीत र म्युजिक नेपाल	विजय सुब्बा	२५२
५३. म्युजिक नेपालको प्रशंसनीय योगदान	विष्णुविभु घिमिरे	२५७
५४. मेरो सङ्गीतयात्राको प्रमुख सहयात्री	शक्तिवल्लभ	२६०
५५. हामी यसका सन्तान हौं	शम्भु राई	२६३
५६. सिङ्गो नक्षेत्र देशको	शैलेन्द्र सिम्खडा	२६६
५७. यसको उचाइ माथि छ	सत्यमोहन जोशी	२६८
५८. म्युजिक नेपाल : प्रगतिको बाटोमा	सुवि शाह	२७१
५९. विश्वास र इमान जित्यो	हरिवंश आचार्य/मदनकृष्ण श्रेष्ठ	२७५
६०. राष्ट्रिय गौरव	हेमराज ज्ञवाली	२७८



म्युजिक नेपालको प्रगति

अच्युतरमण अधिकारी

कर्म सोमत जीवन सञ्चालनको सञ्जीवनी हो। जीवनले जीवनलाई नै समुज्वलित बनाउनु छ भने कर्मशील भएर अघि बढ्नुपर्दछ। सामाजिक कर्तव्य पहिलो अनुशासन हो भने सामाजिक प्रवाहमा गतिशील भएर जाँदा पालन गरिने नैतिक कर्तव्य दोस्रो र नितान्त वैयक्तिक अनुशासन हो। यी दुवै किसिमका अनुसासनका अनुशासनभित्र रहेर देश, समाज र संस्कृतिको भलो हुने गरी कर्म गर्नु ठूलो सौभाग्यको कुरो हो। पूजा, आराधना, प्रार्थना, दर्शन आदिले धर्म होइन आंशिक शान्ति मिल्छ तर उत्पादनमूलक कर्मकर्तव्यले जीवनको पालन-पोषण र व्यवसायगत परिपुष्टिका साथै मुख्य कर्तव्यको पालन गरेको

हुन्छ । जीवनको परिपालन, संस्कृतिको परिचालन म्युजिक नेपालको मुख्य कर्तव्य हो । साङ्गीतिक सरोवरमा सञ्चालित धरोहर यसको मुख्य क्षेत्र हो । त्यससँग सम्बन्धित भएर यस लेखकले पनि केही गन्थन अघि सार्ने जमर्को गर्दैछ ।


त्यस बखत म्युजिक नेपालको स्वीकृतिका सम्बन्धमा म पनि उद्योग मन्त्रालयमा गएको थिएँ । त्यसबखतका उद्योगसचिव राधारमण उपाध्याय थिए । म साहित्यिक पत्रकार सङ्घको गतिविधिका सम्बन्धमा बेलाबखत केही काम गराइदिने अनुरोध गर्न उद्योग मन्त्रालयमा जाने, आउने गर्दथेँ । त्यसबखत साहित्यिक पत्रकार सङ्घका काम त खास त्यति भएनन् तर राधारमणजीसँग परिचयचाहिँ अवश्यै भयो । म विभिन्न मन्त्रालय, सङ्घ-संस्था आदिमा घुमीघुमी त्यस बखतको अत्यन्त सक्रिय बन्न सकेको सा.प. सङ्घको सक्रियतामा सहयोग जुटाउन कोसिस गर्थें । त्यसबखतदेखि आजसम्म पनि नेपालका ती मन्त्री, सचिवहरूले कुनै खास सहयोग गरेनन् । ससाना चिम्टे सहयोगहरू केही भए तर खास खाइलाग्दो सहयोग भएन । सा.प. सङ्घ उद्योग मन्त्रालयसँग सम्बन्धित त होइन तर सङ्घको मुखपत्रमा प्रकाशन गर्न विज्ञापन दिलाइदिने सिफारिसचाहिँ राधारमणजी पनि गरिदिन्थे ।

यस्तैयस्तै क्रममा म्युजिक नेपालका प्रबन्ध-सञ्चालक सन्तोष शर्माको यो गति अघि बढिसकेको रहेछ । म प्रत्यक्षरूपमा सन्तोषजीसँग परिचित त थिइन । त्रिपुरेश्वरका खनालहरूमा प्रत्यक्ष परिचयचाहिँ पवनसँग मात्र थियो । त्यहाँबाट जय वागीश्वरीमा गई बसोबास गर्ने श्रीधर खनाल अर्का परिचित व्यक्तित्व हुन् । श्रीधर, पवनहरूसँगको परिचय लेखकीय बढी हो । सन्तोष शर्मासँग मेरो त्यस्तो प्रत्यक्ष परिचय थिएन । एकदिन यसै क्रममा म डुलुवासँग सन्तोषजीले भनेको सुनेँ, "उद्योग सचिवलाई भेट्न जाऔँ न है ।" त्यसै छक्क परेँ । सायद सचिवसँगको कुराकानी र भलाकुसारीसँग मद्दत होला भनी यसो भनेको होला भनी म पनि गएँ । अग्रिम गति सञ्चालित भएर स्वीकृतिको अन्तिम चरणमा पुग्दा पनि ढिलासुस्ती र झारटार हुन्छ कि भनी सन्तोषजीलाई डर लाग्दो होला । त्यसैले सचिवजीसँग भेट्ता म पनि सँगै जाने मौका पाएको

थिएँ। त्यहाँ राम्रो कुराकानी भयो। सचिवबाट यो गति गुरुन्तै अघि बढ्यो जस्तो लाग्छ आज सम्झँदा।

मलाई सन्तोषजीले किन त्यत्रो मान्यता दिएको हो आज पनि थाहा छैन। म रित्तो लगनशील मान्छे, आजसम्म द्रव्यशक्ति र त्रासशक्ति नभएको सबैभन्दा लुरुङ्गो मानिस हुँ। सन्तोषजीलाई पनि उद्योग मन्त्रालयमा अन्य गति सञ्चालनमा कर्मचारीले पक्कै दुःख दिएका थिए। सुटुक्क भरिलो खाम दिन नसक्ने अवस्थाका मानिस र त्रासदीसोर्स नभएका मान्छेले न्यायिकक्रममा गतिविधि अघि बढाउन त निक्कै कष्ट भोग्नै पर्छ, समय ज्यादा खर्च हुन्छ। जति प्रमाणपत्रहरू बढे त्यति नै योग्याता र क्षमता घटेको यस देशमा राणा शासनकालको कालरात्रि र पञ्चायती शासनकालको अर्धनग्न नृत्यसहितको महाकालरात्रिलाई बढी महत्त्व दिएर त्यतैतिर फर्काउने दासताले ठूलो भूमिका खेलिरहेको छ। हामीले साहित्यिक पत्रकार सङ्घको स्थापना २०२८ मा गर्‍यौं। २०३८ देखि करिब ४२ सालसम्म जे जति काम गर्‍यौं त्यस बखतको इतिहासले नेपालका जिम्मेवारीहरूसँग परिचित हुने सौभाग्य पायो। सन्तोष शर्माजस्ता ज्यादै मिहिनती, कर्मशील व्यक्तिसँग परिचित हुने सौभाग्य पनि त्यसै समयको त्यही इतिहासले दियो।

कर्म नै धर्म हो। गीताको यस मुख्य सिद्धान्तसँग म त ज्यादै आवद्ध छु। धर्म मानसिक सन्तुष्टि र आत्मिक विकासको प्रबल माध्यम हो भने कर्म भौतिक जीवन, सभ्यता, संस्कृति र मानसिक विकासको सही मार्ग हो। कर्म व्यवसायका माध्यमबाट सञ्चालित जीवन भौतिक संसारभित्रको बडो सफल जीवन मान्नु पर्दछ। तर कर्म सभ्यमार्गबाट सञ्चालित हुनैपर्छ। म्युजिक नेपालको जन्मकालदेखिको गतिलाई हेर्दा यसले जेजति प्रगति गर्‍यो त्यो ज्यादै सन्तुष्टि दिने खालको छ। आज कैयौं श्रमिक कार्यरत छन्, जीवन निर्वाह र कर्मगति अघि बढाउने सफल माध्यम बनेको छ यो। कर्मशील सभ्य योजनाले सभ्यता, संस्कृति, परम्परा, जीवननिर्वाह हरेक कुरामा पुष्टि दिएको हुन्छ। म्युजिक नेपालको प्रगति यसै मार्गबाट गइरहेको छ। अग्रिम गति विशेष सफल ढङ्गले जाओस्। यही कामना छ हाम्रो। ■



भौतिक सम्मान पनि हुनुपर्छ

अम्बर गुरुङ

धोबीधारामा भाडामा लिएको एउटा सानो कोठामा एउटा साधारण डबिङ् मेसिन राखेर सुरु भएको म्युजिक नेपालको सङ्गीतव्यापार आज भव्य म्युजिक उद्योगमा परिणत भएको छ। यसको आफ्नै भव्य भवन छ जहाँ सत्तर-अस्सी जना कर्मचारीहरू कार्यरत छन् र यही भवनभित्र सुविधासम्पन्न रेकर्डिङ् स्टुडियो र दक्ष रेकर्डिस्ट/प्राविधिकहरू छन्। मुम्बईका विख्यात रेकर्डिस्ट दामन सुदको पर्यावलोकनमा रेकर्डिङ् स्टुडियोको निर्माण भएको हो। र, म्युजिक नेपालको रेकर्डिङ् स्टुडियो मुम्बई, हङ्कङ् तथा सिङ्गापुरका स्टुडियोहरूको दाँजोमा बढी सुविधा सम्पन्न नभए पनि कम चाहिँ कदाचित छैन। मलाई लाग्छ एउटा सानो नाङ्लो पसल अथवा

चिया पसल गर्दै बढ्दै तीनतारे होटेल बन्न पुग्छ भने त्यसलाई आश्चर्य नभने पनि चमत्कार त भन्नै पर्छ। यद्यपि पाँचतारे स्तरमा पुग्न उसलाई अरु बढी परिश्रम तथा सम्बन्धित सन्दर्भका चुनौतीहरूलाई सामना गर्दै अरु अघि बड्नुपर्ने परिस्थितिहरू तेर्सिन सक्छन्। म्युजिक नेपाल आज यस अर्थमा पनि सम्पन्न छ कि हार्डवेयर र सफ्टवेयर बिषयमा पनि नेपालका अरू म्युजिक कम्पनीहरूभन्दा म्युजिक नेपाल अग्रपङ्क्तिमा छ। कच्चा पदार्थलाई भिऱ्याएर गुणस्तरीय टेपफिता र चक्कासम्म बनाएर म्युजिक नेपालले आफूलाई आत्मनिर्भर बनाएको छ। यस हिसाबबाट हामीलाई आर्थिक रूपमा ठूलै सघाउ भएको छ। साथै आयस्रोत देशभित्र नै रहन्छ। जस्तो, यस आर्जनबाट म्युजिक नेपालले बर्सेनि सरकारलाई लाखौँको राजस्व तिर्ने गर्छ। कला र व्यापार परस्पर विरोधी होइन, हुनु पनि दिनुहुँदैन। यसलाई एकार्कालाई सम्पूरक बनाएर राष्ट्रविकास क्रमको श्रृङ्खलामा राख्नु पर्छ। यो कुरो म्युजिक नेपालले बुझेको छ।

म कुनै इकोनोमिस्ट होइन, न त कुनै योजनाविद् तर अभावलाई मैले धेरै नजिकबाट चिनेको छु र लाग्छ अभावको पूर्ति हुनु पनि विकासक्रममा एउटा निकै ठूलो उपलब्धि हो। चार दशक अघिसम्म रेकर्डिङ् स्टुडियोको अभावले गर्दा गीत रेकर्डिङ् गर्न हामी कोलकता, मुम्बईतिर भौंतारिनुपर्ने अवस्था थियो। अहिले त्यस अभावको पूर्ति भएर नै हामीकहाँ प्रशस्त रेकर्डिङ् स्टुडियोहरू खुलेका छन् र तीमध्ये एउटा सम्पन्न र प्रमुख स्टुडियो म्युजिक नेपालको हो। म्युजिक नेपालको स्थापना र त्यहाँ निर्वाह हुने भूमिकाका मास्टर माइन्ड अरु कोही नभएर सन्तोष शर्मा भन्ने अत्यन्तै बुद्धिमान र सन्तुलित व्यक्ति हुन्। यसर्थ म्युजिक नेपाल र सन्तोष शर्मा पर्यायबाची नाम हुन्।

सङ्गीत इन्डस्ट्रीको रूपमा अग्रगण्य भूमिका खेल्दै आएको म्युजिक नेपालले त्योसँगसँगै राम्रो प्रतिष्ठा पनि आर्जन गर्नुपर्ने मलाई लागेको छ। अमेरिका तथा युरोपका कतिपय देशहरूका ठूलाठूला व्यापारीहरूले अनेकौं त्यस्ता 'फाउन्डेसन' हरूको स्थापना गरेका छन्, जसले शिक्षा, टेक्नोलोजी र अरू कल्याणकारी कार्यहरू गरेर धन, मान् र प्रतिष्ठा कमाएका छन्। अमेरिकाका बिल गेट्सलाई नमुनाका लागि लिन

सकिन्छ। भारतका विड्ला तथा टाटाहरूले एक ठाउँमा 'प्लानेटेरियम' र अर्का ठाउँहरूमा क्यान्सर रिसर्च सेन्टर तथा बडेमानका हस्पिटलहरू खोलेका छन्। हाम्रा व्यापारीहरूले यत्तिकै ठूला प्रतिष्ठान खोल्न नसके पनि सानातिना मानवकल्याणकारी कार्यहरू त अवश्य गर्न सक्छन् जस्तो मलाई महसुस हुन्छ। धन हुनेहरूको मन पनि भइदिए हाम्रोजस्तो गरिब मुलुकमा पनि घाम लाग्थ्यो होला। आखिर सेवा भन्ने कुरो ठूलो भए पनि सानो भए पनि सेवा नै हो र यो व्यक्तिगत क्षमतामा पनि भर पर्ने कुरो हो।

अन्त्यमा म्युजिक नेपाललाई म एउटा सानो सुझाव दिन चाहन्छु। म्युजिक नेपालले सर्वाधिक बिक्री भएका क्यासेट-सीडीका गायक/गायिका र रचनाकारलाई पनि बेलाबेलामा पुरस्कृत गर्ने गरेको छ र यसलाई निकै ठूलो हर्ष हामीले मानेका छौं। यस सिलसिलालाई अझ बढाउँदै यस संस्थाले सार्थक अथवा सृजनात्मक सङ्गीत गर्नेहरूलाई पनि २/३ लाखसम्मको पुरस्कार हर साल नभए पनि एक-दुई साल बिराएर दिने गरे कसो होला ? किनभने कालजयी सङ्गीत नै हाम्रो राष्ट्रको साङ्गीतिक सभ्यताको मूलस्रोत हो। यो सङ्गीत नै नरहे अरु व्यापारिक, पप र त्यस्तै खाले सङ्गीतको पनि कुनै अस्तित्व रहँदैन। अब एउटा कुरा भनेर म बिदा हुन्छु। त्यो के भने सङ्गीतका कलाकारहरूको सङ्गीत रचना गरिदिए र गीत लेखिदिएर र गाइदिएर मात्र स्टुडियोहरूको अस्तित्व रहेको हो तथा रहन सक्छ। कलाकारलाई सम्मान गरेर, माला लगाइदिएर मात्र हुँदैन अथवा भावनात्मक सम्मानले मात्र पुग्दैन, भौतिक सम्मान पनि गर्नुपर्छ। कलाकारले पनि खानु, लाउनु पर्छ र बाँच्नु पर्छ। यो कुरा अग्रगन्तीमा पर्ने म्युजिक नेपालले मात्र होइन, स्टुडियो सञ्चालन गर्ने सानाठूला स्टुडियोका सबै सञ्चालकहरूले पनि बुझ्नु पर्छ। ■



कुरो र कुलो जता पनि जाँदोरहेछ

अनिल पौडेल

म्युजिक नेपालसँग मेरा केही गुनासाहरू छन्, पछि भेटमा भनौंला। सन्तुष्टिका कुरा अहिले भन्दैछु। राम्रा कुरा अरूलाई भन्नुपर्छ, मीठा कुरा बाँडेर खानुपर्छ। हामीले अग्रजहरूबाट सिकेको कुरो पनि यही हो। "म्युजिक नेपाल व्यापारिक संस्था हो, तपाईंलाई एकैपल्टमा जोगी बनाउँछ।"

परिचित एकजना कलाकारको टिप्पणी हो यो। उनका कुरा सुनेर मेरो हंसले ठाउँ छाड्यो। म्युजिक नेपालको नाम सुन्नासाथ एलर्जी हुनथाल्यो। उसका हरेक कृयाकलापमा म नक्कली छायाँ देख्न थालें। "हैन अनिल बाउ! सन्तोष शर्मालाई मैले चिन्या छु। जौं एकपल्ट धावा

बोलौं। यो सरकार मरेको मुलुकमा हामीले नगरे कसले गर्छ ? भएन भने खालै सरोस् न। हाने पर्छ बोले टर्छ क्या।"

दाहाल यज्ञनिधिले सुऱ्याए मलाई। ऋर्रा गफका ऱ्याम्टाले ऱ्याम्ऱ्यामी हाने कताकता। दाहाललाई साहित्यकार, पत्रकार, राजनीतिज्ञ, कुटनीतिज्ञ, वकिल डाक्टर सबैको इतिहास थाहा छ। जो कसैको पनि प्रसङ्ग उठ्नासाथ त्यसका सातपुस्ता केलाउँछन्। हड्डी मक्किने गरी भन्छन्। दुईचारजना यस्ता सूराहरू नहुनु हो भने त समाजमा मान्छे र जनावर एकै हुने थिए होलान्।

दाहालले "हैन अनिल बाउ ! सन्तोष शर्मालाई मैले चिन्या छु" भन्नासाथ लाऽऽ अब शर्माको पनि न्वारान गर्ने भए भन्ने लागेको थियो तर अलङ्कार जोडिएकाहरूको लाममा उनको नाम मिसिएन। राम्रो भो।

गयौं हामी म्युजिक नेपाल। दाहाल अघिअघि, म पछिपछि। लामघारे मान्छेलाई डमरुले आमा पछ्याएझैं पछ्याउँदै कुदें।

"यो टुहुरो भाइ, मोरङमा बस्छ। सङ्खुवासभामा जन्मेको। अहिले घडेरी बेचेर छन्दको चक्का निकाल्छु भन्छ। साहित्यमा पटुकी कसेर लागेको छ। इमान जोगाएको छ। यस्ता पात्रलाई तपाईंले मुठ्ठी खोलेर सहयोग गर्नुपर्छ।"

दाहालले चोरऔंलो ठड्याएर म्युजिक नेपालका प्रबन्ध-सञ्चालक सन्तोष शर्मालाई भने। म सोफाको कुनामा लेपासिएर बसें। आधी घण्टाजति वार्ता भयो। अन्तमा १८ वटा छन्दका कविता रेकर्ड गर्न ४ घण्टाको समय नि:शुल्क प्राप्त भयो। म खुसीले तीनफिट माथि उफ्रिएँ।

कुरो २०५८ साल साउन महिनाको हो। एकहप्ता पछि त रेकर्डको काम नै सुरु भयो।

प्राविधिक भाइ दिनेशले भने– "सर ! मैले कविता पढेको सुनेकै रहेनछु। कति राम्रो लाग्यो।" साँच्चै दिनेशले साह्रै मेहनत गरिदिए। राती १० बजेसम्म पनि ऋर्को नमानी रेकर्ड गरे। उनको मेहनतप्रति श्रद्धा लागेर बुधवार साप्ताहिकमा एउटा अन्तरवार्ता पनि छापिदिएँ। तर मेरो काम सकिने बेलामा उनी अन्यत्रै गए।

अँ, रेकर्डको काम त सुरु भयो तर ४ घण्टाको समय चारैजनाले खाइदिए। सास् बढ्यो, ढुकढुक् भयो, आवाज बिग्रियो, के के भयो के के भयो ?

"तपाईंलाई हामीले दिएको समय सकियो। अब घण्टाको छ सय रूपैयाँ तिर्नुपर्छ।"

एकजना कर्मचारीले भने। काम सम्झिएर मेरा ओठमुख सुके। कविगोष्ठीमा २० जनाले कविता पढ्छन् एक घण्टामा। त्यही हिसाबले ४ घण्टामा भ्याइन्छ होला भन्नेलागेको थियो, त्यति समय त छोप पनि भएन।


"के गर्नु ? अनुदानको समय ४ जनालाई ठिक्क भयो। अब त छ सय अरे घण्टाको।" फेरि दाहाललाई मुठारेका नङ्ग्राले कन्याउन गएँ।

"आऽऽ भाइ ! त्यस जनताको स्टुडियोमा हामीलाई फिरी। जानुपर्छ फेरि सन्तोषजीका इजलासमा अरु ४ घण्टा थपिदेऊ भनौं। देशैलाई मागिखाने रोग लागेको बेला हामीलाई के को लाज ?" मेरो भत्केको मनमा १६ इन्चीको गारो लगाए दाहालले। फेरि गयौं दुवैभाइ हल्लिंदै। पुनः ४ घण्टाको आदेश भयो। लिङ्गेपिडमा मच्चिए जत्तिकै भयो शरीर खुसीले। रेकर्डको काम त सुरु भयो तर यो ४ घण्टाले पनि काम सकिएन। अन्तिममा अर्को ४ घण्टा नलिई भएन।

१८ जना कविको कविता रेकर्ड गरिसकेर फर्किंदा रातको ११ बजेको थियो। कोठामा आइपुगेर पुरानो कुरा सम्झिएँ– "म्युजिक नेपाल व्यापारिक संस्था हो, तपाईंलाई एकैपल्टमा जोगी बनाउँछ।"

कसलाई सुनाऊँ ? पत्याउन गाह्रो पर्ला। म्युजिक नेपाल सहयोगी संस्था पनि रहेछ। उसले मलाई होइन मैले पो उसलाई झन्डै जोगी बनाइदिएको। कुरो नबुझी बोल्ने र सुन्नासाथ विश्वास गर्ने मेरो स्वभाव फेल भयो। पत्याएँ- कुरो र कुलो जता लगे पनि जाँदो रहेछ।

■



सम्झनाका केही पाटा

अमोद भट्टराई

वि.सं. २०४७ साल साउनदेखि म रेडियो नेपालमा विहानी सेवामा कार्यक्रम सञ्चालक भई काम गर्थें। बिहान सकेसम्म चाँडो गएर कार्यक्रम रेकर्ड गरेर काम सक्काएपछि दिउँसो कीर्तिपुर त्रिभुवन विश्वविद्यालयमा कक्षा भ्याउन पर्ने हुन्थ्यो। एकातिर एम.ए.को पढाइ नबिगारीकन जागिर खाने सर्तमा घरको स्वीकृति पाएको थिएँ भने अर्कोतिर दिउँसोको एम.ए.को कक्षा भ्याउने गरी बिहान काम गर्ने सर्तमा रेडियो नेपालको करार सुरु गरेको थिएँ।

रेडियोबाट बोल्न थालेपछि त्यसको चस्काले बिस्तारैबिस्तारै छोयो। नेपालमा त्यस बखत एउटै मात्र 'रेडियो स्टेसन' थियो र अत्यन्तै

ग्लामरको विषय थियो। त्यसमाथि मजस्तो २४-२५ वर्षको ठिटोलाई रेडियोमा बोल्नु ठूलै कुरो थियो। त्यसैबीच म्युजिक नेपालसँग पनि मेरो सम्पर्क भयो। खासगरी कुनै अडियो क्यासेट एल्बमको विज्ञापन गर्न वा उद्घोषण गर्न मलाई म्युजिक नेपालले मौका दिन्थ्यो। म बेलाबखत म्युजिक नेपाल गएर रेकर्ड गराउथेँ र पारिश्रमिक लिन्थेँ।

यसैबीच म्युजिक नेपालका प्रबन्ध-सञ्चालक सन्तोष शर्माज्यूको अनुरोधमा म 'श्रोता सर्वेक्षण' गर्न र म्युजिक नेपालका उत्पादनको मागबारे सर्वेक्षण गर्न भारतको सिलीगुढी र दार्जीलिङसम्म पुगेँ। मेरो साथमा मित्र सुमन विष्ट पनि जानु भएको थियो। त्यसबेला म्युजिक नेपालले गायिका अरुणा लामाका गीतहरू रेकर्ड गर्ने योजना बनाइरहेको थियो। सोही योजनाअनुसारको म्युजिक ट्रयाक भएको एउटा क्यासेट लिएर म गएको थिएँ। अरुणा लामालाई उहाँको कार्यालयमा र पछि घरमै गएर भेटेर उक्त 'म्युजिक ट्रचाक' बुझाएको थिएँ। दार्जीलिङ, सिलीगुढी क्षेत्रका सर्वेक्षणसम्बन्धी प्रतिवेदन मैले सन्तोष दाइलाई बुझाएको थिएँ।

म्युजिक नेपाल हरेक कुरामा 'सिरियस' भएर लागेको मलाई जहिले पनि अनुभव छ। नेपाली सङ्गीत र त्यसैको माध्यमबाट नेपाली भाषा, साहित्य र वाङ्मयलाई देश-देशावरसम्म पुऱ्याउन म्युजिक नेपाल सधैँ प्रयत्नशील रहेको छ।

मेरो रेडियो नेपालको जागिर पनि चल्दै थियो। तर तीन वर्षजति पछि मेरो कुरा मिल्न छाड्यो रेडियो नेपालको तत्कालीन 'म्यानेजमेन्ट' सँग। त्यसबेलासम्म एम.ए.को पढाइ सकिइसकेको थियो मेरो। मैले रेडियो नेपालको विस्तृत खोजयुक्त इतिहास समेटेर रेडियो नेपालबाट प्रसारण हुने नेवारी भाषाको समाचार सम्बन्धमा थेसिस लेखेको थिएँ। कान्तिपुर र काठमाडौँ पोष्टले मेरो शोधबारे समाचारसमेत छापेको थियो। तर रेडियो नेपालका तत्कालीन कार्यकारी निर्देशकलाई शोधको एकप्रति दिन जाँदासमेत खासै चासो देखाएनन्। अरु थुप्रै कुरामा पनि मलाई चित्त बुझ्न छाड्यो र एक दिन झोकैझोकमा राजीनामा दिएर घरतिर हिँडेँ। रेडियो नेपालमा मेरो कुरो कसरी मिलेन, कसले गर्दा मिलेन एक-एक लेख्नु छ मैले। पक्कै लेख्ने छु एकदिन, उचित समय मात्र कुरिरहेको छु।

मैले रेडियो नेपालमा राजीनामा दिएपछि तत्कालै म्युजिक नेपालले मलाई 'मिडिया कन्सल्ट्यान्ट' का रूपमा नियुक्त गऱ्यो । मलाई जागिरको कमी हुन दिएन म्युजिक नेपालले एक दिन पनि । त्यसैबीच मैले २०५१ साल कात्तिकदेखि नेपाल रेडक्रस सोसाइटीमा सूचना अधिकृतका रूपमा काम गर्ने मौका पाएँ । अब मैले म्युजिक नेपालमा पूरा समय दिन सकेको थिइन तर कामचाहिँ गरिरहेकै थिएँ । प्राय: पाँच बजेपछि म्युजिक नेपाल जान्थें र रहलपहल काम गर्थें ।

म्युजिक नेपालका प्रबन्ध-सञ्चालक सन्तोष शर्मा नेपाली सङ्गीतको माध्यमबाट व्यापार-व्यवसाय गर्ने व्यक्ति त हुनुहुन्छ नै तर त्यसभन्दा माथि उठेर उहाँ नेपाली सङ्गीत, भाषा, वाङ्मय र त्यसका स्रष्टाहरूको अनन्य भक्त हुनुहुन्छ, अविश्रान्त सेवी पनि हुनुहुन्छ । म्युजिक नेपालबाट उत्पादित क्यासेटका खोल (ज्याकेट) मा समेत भाषा अशुद्धि नहोस् भनेर उहाँ सधैं सचेत हुनुहुन्थ्यो । मैले पनि थुप्रै खोलको शुद्धीकरण गर्ने मौका पाएको थिएँ, म्युजिक नेपालसँग सम्बद्ध रहँदा ।

यसताका नेपालमा एफ.एम. रेडियोको सुरुवात भइसकेको थियो । म्युजिक नेपालले पनि दैनिक एक घण्टाको कार्यक्रम सञ्चालन गर्थ्यो । २०५३ सालको मध्यतिर मैले सन्तोष शर्मालाई नेपाली भाषा, वाङ्मय, सङ्गीत क्षेत्रका स्रष्टाहरूको जीवनी एफ.एम.बाट प्रसारण गर्ने प्रस्ताव राखें । उहाँले सहर्ष स्वीकार गर्नुभयो । कार्यक्रमको नाम 'जीवन' राखियो । जीवित स्रष्टाहरूको हकमा उहाँहरूकै आवाजमा जीवनी प्रस्तुत गर्ने र दिवङ्गत स्रष्टाहरूको हकमा चाहिँ उहाँहरूकै स्वर आदि खोजेर कार्यक्रम निर्माण गर्ने सल्लाह हामीले गऱ्यौं । कार्यक्रमलाई मनोरञ्जक समेत बनाउनुपर्ने हुँदा बीच-बीचमा गीतहरू पनि राख्ने हामीले निर्णय गऱ्यौं । गीतकार-सङ्गीतकारको कार्यक्रम बनाउँदा उहाँहरूकै गीत-सङ्गीत राख्ने र अन्य स्रष्टाहरूको हकमा कार्यक्रम बनाउँदा उहाँहरूलाई मनपर्ने कुनै पनि गीत राख्ने निर्णय गऱ्यौं । ती गीतहरू म्युजिक नेपालकै उत्पादनबाट राख्दा म्युजिक नेपालको घुमाउरो व्यावसायिक विज्ञापन त हुने नै भयो, जुन एउटा व्यावसायिक प्रतिष्ठानको उद्देश्य हुनु स्वाभाविकै थियो । वास्तवमा आधा घण्टाको साप्ताहिक कार्यक्रम त एउटा कारण

मात्र थियो- खास कार्यचाहिँ नेपाली भाषा-वाङ्मय क्षेत्रका स्रष्टाहरूको स्वर, आवाज र मन सङ्कलन गर्ने नै थियो ।

कार्यक्रम प्रत्येक मङ्गलबार दिउँसो ३ बजे प्रसारण हुनथाल्यो । कार्यक्रम पहिले नै रेकर्ड हुन्थ्यो र पछि प्रसारण । श्रीमती मीरा आचार्य कार्यक्रम सञ्चालनमा आफ्नो चिर-परिचित मीठो स्वरले मलाई मद्दत गर्नुहुन्थ्यो । एकपटक त स्रष्टाहरूको अन्तरवार्ता लिने क्रममा आदरणीय नातिकाजीको घरसम्म हामीसँगै गएका थियौं । कहिलेकाहीं हरिवंश आचार्य मीरा भाउजूलाई लिन स्टुडियो नै आउनुहुन्थ्यो र कार्यक्रम 'राम्रो छ' भनेर प्रोत्साहन दिनुहुन्थ्यो । प्रोत्साहन दिने धेरै थिए । तर म्युजिक नेपालकै कतिपय साथीहरू कार्यक्रमको समय ठीक भएन, ढाङढुङे म्युजिकहरूले जितिरहेको एफ.एम. रेडियोमा यो कार्यक्रम नै सुहाएन भन्ने गर्थे । तर सन्तोष दाइ कार्यक्रम निरन्तर गर्न चाहनुहुन्थ्यो । कार्यक्रमले प्रशस्तै सहुलियत पाओस् भन्ने पनि उहाँको चाहना रहन्थ्यो । यसैक्रममा हामीले थुप्रै स्रष्टाहरूका स्वर/आवाज सङ्कलन गर्‍यौं । र कार्यक्रम 'जीवन' मा प्रस्तुत गर्‍यौं । त्यसमध्येका थुप्रै स्रष्टाहरू आज यस संसारमा हुनुहुन्न तर उहाँहरूको जीवनी, स्वर, आवाज म्युजिक नेपालको सङ्ग्रहालयमा सुरक्षित छन् । यो उपलब्धि म्युजिक नेपालको दूरदृष्टि नै हो अनि भाषा, साहित्य, वाङ्मयप्रतिको अगाध माया पनि हो ।

कार्यक्रम 'जीवन' को कारणले म्युजिक नेपालसँग सम्बद्ध अन्य दुई प्रसङ्ग उल्लेखनीय छन् । आदरणीय ईश्वरवल्लभज्यूको जीवनी प्रस्तुत गर्ने क्रममा म्युजिक नेपालले उहाँका गीतहरू रहेको क्यासेट नै त्यसबेलासम्म उत्पादन नगरेको अनुभव हामीलाई भयो । सन्तोष दाइलाई मैले यो कुरा भनेँ, उहाँले तुरुन्तै ईश्वरवल्लभ दाइका गीतहरूको एल्बम उत्पादन गर्नसक्ने बताउनु भयो । मैले वल्लभ दाइलाई यो कुरा च्वाइदिएँ । पछि ईश्वरवल्लभ दाइका क्यासेट पनि उत्पादन भए । आजभोलि त उहाँ म्युजिक नेपालको विशेष शुभ-चिन्तक नै हुनुहुन्छ ।


यसैगरी कमल दीक्षितज्यूको जीवनी रेकर्ड गर्ने क्रममा दीक्षितज्यूले "म्युजिक नेपालका हाकिमसँग परिचय गराउनुहोस् न... मेरो एउटा प्रस्ताव छ" भन्नुभयो । मैले सन्तोष दाइलाई कुरा गरेर समय मिलाएँ ।

सिंहदरबार वैद्यखानाको मूलढोकामा भेट्ने अनि म्युजिक नेपाल जाने कार्यक्रम तय भयो। म मोटर साइकल लिएर गएँ, दीक्षितज्यू मोटरमा आउनुभयो। अनि हामी म्युजिक नेपाल गयौं।

नेपाली भाषा, साहित्य, सङ्गीतका विविध सन्दर्भमा लामो कुराकानी भयो। दीक्षितज्यूले रामायणको केही अंश भरिएको एउटा रेकर्डेड क्यासेट दिँदै यसै प्रकारको रामायणको सम्पूर्ण भाग उत्पादन गर्न सकिने सम्भावनायुक्त प्रस्ताव राख्नुभयो। म्युजिक नेपाल किन पछि पर्थ्यो- नेपाली भाषा-वाङ्मयको सेवामा। उहाँहरूबीचमा पछिपछि पनि थुप्रै पटक भेट भयो र कमल दीक्षित, सन्तोष शर्मालगायत अन्य थुप्रै स्रष्टाहरूको सहभागितामा ११ भागमा रामायणको श्रव्य क्यासेट नै म्युजिक नेपालले उत्पादन गऱ्यो। उक्त क्यासेट बजारमा आएको दिन मलाई यस्तो लाग्यो– ज्याँगिएको म्युजिक नेपालमा कार्यक्रम 'जीवन' ले तानेको यो एउटा अर्को लहरो थियो।

करिबकरिब एक वर्ष कार्यक्रम 'जीवन'को उत्पादन-निर्माण गरेपछि मैले म्युजिक नेपाल र नेपाल रेडक्रस एकैपटक छाड्नुपर्ने भयो। अर्को नयाँ जागिरको सिलसिलामा। मैले सञ्चारमाध्यममा काम गर्न केही वर्षका लागि थाती राख्ने निर्णय गरेँ। मलाई यस्तो लाग्यो– समय सधैँ एकनास हुँदैन रहेछ र कतिपय अवस्थामा आफूले चाहँदा-नचाहँदै पनि विभिन्न निर्णय गरी आफ्नो दिनचर्या तथा जीवनलाई नै परिवर्तनका मोडतिर लग्नैपर्ने हुँदोरहेछ।

म्युजिक नेपालले गरेकोजस्तै गरी आजभोलि थुप्रै एफ.एम. स्टेसनहरूले, व्यक्ति-विशेषहरूले र सङ्घ-संस्थाहरूले यस किसिमका कार्यक्रम गरिरहेका छन्। स्रष्टाहरूका स्वर, आवाज र जीवनीलाई सङ्कलन गर्ने काममा म्युजिक नेपालको लगानी साच्चिकै महत्त्वपूर्ण रहेछ भन्ने यो पनि राम्रो उदाहरण नै हो। आफ्नो दुई दशक लामो यात्रामा नेपाली सङ्गीत र त्यसैसँग गाँसिएर नेपाली भाषा, साहित्य, वाङ्मय र संस्कृतिका क्षेत्रमा म्युजिक नेपालले पुऱ्याएको योगदान अनुकरणीय मात्र होइन स्तुत्य पनि भएको छ। ■



म्युजिक नेपालको छुट्टै मूल्य

अशेष मल्ल

कवितावाचनको क्यासेट निकाल्ने योजना थियो हाम्रो। हाम्रो अर्थात विष्णुविभु घिमिरे, दिनेश अधिकारी, गगन विरही र म– हामी चार जना। हामी चारै जनाका कविताहरू हामीले त्यसबेलाको मातृशिशु योजनाको स्टुडियोमा रेकर्ड गरायौँ। २०३८/३९ को कुरो हो। त्यसबेला अहिलेजस्ता स्टुडियोहरू थिएनन्। रेडियो नेपालको आफ्नै स्टुडियो अनि केही सरकारी कार्यालयका स्टुडियोबाहेक खासै स्टुडियो थिएनन्। क्यासेट उत्पादन गर्ने अन्य संस्था थिएनन्। एउटा नयाँ स्टुडियो तत्कालीन सन्दर्भमा स्थापना हुन पुगेको थियो– म्युजिक नेपाल। हाम्रो क्यासेट निकाल्ने योजनालाई तत्कालीन म्युजिक नेपालले साकार बनाइदियो।

अहिले त्यो दिन सम्झँदा निकै रोमञ्चकारी लाग्छ । त्यो किनभने, क्यासेट उत्पादन गर्ने एउटै संस्था रत्नरेकर्डिङ् निस्क्रिय थियो, म्युजिक नेपालले एउटा ठूलै रिस्क लिएर, गीत-सङ्गीत क्यासेटमा उत्पादन गर्न सुरु गरेको त्यस अवस्थामा कवितालाई क्यासेटमा निकाल्ने कल्पना आफैँमा एउटा महत्त्वाकाङ्क्षा सिवाय केही थिएन । र, हामीले निकाल्यौँ एउटा क्यासेट– 'कविताको मौसम' । म्युजिक नेपालकै अग्रसरतामा त्यो क्यासेट सार्वजनिक भयो ।

अहिले यतिखेर सम्झनामा त्यस क्षणलाई ल्याउन खोज्दैछु । काठमाडौँ धोविधाराको सानो कोठा, केही सीमित मेसिनहरू । त्यहीँ थियो म्युजिक नेपाल । नेपालमा क्यासेट उत्पादनको स्कोप थियो वा थिएन । त्यो एउटा रिस्कको स्थिति थियो वा थिएन त्यसको मूल्याङ्कन त सन्तोषजीलाई नै थाहा होला । तर म यतिखेर सम्झन्छु त्यो क्षण, त्यो दिन, त्यो अवस्था । सानो कोठाको त्यो सुरुवात म्युजिक नेपालले एउटा ठूलो चुनौतीका साथ आफूलाई प्रस्तुत गरेको थियो । रत्नरेकर्डिङ् संस्थानलाई चुनौती थियो । सायद रेडियो नेपाललाई पनि थियो त्यो चुनौती । आमसञ्चारको एउटा माध्यम थियो रेडियो नेपाल । अनि थियो उसको एकाधिकार । गैरसरकारी क्षेत्रमा कसैको सोच थिएन । सायद आँट पनि थिएन । त्यो पृष्ठभूमिमा म्युजिक नेपालको उदय भएको थियो । 'कविताको मौसम' क्यासेट निकाल्ने सन्दर्भमा म्युजिक नेपालको त्यस कलिलो प्रारम्भसँग मेरो नाता जोडिन पुगेको थियो । साँच्चै सपना जस्तो लाग्छ ।

र, म के ठोकुवा गर्न सक्छु भने नेपाली सङ्गीतक्षेत्रको इतिहासमा म्युजिक नेपालको स्थापना एउटा स्वर्ण युगको प्रारम्भ विन्दु थियो । एउटा ढोका खोलिदियो म्युजिक नेपालले । त्यो यस्तो ठूलो, उदार र महत्त्वपूर्ण ढोका थियो जहाँबाट नेपाली सङ्गीतले विस्तारित हुने अवसर पायो । सरकारी स्तरले गर्न नसकेको त्यो प्रारम्भ म्युजिक नेपालले गरेर देखाइदियो ।

सायद त्यो क्षण म्युजिक नेपाल स्वयंले पनि सोचेको थिएन– यस क्षेत्रले पनि आफूलाई 'उद्योग' को रूपमा प्रस्तुत गर्न सक्नेछ भनेर । एक

दिन गीत र सङ्गीतको पनि बजार हुनेछ र त्यो बजारले नेपालमा ठूलै उद्योगको रूप लिनेछ भन्ने त्यसबेला सोच भइदिएको भए सन्तोषजीले होइन गोल्छा, दुगड र खेतानहरूले खोल्ने थिए यस्ता उद्योग। वास्तवमै ठूलो रिस्कका साथ म्युजिक नेपाल स्थापित भएको हुनुपर्छ। रेडियो नेपालको तीसौँ वर्षको इतिहासले समेट्न नसकेको काम एक्लो म्युजिक नेपालले समेटेर देखाइदियो। सङ्गीतकर्मीहरूका लागि रेडियो नेपालको तत्कालीन असहज, असम्भव र हेपाह प्रवृत्तिको विकल्प रहेको थियो म्युजिक नेपाल। यद्यपि प्रतिस्पर्धीका रूपमा स्थापना भएको अवश्य थिएन म्युजिक नेपाल तर धेरैधेरै स्वाभिमानी र वास्तवमै खास सङ्गीतसाधकहरूका लागि एउटा ठूलो प्लेटफर्मका रूपमा विकास भइदियो। नेपाली सङ्गीतको विकासमा यस पक्षलाई बिर्सने हो भने सङ्गीतको इतिहास सम्भवत: अधुरो हुनेछ। यस सन्दर्भमा हेर्दा मलाई लाग्छ म्युजिक नेपाल व्यक्तिगत प्रयासबाट स्थापना भएपनि यो एउटा यस्तो 'संस्था' का रूपमा प्रारम्भमै स्थापित हुनपुग्यो जसले नेपाली सङ्गीतको विकास, विस्तार र सम्वर्द्धनमा एउटा कोशे ढुङ्गाका रूपमा आफूलाई परिचित गरायो।

रत्नरेकर्डले थालनी गरेको थियो तर त्यसले त्यो आकाश छुन सकेन। मलाई अहिले सम्झना छ त्यसबेला कुनै पत्रिकामा एउटा कार्टुन छापिएको थियो– एकातिर रत्नरेकर्डिङ्का ढोका बन्द थिए र अर्कोतिर म्युजिक नेपालको ढोका सङ्गीतकर्मीहरूको लाम लागेको चित्र। आशय थियो– सङ्गीतकर्मीहरूका लागि रत्नरेकर्डिङ्को ढोका बन्द र म्युजिक नेपालले ढोका खोलिदिएको प्रसङ्ग। तत्कालीन समयको त्यो स्थिति नै म्युजिक नेपालको सबैभन्दा ठूलो उपलब्धि हो भन्ने लाग्छ मलाई। त्यसपछिका दिनमा अन्य धेरैधेरै स्टुडियोहरू खोलिनु र प्रतिस्पर्धा बढ्दै जानुले पनि म्युजिक नेपालको यात्रा कति उपलब्धिमूलक रहेछ भन्ने ज्ञात हुन्छ। जुनसुकै कुरोको पनि 'थालनी' ज्यादै महत्त्वपूर्ण क्षण हुने गर्छ। कालान्तरको विकासको मापदण्ड त्यस विगतको क्षण नै हो। त्यही नै हो त्यसको मूल विन्दु पनि। त्यस शून्य स्थितिबाट उठेर यसरी ख्याति लिनुको गौरव प्राप्त छ अहिले म्युजिक नेपाललाई। त्यसको प्रारम्भिक

विन्दुको सङ्घर्ष नै वास्तविक मूल्य हो। निश्चय पनि म्युजिक नेपाल त्यस अर्थमा कोशे ढुङ्गा हो नेपाली साङ्गीतिक क्षेत्रको।

अहिलेको व्यावसायीकरणमा 'म्युजिक नेपाल' कहाँनेर उभिएको छ र यसको अवस्था कस्तो छ मलाई थाहा छैन तर अहिलेको प्रतिस्पर्धा र यस उद्योगप्रति अन्यअन्य व्यावसायिक व्यक्तित्वहरूको आकर्षण हेर्दा यो क्षेत्र उर्वर छ। म्युजिक नेपालले 'त्यो' थालनी नगरिदिएको भए यो 'उर्वर स्थिति' रहने थियो वा थिएन सायद अध्ययनको विषय हुनुपर्छ। समग्रमा भन्नुपर्दा म्युजिक नेपालको स्थान यसैले अवश्य पनि उच्च छ। व्यावसायिकतामा मात्र होइन यसले साङ्गीतिक विकासका प्रयासमा धेरै योगदान दिएको छ। अलि पर उभिएर म्युजिक नेपाललाई हेर्दा म यस्तै देख्ने गर्छु। ■



पहिलो पाठशाला

इन्दिरा प्रसाई

म्युजिक नेपालको नाउँ सुन्दा पहिलेपहिले मलाई कस्तो कस्तो अप्ठ्यारोअप्ठ्यारो जस्तो लाग्थ्यो । म्युजिक अर्थात् नेपाली सङ्गीत; किन अङ्ग्रेजीमा नाउँ राख्या होला ? 'सङ्गीत नेपाल' भनेर नाउँ राख्या भए पनि हुने नि ! यस्तै कुरो आउँथ्यो मनमा । म्युजिक नेपाललाई गीति चक्कामा देखेको बेला र अरुले यो नाउँको उच्चारण गरेको सुन्दाका अनुभूति हुन् यी । तर काठमाडौँको घट्टेकुलोमै मेरो घरवास भएपछि भने अनामनगरमा अवस्थित म्युजिक नेपाल मेरा आँखामा समेत पऱ्यो । त्यसपछि मेरा सहयात्री नरेन्द्रका अति स्नेही, हितैषी र आदरणीय दाईका रूपमा म्युजिक नेपालका प्रबन्ध-निर्देशक सन्तोष शर्मासँग मेरो पनि परिचय भयो ।

परिचयपछिका दिनहरूमा सन्तोष दाई म्युजिक नेपालकै पर्यायका रूपमा मेरा भावनामा गाँसिनु भयो। त्यसपछिका दिनहरूमा मैले जतिजति म्युजिक नेपाल बुझ्दै गएँ, त्यतित्यति सन्तोष दाइलाई बुझ्दै गएँ। अनि सन्तोष दाइको नेपाली वाङ्मयसितको समर्पण पनि पढ्दै गएँ। त्यसैकारण म्युजिक नेपालद्वारा नेपाली गीत र त्यसैकारण म्युजिक नेपालद्वारा नेपाली गीत, सङ्गीतको प्रवर्द्धनमा सम्पन्न भएका कार्यहरू मेरा आँखाअघि छताछुल्ल हुँदै गए। त्यसैले होला हिजोआज मेरा लागि म्युजिक नेपाल अति प्यारो नाउँ भएको छ। नेपालीत्वले भरिएको नाउँ हो म्युजिक नेपाल, अहिले म यस्तो ठहर गर्न थालेकी छु।

अचम्म लाग्छ, व्यक्ति र संस्था फरकफरक कुरा हो भन्ने कुरा मलाई पनि थाहा नभएको होइन। म्युजिक नेपाल एउटा संस्था हो र त्यहाँ सन्तोष दाइ मात्र हुनुहुन्न र सन्तोष दाइ मात्र म्युजिक नेपाल हो भन्नु भनेको पनि मद्वारा गलत मूल्याङ्कन भएको ठहर्छ भन्ने कुरा पनि म बुझ्छु। तर कहिलेकाहीं कुनैकुनै परिस्थितिमा, कुनैकुनै व्यक्तिका सन्दर्भमा जानेका, बुझेका वा परिभाषित सिद्धान्तका कुराहरू लागू गर्न पनि नसकिँदो रहेछ। त्यसैले यसबेला म्युजिक नेपाल लेख्ने सन्दर्भमा म खाली सन्तोष दाइकै परिकल्पनाभन्दा बाहिर निस्कन सकिरहेकी छैन। त्यसैले मेरा लागि एउटा व्यक्ति नै सिङ्गो एउटा संस्थाको सम्बन्ध सेतु मात्र नभएर ऊ नै त्यस संस्थाको सम्पूर्णातीसम्पूर्ण सिङ्गो अस्तित्वसमेत बन्न पुगेको छ।

मैले चिनेका, नजिकै पुगेका धेरै मानिसहरूमध्ये थोरै मात्र सङ्ख्यामा भएका शिष्ट, सभ्य मानिसहरूको शीर्ष लहरमा पर्नु हुन्छ सन्तोष दाइ। आजसम्मको कुनै पनि भेटका अवसरमा मैले उहाँलाई अधैर्य वा अस्थिर देखेकी छैन। नरेन्द्र र मेराबीच कहिलेकाहीं छलफल पनि हुने गर्छ 'कसरी सन्तोष दाइ यति उपकारी, धैर्यशाली र शिष्ट हुनुभएको होला !'

कुनैपनि संस्थाको विकासमा सो संस्थाको नेतृत्वपक्षको कर्मठ, शिष्ट र धैर्यपूर्णको व्यक्तित्वको ठूलो भूमिका हुन्छ भन्ने कुरा म्युजिक नेपालका सन्दर्भमा पनि लागु हुन्छ। त्यसो त घरव्यवहार होस्, संस्था विशेष होस् अथवा राष्ट्रनिर्माणकै प्रसङ्गमा पनि कर्मठ नेतृत्वको महत्त्वपूर्ण भूमिका


हुन्छ । नेतृत्व पक्षको दुर्बलता वा अकर्मण्यताको फल भोग्नुपरेका हामी नेपाली जनताले पनि अब नेतृत्वको सबलताको महत्त्व राम्ररी बुझिसकेका छौं । त्यसै सन्दर्भमा नेतृत्वको सक्षमताले कुनै पनि संस्था विशेषको विकासमा पुऱ्याउन सक्ने योगदान महत्त्वपूर्ण अवश्य नै हुन्छ । त्यसैले मलाई लाग्छ म्युजिक नेपालले गर्न सकेको विकासको श्रेय पनि सन्तोष दाइको व्यक्तित्वसँग निकै हदसम्म गाँसिएको छ ।

मेरो बाल्यकालमा मैले नेपाली गीतसङ्गीत विरलै सुन्न पाएकी थिएँ । मेरो युवावस्था रेडियोबाट नेपाली गीत सुन्न पाए पनि नेपाली गीति चक्का देख्ने लालसामा नै बितेको थियो । गीति चक्का बेच्ने पसलहरूमा गएर जति खोजे पनि एउटा पनि नेपाली गीति चक्का फेला पार्न नसकेर निराश भएर पसलबाट बाहिरिनुपर्ने समय थियो त्यो । तर अहिले नेपाल अधिराज्यभरिकै गीति चक्काका पसलहरूमा नेपाली गीति चक्का छ्याल्लव्याल्ल छन् । हिजोआज त्यस्ता पसलमा हिन्दी गीतका चक्काहरू खोज्न जाँदा मुस्किलैले फेला पर्छन् । नेपाली गायकगायिकाले पनि गीतै गाएर पनि पैसा कमाएको सुनिन्छ । गीताङ्गेको निरीह दर्जाबाट गायकगायिकाको आर्थिकस्तर उपल्लो श्रेणीमा पुग्न थालेकाले आजको भौतिक युगमा उनीहरूको सामाजिक मर्यादामा पनि बढोत्तरी हुँदै गएको छ । यसरी नेपाली गीतको पनि व्यापार हुन सक्छ भन्ने कुराको पहिलो पाठ पढाउने पाठशाला म्युजिक नेपाल नै हो । अहिले त यस्ता थुप्रै पाठशालाहरू खुलिसकेका छन् तर अन्धकारमा पहिलो बत्ती बाल्नेको इतिहास नै महत्त्वपूर्ण हुन्छ । एउटा बत्ती बलिसकेपछि अरु बत्ती सल्काउँदै जान त्यति कठिन पनि हुँदैन । यस सन्दर्भमा गीत-सङ्गीतको सम्बर्द्धनमा म्युजिक नेपालको योगदान स्वीकार गर्नुको तात्पर्य नै यसको रजतोत्सव हो । सरकारले अनत्पादक ठहर गरेको क्षेत्रमा लगानी गरेर व्यावसायिक निरन्तरता प्रदान गर्नु नै आश्चर्यजनक घटना हो । अरु त्यसै क्षेत्रबाट मोटो राजस्व पनि सरकारलाई बुझाउनु अर्को अनौठो घटना हो । यसका साथसाथै कलकारहरूले बिक्रीका आधारमा बर्षेनी प्राप्त गर्दै आइरहेको 'रोयल्टी' पनि थप उल्लेख्य घटना हो र हो कलासंस्कृतिको क्षेत्रका लागि उत्साहपरक समाचार । यसरी मूल्याङ्कन गरेर हेर्ने नै हो

भने पनि म्युजिक नेपालले पुऱ्याएको योगदानलाई त्रिपक्षीय योगदान मान्नुपर्छ । कलासंस्कृतिको सम्बर्द्धनको पक्ष, सरकारलाई राजस्व आम्दानी गराउने पक्ष र समाजमा रोजगारीको अवसरको सृजनाका साथै कलाकारहरूलाई समेत रोयल्टी प्रदान गर्ने पक्ष । मेरो जानकारीमा भएसम्म यस प्रकारले सबै पक्षमा अडिलो भएर सङ्गीतका क्षेत्रमा काम गर्ने म्युजिक नेपाल मात्रै एउटा महत्त्वपूर्ण संस्था हो । त्यसैले आजको दिनमा म्युजिक नेपाल केवल एउटा संस्था मात्र नभएर यो सम्पूर्ण नेपाली गीतसङ्गीतका क्षेत्रका व्यक्तिहरूका लागि प्रेरणा, आशा, भरोशा र अपेक्षाको मन्दिर बनिसकेको छ ।

म्युजिक नेपाल नयाँ र पुराना दुवै खाले कलाकारहरूका लागि प्रेरणादाइि स्थल हो । आदिगायक सेतुराम, प्रथम गायिका मेलवादेवीदेखि लिएर अरुणा लामा, तारादेवी, नातिकाजी, नारायणगोपाल र पछिल्लो पुस्ताका रामकृष्ण ढकाल, कुन्ती मोक्तान र सपनाश्रीलगायतका गायनका हस्तीहरूप्रति मैले म्युजिक नेपालको सौहार्दतामा समानता देखेी छु । यसै सन्दर्भमा हाम्री छोरी निकेतिकाको गायनयात्राको सुरुआत गर्ने काम पनि सन्तोष दाइकै सौहार्दतामा म्युजिक नेपालबाट भएको कुरो पनि यस बेला म सम्झिरहेकी छु । निकेतिकाको क्यासेट निर्माणका लागि सीताराम प्रज्ञाप्रतिष्ठानको सौजन्य प्राप्त भएको भए पनि त्यसबेला सन्तोष दाइ हृदय खोलेर म्युजिक नेपालमा स्वागत नगर्नु भएको भए निकेतिकाको गायनले सजिलो यात्रा पक्कै गर्ने थिएन । अर्कातिर वरिष्ठ सङ्गीतकार रत्नबहादुर दाइ र नरेन्द्रको 'शिखा'लाई पनि सन्तोष दाइको मायाले चुल्याएको म बिर्सन सक्तिन ।

यस्ता धेरै प्रसङ्ग छन्, बालकृष्ण सम फाउन्डेशनका लागि होस्, कोइलीदेवी सङ्गीत कोषका लागि होस् अथवा अरुणा लामा स्वर्णीम साँझका लागि नै होस् म्युजिक नेपालले जुनसुकै बेला पनि अर्थात हामीले नेपाली वाङ्मय सेवीका प्रसङ्गमा हात थापेका बेला हृदय खोलेको छ । त्यसैले पनि म्युजिक नेपाल भन्नासाथ सन्तोष दाइ र सन्तोष दाइ भन्नासाथ म्युजिक नेपाल मेरा आँखा र मनमा एकाकार हुन पुग्छ । यी दुवैलाई म अलग्ग पारेर हेर्न सक्तिन । ■



म्युजिक नेपाल : अस्मितागाथा

ईश्वरवल्लभ

कुनै संस्थाले हेर्दाहेर्दै समयको दुई दशक पुऱ्याउनु त्यति ठूलो कुरो होइन भनेर त्यो भन्दा लामो आयु र वय पूरा गरेका संस्थाले भन्न सक्छन् तर यही दुई दशकको समय पनि त्यति छोटा होइन। आजभन्दा बीस वर्ष पहिले जन्मेका शिशु अहिले पूर्ण वयस्क युवक भइसकेको व्यक्तिको समानान्तर अनुभवले, अनेकौं विशेष क्रियाकलापले पनि यो संस्था अहिले समयले पूर्णरूपले स्थापित संस्था बनिसकेको छ।

नेपाली साङ्गीतिक-सांस्कृतिक क्षेत्रमा विशिष्ट नाम आर्जन गरिसकेका प्राय: प्राज्ञिक संस्था नै हुन समर्थ भइसकेको म्युजिक नेपालको आफ्नो

ठूलो वर्चस्व पनि विकास भएको सबैले अनुभव गरेको यथार्थ हो ।

यस संस्थाका सर्वोपरि अभियन्ता तथा पुरोधा हुनुभएका श्री सन्तोष शर्माका कल्पना-परिकल्पनाहरू, तिनलाई पूरा गर्न आवश्यक पर्ने सतत सङ्घर्ष र इमान्दारीले गर्दा म्युजिक नेपालले अहिले विशेषता प्राप्त गर्न सफल भएको हो ।

प्रारम्भमा संस्था संस्थापित र व्यवस्थित हुने क्रममा, प्रतिस्पर्धामा स्वधर्मी तथा स्व-स्वाभाविक, आचरण प्रकृतिका संस्थाहरू त्यति थिएनन् तर प्रतिस्पर्धामा नै संलग्न यही किसिमका संस्थाहरू मुलुकमा अरू धेरै प्रतिस्पर्धामा उभिइसकेका छन्, म्युजिक नेपाललाई आफ्ना विशेष चरित्र र परिकल्पनागत आधारमा उनीहरूसित पनि प्रतिस्पर्धा गर्नु परेको भएता पनि, आफ्नै विशेष मौलिक वर्चस्वको परिपालन र संभरण-संरक्षणले यो केही फरक संस्था भएको वास्तविकता म अनुभव गर्दछु ।

सन्तोषजी सधैं प्रयत्नरत हुनुहुन्छ, आफ्नो परिकल्पना पूरा गर्न कि खालि आर्थिक र व्यापारिक-व्यावसायिक मात्रै नबनेर, सङ्गीत-संस्कृतिका इतिहास र अर्काइवको सुरक्षा-संरक्षण गर्ने संस्थास्वरूप यस संस्थालाई बनाउन उहाँ प्रतिबद्ध हुनुहुन्छ र त्यही अनुरूप कार्य भैरहेको क्रमले हामीलाई विशेष आकर्षित गर्छ ।

यस प्रकारको परिकल्पना र सङ्कल्प सरकारी स्तरमा हुनुपर्ने नै हो । नेपालमा सरकारी स्तरमा हुनेपर्ने भनिएका अति वाञ्छनीय कुराहरू कहाँ भएका छन् र ? तिनको अभावमा यस्ता गैरसरकारी संस्थाका स्वकीय प्रयत्न तथा सङ्घर्षले पनि ती राष्ट्रिय उद्देश्यहरू जुन प्रकारले पूरा गर्न खोजेका छन्– त्यस प्रकारका प्रयासी संस्थामध्ये विशेष प्रयत्नशील संस्था म्युजिक नेपाल यसबेला बनेको छ ।

उत्तरदायी र प्रयासी पनि हुनु, त्यसका साथै व्यावसायिक स्पर्धामा आफ्ना मूल्य, मान्यता र सिद्धान्तसहित उद्देश्य प्राप्तितिर अग्रसर संस्था म्युजिक नेपाल भएको छ ।

म्युजिक नेपालमा सम्बद्ध व्यक्तिमा श्री सन्तोष शर्मासमेत सबै अन्यहरू आफ्ना सम्पूर्ण प्रतिबद्धतासहित लागेका हुनाले, यस बेला

म्युजिक नेपालको साङ्गीतिक-साहित्यिक विस्तृतिले क्रमशः अधिराज्यका अनेकौं ठाउँहरू तथा मोफसल केन्द्रहरूमा व्याप्त हुने क्रम बढाएको छ। यसप्रकार व्यावसायिक र सांस्कृतिक सहभागिता पनि बढ्छन्।

विभिन्न मोफसल केन्द्रहरूमा आफ्ना साङ्गीतिक उत्पादन सामग्रीहरू पुऱ्याउनु र बिक्री-वितरणका लागि राख्नु कुनै व्यावसायिक संस्थाको लागि वाञ्छनीय क्रियाकलाप हो तर तिनै भौतिक परिप्रेक्ष्यमा पनि नेपाली साङ्गीतिक-संस्कृतिको विस्तार-परिकल्पना पनि हुनु विशेष कुरो हो। म्युजिक नेपालले आफ्ना क्रियाकलापले यस पक्षलाई पनि क्रमशः विस्तार गर्न समर्थ भएको यथार्थ सबैमा विदित छ।

आफ्ना व्यावसायिकताले आर्जन गरेको अर्थबाट वार्षिक चालीस/पैंतालीस लाख रूपियाँ सरकारलाई पनि कर बुझाउन सक्नु यही संस्थाको र यस्ता किसिमका अरू संस्थाहरूको पनि कार्यहरूलाई विशेष सफलता मान्नुपर्छ। म्युजिक नेपालले वार्षिक चालीस/पचास लाख सरकारलाई दिनुको अर्थ, ठूलो जम्बो मन्त्रिपरिषद् होइन, सामान्य मन्त्रिपरिषद् हो भने, त्यसलाई आर्थिकरूपले पाल्न पनि पुग्छ। तर दुर्भाग्यको विषय के भएको छ भने अझै सम्बन्धित पक्षले, यस कुरालाई त्यति ध्यान दिएको छैन, र सांस्कृतिक-साङ्गीतिक पक्षलाई, अर्थात् सम्पूर्ण वाङ्मयलाई नै अनुत्पादक विषय मान्ने गरेको स्थिति सापेक्षमा, त्यो कुरो होइन, यस पक्षले आर्थिक दायित्व वहन गरेको छ र गर्नसक्छ भन्ने उदाहरण म्युजिक नेपाल भएको छ भनेर पहिले पनि लेखेको छु।

अर्काइवको सुरक्षा र संभरण-संरक्षणका साथै कतिपय विशेष क्रियाकलाप र कार्यक्रमहरूद्वारा नेपाली वाङ्मयको सततरूपमा म्युजिक नेपाले सेवा गर्दै आएको छ।

अर्कावई निर्माण गरी त्यसको संरक्षण गर्नुपर्छ भन्ने सांस्कृतिक सोचको प्रादुर्भाव यदि कुनै समानधर्मी संस्थाहरूमा पनि सञ्चालित भएको छ भने उत्प्रेरणा या प्रेरणा भने पनि ती संस्थाहरूलाई यदि प्राप्त भएको छ भने, म्युजिक नेपालको परिकल्पनालाई श्रेयता प्रदान गर्नु पर्छ भन्ने मलाई लाग्छ।

यसका लागि सम्बद्ध व्यक्तिहरू साथै श्री सन्तोष शर्मालाई पनि श्रेय दिनुपर्छ ।

कतिपय नयाँ-पुराना सङ्गीत-स्रष्टाहरूसित अनवरत सम्बन्ध स्थापित गरी अनवरत सांस्कृतिक क्षेत्रलाई सहयोग पुऱ्याउने क्रम छँदैछ, साथै अरु विशेष कार्यक्रमहरू पनि गर्न विशेष सङ्कल्पहरूले, म्युजिक नेपाललाई नेपालमा, त्यसैकारण, प्राज्ञिक संस्थास्वरूप मानिसले हेर्न थालेका छन् । अहिलेको सर्वोपरि उपलब्धि यही हो, यस संस्थाको । ■



म म्युजिक नेपालको रोगी भएँ

उज्ज्वल भण्डारी

एक्कासी फोनको घण्टी बज्छ, म फोन उठाउँछु र हलो भन्छु। उताबाट रमण दाइ (घिमिरे) ले भन्नु हुन्छ- "उज्ज्वल लेख्यौ ?"

"के ?" म भन्छु। उहाँ भन्नुहुन्छ- "म्युजिक नेपालको बारेमा तिम्रो अनुभव"

"रमण दाइ मलाई लेख लेख्न आउँदैन ..."

"हैन जे तिम्रो मनमा छ लेख न ..."

फोन राखेपछि मैले सोचें, म्युजिक नेपालको बारेमा मलाई केही शब्द 'लेख' भन्नु पनि ठूलो कुरो हो।

पाठकहरूले कविता, कथा, लेख, निबन्ध, उपन्यास आदि पढ्न

रुचाउँछन्, आफू पर्दै हाँस्यकलाकार, रङ्गमञ्चमा हाँस्यव्यङ्ग्यको पाण्डुलिपि त धेरै लेखिन्छ तर म न त कवि, न कथाकार, न उपन्यासकार र लेखक नै परे। म यी कुनै लेखकमा पर्दिन। स्वाभाविकरूपले भन्दा यहाँ मैले लेखेका कुराहरू पाठकहरूले पढ्दा रुचिकार नहुन पनि सक्छ।

तर एक कलाकारको नाताले, जो म्युजिक नेपालसँग हितैषी जस्तै छ। त्यसैले जे कोर्दै छु त्यो मेरो मनको खुलदुली हुनेछ र यसमा कुनै प्रकारको काल्पनिक मनगढन्ते कुराहरू हुनेछैन।

म्युजिक नेपालजस्तो गरिमामय संस्थाको बारेमा लेख्न पाउनु पनि आफैंमा गौरवको विषय हो।

आजभन्दा करिब एक दशक अगाडिको सम्झना हो। जुन समयमा म कलाक्षेत्रमा भर्खर बामे सर्दै थिएँ, जुन बेला पुतलीसडकको धोबीधारा भन्ने ठाउँमा एउठा चिसो कोठामा क्यासेट ट्रान्सफर गर्ने र रेकर्ड गर्ने दुईवटा 'हण्डाचिण्डा' लिएर एक कम्पनी भर्खर पाइला टेक्दै थियो। हुनसक्छ उसले टेकेको पाइला त्यस बेला खासै मजबुद थिएन तर उसले गरेको आँट पहाडभन्दा उच्च थियो? त्यही बेलामा नै उसले न्वारान गरिसकेको थियो र नाम म्युजिक नेपाल जुराइ सकेको थियो। त्यति बेला जुन समयमा खासै कुनै व्यावसायिक अडियो क्यासेट कम्पनीहरू थिएनन् र यस्तो संस्था जसले जुन लक्ष्य लिएर स्थापना भएको थियो त्यो आफैंमा ज्यादै कठिन, जोखिम र महत्वाकांक्षी विषय थियो।

त्यसताका हाम्रा यहाँका गायक, कलाकारहरूलाई क्यासेटमा गीत भरेर निकालिन्छ र बजारसम्म पुऱ्याइन्छ र त्यसको रोयल्टी स्वरूप नगद पाइन्छ भन्ने खासै ज्ञान थिएन।

कति नाम चलेका, मैले चिने जानेका गायक सङ्गीतकारहरूले त्यतिबेला भन्ने गर्थे '...वाइयात हाम्रो स्वरलाई रेकर्ड गरेर बेचेर खान्छ' 'त्यहाँ जान हुँदैन है'।

तर जुन क्यासेट भन्ने वस्तुमा 'एल्बम' भन्ने गुदी भरेर यस कम्पनीले बजार विस्तार गर्न थाल्यो अनि उक्त गायक, गीतकारहरूले नै बजार र श्रोता पाए, एक हुँदै प्रकारको व्यवसायिक नाम पाए, चिनारी पाए, नत्र त खालि रेडियोमा मात्र सीमित थिए।

त्यसपछि थोरै, थोरै, नजानिँदो पाराले विस्तारैविस्तारै रोयल्टी भन्ने रकम पाउन थाले अनि मात्र उनीहरूले रियलाइज गरे कि 'हाम्ले जुन सोचेको त्यो एक, दुई, तीन गलत रहेछ... यो नै एउटा यस्तो माध्यम रहेछ जसको सहयोगले श्रोतामाझ पुग्नुको साथै हाम्रो कामको रोयल्टीको रूपमा रकम आउँदो रहेछ ।

म्युजिक नेपालले दोस्रो फड्को कालिकास्थानको अलि सुविधायुक्त स्थानमा माऱ्यो । अब ऊ न्वारानको बालक हैन वयस्क भएर 'ब्रर्तबन्ध' गरिएको एक लायक युवक भइसकेको छ , कालिकास्थानसम्म आइपुग्दा नै उसले आफ्नो नामलाई राम्रै परिचय गराइसके थियो ?

'हुने विरुवाको चिल्लो पात' भनिन्छ, यो भनाइ म्युजिक नेपालमा सर्वाधिक सार्थक हुन्छ भन्दा दुइमत नहोला । किनभने जुनबेला यो एक चिसो कोठामा स्थापना भयो, त्यति बेला नै यसले केही गर्छु भन्ने लक्ष्य लिइसकेको थियो र ऊ चिल्लो पातकैँ देखिन्थ्यो ।

अर्को एक भनाइ छ, कुरा गर्दा, कसैले अलिक फूर्ति गर्छ, खोक्रे धाक देखाउँछ, ठालू हुन्छ भने हामी भन्ने गर्छौं, 'यो टुप्पोबाट पलाएको' ।

मैले यहाँ भन्न खोजेको कुरो यो होइन कि म्युजिक नेपाल टुप्पोबाट पलाएको, यो त जरैदेखि पलाएर संघर्ष गर्दै यहाँसम्म पुगेको संस्था हो ।

यो प्रसंग ल्याउनुको उद्देश्य यो हो कि, कुनै पनि चीज टुप्पोबाट पलायो भने उसको फूर्ति सीमित समयको लागि मात्र हुनेछ । जस्तै जुनबेला म्युजिक नेपाल सून्यबाट सुरु हुँदै थियो उसै समयताका एक सरकारी संरक्षण प्राप्त संस्थान जसको न्वारानको नाम कुनै वुर्जुग पण्डितले 'रत्नरेकडिङ संस्थान' भनेर राखेका थिए । जसरी यसको न्वारान बाजा गाजा सहित गरियो र ह्वात आयो र आफ्नो लक्ष्य पूरा नगरी बिलायो, किनभने यो एकै पल्ट टुप्पोबाट पलाएर आएको थियो र यसलाई कला, साङ्गीतिक क्षेत्रमा केही गर्छु भन्ने भित्री चाहना थिएन जुन म्युजिक नेपालले लिएर आएको उद्देश्यसँग मेल खाओस् ।

एउटा पुलपुल्याएर, फुर्काएर हुर्काएको छोरा र दुःख खपेर सङ्घर्ष गर्दै आफ्नो खुट्टामा उभिएर आएको पुत्रमा यही नै भिन्नता पाइन्छ ?

प्रसङ्ग बद्लौँ, लामो समयको अन्तरालपछि म अनामनगरको

म्युजिक नेपालको भवनमा पुगें। मैले त्यहाँका एक वरिष्ठ कर्मचारीलाई सोधें- 'के यो त्यही म्युजिक नेपाल हो? जुन कालिकास्थानमा थियो?' 'के यो आफ्नै भवन हो?' 'यी स्टाफहरू सबे यही कै हुन् त?' आदि प्रश्न सोध्दै गए र उनले हो! हो! हो! भन्दै जवाफ दिँदै गए। म अचम्ममा परें। अनि मैले ती कर्मचारीसँग हासो गर्दै सोधें- 'हैन दाइ यो म्युजिक नेपाल होकि रेडियो नेपाल हो?'

यो सुनेपछि प्रेसरकुकरको सिट्ठीको झैं आवाज निकालेर हासें... अब अनुमान गर्न सकिन्छ म्युजिक नेपालको सफलताको बारेमा! तर पनि कही केही चुकेको जस्तो भान हुन्छ।' यतिका एफ.एम. स्टेसनहरू हुँदा हुँदै पनि म्युजिक नेपालको आफ्नै एफ.एम. स्टेशन नहुनु दुःखको कुरा हो! यदि म्युजिक नेपालको एफ.एम. हुँदो हो त श्रोताहरूले निर्विरोध रूपमा स्तरीय कार्यक्रम श्रवण गर्न पाउने थिए होला। आज आफ्नै मेट्रो टीभी स्टेशन पनि भएको भए त सुनमा सुगन्ध नै हुने थियो। खैर यस विषयमा हामी शुभकामना दियौं।

म र मेरो जोडी शैलेन्द्र सिंखडाका थुप्रै हास्यव्यङ्ग्य क्यासेट यस संस्थाबाट उत्पादन भइसकेका छन् र, म्युजिक नेपालको पहिलो हास्यव्यङ्ग्य भिडियो एल्बमको रूपमा हाम्रो हास्यव्यङ्ग्य 'सिंहदरबार गेट' भएको छ।

हुन त हामले अरू कम्पनीबाट हाम्रा क्यासेटहरू उत्पादन गराएका छैनौं। यद्यपि अरू कम्पनीहरूले हामीलाई एक मुष्ट मोटो रकमको लोभ नदेखाएका पनि होइनन्। तर मलाई आफैलाई थाहा छैन किन यस म्युजिक नेपालप्रति पारिवारिक जस्तै आत्मीयता गाँसिएको छ।

त्यसैले कुनै दीर्घ रोगीले भन्ला– 'मलाई भित्र-भित्र क्यान्सर भएको छ' तर मैले भन्नु पर्दा- 'म भित्रभित्र म्युजिक नेपालको रोगी भएको छु'। ■



माटो, मुटु, म्युजिक र म्युजिक नेपाल

उर्मिला श्रेष्ठ भोजपुरे/हिरण्य भोजपुरे

'मेरो ओतमा खुसीले खेल्ने
यी भुराहरूलाई थाहा छैन
कसरी म मेरो उमेर साथसाथै
थोत्रो-थोत्रो भइसकेको छु
मेरो-थोत्रोपन साथसाथै
खोक्रो-खोक्रो भइसकेको छु
बस बस रे, बसुन्धरा बैनी ...

रचना/सङ्गीत : हिरण्य भोजपुरे
स्वर : इन्द्रनारायण मानन्धर र अन्य लेकाली

आँगनमा केटाकेटीहरू खेलिरहेका छन्, आँगनीलाई आफ्नै आकाश ओढाउँदै । आँखीझ्यालबाट एकजोर पाका आँखा यतै तेर्सिएका छन् । ती आँखा पनि यिनीहरूसँगै खेल्न खोज्छन् : बस बस रे बसुन्धरा बैनी... । तर मन खेल्छ जीर्ण जीउ खेल्न सक्दैन, आँखा दौडिन सक्दैनन्। आँगनीमै एउटा बूढो रुख छ । आँखाहरू रुखमाथि उक्लन्छन्, त्यहींबाट बालक्रीडा हेरिरहन्छन् र तिनमै ती रमाइरहन्छन्, रमिरहन्छन् ।

यतिबेला म आफूलाई तिनै बूढा आँखाहरूमा आरोपित गर्न खोज्दै छु । 'म्युजिक नेपाल' आँगनमा खेल्ने भूरा त होइन । म्युजिक नेपालले आफ्नो बालापन बिताइसकेको छ र युवावस्थामा पदार्पण गरिसकेको छ र पनि यो आफ्नो सुदूर क्षितिजहरू छिचोल्दै जाने तर्खरमा छ अनि यसले आफूमा आकाशलाई छुन खोज्ने सामर्थ्य तेर्स्याउँदै छ । यसको विस्तार र आत्मविश्वासले म विभोर बन्दछु र यसप्रतिको मेरो अविश्वासको कथा मनमा जम्जमाइरहन्छ । त्यो जम्जमाहट अविश्वासको धरती र आकाश थियो । र पनि, त्यसको सम्झना मात्रले पनि मन मीठो भइदिन्छ, ओठमा मुस्कान आइदिन्छ । यो कथा 'म्युजिक नेपाल'को प्रारम्भको कथा हो, जन्मको व्यथा हो ।

विक्रम सम्वत् २०३८-४० तिरको कुरो हो । दुईजना युवा मकहाँ निकै धाउन थालेका थिए । ती फूर्तिला थिए, जोसिला थिए । उनीहरूले भनेको कुरो पुगेन भने मान्छेलाई कुट्न पनि बेर नलाउने काँटका लाग्दथे ती मेरो लेखा । तर त्यस हदसम्मको उद्दण्डता भने तिनीहरूले कहिल्यै देखाएनन् । ती युवामध्येका एक थिए आजका स्थापित साङ्गीतिक उद्योगपति सन्तोष शर्मा र अर्का हस्ती थिए आजका फिल्मीलाइनका अविस्मरणीय नाम प्रदीप उपाध्याय । खाल्डो उनीहरूले खोपिसकेका थिए । मन-मनमा ती ईंट बोकेर भौंतारिदै थिए कहिले यता, कहिले उता 'म्युजिक नेपाल'को जग बसाल्न । तर मलाई त्यो त्यसबेला बस्ने खालको जग जस्तो लागेको थिएन ।

विक्रम सम्वत् २०३८-४० को समयमा मेरो उमेर पनि त्यत्तिकै थियो अर्थात् लगभग ४० वर्षको । हाम्रा हिरोहरूको उमेर भने २४-२५ को हुँदो हो । त्यो त्यस्तो उमेर हो, त्यस्तो उमेरमा मानिस सजिलैसित

उत्तेजित हुन सक्दछ। कच्चा पदार्थ फिकाउन सिफारिसका लागि यिनीहरूले हिरिक हाल्न खोजेको देख्दा मलाई लागेको थियो कि त यी आफूहरू उद्योगको नाममा सहिद हुन खोज्दैछन् या यिनीहरूले भावी उद्योगलाई नै सहिद बनाउन खोज्दैछन्।

त्यसबेला म म्युजिक नेपाललाई यो सिफारिस गरिदिन सक्ने 'अथोरिटी' थिएँ। म दिनमा असङ्ख्य सिफारिस गरिदिन्थें। त्यसबेला म घरेलु विभागको डेपुटी डाइरेक्टरको कुर्सीमा आसिन थिएँ। भएभरका उद्योगहरूको नियन्त्रण, निर्देशन, व्यवस्थापनदेखि लिएर कन्ट्रोल र प्रवर्द्धन गर्ने हैसियतसमेत बोकेर कुर्सीमा म जमेकी थिएँ। गुणैगुणका धनी गुणराज मेरा महानिर्देशक थिए। उनले उद्योग प्रशासनसम्बन्धी सबै अधिकार मलाई सुम्पेका थिए। उनले दिएको अधिकारको सम्मान गर्दै म उद्योग प्रशासन हाँक्दै थिएँ।

गुणराजले दिएको उद्योग प्रशासनको कानुनसम्मत अधिकार र प्रचलित कानुनको दायराभित्र बसेर हेर्दा त्यसताका मैले उद्यमीहरूलाई तीन वर्गमा बाँडेकी थिएँ :

१. निर्दोष नवउद्योगी : जसले उद्योगमै आफ्नो भविष्य देखेको हुन्थ्यो तर उद्योगको 'उ' थाहा हुँदैनथ्यो।
२. खली उद्योगी : जसले उद्योगको नाममा उद्योगसम्बन्धी नियमकानुनको 'म्यानुपुलेसन' गरेर आफ्नो अर्थसिद्धि गर्दथे।
३. उद्योगी : जसले उद्योगको नाममा खुल्लमखुल्ला व्यापार गर्दथे अनि कागज मिलाएर औद्योगिक मेसिनरी र औद्योगिक कच्चा पदार्थको सुक्रीबिक्री विदेशमै वा स्वदेशमा सिध्याएर रकम कुम्ल्याएर आफूहरू मुलुकमा प्रतिष्ठित हुनुको गर्विलो छवि छर्दथे।

त्यसताका उद्योग बदनाम थियो दुई नम्बरीको नामले तर खासमा मुलुकलाई खोक्रो पारिरहेका थिए तीन नम्बरी उद्योगका अन्जान नामहरूले।

र पनि मुलुकमा उद्योग द्रुतगतिले फस्टाउँदै थियो। नेपालकै औद्योगिक विकासको इतिहासमा त्यसताकाको उद्योग विस्तार र प्रवर्द्धन अभूतपूर्व थियो। उद्योगमा आएको बाढीले अधिकाधिक

प्रदूषणहरूलाई बगाएर तिनै प्रदूषणबाट सर्लक्क सङ्लिएको सग्लोस्वरूप उत्रेर मनोरम टापुझैं उभिएको आदर्श उद्योगमध्येको एक हो– म्युजिक नेपाल ।

मैले म्युजिक नेपाललाई पनि उद्योगको नाममा कच्चा पदार्थ बेचेर ठाडै व्यापार गर्ने नक्कली उद्योगका लडमा राखेको थिएँ मनमनै । हुन पनि रेकर्डिङ् उद्योगहरू पाको, न्युरोड, इन्द्रचोक इत्यादिका सबै गल्ली-गल्छेंडा र कुना-काप्चाका बन्द कोठाभित्र चौबीसै घण्टा घरेलुमा दर्ता भई भित्रेका रेकर्डिङ् अथवा कपी गर्ने मेसिनहरू थर्थराइरहेका हुन्थे र गीतहरूको उत्पादन भएकोभएकै हुन्थे । तर यी सक्कल बमोजिम नक्कलको कपी निकाल्ने मेसिनले मुलुकको साङ्गीतिक उत्थानका उचाइ उकालिरहेका हुँदैनथे । यिनीहरूले प्रसिद्ध गायक-गायिकाका लोकप्रिय गीतका साथसाथै ठूलो परिमाणमा हिन्दी फिल्मी गीतहरूको कपी गर्थे चोरेर अनि निर्धक्क बजारमा आफ्नो उद्योगको ब्रान्ड राखेर सुकीबिकी गर्दथे र मालामाल हुन्थे ।

म्युजिक नेपाललाई पनि यही छाँट र काँटको उद्योग हो भनेर लाग्दालाग्दै पनि मैले 'म्युजिक नेपाल'लाई कच्चापदार्थ फिकाउन सिफारिस गरिदिएँ– कतै लाटाको खुट्टा बाटामा परिहाल्छ कि भन्ने लोभका साथ ।

सन्तोषजीहरूसित धेरै पछिसम्म गलफत्ति परिरहन्थ्यो– मेसिनहरू फिकाउने सम्बन्धमा, सोको सुविधाको सम्बन्धमा, कच्चा पदार्थ मगाउने सम्बन्धमा इत्यादि । रेकर्डिङ् उद्योग सेवा उद्योग अन्तर्गत पर्नेहुँदा अन्य उद्योगलाई सरह सुविधा थिएन वा सुविधा नगन्य थियो । हुँदा-हुँदा उहाँहरू सग्लो क्यासेट कच्चा पदार्थको रूपमा फिकाउन माग गर्नुहुन्थ्यो त्यो पनि सुविधामा र त्यो नियमसम्मत हुँदैनथ्यो । यस्तै-यस्तै कुराहरूमा उहाँ र मबीच जुहारी चलिरहन्थ्यो ।

–उर्मिला श्रेष्ठ भोजपुरे

उर्मिलाकै सम्झौनी-बिसौनीले पनि बताउँछ 'म्युजिक नेपाल' ठूलो सङ्घर्ष, सम्वेदना र प्रयत्नहरूको प्रतिफल हो । हुन पनि सन्तोष भाइहरू कम दौडेका होइनन् 'म्युजिक नेपाल' बनाउन । आज यो सङ्गठन,

सङ्गठनबाट संस्था बनिसकेको छ। यसको प्रगतिको प्रारम्भतिर सन्तोष भाइलाई म बेलाबेला रत्नरेकर्डिङ् संस्थामा पनि भेट्थें। रसिकजी त्यसबेला सो संस्थानको महाप्रबन्धक हुनुहुन्थ्यो र म पनि एक सञ्चालक सदस्य। म्युजिक नेपालजस्तो मुलुकको साङ्गीतिक विकासमा समर्पित संस्थालाई रत्नरेकर्डिङ्ले सक्दो टेवा दिनुपर्छ भनेर जी.एम.लाई म ऋक्ऋकाइरहन्थें। म्युजिक नेपालमा एउटा अठोट थियो। त्यसैले त यो उक्लेको उक्लेकै भयो। र आज म्युजिक नेपाल एउटा ठूलो महत्त्व र प्रतिष्ठाको नाम पनि बन्न पुगेको छ।

प्रसिद्ध फिल्म अभिनेता, निर्देशक, निर्माता चिरञ्जीवि बस्नेत एकताका हाम्रै गल्लीभित्र बस्नुहुन्थ्यो, कुमारी गल्ली, पुतलीसडकमा। उहाँ र हामीबीच एकदमै घनिष्ठता थियो। उहाँ हामीकहाँ आइरहनुहुन्थ्यो। हामी उहाँकहाँ गइरहन्थ्यौं। त्यसताका उहाँ म्युजिक नेपालमा काम गर्नुहुन्थ्यो। उहाँले हामीलाई गीतको एल्बम निकाल्न कम ऋक्ऋक्यानु भएको होइन। हामी सबै आ-आफ्नो काममा लागेका, समय नै निकाल्न सकिरहेका थिएनौं। समय निक्ले पनि स्टुडियो गएर गाउनु ञ्याउ लाग्थ्यो। हाम्रो नितान्त निस्क्रियता देखेर उहाँलाई शोक चलेछ। आफैंले हाम्रा केही प्रसिद्ध गीतहरूको सङ्कलन र सङ्ग्रह गर्नु भएछ। एक दिन हाम्रो तस्बिर माग्नुभयो। हामी लेकालीका केही सदस्य त्यसैताका क्यानाडामा सांस्कृतिक कार्यक्रम देखाएर फर्केका थियौं। त्यहाँ प्रस्तुत कार्यक्रमको नाम हामीले 'सगरमाथाको प्रतिध्वनिहरू' (Echoes from the Everest) राखेका थियौं। उहाँलाई त्यो नाम साह्रै जँचेछ र हाम्रो क्यासेटको नाम नै त्यही राखिदिनु भएछ 'इकोज फ्रम द एभरेस्ट'।

म्युजिक नेपालबाट हाम्रो क्यासेट निक्लियो। हाम्रो तस्बिर पनि सार्वजनिक भए क्यासेट कभरमार्फत्। तर त्यहाँ उर्मिलाको नाम थिएन, मेरो नाम थिएन र रसिकजी र निर्मलको पनि नाम थिएन। नाम समूहको थियो- लेकाली। लेकालीको प्रस्तुति- 'इकोज फ्रम द एभरेस्ट'।

आजको तिथिमितिमा लेकाली कुनै न कुनै रूपमा बौरन खोज्दैछ। ऋन्डैऋन्डै पाँच सय पृष्ठको 'लेकालीको सङ्गीत-यात्रा' ग्रन्थ निक्लियो। त्यसलाई धेरैले सराए। शशी भण्डारीको 'सम्झनाका तरेलीहरू' प्रकाशित

भयो। त्यसलाई धेरैले मन पराए। गणेश रसिकको 'मेरो अतीत' गीति एल्बम सार्वजनिक भयो र उनको एकल गीति कार्यक्रमले सफलताको शिखर छोयो। यी सबै आगमनहरूमा लेकालीको शुभ पुनरागमन थिँदैथियो र अलिअलि 'अडियन्स' ले लेकालीलाई चिन्न खोज्दैथियो र छ। तर, जुनबेला म्युजिक नेपालबाट 'इकोज फ्रम द एभरेस्ट' निक्लियो त्यसबेला लेकाली अवसानप्राय:को अवस्थामा थियो। साँच्चै भन्ने हो भने त्यसबेला लेकाली 'कोमा'को स्थितिमा थियो। र म्युजिक नेपालले लेकालीको गीत निकाल्दा लेकालीलाई श्रोताले सायद कुनै कोर्कालीको समूह ठान्यो र एकताकाका जीवन्त नेपाली साङ्गीतिक गन्ध लेकाली ओछ्रेलमा पऱ्यो अनि म्युजिक नेपालको रेकर्ड निकाल्ने इतिहासको एक विन्दु मात्र बनेर बस्यो। र त्यो एल्बममा 'लहरा पहरा छहराको देश...', 'रातो भाले क्वायँक् क्वायँक्...', 'काफल पाक्यो...' जस्ता थुप्रै गीतहरू लेकालीको नाममा सहिद भए।

अब भएन। लेकाली त्यसरी दुर्दिनमै बित्नुपर्ने नाम होइन भनेर जागिरबाट निवृत्तिपछि म म्युजिक नेपाल धाउन थालें। साथमा रसिकजी रन्थनिँदै मसँगै म्युजिक नेपाल धाउनुहुन्थ्यो। उहाँको रन्थनी म कतिपटक बुझ्दिनथें। तर गणेश रसिकको नाम मेरो काँधमा बोक्न मलाई निको लाग्थ्यो र त मसँग हिँड्दा उहाँ रन्थनिँदै पनि हाँस्नुहुन्छ, हाँस्दै हिँड्नुहुन्छ। र हामी हिँड्यौं। सन्तोषजीले हामीलाई जति रेकर्ड गर्न चाहे पनि दिनु भनेर आफ्नो प्रशासनलाई अह्राउनु भएको थियो। तर प्रशासन भनेको घरेलुकी हाकिम उर्मिलाको पनि त्यही हो र म्युजिक नेपालका सन्तोष शर्माको पनि त्यही हो। साना-साना कुराहरू हाकिमको टेबुलसम्म पुग्नै सक्दैन। हाकिमको टेबुलको घर्रा त ऋन् प्राइभेट हुने नै भयो। म र रसिकजी हाकिम हुँदा पनि कैयौं कोमल पाउहरूले देशी-विदेशी जुत्ता र चप्पलको हुर्मत लिएका थिए होलान्। म्युजिक नेपाल धाउँदा हाम्रा जुत्ता खिएनन् होला, हामीले पाउनुपर्ने सम्मान पाउनुपर्नेभन्दा बढी नै थियो होला। तर रेकर्ड भने हुन सकेन। पहिलो कुरो त हामीले 'एल्बम' निकाल्ने भनेर हिँड्दा हाम्रा चारवटा अत्यन्त 'हिट' (जमानाको) गीतहरूको वाद्य संयोजन सकियो। तर

स्वराङ्कन गर्ने समयमा म्युजिक नेपालले स्टुडियो विस्तार गर्न लागेछ। हामीले स्वर दिने समयमा स्टुडियो भत्कियो। हाम्रोमा खास गरेर मेरो गला भत्किसकेको थियो। रसिकजीको स्वरको सहारामा जेनतेन आफ्नो स्वरलाई उनूँला भन्ने लागेको थियो र अलि-अलि बिहान-बिहान स्वर साँध्दै पनि थिएँ तर म्युजिक नेपालले त्यसैबेला आफ्नो म्युजिकमा पाइन् चढाउने बेला परेछ र हाम्रा चारवटा म्युजिक एरेन्जमेन्ट म्युजिक नेपालको म्युजिकल एरेन्जमेन्टको महासागरमा समाहित हुन पुगे।

त्यसको लगत्तै म एक वर्षसम्म बिरामी परेर लडेँ। बीचमा हाम्रो गीतको सङ्गीतसंयोजन खोज्न रसिजजी म्युजिक नेपाल जानुभएछ। तर समयले सङ्गीतको सारलाई बगाएर लगेछ। गणेश रसिकको पिखुवा जतातै बग्दोरहेछ। हिरण्य भोजपुरे र सबै भोजपुरेहरूको पिखुवा पनि जतातै बग्दोरहेछ- म्युजिक नेपालमा पनि पिखुवा बग्दोरहेछ। त्यसपछि, रसिकजी र म तिनै पुराना संयोजनहरूलाई समायोजन गर्न म्युजिक नेपाल जाने सल्लाह गर्दै थियौँ बिरामी परेर उर्मिला लडिन्। अर्को एक वर्ष त्यसै बित्यो। यसैबीच लेकालीका सदस्यमध्ये निर्मला अमेरिका गइन्, नीरा अष्ट्रेलिया। पर्यटन उद्योगको खस्कँदो स्थितिमा आफ्नो उद्योगलाई सही दिशा दिन्छु भन्दाभन्दै शशी भण्डारी त्यसकै ब्यूहमा व्यस्त रहे। इन्द्रनारायणलाई चिनीलगायत विभिन्न व्याधिले अँठ्याए। नवीनकिशोर आफैँले चलाएको होस्टेलका आफैँ बन्दी बने। तै रसिकजीलाई चियाका पछ्यौरीहरूले पनि रोकेनन्। उनले एउटा निजी अल्बम निकाली छाडे। मैले भने अठोट गरेँ– 'म्युजिक नेपालमा रेकर्ड गर्ने नाम लिन्नँ'।


-हिरण्य भोजपुरे

उर्मिला र हिरण्य हामी दुई भएर 'म्युजिक नेपाल' बारे तीतो पोख्यौँ– मीठो बोल्यौँ। यी हाम्रा आआफ्ना व्यक्तिगत अनुभूतिहरू हुन्, अभिव्यक्तिहरू हुन्। तर समग्रमा बोल्नुपर्दा र व्यक्तिले व्यक्तिबाट उठेर सामूहिक हित र हिति-गीतिचेत बोकेर बेल्नुपर्दा 'म्युजिक नेपाल' 'ग्रेट' हो, हुनुपर्छ। रत्नरेकर्डिङ् संस्थान मास्नेलाई हामीले धिक्कार भन्नैपर्ने हुन्छ। र त्यो राजनीति हो भने त साङ्गीतिक संस्थालाई नै मास्ने राजनीति कमसेकम

धेरै कलाकारलाई चाहिँदैन । कमसेकम रुन्डा नबोक्ने कलाकारले यस्तो राजीनितिलाई धिक्कार्नुपर्छ, धिक्कार्छ तर मजाको कुरा के छ भने लाग्छ, म्युजिक नेपालमा राजनीति छैन । यसभित्र राजनीति छ भने मुलुकको सङ्गीत सम्वर्द्धन गर्ने राजनीति छ र यसले यति मात्र राजनीति बोकेर हिँड्छु भने 'म्युजिक नेपाल' सबै कलाकारहरूको तीर्थस्थल बन्नेछ । जुन आस्थामा माटो, मुलुक र मुटु हुँदैन हामीलाई त्यस्तो आस्था र त्यस्तो आस्थाप्रतिको नारा चाहिँदैन । त्यस्तो स्वर, गीत र सङ्गीत चाहिँदैन । म्युजिक नेपालमा पनि माटो, मुलुक र मुटु बोल्नुपर्छ । यसको बीसबर्ष जोवन यिनै अभीष्टिप्रतिको पदार्पण हो कैँ लाग्छ । यसको साथ यो जतिजति शिखरोन्मुख हुँदै जाने छ त्यति-त्यति यो जवान बन्दै जानेछ । यसको उन्नति भन्नु नै यस्तै गरी यो जवान हुँदै जानु हो । यसले सधैँ जवान भइरहनुपर्दछ र यसको उत्तरोत्तर उन्नति नै यसको सही जवानी हो । र, संस्थाले जवान हुन मात्र जान्नुपर्छ, बूढो हुनुहुन्न- कदापि ।

हिरण्य भोजपुरे
उर्मिला भोजपुरे
पुतलीसडक, काठमाडौँ ।

■



मैले त्यही गरेँ

कमल दीक्षित

म्युजिक नेपालसँग मलाई जोड्ने भानुभक्त हुन्। भानुभक्त आचार्यको रामायणको पाठ रिकार्ड गराउने चासो सन्तोष शर्माका नाममा नउठेको भए म्युजिक नेपाल र मेरो सम्बन्ध एउटा ग्राहक र व्यापारीको रूपमै सीमित रहन्थ्यो होला। सन्तोष शर्माको नेपाली भाषाप्रतिको प्रेम त नेपाली सङ्गीतको हजारबढी थरीका क्यासेट निकालेको बाट स्पष्ट भएकै थियो। तर उहाँभित्र नेपाली साहित्यतिर पनि उत्तिकै रूचि रहेछ। नेपाली कवि-लेखकहरूप्रति श्रद्धा पनि रहेछ उहाँमा। यो थाहा भयो उहाँले भानुभक्तीय रामायणका १३१८ श्लोक समग्र पाठ गराई क्यासेट भरिदिने इच्छा प्रकट गरेपछि। त्यस काममा हामी तीनजना, कोशराज न्यौपाने,

रमेश खकुरेल र म, हामीले पूर्ण सहयोग गर्ने वचन दियौं। अनि काम अगाडि बढेको हो। हामी तीनजना भनेर मैले आफूलाई यति बलियोसँग जोडे पनि वास्तवमा यसमा दिनरात लाग्ने त दुवै जना हुनुहुन्थ्यो 'करको समूह' का पछिल्ला दुई हस्ती- रमेश र कोषराज। तर 'करको'का तीनैजना लागेर पनि रामायण टेपमा भरिदैनथ्यो 'स'को सहयोग नभएको भए। यो स भनेको चाहिँ सन्तोष शर्मा हो। हामीलाई परेको प्रत्येक वाधा भन्नुमात्र पर्थ्यो सन्तोष बाबुबाट त्यो मिलिहाल्थ्यो। म्युजिक नेपालको प्रत्येक व्यक्तिबाट हामीले सद्भाव पायौं- ग्याउलो रुन्रुट कसैले मानेनन्। हाम्रा कोषराज पर्फेक्सनिस्ट हुनुहुन्थ्यो- यतिसम्म त छाडिदिए हुन्छ भन्थ्यौ हामी दुईजना रमेश र म। तर, अहँ ! कोषराजजी नमान्ने। एउटा उच्चारण, एउटा यति बिग्रिन दिनुहुन्नथ्यो उहाँ। उहाँले त्यसो गर्दा 'रिकडिस्ट' हरूलाई दोहोरो काम पनि पर्थ्यो तर कुनै उजुर छैन। खुरुखुरु दोहोऱ्याउन तयार हुन्थे उनीहरू। मदन दिपबिमलाई त त्यहाँ हामीले यति घोट्यौं, भनी साध्य छैन। तर उहाँ पनि निर्विकार विरोध नास्ति ! हलेदो भनेपछि कोट्याउन पर्छ र ? हामीले बुझ्थ्यौं- यो करामत सन्तोषजीको सद्भावले सम्भव भएको हो।

आज आएर यो क.दी. सन्तोष शर्माको यति साह्रो प्रशंसा किन गर्दै छ भन्ने लाग्ला, पढ्नेहरूमा। तर, निवेदन गरूँ यो प्रशंसा होइन। भएका कुराको सङ्क्षेप मात्र हो। उसोभए, अलिकति विषयान्तरमा जाऊँ।

राम्रोलाई राम्रो भन्न पाउनुपर्छ, नराम्रोलाई नराम्रो। वाक्स्वतन्त्रता भनेकै त्यही हो मेरा लागि। भन्ने त भन्छन् प्रशंसा गर्नु भनेकै केही खोजेको हो रे ! सत्य भए पनि नभए पनि प्रशंसा भनेको लाभका लागि नै गरिन्छ रे। त्यो हो भने मलाई घाटा लाग्यो। किनभने, दुर्भाग्यले भनौं, मेरो केही पाउनु या गराउनु छैन सन्तोष बाबुसँग मलाई। तर मैले मनखत गर्नुपर्ने केही छैन। मलाई घाटा लागेको रै'नछ। मैले प्रशंसा गरेर केही नपाएको भए पो बिग्रन्थ्यो, मैले त प्रशंसा नै गरेको छैन सन्तोष शर्माको। भएको कुरा भनेको

मात्र हुँ भनिसकैं। 'स्टेटमेन्ट अफ फ्याक्ट्स' मात्र हुन् मैले माथि गरेका कुरा। मैले म्युजिक नेपाल र सन्तोष शर्माका विषयमा जे लेखें- त्यो वास्तविक कुरो हो। मेरो मनमा लागेका तथ्य कुरा हुन् ती। तारिफ होइन।

अब, हामी रामायणपाठको प्रसङ्गमा थियौं, त्यतै लागूँ, फेरि रामायणैतर्फ। भानुभक्तका रसिला श्लोकहरू भएको त्यस रामायणको पाठ एक या दुई जनामात्र राम्रो स्वरका धनी गायक-गायिकाबाट गराउन सकिन्थ्यो। त्यो बढी कलाकृतिपूर्ण हुन्थ्यो होला। म्युजिक नेपाललाई पनि सायद त्यो बढी लाभदायक हुनसक्थ्यो होला। तर हामी अलि अर्कैतिर गयौं। हामीले विचार गर्‍यौं यो रामायण नेपालको राष्ट्रिय निधि हो, यसलाई स्वर दिने अधिकार सकेसम्म धेरै नागरिकले पाउनुपर्छ भनेर हामीले कविता सस्वर वाचन गर्न सक्नेहरू भ्याएसम्म धेरै जनालाई सामेल गर्नु उचित देख्यौं। त्यसरी मान्छे छान्दा पनि देशको भौगोलिक र जातीय विविधतालाई समेत समेट्न खोज्यौं। पृथ्वीनारायणले भनेजस्तो 'चार जात छत्तीस वर्ण' सबै त कसरी भ्याउनु? तर हिमाल-पहाड-मधेश तीनैतिरका अनि पूर्व-पश्चिम सबैका एक दुई थुँगा श्रद्धासुमन त्यसमा परून् भन्नेमा हामी लाग्यौं र धेरथोर हामी सफल पनि भयौं। एक सय ३२ जना कवितापाठ गर्नेहरूमध्ये धेरैओटा स्वर बाहुनका छन् हो तर ती स्वरहरूमा पनि विभिन्न जिल्लाका अनेकौं भाका त्यहाँ पसेका र बसेका छन्। बालकृष्ण समले 'भक्त भानुभक्त' नाटक (२००० सालमा) लेख्ता अन्तिम दृश्यमा उहाँले ठूले घाँसीका मुखबाट रामायाणका श्लोक चार प्रकारका लयमा निकाल्न लगाउनु भएको थियो। पण्डितले, आइमाईले, सिपाहीहरूले र गवैया (गायक) हरूले पाठ गरेको, गाएर पनि सुनाउनु भएको थियो। त्यो चाहिँ २००२ सालतिरको कुरा हो। त्यो भानुभक्त नाटक मञ्चन भएको थियो। समजीले स्वयम् निर्देशक भएर स्कुल कलेजका विद्यार्थीहरूबाट त्यो नाटक खेलाउनु भएको थियो। श्री ३ महाराज पद्मशमशेरलाई नजर गराउनु भएको थियो। समजीले निर्देशन गर्दा ती चार थरीका भाका आफैले गाएर सिकाउनु भएको मैले देखेको हुँ। ठूले घाँसी हुने कलाकार (सायद कलानाथ अधिकारी) ले


उस्तै पारेर सिंहदरबार नाचघरमा गाएका थिए। मैले त्यो पनि देखेको सुनेको सम्झन्छु।

यो सबै कुरा मैले ऐले किन गर्नुपऱ्यो भने मेरा मनमा भानुभक्तीय रामायणको भाकाका बारेमा बसेको प्रेमको बीज त्यसै बेला पसेको रहेछ भनी सकार्नुपर्छ। पछि मदन पुरस्कार पुस्तकालयसँग संलग्न भएपछि २०३० सालतिर कलानाथ अधिकारीलाई नै रामायणका ५०/६० श्लोक मैले टेप गराएर सुरक्षित राखेको थिएँ। अरु पछि, रमेश खकुरेलजी र कोषराजजीसँग यसबारेमा कुरा हुँदा एउटा क्यासेटमा भानुभक्तको सुन्दरकाण्ड स्वरवद्ध गराऊँ भन्ने कुरा भयो। त्यस बेला २०४५ सालतिर त्यति सजिलो थिएन यो काम। रिकार्ड गर्ने, स्वरवद्ध गर्ने कार्य नेपालमा, रेडियो नेपालमा मात्र हुन्थ्यो। त्यहाँ पुगियो गोविन्द आचार्य र अम्बिका भट्टराईको स्वरमा एउटा अडियो क्यासेट भराउन। हम्मे पऱ्यो। तर गरियो। त्यसको प्रचार पनि भयो, रामै। त्यसपछि हो सन्तोष शर्माजीले समग्र रामायण टेप गरूँ भनेर मसँग कुरा गर्नुभएको। म्युजिक नेपाललाई आर्थिक लाभ हुने त कुरा थिएन त्यो, बरु भए घाटा नै हुने सम्भावना थियो। तर सन्तोषजीले आँट गर्नुभयो। ठूलै आँट गर्नुभयो र ११ ओटा क्यासेटमा सम्पूर्ण सात काण्ड रामायणका १३१८ ओटा श्लोक भरियो। देशका प्रधानमन्त्रीले त्यसको विमोचन गर्नुभयो। इतिहासै भयो।

त्यसपछि भारत (दार्जीलिङ)मा त्यसको सार्वजनिकीकरण गरियो विद्वान् इन्द्रबहादुर राईका सभापतित्वमा डा. लक्खीदेवी सुन्दासका हातबाट। त्यसका लागि रात्रिबस चढेर हामीहरू ११ जना पशुपतिनगर हुँदै दार्जीलिङ पुगेका थियौं २०५५ साल साउनमा। त्यस यात्राको र समारोहको पूरै वर्णन २०५६ सालमा म्युजिक नेपालको मुखपत्र 'सङ्गीत' पत्रिकामा छापिएको थियो। त्यसैले त्यो दोहोऱ्याइरहनु परेन। तर एउटा कुरो मैले सकारेर माफ माग्नुपर्छ। त्यस यात्राको वर्णन मैले र सन्तोष शर्माले छुट्टाछुट्टै लेखेका थियौं। पछि मेरो एउटा लेखसङ्ग्रह प्रकाशित गर्दा भूलले सन्तोषजीको लेख मेरो भनेर छापिएछ। अनि एकवर्षपछि

फेरि मेरो अर्को सङ्ग्रह छाप्दा क्षमा माग्दै मैले त्यो मेरो आफ्नो चाहिँ लेख छाप्नु परेको थियो ।

यस्तै हुन् पुराना कुरा । म्युजिक नेपालले 'सङ्गीत'को अर्को विशेषाङ्क प्रकाशन गर्न लागेछ, रमण घिमिरेले माया गरेर, सम्झेर फेरि एउटा लेख माग्नुभयो । नलेखी भएन । माथि नै भनिहालें सङ्गीतका बारेमा म केही जान्दिनँ । अनि त लेख्ने हो भने उही पुरानो सम्झनालाई नयाँ जस्तो पारेर पस्कनु पऱ्यो । र यो मैले त्यही गरेँ । ■



अवसर र चुनौतीको घडी

कालीप्रसाद रिजाल

हाम्रो जीवनकालमा एउटा शताब्दीको अन्त्य भएर अर्को शताब्दीको प्रारम्भ भयो। बिसौं शताब्दी भन्दाभन्दै एक्काइसौं शताब्दी भन्न थाल्यौं। यस कालखण्डमा मानवजातिले विभिन्न क्षेत्रमा ठूलठूला उपलब्धि हासिल गऱ्यो। त्यसमध्ये एउटा महत्त्वपूर्ण उपलब्धि सञ्चारक्षेत्रको क्रान्तिलाई मान्न सकिन्छ। सञ्चारक्षेत्रको विकास यति व्यापक र प्रभावकारी रह्यो कि यसलाई विकास नभनेर क्रान्तिको नामकरण गरियो। अरु कतिले त यसलाई विस्फोटनको संज्ञा दिएका छन्। एक भूभागमा विहान हुँदा अर्को भूभागमा रात पर्ने यति ठूलो विश्वमण्डललाई सञ्चारक्षेत्रको विकासले एउटा

गाउँमा परिणत गरिदियो । हामी पूर्वको ऋलमल्ल घाममा बसेर पश्चिमका मान्छेहरूको रात्रिजीवन देख्नसक्ने भयौं । यस्तो भएपछि एक भागको प्रभाव अर्को भागमा पर्नु स्वाभाविक भयो । प्रभावको यस आँधीबेहरीबाट सङ्गीतक्षेत्र र सांस्कृतिक पक्ष पनि प्रभावित भयो । नयाँनयाँ वाद्ययन्त्रहरूका साथै नयाँ प्रविधिहरूको ढोका खुल्यो । स्वराङ्कन प्रक्रियामा बढी परिस्कार र नियन्त्रण गर्न सकिने यान्त्रिक विधिहरूको प्रयोग हुनथाल्यो । भू-उपग्रहको माध्यमबाट घर बसीबसी विश्वभरिको सङ्गीतको रसास्वादन गर्नसकिने भयो । हाम्रो सङ्गीतक्षेत्रमा पनि यसको व्यापक प्रभाव परेको पाइन्छ ।

विश्व ग्रामीणीकरणको यस प्रक्रियाले एकातिर हाम्रासामु सम्भावनाको व्यापक क्षितिज उघारिदियो भने अर्कोतिर नयाँ चुनौती र समस्या पनि खडा गरिदियो । पहिलेको तुलनामा सङ्गीत-सङ्कलन, गायन, परिमार्जन र संरक्षणको काम सजिलो भएको छ । स्वराङ्कन र प्रचारप्रसारको काम छिटोछरितो हुनपुगेको छ । नयाँनयाँ प्रतिभाहरूलाई पत्ता लगाएर प्रकाशमा ल्याउने काम सरल भएको छ । आधुनिक वाद्ययन्त्र र प्रविधिको प्रयोगबाट गुणस्तरमा पनि निकै सुधार आएको छ । राजधानी र मोफसलका जिल्लाहरूमा स्वराङ्कनको सुविधा प्राप्त हुनपुगेको छ । सांस्कृतिक एवं साङ्गीतिक सम्पदाको संरक्षणका लागि सुरक्षित रूपमा राख्न सकिने सुविधाहरू उपलब्ध भएका छन् । कुनै बेला देशमा एउटा मात्र रेडियो र टीभी रहेको अवस्था थियो । आज राजधानी र जिल्लाहरूमा अनेकन एफ.एम. रेडियो र टीभी च्यानलहरूको सुविधा प्राप्त छ । यसले गर्दा विविध जाति, धर्म, संस्कृति र साङ्गीतिक विविधता रहेको हाम्रो जस्तो मुलुकलाई राष्ट्रियताको एक सूत्रमा आवद्ध गराउने र विभिन्न क्षेत्रका मानिसलाई एक अर्काबाट परिचित गराउने काम निकै प्रभावकारी र सरल भएको छ । आधुनिक सञ्चारले यस्ता धेरै सकारात्मक परिवर्तनहरूको ढोका खोलिदिएको छ ।

तर मैले माथि भने झैं सञ्चारको विस्फोटनले हाम्रो अगाडि ठूलो चुनौती र खतरा पनि उत्पन्न गरिदिएको छ । देशविदेशका रेडियो र टीभी च्यानलहरू एकाएक हाम्रा कोठाचोटामा पुग्न सफल भएका छन् ।

विदेशी सङ्गीत र संस्कृतिले हाम्रा सहरबजार मात्र होइन, ग्रामीण इलाकाहरूलाई पनि आफ्नो प्रभावमा जकड्दिने थालेका छन् । हाम्रा ओठहरूमा विदेशी गीतहरू झुण्डिन थालेका छन् । हाम्रा कोठाचोटामा विदेशी सङ्गीत बज्न थालेका छन् । हुँदाहुँदै हाम्रा आफ्नै गीतसङ्गीतहरू पनि विदेशी प्रभावमा परेर विदेशीजस्ता लाग्न थालेका छन् । आधुनिक वाद्ययन्त्रको प्रयोग हाम्रा गीत-सङ्गीतमा हुनु कुनै नराम्रो कुरा होइन । तर विदेशी वाद्ययन्त्रको व्यापक प्रयोगले हाम्रा आफ्ना वाद्ययद्यन्त्रहरू विस्थापित हुने त होइनन् भन्ने खतरा पनि उत्पन्न भएको छ । नेपाली वाद्ययन्त्रको प्रयोग घट्दै गएमा भोलि वाद्ययन्त्रको उत्पादन नै बन्द भएर वाद्ययन्त्र बजाउन जान्ने मान्छे भेट्टाउन गाह्रो पर्ने हो कि भन्ने आशङ्का पनि बढ्न थालेको छ । हाम्रा विचार, धारणाहरू मात्र होइन, हाम्रा रुचि र मनपराइहरू पनि विदेशी प्रभावबाट सञ्चालित हुनथालेको सङ्केत पनि कताकता देख्न थालिएको छ । यस प्रकारको सांस्कृतिक एवं सङ्गीतिक अतिक्रमणबाट हामीले आफूलाई जोगाउन सकेनौं भने हाम्रो पहिचान र सांस्कृतिक विशेषता नै कालान्तरमा लोप भएर जाने खतरा उत्पन्न हुनसक्छ । देश सीमारेखाहरूमा भन्दा पनि देशको आफ्नो संस्कृति, साहित्य, कला र सङ्गीतमा बाँचेको हुन्छ । आफ्नो पहिचान र विशेषता विश्वबजारमा उभ्याएर प्रतिस्पर्धाको स्थितिमा पुऱ्याइदिएको छ । खुला आकाशको यस खुला प्रतियोगितामा हामीले आफूलाई जोगाउन सकेनौं भने यसबाट ठूलो अनिष्ट आउन सक्छ । यसका साथै भर्खरै हाम्रो मुलुकमा पनि प्रतिलिपिअधिकारको व्यवस्था भएको छ । हाम्रो मुलुकले पनि विश्व व्यापार सङ्गठनको सदस्यता प्राप्त गरेको छ । यसबाट हाम्रा सर्जक र सिर्जनाहरूलाई संरक्षण प्रदान गरेर विश्वबजारमा पुऱ्याउन सक्ने अवसर प्राप्त भएको छ । यस अवसरलाई सही रूपमा उपयोग गर्न सके दाम र नाम दुवै हासिल गर्न सकिनेछ । तर बुद्धि पुऱ्याउन नसके यसबाट हाम्रो आफ्नै सम्पदा विदेशीको हातमा जानसक्ने खतरा पनि उत्तिकै छ । परिस्थितिको यस गम्भीरतालाई सरकारी पक्षबाट त्यति महत्त्व नदिएको जस्तो पनि अनुभव हुनथालेको छ । यो ज्यादै सोचनीय विषय हो ।

तर निजी क्षेत्रको रूपमा काम गरिरहका सञ्चारमाध्यम र रेकर्डिङ् स्टुडियोहरूको पनि उत्तिकै जिम्मेवारी र दायित्व रहेको कुरा यहाँ प्रासङ्गीक हुन आउँछ। वास्तवमा भन्ने हो भने सरकारी क्षेत्रले नीतिनियम र कानुनको तर्जुमा गरेर त्यसको कार्यान्वयनको रेखदेख गर्ने हो। सरकारी पक्षले आवश्यक सुविधा, पूर्वाधार र प्रोत्साहन उपलब्ध गराउने हो। सरकारी क्षेत्रमा रहेका सञ्चार माध्यम रेडियो र टीभीहरूले पनि खुला प्रतिस्पर्धामा उत्रिएर आफ्नो औचित्य र उपयोगिता सिद्ध गर्न सक्नुपर्छ। सर्जक, श्रोता र दर्शकहरूको प्रत्यक्ष सम्बन्ध निजी क्षेत्रका माध्यमहरूसित बढिरहने हुनाले उनीहरूको जिम्मेवारी पनि बढी हुने गर्छ। निजी संस्थाहरूले व्यावसायिक लाभलाई मात्र उद्देश्य नबनाएर देशको संस्कृति र साङ्गीतिक सम्पदाको संरक्षण, सम्बर्द्धन र विकासलाई पनि आफ्नो लक्षमा समावेश गराउन सक्नुपर्छ। नेपाली संस्थाहरूले आफ्नो नेपाली दृष्टिकोण, मान्यता र विशेषताको पनि परिचय दिन सक्नुपर्छ।


देशमा सङ्गीतसम्पदालाई सुरक्षित रूपमा संरक्षण गर्नाका लागि आवश्यक पर्ने एउटा गतिलो सङ्गीत अभिलेखालय पनि छैन। कतिपय पुराना मात्र होइन, आधुनिक गायकका सङ्गीतहरू पनि अप्राप्य भएको गुनासो बराबर सुनिन्छ। यसरी लोप भएर जाने क्रम जारी रहेमा यसबाट हाम्रो सांस्कृतिक एवं सामाजिक क्षेत्रले ठूलो नोक्सान बेहोर्नु पर्नेछ। अर्को कुरा सङ्गीतलाई अक्षुण्ण राख्नका लागि यस क्षेत्रमा कार्यरत स्रष्टाहरूलाई व्यावसायिक रूपले बाँच्न सक्ने परिस्थितिको पनि आवश्यक हुन्छ। यता आएर यस क्षेत्रमा आशाका नयाँ किरणहरू देखिन थालेका छन्। केही निजी रेकर्डिङ् संस्थाहरू यसतर्फ निकै सक्रियताका साथ लागिरहेका छन्। जुनप्रकारले स्रष्टाहरूले आफ्नो सिर्जनाको थोरबहुत प्रतिफल प्राप्त गर्न थालेका छन्, त्यसका लागि निजी क्षेत्रका सञ्चारमाध्यम र रेकर्डिङ् स्टुडियो विशेष रूपमा जिम्मेवार छन्। अहिले आएर लोकगीत, लोक वाद्यवादन र लोकदोहोरीका स्रष्टाहरू निकै लोकप्रिय भएका छन् र राम्रो पारिश्रमिक पनि पाइरहेका छन्। यसको श्रेय पनि म्युजिक नेपालजस्ता संस्थाहरूलाई दिनुपर्छ। निजी सञ्चारमाध्यम

र रेकर्डिङ् संस्थाहरूले बिक्री-वितरण मात्र गर्दैनन् बजार र प्रचारप्रसारको सेवा मात्र प्रदान गर्दैनन् यिनीहरूले श्रोता र दर्शकहरूको रुचिलाई प्रभावित पार्न सक्ने भएकोले यिनीहरूको काँधमा अर्को विशेष जिम्मेवारी पनि रहेको हुन्छ। त्यो हो आफ्नो संस्कृति, आफ्नो सङ्गीत र आफ्नोपनप्रति दर्शक एवं श्रोताहरूमा रुचि उत्पन्न गराउनु। आमजनताको रुचिलाई सकारात्मक दिशातर्फ अभिमुख गराउन नसकेमा आम रुचिले विकृति, विसङ्गतिको बाटो लिनसक्छ। यसतर्फ पनि निजी क्षेत्रको ध्यान जान आवश्यक छ।

म्युजिक नेपालले विगत दुई दशकमा हासिल गरेको सफलता सबैका लागि उत्साहप्रद भएको छ। यस संस्थाले अहिले स्तरीय स्वराङ्कनको सुविधाका साथै सङ्गीत अभिलेखालयको सेवा पनि प्रदान गरिरहेको छ। म्युजिक नेपालजस्ता निजी क्षेत्रका संस्थाहरूकै कारण प्रत्येक वर्ष स्वराङ्कनका लागि लाखौँ रुपियाँ विदेश जाने क्रम हाल आएर निकै कम भएको छ। म्युजिक नेपालले देश-विदेशमा नेपाली सङ्गीत क्यासेटहरूको बिक्री-वितरणका लागि संरचना पनि खडा गरेको छ। बिक्री-वितरणको पारदर्शी हिसाब-किताब राखेको कारण श्री ५ को सरकारले बर्सेनि लाखौँ रुपियाँ राजस्वको रूपमा प्राप्त गरिरहेको छ भने स्रष्टाहरूले पनि आफ्नो पारिश्रमिक पाइरहेका छन्। यद्यपि पारिश्रमिकको दर भने अझै पनि निकै कम रहेको गुनासो छ। तर जे जति बिक्री- वितरण भयो त्यसको रोयल्टी समयमै स्रष्टालाई प्राप्त हुने व्यवस्थालाई पनि यस दिशामा सकारात्मक उपलब्धि मान्नु पर्छ। विगत बीस वर्षको अवधिमा व्यावसायिक लाभ उठाएको कारणले मात्र म्युजिक नेपालले यस क्षेत्रमा विशेष स्थान प्राप्त गरेको होइन। यस अवधिमा म्युजिक नेपालले नेपाली सङ्गीतको संरक्षण, सम्बर्द्धन र विकासको क्षेत्रमा पनि उल्लेखनीय योगदान गर्न सफल भएको छ। कतिपय कवि-कलाकारहरूको स्वरमा उनीहरूको रचनाको संरक्षण गर्ने काम भएको छ। भानुभक्तको रामायणदेखि लिएर अन्य साहित्यकारका कृतिलाई पनि आकर्षक ढङ्गले स्वराङ्कन गरिएको छ। राष्ट्रकवि माधव घिमिरेको प्रसिद्ध कृति 'गौरी' लाई सङ्गीतवद्ध गर्नेतर्फ पनि म्युजिक नेपालले सक्रियता देखाएको छ।

लोकप्रिय गायक, गीतकारका सृजनाहरूलाई स्तरीय रूपमा सङ्गीतवद्ध गर्न लगाएर श्रोतासमक्ष ल्याउनेतर्फ पनि यसले काम गरिरहेको छ। यसै प्रसङ्गमा म्युजिक नेपालले मलाई वर्ष दिनका लागि अनुवन्धित गरेर मेरो छुट्टै क्यासेट सीडी निकाल्ने कार्यक्रमका अतिरिक्त अन्य गायक-गायिका र सङ्गीतकारहरूलाई छानेर स्तरीय रचना उपलब्ध गराउने काम भइरहेको कुरा यहाँ उल्लेख गर्नु सान्दर्भिक हुनेछ। नयाँ प्रतिभालाई प्रोत्साहन प्रदान गर्ने र स्थापित प्रतिभाको सम्मान गर्ने परम्परा सुरु गरेर म्युजिक नेपालले अनुकरणीय उदाहरण प्रस्तुत गरेको छ। बितेका दुई दशकमा म्युजिक नेपालले व्यावसायिक लाभको उद्देश्यका साथै नेपाली सङ्गीतको प्रवर्द्धन र विकासप्रति आफ्नो प्रतिवद्धता रहेको कुरालाई विभिन्न कार्यहरूका माध्यमबाट प्रदर्शित गरेको छ। केही दिन पहिले मात्र मेलवादेवी, मित्रसेनजस्ता पुराना गायक-गायिकाहरूले गाएका गीतलाई त्यही लयमा नयाँ गायक-गायिकाको स्वरमा पुनः स्वाराङ्कन गराएर एउटा ऐतिहासिक काम गरेको छ। व्यावसायिक लाभभन्दा पनि सङ्गीतक्षेत्रको सम्वर्द्धन र विकासका लागि म्युजिक नेपालले दर्शाएको यस्तो उदारता र समर्पणलाई निश्चय पनि सकारात्मक मान्नुपर्छ।

एउटा अर्को विषय पनि यहाँ उल्लेख गर्न चाहन्छु। प्रतिलिपि अधिकार ऐन-नियमको मस्यौदादेखि लिएर त्यसलाई अन्तिम रूप प्रदान गर्ने काममा म्युजिक नेपालका प्रवन्ध-सञ्चालक श्री सन्तोष शर्मा र वरिष्ठ गायक श्री कुमार बस्नेतको महत्त्वपूर्ण योगदान रहँदै आएको छ। अहिले पनि उहाँहरू यसको प्रभावकारी कार्यान्वयनका लागि चाहिने संस्थागत संरचना र प्रक्रियागत प्रणालीको विकासमा सक्रिय रूपमा कार्यरत हुनुहुन्छ। यसका लागि हाम्रा सर्जकहरू उहाँहरूलाई धन्यवाद नदिई रहन सक्दैनौं। भविष्यमा पनि म्युजिक नेपालले आफ्नो यस प्रतिवद्धतालाई कायम राखी सङ्गीतक्षेत्रको विकासमा अग्रणी भूमिका निर्वाह गर्न सकोस् भन्ने शुभकामनाका साथ आफ्नो लेख टुङ्ग्याउन चाहन्छु। २० वर्षको सफलयात्राका लागि म्युजिक नेपाललाई हार्दिक बधाई पनि दिन चाहन्छु। ■



प्रशंसनीय काम

किरण खरेल

म्युजिक नेपालले नेपाली सङ्गीत र संस्कृतिको जगेर्ना गर्ने क्रममा जुन योगदान पुऱ्याउँदै आएको छ, त्यो वास्तवमा श्री ५ को सरकारले गर्नुपर्ने कामहरू हो। यो म्युजिक नेपालले गरिरहेको छ। श्री ५ को सरकारले संस्कृति, सङ्गीत या साहित्यलाई अनुत्पादक भनेर होला नगरी नहुने काम पनि गरेन कि गर्न सकेन। भएकै चीजहरूको पनि संरक्षण र सम्बर्द्धन हुन सकेन। यस्तो स्थितिमा एउटा निजी स्तरमा स्थापना भएको संस्थाले आफ्नो व्यवस्थापनलाई भन्दा बढी नेपाली सङ्गीत-साहित्यलाई प्राथमिकता दिई योगदान पुऱ्याउँदै आइरहेको छ, त्यो स्तुत्य र सराहनीय छ।

यद्यपि म यसका समग्र गतिविधिहरूसित परिचित छैन तापनि केही सुनेका-पढेका कुराहरूका आधारमा भन्दा यसले राष्ट्रकै लागि योगदान पुऱ्याउने काम गरिरहेछ जस्तो मलाई लाग्छ। उमेर पाको भइसकेका हामीजस्ता स्रष्टाहरू जो कति त बितिसक्नु भयो– उहाँहरूको कृतिलाई कतिलाई पनि यसले संरक्षण गरिसकेको छ। यदि म्युजिक नेपालले यसरी सङ्गीतको संरक्षण र सम्बर्द्धनको काम नगरिदिने हो भने हामीजस्ता पुराना स्रष्टाहरूको नामनिसाना नै मेटिन्छ। त्यसैले राष्ट्रका लागि नगरी नहुने काम म्युजिक नेपालबाट भएको छ, यस कामको प्रशंसा गर्न कुनै शब्द नै छैन।

एउटा व्यक्ति या संस्थाले देशका लागि गर्नुपर्ने त हजारौँ कामहरू हुन्छन् तर एउटा संस्थाले ती सबै काम गर्छ र गर्नुपर्छ भन्ने पक्षमा म छैन। गर्न सके धेरै कुराहरू गर्न बाँकी छन्। यस सन्दर्भमा स्रष्टाहरूको कृतिको संरक्षण गरिदिनु नै सबैभन्दा ठूलो करो हो। उनीहरूको जीवनी अलि विस्तृतमा अभिलेखबद्ध गरी राखिदिएमा त्यो पनि काम लाग्ने कुरो हुनेथियो। यसबाट सय वर्षपछि जन्मने मानिसलाई यी कलाकारहरूबारे जानकारी हुन सकोस्।

व्यवस्थापन पक्षलाई जानेर मात्रै यस क्षेत्रको विकास हुनसक्तो रहेनछ, सङ्गीत र स्रष्टाहरूप्रतिको भावनात्मक लगाव पनि चाहिँदोरहेछ। यदि रेडियो नेपालमा पनि यस्तो भावनात्मक लगाव भएका मानिसहरू हुन्थे भने अवश्य यसले उत्पादन गरेका २०/२५ हजार गीतहरू लोप भएर जाँदैनथे। तर त्यहाँ विशेषत: तलब खाने हाकिम मात्र भए, सङ्गीतलाई प्रेम गर्ने, यस्ता चीजहरू हराए भने फेरि जन्मिदैन भन्ने सोचाइ भएका मानिसहरू त्यहाँ हुन्थे भने हाम्रा ती अमूल्य निधिहरू यसरी लोप भएर जाँदैनथे। यस्तो काम म्युजिक नेपालले गऱ्यो, त्यो नै सबैभन्दा ठूलो कुरो हो।

म्यूजिक नेपालले आफ्नो उद्देश्य अनुसार हामीजस्ता अलि पुरानाहरूको संरक्षण र कृति प्रकाशन गर्दै आएको हो। यसै क्रममा मसँग मेरा गीत निकाल्ने भनेर यसले तीन वर्षअघि नै सम्झौता गरिसकेको थियो। यस क्रममा मैले गीत उपलब्ध गराइदिनु पर्ने थियो तर मेरो आफ्नो

व्यावहारिक र स्वाभावका कारणले पनि अलि अल्छे भएको हुँदा समयमा सङ्कलन गरेर बुझाउन सकिन र ढिलो भयो। पछि छानेर मैल त्यहाँ जिम्मा लगाएपछि धमाधम निकालिरहेछ। यसमा मलाई खुसी छ।

देशभित्रका मात्र होइन देशबाहिर प्रवासका, टाढाटाढाका स्रष्टा-कलाकारहरूलाई समेत समेटेर तिनका कृतहरूलाई जुन सद्भाव र सङ्कल्पका साथ प्रकाशित गरिरहेछ, यो सारै प्रशंसनीय कार्य हो। अन्त्यमा बीस वर्ष लामो यात्रा पूरा गरेकोमा यसलाई बधाईका साथ उत्तरोत्तर प्रगतिको कामना गर्दछु। ■



मिलनसार र आत्मीय

कुमार आले

नेपाली लोक, आधुनिक गीत-सङ्गीत सम्बृद्धिका लागि स्थापित रेडियो नेपालपछि अर्को एक मात्र संस्थाको नाम हो म्युजिक नेपाल। यति भनिसकेपछि म्युजिक नेपालको विस्तृत जानकारी दिइरहनु पर्दैन जस्तो लाग्छ। यहाँ सम्झना गरौँ म्युजिक नेपालसँगको भेटको प्रसङ्ग। २०४५ साल चैतदेखि मैले नेपाली साहित्य, कला, सङ्गीत क्षेत्रमा लागिपरी नेपाली समाजसमक्ष विशेष प्रभाव पारेका व्यक्तिहरूको छायाँछवि सङ्कलन गर्ने उद्देश्य राखेँ। आजको अत्याधुनिक स्रोत-साधन भएको अवस्थामा पनि कलाकार अरनिको, भानुभक्त, मोतीराम, मेलवादेवीजस्ता व्यक्तित्वहरूको अनुहार काल्पनिक रेखाचित्रमा मात्र सीमित थियो। आगामी दिनहरूमा

पनि यस्ता काल्पनिक चित्रहरू कोर्नुपरोस् भन्ने मुख्य उद्देश्य रहेको थियो। यसै क्रममा कवि रमेश खकुरेल दाइसँग मेरो पहिल्यै भेट भइसकेको थियो। २०५५ साल साउन १५ गते म्युजिक नेपालबाट आदिकवि भानुभक्तको रामायणलाई श्रव्य क्यासेटको रूपमा दार्जीलिङ्मा लोकार्पण गर्ने कार्यक्रममा जाने (करको समूह) सदस्यहरूमध्ये रमेश दाइको सिफारिसमा म पनि नियुक्त भएछु। यसै कार्यक्रममा रहँदा दार्जीलिङ्मा रहेका साहित्यकार, कलाकारको प्रशस्त छविचित्रहरू सँगाल्ने मौका पाएँ। यो मेरो अविस्मरणीय र महत्त्वपूर्ण अवसर थियो। त्यसपछि म्युजिक नेपालका हरेक कार्यक्रममा सहभागी हुँदै आइरहेको छु।

नेपाल अधिराज्यको कुनाकुनादेखि देशबाहिर पनि उत्तिकै लोकप्रियताको मुख्य कारण यस संस्था र संस्थाका व्यक्तिविशेषले यस क्षेत्रका स्रष्टा-कलाकारहरुको सृजनालाई विस्तारित हुने अवसर दिने र व्यापक पार्ने काममा सहयोग गरेको र सबैको मिलनसार र आत्मीय व्यवहारले गर्दा मानिसको मन जित्न सफल भएको छ। यस संस्थाबाट आफूले थालेको काममा दृढ विश्वास लिई निरन्तरता दिँदा एकदिन अवश्य पनि सफल भइन्छ भन्ने पाठ सिक्नपाएको अनुभव मैले गरेको छु। आजको दिनसम्म कसैबाट पनि म्युजिक नेपालप्रतिको गलत धारणा व्यक्त भएको मेरो कानमा परेको छैन। गर्दै भन्दै लाँदा सानोमसिनो गल्ती त भैहाल्छ नै तर ती गल्तीहरू फेरिफेरि नदोहोरिनु चाहिँ सफलताको ठूलो परिचायक हो। यस संस्थाको सफलताको कसी पनि सवल, सक्षम व्यवस्थापन पक्ष नै हो।

यसरी नै नेपाली गीत-सङ्गीत संरक्षण गर्ने क्रममा विभिन्न स्रष्टा-कलाकारहरूको माझमा रहेर अघि बढिरहेको म्युजिक नेपाल हाल २०औँ वर्षमा पाइला राख्न सफल भएको छ। यसै उपलक्ष्यमा यहाँहरूको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभेच्छा व्यक्त गर्दछु। ■



सबैको विश्वास जितेको छ

कुमार बस्नेत

म्युजिक नेपालको स्थापनापूर्व पनि इन्द्रेणी रेकर्डस् र रत्नरेकर्डिङ् संस्थानजस्ता निकायहरू थिए। रेडियो नेपाल आज पनि छ। तर यी संस्थाहरूले सतही काम मात्र गरे। जगैदेखि सङ्गीतलाई बलियो बनाउने र व्यवस्थित रूपमा यसलाई डोऱ्याउने कामचाहिँ म्युजिक नेपालले नै गऱ्यो। लोक, आधुनिक, शास्त्रीय, भजन, पप सङ्गीत-गायनका सबै पक्षलाई समुन्नत बनाउँदै, त्यसमा लागेका कलाकारहरूको भौतिक पक्षलाई समेत विकसित गर्ने काम गऱ्यो यसले। फलतः सङ्गीतकार, गायक र गीतकारहरूको उत्साहवर्द्धन हुनुका साथै यस विधामा लाग्नेहरूको सङ्ख्या पनि त्यत्तिकै तीव्र रूपमा बढ्यो। यस कार्यले समग्र नेपाली

सङ्गीतमै अभूतपूर्व योगदान पुऱ्यायो। रेडियो नेपालले 'भ्वाइसटेस्ट' र 'डेट' को यस्तो फलामे तगारो तेर्स्याइदिएको थियो, जुन तगारो फड्केर श्रोतासमक्ष आफ्ना प्रतिभाहरू विस्तार गर्न अधिकांश समर्थ कलाकारहरू असमर्थ थिए। यिनै समर्थ कलाकारहरूको घुइँचो म्युजिक नेपालतिर बढ्यो।

लोकगीतका क्षेत्रमा त यसको योगदान अझ उल्लेखनीय छ। रेडियो नेपालमा गीतका सानासाना शब्दहरू केलाएर अनावश्यक झमेला दिने प्रवृत्तिबाट कलाकारहरूले मुक्ति पाए। यसका साथसाथै स्वतन्त्र र स्वस्थ प्रतिस्पर्धात्मक प्रणाली भएकाले नयाँनयाँ प्रतिभाशाली कलाकारहरूका गलाबाटसमेत कर्णप्रिय लोकसुसेलीहरू झङ्कृत हुँदै गए। जनताका अभिरूचिअनुसारका सङ्गीत निस्कँदै गए। गीतहरू उत्पत्तिदेखि श्रोताका पहुँचसम्म सङ्गीत उपलब्ध गराउने सारा प्रक्रिया एउटै थलो म्युजिक नेपालबाट भइदिनाले सम्पूर्ण स्रष्टा-कलाकारहरूदेखि श्रोताहरूसम्मलाई सुविधा मिल्यो। यसबाट कलाकारहरू राम्रारामा लोकगीत खोज्न तत्परतासाथ लागे भने श्रोताहरू आफ्ना रुचिका सामग्रीहरू सुन्न पाउने अवसरबाट लाभान्वित भए। यस क्रममा म्युजिक नेपालले सबै किसिमका गरी डेढ हजार भन्दा बढी नै साङ्गीतिक एल्बमहरू प्रकाशित गरिसकेको छ। यो सारै सुखद् र सराहनीय कुरो हो। यो संस्था नभएको भए गीतहरू त रेकर्ड हुन्थे होला, तर आज अधिराज्यभरि सञ्चालित यति धेरै रेडियो र टीभी माध्यमहरूलाई प्रसारणसामग्रीहरू उपलब्ध हुनसक्ने थिएन। क्यासेट, सीडी र भसीडीका माध्यमबाट श्रोताको घरदैलोसम्म आजजस्तो यति सजिलै नेपाली सङ्गीत पुग्ने थिएन होला।


तत्कालीन रत्नरेकर्डिङ्ले मलाई नै सर्वप्रथम १३ वटा गीत अट्ने एलपी (लङ् प्ले) रेकर्ड गर्ने सुविधा दिएको थियो, यो सुविधा सबैले पाउँदैनथे। तर, अहिले त म्युजिक नेपालले अलिकति प्रतिभा भएकाहरूदेखि सबै विशिष्ट कलाकारहरूसम्मलाई समानरूपमा यस्ता सुविधाहरू दिँदै आएको छ। यदि यो संस्था नभइदिएको भए नयाँनयाँ प्रविधिमा नेपाली सङ्गीतले यति चाँडै विकसित र विस्तारित हुने अवसर पाउने थिएन।

अर्को कुरो यसले सांस्कृतिक सम्वर्द्धन परिषद् स्थापना गरी सेतुराम,

मेलवादेवी, मित्रसेन, मास्टर रत्नदास प्रकाशदेखिका सारै पुराना गीतहरूलाई पनि सङ्कलन र परिस्कार गरेर प्रकाशन र संरक्षण गर्ने काम गरिरहेछ। आज म्युजिक नेपालसँग प्राय: सबै काल र विधाका कलाकारहरूले गाएका प्रसिद्ध गीतहरू सङ्ग्रहित छन्। सम्वर्द्धन परिषद्अन्तर्गत अहिले यस संस्थाले ऐतिहासिक गीतहरू अर्काइवमा राख्ने प्रशंसनीय काम गरिरहेछ।

अर्को महत्त्वपूर्ण करो यसले प्रतिलिपिअधिकारका सन्दर्भमा आफैं अग्रसर भई कलाकार र सरकार दुवैलाई झकझक्याउने काम गरिरहेछ। कलाकारलाई आफ्नो अधिकारप्रति सचेत गरायो। कलाकारका सीप र साधनाबाट जन्मेका गीतहरू चोरेर जीविका चलाउनेहरू पनि यो प्रतिलिपिअधिकारसम्बन्धी कानुनका कारणले झस्किन थालेका छन्। उनीहरूलाई कसैको सङ्गीत अनधिकृतरूपमा चोरेर व्यापार गर्नु गैरकानुनी काम हो भन्ने पाठ पनि यसले सिकाएको छ। यसैको तत्परतामा प्रतिलिपिअधिकारसम्बन्धी नयाँ कानुन नै बन्यो, नियमावली बन्ने अन्तिम चरणमा छ। यसले गर्दा सम्पूर्ण नेपाली कलाकारहरूलाई समेटिदियो। यसका कारणले कलाकारहरू आज नभए भोलि-पर्सि आफ्नो खुट्टामा उभिन अवश्य सक्षम हुनेछन्।

यसले कलाकारहरूलाई गीत गाउने अवसर त दियो नै, उनीहरूको गीतका एल्बमहरू प्रकाशित पनि गरिदियो, बिक्रीका आधारमा रोयल्टी दिएर आर्थिक रूपमा पनि आत्मनिर्भर बनायो। यसका साथै सर्वाधिक बिक्री हुने एल्बमवालालाई पुरस्कृत गरेर सम्मान र प्रतिष्ठा पनि दियो। समष्टिमा भन्दा यसले सङ्गीतसँग जोडिएका सबै पक्ष र व्यक्तिहरूको हक, हित र प्रतिष्ठाका लागि उल्लेखनीय योगदान पुऱ्याइआएको छ। मलाई के लाग्छ भने म्युजिक नेपाल नभइदिएको भए, हाम्रो सङ्गीत-संस्कृति नै डुब्ने थियो। वास्तवमा यो काम त श्री ५ को सरकारले गर्नुपर्ने थियो। आफ्नो कामका कारणले म्युजिक नेपालले के पुराना, के नयाँ सबै कलाकारको विश्वास जितेको छ। बीस वर्षमा यसले आर्जेको विश्वास र प्रतिष्ठा आफैंमा यसको उपलब्धिपूर्ण यात्राको उदाहरण हो। यसको बीस वर्षे सफल यात्रालाई बधाई तथा आगामी यात्रालाई शुभकामना। ■



म्युजिक नेपालको जाँगर

केशवराज राजभण्डारी

जीवन साहित्य हो र साहित्य भन्नु नै जीवन हो, अर्थात् बिनाजीवनको साहित्य र साहित्यले नरङ्गिएको जीवन वास्तवमा जीवन हुनै सक्दैन। सास फेर्नु मात्र जीवन होइन। श्वास-प्रश्वासका अन्य गतिविधिसँग सम्बन्धित विषय जस्तै– भाषा, ज्ञान, क्रिया आदि सबै साहित्यसँग आबद्ध हुन्छन्। अतः जीवन र साहित्य अन्योन्याश्रित शब्द हुन् भन्छु म।

आधुनिक विश्वमा जीवनसँगसँगै साहित्यको पनि विकास भइरहेको छ। साहित्यिक जगत्को विकासक्रमले जीवनलीला रसिलो, गतिशील, मानवीय, ज्ञानी, अन्वेषक र प्रेमी भइरहेको छ। भाषा र सङ्गीतकै माध्यमबाट एक प्राणीले अर्को प्राणीलाई चिन्दछ र एकअर्काको कुरो

बुझ्दछ। त्यसैले साहित्यको उत्थानका लागि मिहिनेत गर्ने व्यक्तिलाई सम्मान र पुरस्कृत गर्ने परम्परा सदियौंदेखि बस्दै आएको छ। वर्तमान ज्ञानशील युगमा साहित्यिक क्षेत्रमा विशेष योगदान पुऱ्याउने महारथीहरूलाई संसारको उच्च नोबेल पुरस्कारद्वारा सम्मानित गर्ने चलन चलिआएको छ।

नेपालमा भाषा-साहित्य क्षेत्रको विकास क्रमशः भइरहेकै छ, यद्यपि जुन गतिले अगाडि विकास हुनुपर्ने हो त्यस रूपमा भएको छ भनी सन्तोष मानिहाल्नुपर्ने अवस्थामा पुग्न अझै बाँकी छ तथापि योगदानी व्यक्तित्वलाई राष्ट्रले सम्मान गर्दै रहेको देखिन्छ। नेपाली भाषाको विकासमा कैयौंले योगदान पुऱ्याए हुनन्, तर बीसौं शताब्दीदेखि मात्र त्यस्ता व्यक्तित्वहरूको नाम प्रकाशमा आएको पाइयो। आदिकवि भानुभक्त आचार्य, युवाकवि मोतीराम भट्टलाई विशेष रूपमा सम्मान गरिन्छ नेपाली भाषाको उत्थानक्रममा। बीसौं शताब्दीको मध्यतिर कविशिरोमणि लेखनाथ पौडचाल, महाकवि लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, नयराज पन्त, सिद्धिचरण श्रेष्ठ आदिको नाम विशेष रूपले लिने गरिन्छ। कविवर माधवप्रसाद घिमिरेलाई हालै श्री ५ महाराजाधिराजबाट राष्ट्रकविको उपाधि प्रदान गरिबक्सियो। साहित्य क्षेत्रका लागि महत्त्वपूर्ण समाचार भइरहेको छ।

सङ्गीतलाई साहित्यको एक अभिन्न अङ्गका रूपमा लिनुपर्दछ। सङ्गीतबिनाको जीवन कस्तो होला? कल्पना गर्न सकिन्छ। साहित्य, सङ्गीत र कलाविहीन मान्छेलाई पशुसमान मानिन्छ। नेपालका राजादेखि प्रत्येक जनता सङ्गीतप्रेमी देखिन्छन्। हुनलाई त नेपालको संस्कृति र संस्कार नै सङ्गीतमय छ, त्यसैले पनि नेपाललाई 'शान्तिप्रिय देश' भनिन्छ। नेपालको सङ्गीतक्षेत्रको श्रीगणेश भजनबाट भएको बुझिन्छ। नेपालका गीतकार, सङ्गीतकार र गायक-गायिकाहरू प्रायशः भजन विद्याबाटै प्रभावित भई यस क्षेत्रमा लागेको पाइन्छ। केही दिनअगाडि मात्र स्वर्गारोहण हुनुभएका नातिकाजी श्रेष्ठ पनि छ/सात वर्षको उमेरदेखि नै गुह्येश्वरीस्थित भजनमण्डलबाट प्रभावित सङ्गीतप्रेमी माझ अति लोकप्रिय भई नेपाली सङ्गीतका शिखरपुरुष भनी कहलाइनुभयो।

उहाँको स्वर्गारोहणपश्चात् उहाँलाई 'राष्ट्र-सङ्गीतकार' को सम्मान प्रदान गरिनुपर्दछ भनी जनआवाज बढिरहेको छ। यस विषयमा सम्बन्धित उच्च निकायबाट सकारात्मक निर्णय हुनु अति उत्तम ठहरिनेछ।

नेपालमा गीतको रेकर्ड गर्ने प्रारम्भिक कार्य रेडियो नेपालबाट भएको हो। सुनिए र बुझिएअनुसार रेडियो नेपालबाट रेकर्ड गरिएका गीतहरूका सामानहरूको व्यवस्थापन ठीकसँग हुन नसकेकाले साबिकमा गाइएका पुराना गीतहरू लोप हुन थालेका छन् भन्ने गुनासो बढिरहेको छ। यस सम्बन्धमा रेडियो नेपालको व्यवस्थापन पक्षले विशेष ध्यान पुऱ्याउनुपर्ने आवश्यकता छ।


केही समयदेखि नेपालमा गीत-सङ्गीतलाई रेकर्ड गर्ने विभिन्न स्टुडियोहरू स्थापना भएका छन् र आधुनिक सुविधासम्पन्न साधनहरूको उपलब्धताका कारण सङ्गीतप्रेमीहरूका लागि उत्साहवर्द्धक वातावरण तयार भइरहेको छ। म्युजिक नेपाल यस क्षेत्रको उत्थान र सम्वर्द्धनका लागि विगत २० वर्षदेखि लागिपरेको छ। संस्थाको नामैबाट पनि यो साङ्गीतिक क्षेत्रको विकासक्रममा स्थापना भएको बुझिन्छ।

साहित्यानुरागी र सङ्गीतप्रेमीहरूलाई सम्मान गर्ने, माया गर्ने र उत्साह दिने व्यक्ति र संस्थाहरूको सङ्ख्यात्मक वृद्धि भइरहेकै छ, तथापि साहित्यकारहरूका रचनाहरू, गीतकारका गीतहरू र गायक-गायिकाहरूका स्वरहरूलाई संरक्षण गर्ने खालका संस्थाहरूको स्थापना र विकास हुनु जरुरी भइरहेको छ। राष्ट्रकवि, स्वरसम्राटजस्ता पदवी पनि राष्ट्रले र समाजले प्रदान गरेको छ। राष्ट्रमा जन्मेका रचनाहरू चाहे ती लेखनी होऊन् अथवा सङ्गीत होऊन, ती स्रष्टाहरूसम्बन्धी विषयवस्तुको संरक्षण गर्ने उद्देश्यले राष्ट्रिय स्तरमा एउटा म्युजियमको स्थापना भएमा यस क्षेत्रको सम्मान गरेको ठहरिनेछ र भावी पुस्ताका लागि पनि प्रेरणाको स्रोत बन्नेछ।

म्युजिक नेपालले साङ्गीतिक क्षेत्रको श्रीवृद्धिका लागि जे-जति प्रयास गरेको छ ती कार्यहरू प्रशंसायोग्य देख्दछु। यस संस्थाका प्रबन्ध-सञ्चालक श्री सन्तोष शर्माले केशव-सुषमा भजनज्ञान गुठीको

कार्यक्रमलाई यथाशक्य सहयोग पुऱ्याउँदै आउनुभएको छ। साथै श्री सन्तोषजी उक्त गुठीको संस्थापक सदस्य पनि हुनुहुन्छ। केशव-सुषमा भजनज्ञान गुठीका सदस्यहरूले गाउनुभएका भजनका एल्बमहरूको उत्पादन पनि म्युजिक नेपालले गरी सहयोग पुऱ्याउँदै आएको छ। यस अर्थमा म्युजिक नेपाल धन्यवादको पात्र रहेको छ।

साह्रै पुराना नेपाली सङ्गीताकाशका शिखर गायक-गायिकाहरूका स्वरहरूमा आधारित गीतहरूलाई नयाँ पुस्ताका सङ्गीत-स्वरहरूमा सीडी एल्बमहरूको उत्पादन गरी प्रशंसनीय कार्यहरू पनि यस संस्थाले गरिरहेको परिप्रेक्ष्यमा साङ्गीतिक क्षेत्रको अभिवृद्धिका लागि गरिएका प्रयासका सम्बन्धमा बधाई ज्ञापन गर्दै आगामी कार्यक्रमहरू अरु मूल्यवान् बनाउन सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु। साथै केशव-सुषमा भजनज्ञान गुठीका तर्फबाट पनि म्युजिक नेपालको बीसौं वार्षिकोत्सवको उपलक्ष्यमा मङ्गलमय शुभकामना! ■



म्युजिक नेपाल र भानुभक्तको रामायण

कोषराज न्यौपाने

रमणजीको फोन आएको थियो रे घरमा दुईचोटि तर दुवै क्षण म नभएका वेला। पहिलो फोन लेख माग्न गरिएको सूचना र दोस्रो फोन ताकिता गरेको भन्ने। त्यसभन्दा पहिले नै एकचोटि म घरै भएका वेला पनि म्युजिक नेपालबाट कसैको फोन आएको थियो। फोनमा अपरिचित बोलीले भन्यो- कोषराज न्यौपानेको घर हो? मैले भनें- हो, अपरिचित बोलीले भन्यो– उहाँ हुनुहुन्छ, मैले भनें– छु, म बाल्दैछु। अपरिचित बोलीले भन्यो- सन्तोष सरले कुरा गर्ने रे पख्नोस् है। मैले फोन कान र मुखमा सोझ्याएर राखिरहें। निकै बेरको रखाइपछि अपरिचित बोलीले खबर गऱ्यो– अहिलेलाई फोन राखौं है म पछि फेरि परेछ भने खबर

गर्छु। मैले फोन राखें। त्यो 'परेछ भने' खबर गर्ने मान्छेले फेरि खबर गरेन। सायद त्यसैको निरन्तरतामा रमणजीको फोन आएको हुनुपर्छ मेरो घरमा। रमणजीले सूचना गरेपछि सायद उहाँले ठान्नु भो होला लेख आधाउधि भएको हुनुपर्छ र फेरि ताकिता गर्नु भो लेख सकेर साफी गरेर बुझ भन्नलाई। तर उहाँलाई के थाहा कि लेखका लागि कलमको टुडोंले कपीको कुनै छेउमा पनि चुम्बन गरेकै छैन भन्ने।

यसरी मेरो फोनले मलाई नभेटेर छोरीको दिमागलाई जब छुन पुग्छ तब उनीहरूलाई चिन्ता हुन्छ। बाबुको खबर बाबुसम्म पुऱ्याउने र बाबु कहाँ हामीमार्फत आएको खबर पुग्यो, पुगेन र त्यो काम भयो भएन भन्ने चिन्ताले छोरीहरूलाई पनि समातेको स्पष्ट अनुभूति भो; हिजो माहिली छोरीले भनी पनि– "बुवा, रमण घिमिरेको फेरि फोन आउँदा के भन्ने?" यी सारा चिन्ता छोरीले भनेपछि म बल्ल अहिले रमणजीलाई सम्झैं 'छुट्टिने वेला के करा गर्नु पीर र मर्काको' भन्ने उनको गीत सम्झैं, मदन दिपविमलाई सम्झैं, कुमार बस्नेतलाई सम्झैं र अझ त्यहाँका प्रबन्ध-सञ्चालक सदा हँसमुख सन्तोष शर्मालाई सम्झैं केही पङ्क्ति कोर्न बसें। तर कोर्ने के हो? लेख्ने के हो? के विषय हो? कुन कस्तो पत्रिकाको लागि हो? केही ज्ञान नभई यति हरफ कोरिसकें।

साहित्यको विद्यार्थी हुँ म, तसर्थ साहित्यका बारेमा मैले केही जाने पनि नजाने पनि जानेको अभिनय गर्नैपर्छ। सङ्गीत र कला मेरा विषय होइनन् तापनि म अनुभूति गर्न, स्वाद लिन र त्यसबाट आनन्दित हुन सक्छु तर यसबारे केही लेख्न म असमर्थ छु, तसर्थ जे जस्तो भए पनि मेरो म्युजिक नेपालसित ५/६ वर्ष पुरानो नाता छ त्यही नाता कोट्याउँदै म अघि बढ्छु।

म्युजिक नेपाल एउटा दरो गैरसरकारी संस्था हो। यसले साङ्गीति क्षेत्रमा ठूलो भूमिका खेलेको छ। धेरैधेरै लोकगीत र आधुनिक गीतका क्यासेट निकालेर यसले नेपालको लोक-संस्कृतिलाई संरक्षण र सम्बर्द्धन गर्नमा ठूलो मद्दत गरेको छ।

यसरी हावामा कुदेर हुँदैन भन्ने लागेर मैले कलम थन्क्याएँ र बेलुकी रमणजीलाई आफैंले फोन गर्दा फेरि उहाँ भेटिनु भएन। खबर छोडें।

प्रत्यावर्तित फोन आयो रमणजीको । हाम्रो वार्तालाप भो, तब स्पष्ट भयो यसपालि म्युजिक नेपालको बीसौँ वार्षिकोत्सव रहेछ र, सायद त्यो निकै भव्य हुने जस्तो छ उहाँको भनाइअनुसार, तसर्थ 'सङ्गीत'लाई पनि अरु ठूलो निकाल्ने योजनाअनुसार मबाट पनि लेखको आशा गरिएको रहेछ । यति स्पष्ट भएपछि वास्तवमा अबचाहिँ लेख लेख्नै पर्ने भो । तसर्थ लेख्न लागिरहेछु ।

सायद धेरै मान्छेलाई थाहा छैन मैले लेखाइको निरन्तरतालाई टुटाएको र धेरैलाई थाहा पनि छ त्यो कुरो । त्यसैले केही समयअगाडिको कान्तिपुरमा डा. गोविन्द भट्टराईले मेरो नलेख्नुको रहस्य खोलिदिए । उनको त्यस घच्घच्याहटले पनि मैले आफ्नो त्यस किसिमको लेखाइमा निरन्तरता त दिएको छैन किनभने मैले जुन कारणले लेख्न छाडेँ त्यो कारण अद्यापि यथावत् छ, ज्यूँ का त्यूँ छ, र छ अरु उग्र विपर्यासपूर्ण परिस्थिति ।

तर यी दुई वर्षमा नलेख्ने नै अठोट गरिसकेपछि पनि सीधासाधा कामचलाउ लेख त मैले योबाहेक नै दुइटा लेखिसकेँ । दार्चुलाको पस्ती क्षेत्रका शिक्षासेवी काशीराम पन्तका बारेमा र वितामोडको साहित्य-चौतारीका बारेमा लेखिएका ती लेखहरू मेरो बन्द लेखनभित्र उकुस मुकुसिएका बाछिटा हुन् भन्ने लाग्छ र आज म्युजिक नेपालका बारेमा लेखिने यो लेख पनि त्यही मौनताभित्रकै एउटा 'अन्तर-कोलाहल' सम्म मात्र हो ।

म्युजिक नेपालसित मेरो नाता गाँस्ने मान्छे आदिकवि स्वगीय भानुभक्त आचार्य हुन् । उनले डेड सय वर्षभन्दा पहिले रामायण नलेखेका भए म्युजिक नेपालले रामायणको क्यासेट तयारै गर्ने थिएन र म त्यसमा संलग्न हुन पाउने थिइन । यो एउटा साङ्गीतिक संस्था भएर पनि यसले साहित्यिक उन्नति गर्ने काममा पनि ठूलो मद्दत पुऱ्याएको छ । मेरो एकजना भतिज (नाम– अनन्तराज न्यौपाने) विराटनगरमा पत्रकारिता पेसामा संलग्न छन् र उनी राम्रा साहित्यिक रसास्वादक हुन् । उनले दाङका गोविन्द आचार्यको बोली रेडियो नेपालको साहित्यिक कार्यक्रममा सुनेका रहेछन् र मलाई उनले गोविन्द आचार्य को हो ?

काका ? भनी सोधे । तर मैले उनलाई चिनेको थिइन । २०५४ सालको भानुजयन्तीका दिन विराटनगर गएका बेला रेडियो नेपालबाट उनले गाएको रामायण सुनेपछि भने म पनि गोविन्द आचार्यको रामायण गायनको मधुर स्वरमा मोहित भएँ । तुरुन्तै काठमाडौँ आई यज्ञनिधि दाहाल (जो त्यसबेला रेडियो नेपालमा साहित्यिक कार्यक्रम चलाउँथे) सँग सम्पर्क राखी दाहालजीको सौजन्यले गोविन्द आचार्यसँग भेट भयो । यही कुरो कमलमणि दीक्षित र रमेश खकुरेललाई समेत भनेपछि रामायणलाई मीठो स्वरमा सङ्गीतबद्ध गरी श्रव्यरूप दिने कार्यको वीजारोपण सुरु भयो । कमल दीक्षितको दिमागमा पनि रामायण गाउने तनहुँका एकजना अम्बिका भट्टराई भन्ने व्यक्तिको प्रभाव परेको रहेछ । त्यसपछि गोविन्द आचार्य र अम्बिका प्रसाद भट्टराईलाई भेला गरी कमलमणि दीक्षितको सम्पूर्ण खर्चमा र रेडियो नेपालको सहयोगमा रामायणको सुन्दरकाण्डको क्यासेट निकाल्ने काम सम्पन्न भयो । केही साहित्यकारहरूका जमघटमा त्यसको प्रस्तुतीकरण हुँदा रामायण पूर्णरूपमा क्यासेटबद्ध गर्ने हो भने राम्रो हुने धारणा सबैबाट आएपछि 'करको' नामक तीन जनाको एउटा समूह बन्यो । ('करको' अर्थात कमलमणि, रमेश र कोषराज) यो तीन जनाको समूहले म्युजिक नेपालका प्रबन्ध-सञ्चालक र कान्तिपुरका हेमराज ज्ञवालीलाई भेटी यो काम फत्ते गर्ने निर्णयअनुसार म्युजिक नेपालबाट रामायण क्यासेट तयार गर्ने र सो को प्रचार-प्रसारका लागि कान्तिपुरले जिम्मा लिने काम पूरा भई गायक-गायिकाका लागि विज्ञापन गरी मीठा स्वरका मानिस छान्ने काम भयो । फलत: २०५४ सालको अन्त अर्थात फागुनदेखि क्यासेट स्वरबद्ध गर्ने काम प्रारम्भ भयो । यसै सन्दर्भमा म्युजिक नेपाल परिवारसित 'करको' समूहको गाढा सम्बन्ध भयो । कमलमणि बाहिरी र उच्चस्तरीय व्यवस्थापन गर्ने, रमेश खकुरेल म्युजिक नेपालको एउटा कोठामा गायनको तालिम दिने र म स्वरबद्ध गर्ने बखत शुद्धाशुद्धि हेर्ने भनी तय भएअनुसार करिब ५ महिनाको अथक परिश्रम पछि सिङ्गै सातकाण्ड रामायणका १३१८ श्लोकहरू ११ वटा चक्कामा सङ्गीतमय रूपमा स्वरबद्ध भए । यसको काठमाडौँमा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा विमोचन र दार्जीलिङमा ख्यातिप्राप्त

साहित्यकार इन्द्रबहादुर राईद्वारा सार्वजनिकीकरण गर्ने काम भयो। म्युजिक नेपालले गरेका धेरै राम्रा काममध्ये यो काम निकै उत्कृष्ट हो भन्ने सबै साहित्यप्रेमीहरूलाई लागेको छ। किनभने एउटा व्यावसायिक संस्थाले लाखौँ खर्च लाग्ने काम निःशुल्क गर्नु साहित्यको साह्रै ठूलो सेवा हो। यसका लागि म्युजिक नेपालका प्रबन्ध-सञ्चालक सन्तोष शर्मालगायत सिङ्गो परिवार धन्यवादको पात्र छ। साथै यसमा स्वर दिने सबै कलाकारहरूले निःशुल्क गाइदिए। नेपाली साहित्यलाई सहयोग गर्ने ती स्वनामधन्य गायकगायिकाहरू पनि विशेष धन्यवादका पात्र छन्। यस कार्यका लागि इन्द्रबहादुर राईले त्यो क्यासेट हेरेर 'यो नेपाली साहित्यको थोक उपहार हो' भनी खुसी व्यक्त गरेका थिए। यो क्यासेट निर्माणमा सुरुमा राम्रारामा गायकगायिकालाई स्थान दिने भनेपनि पहिलो कृत्य भएको हुँदा केही ऐतिहासिक व्यक्ति पनि परून् भन्ने ध्येयअनुसार समाजका लब्ध-प्रतिष्ठित विभिन्न व्यक्तिलाई समेत एक/एक श्लोक मात्र भएपनि पाठ गर्न दिने भन्ने राय अनुसार यो क्यासेट खिचडी सामग्री पनि बन्न पुगेको छ। एकप्रकारको स्वादिष्ट खिचडीका रूपमा यो क्यासेट तयार भएको छ। यसको लोकप्रियता पनि ठाउँठाउँमा बढेको अनुभव धेरैले गरेको छन्।

भानुभक्तको रामायणका बारेमा यति कुरो गरिसकेपछि रामायणमा प्रयुक्त छन्दका बारेमा मलाई लागेको सानो कुरो लेख्नु सान्दर्भिक ठान्छु। त्यो के भने सातकाण्ड र १३१८ श्लोक भएको यस पुस्तकमा जम्मा आठवटा मात्र छन्द प्रयोग भएका छन्। ती हुन्– स्रग्धरा, शार्दूलविक्रीडित, शिखरिणी, मालिनी, वसन्ततिलका, द्रुतविलम्बित, इन्द्रवज्रा र स्वागता। यीमध्ये स्वागता छन्दको एउटा मात्र श्लोक छ त्यो हो सुन्दर काण्डको १५औँ श्लोक र एक श्लोकका लागि मात्र प्रयोग भएको अर्को छन्द हो द्रुतविलम्बित। यस छन्दमा युद्धकाण्डको ३७६ औँ श्लोक रचिएको छ। इन्द्रवज्रा छन्द बडो रोचक ढङ्गले प्रयोग गरेका छन् भानुभक्तले। एघार अक्षरको यो छन्द कस्तो छ भने पहिलो अक्षरलाई दीर्घबाट ह्रस्व गर्ने बित्तिकै 'इन्द्रवज्रा' छन्द उपेन्द्रवज्रा छन्दमा परिवर्तित हुन्छ। पहिलो अक्षर कुनै पाउमा दीर्घ र कुनै पाउमा ह्रस्व गर्ने हो भने दुवैको

मिश्रणबाट उपजाति नामक तेस्रो छन्द हुन्छ तर भानुभक्तले बडो होसियारी साथ रामायणभरि इन्द्रवज्रा छन्दको मात्र प्रयोग गरेका छन्। उपेन्द्रवज्रा र उपजाति हुन दिएका छैनन्। मालिनी छन्दको त्यत्तिकै मीठो प्रयोग छ रामायणमा। सुन्दर काण्डमा लङ्का वर्णन गर्ने सन्दर्भमा हनुमानले गरेको दृश्य वर्णनलाई मालिनीमा बडो सुमधुर गायन गरेका छन् गोविन्द आचार्यले। वसन्ततिलका, शिखरिणी, स्रग्धाराजस्ता छन्दहरू राम्रैसँग बगेका छन् रामायणमा। रामायण समाप्तिमा रहेको अन्तिम श्लोक जो स्रग्धरामा छ त्यसलाई लोचन भट्टराईले आफ्नो गायनबाट अत्यन्तै जीवन्त बनाएकी छन्। बाँकी सम्पूर्ण रामायण भन्नु शार्दूलविक्रीडित छन्द हो। यसलाई भानुभक्तले नेपालीकै लोकछन्द बनाइदिए। संस्कृतका बडेबडे काव्यहरूमा पनि अनुष्टुपलगायत अन्य छोटाछोटा हिन्दुस्तानीहरूले त संस्कृत छन्दलाई पूरै माया मारे भने पनि हुन्छ, पञ्चचामर, मालिनी, भुजङ्गप्रयातजस्ता केही छन्दहरू भने हिन्दी सिनेमामा गीतका रूपमा समेत रहेको कुरो भने भुल्नु हुँदैन। तर भानुभक्तले संस्कृतका छन्दलाई नेपालीमा सफल प्रयोग गरेर संस्कृत छन्दमा नेपाली संसारै निर्माण गरे। आजको नेपाली छन्द कविता जतिञ्जेल बाँच्छ त्यसमा भानुभक्तको मुटुको धड्कन जीवन्त रूपमा धड्किरहेकै हुन्छ। हाम्रा लेखनाथ, देवकोटा, माधव घिमिरे, भरतराजद्वय, शरद्कुमार भट्टराई, मोदनाथ प्रश्रित, दैवज्ञराज न्यौपाने, रमेश खकुरेल तथा हाल देखापरेका भुवनहरि सिग्देल, प्रह्लाद पोखेल, रामप्रसाद ज्ञवाली आदि लगायत भावी पुस्तामा आउने अनेकौं छन्दका कविहरू भानुभक्तको यही विराट् छन्द शास्त्रीय लहरामा सुरेली खेलिरहनेछन्।

यहाँ एउटा खड्किने कुरो के भने यत्रो पुस्तकमा भानुभक्तले संस्कृतको सर्वप्रिय छन्द अनुष्टुपलाई र गेय छन्द मन्दाक्रान्ता, पञ्चचामर र भुजङ्गप्रयात आदिलाई किन भुले? यो प्रश्न अनुत्तरित छ।

यस क्यासेटमा सम्बद्ध हामी धेरै जना भानुभक्तको सिङ्गो रामायण पहिलोचोटि क्यासेट भयो भन्ने कुरामा ढुक्क थियौं तर रेडियो खर्साङबाट स्वरबद्ध भई शिवकुमार राईले पनि धेरै पहिले यो रामायण सिङ्गै प्रसारण गरेका रहेछन्। तर क्यासेटबद्ध रूपमा बजारमा पुगेको चाहिँ यो नै

पहिलो हो । मेरो धारणामा २०/२५ जना मात्रै छानिएका उच्च कोटीका गायकगायिकालाई मात्र गाउन लगाएर यो रामायण पुनः क्यासेटबद्ध गर्न सकेमा यसको महत्ता अरु बढ्ने थियो भन्ने मेरो दृढ धारणा छ । यसका लागि म्युजिक नेपालजस्तो सम्पन्न र उदार संस्थाले मात्र कार्य गर्न सक्छ । यस कार्यका लागि सेवाभावले नै खट्न यी पङ्क्ति लेख्ने व्यक्ति पनि तयार भएको कुरो जानकारी गराउँछु ।

अन्त्यमा म्युजिक नेपालको उत्तरोत्तर प्रगति होस् । यो संस्था देशको साहित्य, कला, सङ्गीत र संस्कृतिको जगेर्ना र श्रीवृद्धि गर्न सधैँ रमाओस् । संस्थाको बीसौँ वार्षिकोत्सवको शुभ उपलक्ष्यमा यही हार्दिक मङ्गलमय शुभकामना छ । ■



लोकसङ्गीतका स्रष्टाको आधार

गोविन्द आचार्य

लोकसङ्गीत सामान्य जनताको साङ्गीतिक अभिव्यक्ति हो। स्वाभाविकरूपमा यसका स्रष्टा अशिक्षित छन् र सहरी सभ्यताभन्दा टाढा रहन्छन्। लोकसङ्गीतका स्रष्टा श्रमिकवर्ग भएकोले ती गरिबी र अभावमा बाँचेका हुन्छन्। हामी देख्छौँ, लोकगीत-लोकसङ्गीतको सिर्जना प्रायः श्रमकै अवसरमा हुन्छन्। यो वर्ग बढी परम्परावादी, अन्धविश्वासी र प्राचीनताप्रेमीसमेत हुनेहुँदा बढी धर्म, संस्कार र संस्कृतिपरायण देखिन्छ। यस पृष्ठभूमिमा सिर्जना हुने लोकगीतले स्वाभाविकरूपमा सहरिया, सभ्य र धनीवर्गको नभई गरिब, निरक्षर र असभ्य जनजीवनको प्रतिनिधित्व गर्दछ।

नेपालमा रेडियो नेपालको स्थापनादेखि नै नेपाली गीत-सङ्गीतले प्रचार-प्रसार हुने अवसर पायो। यसले मेची-महाकालीबीच साङ्गीतिक सेसुको कार्य गऱ्यो। नेपालीहरू आफ्ना गीत सुनेर गौरवान्वित बने। ठूलाठूला दरबारहरूमा उर्दू सायरी, हिन्दी गीत, गजल र नाटकले मनोरञ्जन लिने तत्कालको परम्परालाई धेरै हदसम्म कम गर्न सक्यो तर नेपाली लोकसङ्गीतको खोजी, रेकर्डिङ् तथा प्रचारप्रसारमा के कति योगदान रह्यो र यसका खास स्रष्टाहरूले के कति महत्त्व पाए भन्ने तर्फ भने सन्तुष्टि लिइहाल्नु पर्ने देखिदैन। मोफसलमा बस्ने लोकसङ्गीतका स्रष्टाहरूका लागि सिंहदरबारको गेट प्रायः 'फलामे ढोका' कै रूपमा रहेको पाइयो। स्वरसम्राट नारायणगोपालजस्ता प्रतिभाका लागि समेत रेडियो नेपालमा रेकर्डको अवसर पाउन कठिन भएको यथार्थ नेपाली साङ्गीतिक जमघटमा सुनिन्थे। रेडियो नेपालमा रेकर्डिङ्, प्रसारण र अन्य सन्दर्भमा हुने गरेका विकृतिबारे यो पङ्क्तिकार पनि भुक्तभोगी छ। कलकत्तादेखि रेडियो नेपालसम्म गीत रेकर्ड गरी प्रचार-प्रसार गराउने सुविधा प्राप्त गर्ने प्रतिभाहरूमध्ये कतिले लोकगीत गाए र कतिले लोकगीतका नाममा अलोकगीत गाए, त्यो अर्को पाटो छ। जे होस्, यहाँसम्मको कार्यलाई हामी नेपाली लोकसङ्गीतको संरक्षण र प्रचार-प्रसारका लागि गरिएको आरम्भिक कार्य भन्न सक्दछौं।

नेपाली लोकसङ्गीतको संरक्षण र प्रचार-प्रसारका क्षेत्रमा म्युजिक नेपालको स्थापना क्रान्तिकारी कदम हो। मलाई ताजा स्मरण छ, गायक मधु क्षेत्री दाजुले २०४४ सालतिर कोमल बहिनी र मलाई कालिकास्थानस्थित म्युजिक नेपालमा लोकगीत रेकर्डका लागि लगेर गएको। म यहाँ तुलना गर्न चाहन्छु सरकारी संस्थाहरूको रवैया र प्राइभेट क्षेत्रका संस्थाहरूको व्यवहारबीच। म्युजिक नेपालको स्थापनासँगै एकातिर लोकसङ्गीतले सरलरूपमा जनताका घरदैलामा गुञ्जिने अवसर पायो भने अर्कोतिर शिक्षित, सभ्य, सहरिया भनाउँदाहरूका भाषामा 'पाखे' संज्ञा पाउँदैआएका लोकसङ्गीतको सर्वोपरि स्थान छ। आज हरेक रेष्टुरेन्टहरूमा दोहोरी गीतले पाएको माया र आजका रामकृष्ण, खेम गुरुङ, लक्ष्मी न्यौपाने र बद्री पंगेनीहरू म्युजिक नेपालले आजभन्दा बीस वर्षअगाडि सुरु गरेको

त्यही सङ्गीतयात्राका परिणाम हुन्। एकछिन कल्पना मात्र गरौं। म्युजिक नेपाल स्थापना हुँदैनथ्यो भने .....। हाम्रो लोकसङ्गीत त्यही चाकडी, त्यही साँघुरो र अप्ठेरोमा कति वर्षसम्म सङ्कुचित रहन्थ्यो होला। यसपछिका दिनहरूमा नेपाली लोकसङ्गीतले खुला आकाश पाएको छ। हजारौं प्रतिभावान ताराहरू चम्किने अवसर पाएका छन्। त्यसको उज्यालोमा नेपाली लोकसङ्गीतको धर्ती आलोकित छ।

बीस वर्षअघि सानो कोठामा म्युजिक नेपालले बीसवर्षे योवनकालमा कार्यका दृष्टिले प्रौढता पाएको छ। यद्यपि सङ्गीत र साहित्यको क्षेत्रमा यसले गरेका योगदान अनन्त छन्, तापनि मेरो दृष्टिमा 'लोकसङ्गीत' र 'साहित्य' को क्षेत्रमा पुऱ्याएको योगदान महत्त्वपूर्ण छ। यसका ज्वलन्त उदाहरण एक हजारभन्दा बढी सङ्ख्यामा बजारमा आएका गीति एल्बम र 'भानुभक्तीय रामायण' श्रव्य क्यासेट हुन्। आजभोलि काठमाडौंका साथै नेपालका अन्य स्थानमा पनि व्यावसायिकरूपमा रेकर्डिङ् संस्थाहरू स्थापना भएका छन्। तर सेवाका दृष्टिले म्युजिक नेपालसँग तुलना गर्ने संस्था म देख्दिन। म्युजिक नेपाल आज पनि प्रतिभा भएका तर धन नभएका, संरक्षण गर्नुपर्ने तर उपेक्षित, प्रतिभा भएका तर पहुँच नभएकाहरूको आधार र आश्रय बनिरहेको छ। म्युजिक नेपालले हुर्काएका तिनै प्रतिभाहरू आज नेपालको सङ्गीत बजारका अनेक स्थानमा सशक्त भूमिका निर्वाह गर्दैछन्।

म्युजिक नेपालको सहयोगी भूमिकाको सन्दर्भमा मभित्र एउटा स्मरण सधैं ताजा रहनेछ। म २०५५ सालदेखि त्रि.वि. अन्तर्गत नेपाली लोकगीतमा विद्यावारिधि उपाधिका सन्दर्भमा अध्ययनमा जुटेको थिएँ। सङ्कलित एकसय लोकगीतको सम्बन्धित गीतका स्रोतव्यक्तिहरूकै स्वरमा रेकर्ड गराई ती गीतहरूको साङ्गीतिक विश्लेषण गर्नु अनिवार्य थियो। दर्जनौं स्रोतव्यक्तिहरूलाई काठमाडौं लग्नु-ल्याउनु र रेकर्डिङ्मा पैसा लगाउनु मेरा लागि ऋन्डै असम्भव थियो। यस परिस्थितिमा मैले म्युजिक नेपाल र संस्कृति मन्त्रालयमा संस्कृतिको संरक्षण खातिर सहयोगका लागि अनुरोध गरें। म्युजिक नेपालका प्रबन्ध-सञ्चालक श्री सन्तोष शर्माज्यूबाट तत्काल एकसय लोकगीत निःशुल्क रेकर्ड (अर्थात्

रु. एकलाख बराबरको सहयोग) गरिदिने वचन दिनुभयो भने संस्कृति मन्त्रालयले हाल सहयोग गर्न नसकिने पत्र प्रेषित गरेको थियो। कस्तो हास्यास्पद! यस्ताको नाम संस्कृति मन्त्रालय। जहाँ एउटा व्यक्ति वर्षौंको समय र लाखौं खर्च गरेर आफ्नो संस्कृतिको संरक्षणका खातिर कार्य गर्दैछ, त्यहाँ त्यस देशको सरकार सानोभन्दा सानो सहयोग गर्न तयार छैन। म्युजिक नेपालको योगदान लोकसङ्गीतमा मात्र नभई आधुनिक सङ्गीत, शास्त्रीय सङ्गीत, साहित्य र संस्कृतिका अनन्य विधाहरूको संरक्षण र प्रचार-प्रसारका साथै यसमा संलग्न प्रतिभाहरूको पालन-पोषणसम्म पनि फैलिएको छ।

समयका अन्तरालमा म्युजिक नेपालले आफ्ना सेवा र सामर्थ्यलाई निकै विकसित गरेको भए पनि यसका साथसाथै विकृतिका टुसाहरू पलाएकै छैनन् भन्न सकिदैन। मैले देखेको र भोगेको छु रत्नरेकर्डिङ् संस्थानको विसर्जन। देखेको हुँ त्यहाँको चाकडी, चाप्लुसी र भाटहरूको हालीमुहाली। आज पनि प्रायः सरकारी मिडियातिर त्यस्तैहरू बढी भक्भकाएको सुनिन्छ। जुन संस्थामा प्रतिभाले महत्त्व नपाएर, चिनजान, भेटघाट, धनसम्पत्ति र सम्पर्कले महत्त्व पाउँछ, त्यस्ता संस्थाहरूको अवसान अवश्यंभावी छ। म म्युजिक नेपाललाई चिन्दछु तर कसैले त्यसका सञ्चालकलाई चिन्दै नचिने पनि फरक पर्नु हुँदैन। म चाहन्छु, म्युजिक नेपाल सधैं समस्त प्रतिभाहरूको आशाको केन्द्र बन्नुपर्छ। आफ्ना ऐतहासिक दायित्व र भूमिकाबाट विचलित हुनुहुँदैन। म्युजिक नेपालका शुभचिन्तक लोकसङ्गीतका स्रष्टाहरू यद्यपि अशिक्षित, गरिब र अभावग्रस्त जीवन बिताउँछन् तापनि संस्थाप्रति सहज, स्वाभाविक र अकृत्रिम प्रेम गर्छन्। त्यसैले म्युजिक नेपालले पनि बीसवर्षे जीवनकालमा कमाएको नेपाली लोकसङ्गीतका स्रष्टा एवं सङ्गीतपारखीहरूको प्रेम र विश्वासलाई अक्षुण्ण राख्दै आगामी दिनहरूमा पनि लोकसङ्गीतको संरक्षण र प्रचार-प्रसारतर्फ आफ्नो ऐतिहासिक दायित्व बहन गर्दै लोकसङ्गीतका स्रष्टाहरूको संरक्षक बन्नुपर्दछ। आजकल नाम र दाम कमाउने धुनमा नेपाली संस्कृति कुल्चेर गाइने पप र तथाकथित दोहरीगीतहरूको रेकर्डिङ् र प्रचार-प्रसारतर्फ प्रतिस्पर्धा चलिरहेको बेला

बजार लिन नसक्ने तर हाम्रा संस्कृतिका आधारस्तम्भ मानिने मागल, सोरठी, रैचुमा, ठाडी भाका, सिँगारु, न्याउलै, उहाली, रत्यौली, होरीगीत, सैरालु गीत, भैलो गीत, बयलडाँरी, ज्यौमारी, ग्याङा, फाउ आदिजस्ता लोकगीतको संरक्षण गर्नेतर्फ म्युजिक नेपालको ध्यान जानेछ भन्ने आशा राख्दै म्युजिक नेपालको स्थापनाको बीसौँ खुट्किला उक्लेको यस सुखद अवसरमा म्युजिक नेपाल र म्युजिक नेपालद्वारा प्रकाशित 'सङ्गीत' (विशेषाङ्क) को उत्तरोत्तर प्रगतिको कामना गर्दछु। ■



सबैलाई समेटेको छ

चन्द्रराज शर्मा

नेपाली माटोमा छरिएर रहेका साङ्गीतिक फाँटका प्रतिभाहरूको प्रतिभा उजागर गर्ने, तिनको शिल्पको सही मूल्याङ्कन गर्ने र वास्तवमा संस्थागतरूपमा अविच्छिन्न रूपले नेपाली सङ्गीतसाधकहरूको कलालाई पारखी श्रोतासामु पुऱ्याउने बृहत् अठोटका साथ अघि बढेको संस्था म्युजिक नेपाल आज सङ्गीत उत्थानको प्रतीक बनेको छ।

नेपाली मौलिक कला-संस्कृतिको प्रतिरूप लोकगीतहरू आज जसरी जनमानसमा सहज पुगेका छन्, आधुनिक सुगम सङ्गीत, अत्याधुनिक नयाँ धारका गीतहरू, जसरी श्रोताका प्रिय बनेका छन्, यो विन्दु आज म्युजिक नेपालजस्ता संस्थाको अथक प्रयासको प्रतिफल हो भन्दा


अतिशयोक्ति नहोला । के स्थापित, के सङ्घर्षरत, के व्यावसायिक, के सोखिन सबै थरी साधकको साधनालाई स्थायित्व दिने कार्य म्युजिक नेपालको घेराभित्र समेटिएको देख्छु म ।

हर विषय आज उचित व्यवस्थापनको माध्यमबाट नै सफलीभूत हुने गर्दछ । हिजोको त्यो कठिन र सङ्घर्षपूर्ण दिनबाट आजको व्यावसायिक सफलताको उपल्लो सिँढीको प्राप्ति यस संस्थाका व्यवस्थापकको कुशल व्यवस्थापन र नेतृत्वदायी क्षमताका प्रतिफल हुन् ।

सङ्गीतक्षेत्र शुद्ध साधनाको क्षेत्र हो, यसका साधकहरू व्यवसाय जान्दैनन्, साधन र अन्वेषण मात्र उनीहरूको उद्देश्य हुन्छ, आजका दिनहरूमा उनीहरूलाई साधनाका लागि समेत कसैको प्रोत्साहन चाहिन्छ । कदर चाहिन्छ । यो भाव म्युजिक नेपालले आफूभित्र स्पष्ट समेटेको पाएको छु मैले ।

सरस्वतीको सेवाको यो पथमा अझै अगाडि बढोस्, कला संस्कृतिको उत्थानमा कोशेढुङ्गो सावित होस् र आज जसरी व्यावसायिक सफलता प्राप्त गरेको छ म्युजिक नेपालले, भोलिका दिनमा यो अझै उकालो लागोस् ।

हार्दिक शुभेक्षासहित ! ■



कुरै बेग्लै छ

चेतन कार्की

– प्रकृतिमा विद्यमान प्रत्येक ध्वनिमा सङ्गीत छ। छहराको छर्छरमा, हावाको सर्सरमा, खोलाको कल्कलमा र चराचुरुङ्गीहरूको चिर्बिर सबैमा सङ्गीत छ, नैसर्गिक रूपमा। सङ्गीतका पुरोधा र महारथीहरूले जुन सात सुरहरूमा ध्वनिको वर्गीकरण गरेका छन् ती सबै प्रकृतिमा विद्यमान जीव-जन्तुहरूको स्वरलाई आधार जनाएर गरिएका छन्। त्यो वर्गीकरण यति वैज्ञानिक र पूर्ण छ कि कुनै पनि सङ्गीत साधकहरूले 'आठौँ' सुर निकाल्न सकेका छैनन्। दुई सुरहरू छोडेर अन्य पाँच सुरहरूमा 'कोमल' र 'तीव्र'को हिसाब गर्दा १२ सुर हुन्छन् त्यो अर्कै कुरो हो।

- विश्वमा हजारौँ भाषा-भाषिका र बोलीहरू छन् तर सङ्गीतका सात सुर विश्वभरि नै एउटै हुनाले सङ्गीतलाई विश्वभाषा भनिएको हो ।
- सङ्गीत मानवसभ्यताको विकास क्रममा उसले गरेका उपलब्धिहरूमध्येको पहिलो उपलब्धि हो ।
- सङ्गीतको माधुर्यले मानिसलाई मात्र हैन, पशुपक्षीहरूलाई पनि आनन्दविभोर बनाउँछ । रुखबिरुवाहरू पनि मधुर सङ्गीतप्रति सकारात्मक र कर्कश ध्वनिहरूप्रति नकारात्मक प्रतिक्रिया जनाउँछन् भन्ने कुरा वैज्ञानिक प्रयोगहरूले प्रमाणित गरिसकेका छन् । रोगव्याधिहरूको उपचारमा पनि सङ्गीतको प्रयोगले सकारात्मक परिणाम प्राप्त भएका छन् ।
- सम्पूर्ण चराचर जगत्लाई लठ्ठयाउने सामर्थ्य बोकेको यो 'सङ्गीत' भनेको आखिर हो के ? यसको परिभाषा के हो ?

धेरै दिग्गजहरूले आआफ्नै ढङ्गले यसलाई परिभाषित गर्ने प्रयास गरेका छन् । तर कुनै एउटा सर्वमान्य परिभाषा लेखकहरूले पाउन सकेका छैनन् । लेखकका विचारमा-

'प्रकृतिको सबैभन्दा जेठो भाषा हो सङ्गीत'

'प्रकृतिको सबैभन्दा अनुपम वरदान हो सङ्गीत'

'ललितकलामध्येको पनि ललित, मधुर र कोमल कला हो सङ्गीत'

'सङ्गीत परमानन्द दिने कला हो– जिउँदै मोक्ष दिने कला हो सङ्गीत'

गेटेले काव्य र सङ्गीतका विषयमा प्रकट गरेको उद्गार 'He who has no ear for poetry and music is a barbarian' (जोसित कविता र सङ्गीतका लागि कान छैन त्यो बर्बर पशु हो) र भर्तृहरिले भनेको 'साहित्य, सङ्गीत, कलाविहीनः साक्षत्पशु पुच्छ विषाणहीनः' (साहित्य, सङ्गीत, कलाले विहीन व्यक्ति, सिङ र पुच्छर नभएको पशु हो) जस्ता उद्गारमा यथेष्ठ समानता छ; अन्तर यति मात्र छ कि गेटेले त्यो कुरो हिजो-अस्ति भने, भर्तृहरिले चौध शताब्दीअघि नै भनेर गए ।

हुन पनि मानिसको सृष्टि घृणा र हिंसा गर्न भएको हैन भन्ने कुरो उसको शारीरिक बनोटले नै प्रमाणित गर्छ। हिंस्रक पशुहरूझैं न त मानिसका लामालामा नङ्ग्रा हुन्छन्, न तीखातीखा दाँत नै। मानिसको सिङ र पुच्छर पनि हुँदैन। मानिसको सृष्टि त प्रेम गर्नलाई भएको हो। मानिस पशुहरूभन्दा बढी भावुक र सम्वेदनशील हुन्छ। समवेदना र कोमल भावना नभएकोलाई सौन्दर्य र लालित्यले हत्तपत्त छुँदैन। कला भन्ने कुरो पनि सम्वेदनशील हृदयकै अभिव्यक्ति हो। त्यसैले सङ्गीत र काव्यजस्तो कलाबाट बञ्चित व्यक्ति र बर्बर पशुमा खासै फरक के भयो त भन्ने अभिप्राय हो भर्तृहरि र गेटेको।

सङ्गीतले मानिसको मनलाई आनन्द दिन्छ। त्यो आनन्द हर्ष मात्रै नभएर विस्मात् पनि हुनसक्छ; सुख मात्र नभएर दुःख पनि हुनसक्छ; हाँसो मात्र नभएर आँसु पनि हुन सक्छ। बुझ्नुपर्ने कुरो के छ भने सुख, दुःख, आँसु र हाँसोलाई छुट्याउने रौं बराबरको सीमारेखा हुन्छ। जब एउटाले सीमा नाघ्छ त अर्को अनुभूतिको क्षेत्रमा प्रवेश गर्दछ। धेरै हाँस्दा आँसु आउँछन्; मनको खुसी थामी नसक्नु भएमा आँखा रसाउँछन्। त्यसैले हर्षाश्रु भन्ने शब्दको जन्म भएको हुनुपर्छ। मानिसले सुखको अतिरेक थाम्न नसक्दा उन्मत्त हुन्छ, पागल बन्छ र दुःख अतिरेक हुँदा पनि पागल बनेर अट्टहास गर्न थाल्छ। दुःख नभै सुखको, वेदना नभै हर्षको, घाम नभै छायाँको, हार नभै जितको, विछोड नभै मिलनको र आँसु नभै हाँसोको महत्त्व हुँदैन।

संस्कृतका एक कविले भनेका छन्– "विधाताले मलाई, विरह र संगममध्ये के रोच्छस् भनेर सोधे भने म त विरह रोज्छु; किनभने विरहमा मिलनको आस लुकेको हुन्छ तर प्रत्येक मिलनमा विछोडको भास लुकेको हुन्छ।"

उपरोक्त कसीमा सङ्गीतलाई कस्दा; हर्ष र खुसियालीका गीतहरूले मनलाई दिएको आनन्दभन्दा विरह वेदनाका गीतहरूले दिएको मिठास दीर्घजीवी हुन्छ। एउटा अनिर्वचनीय मिठास हुन्छ त्यस पीडामा। अङ्ग्रेजी कवि पी.बी. शैलीले पनि "Our sweetest songs are those that tell us of our saddest thoughts" (हाम्रा सबैभन्दा मधुर गीत

तिनै हुन् जुन गीतले हाम्रा चरम दु:खमय विचारहरूलाई व्यक्त गर्छन्) भनेर उपरोक्त कथनलको पुष्टि गरेका छन् ... "Great people think alike" भनेर सबैले उक्त कथनप्रति सहमत हुनु आवश्यक छैन बरु "मुण्डे मुण्डे मतिभिन्ना:" भन्ने उक्तिअनुसार सबै आआफ्नू धारणा बनाउन स्वतन्त्र छन् तर जतिसुकै विद्वान्हरूले जतिसुकै धारणाहरू राखे पनि 'सङ्गीतले परमानन्द दिन्छ' भन्ने कुरोमा मतभिन्नता नहोला ।

(हुन त प्रकृतिमा विद्यमान ध्वनिहरूमा कटु, कर्कश र भयानक स्वरहरू नभएका हैनन् र नवरसमा पनि रौद्र, भयानक र वीभत्सरस हुन्छन, वीररसमा पनि कैलेकाहीं कर्णकटु शब्द र ध्वनिहरू समावेश हुनसक्छन्; करुणरसमा पनि कैलेकाहीं वीभत्स समावेश हुनसक्छ र वीररसका साङ्गीतिक अभिव्यक्तिमा रौद्र र भयानक रस समावेश हुनसक्छ तर हामीहरू बहुधा मधुर, ललित र कोमल ध्वनिहरूलाई नै ग्राह्यता दिन्छौं ।)

विश्वभरि सङ्गीतका आआफ्नै शैलीहरू विद्यमान छन् र शैलीविशेषले नै जातिविशेष वा राष्ट्रविशेषको प्रतिनिधित्व गर्छ तर यातायातका साधनहरूको बिकासले गर्दा आज यो विश्व एउटा सानो गाउँजस्तो बन्न पुगेकोले एउटा संस्कृतिको अन्तक्रिया अर्को संस्कृतिसित सहजै सम्भव भएको छ; एउटा शैलीको प्रभाव अर्को शैलीमाथि पर्नु कुनै आश्चार्यको कुरो पनि हैन तर आफ्नू हावा, पानी र माटोको सुगन्ध नभएको साहित्य, सङ्गीत र कलाले आफ्नू छुट्टै सांस्कृतिक पहिचान स्थापन गर्न नसकेको हुँदा; त्यस जाति र राष्ट्रकै चिनारी लोप हुने अवस्था आइपुग्छ ।

नेपालमा हाल विद्यमान साङ्गीतिक शैलीहरूमध्ये शास्त्रीय सङ्गीत (जुन सङ्गीतको व्याकरण हो) जसोतसो आफ्नो अस्तित्व जोगाइराख्न सङ्घर्षरत छ ।

सुगम सङ्गीत– सञ्चारमाध्यमहरू तथा रेडियो, टी.भी. र सिनेमाको मुख्य तत्त्व बनेर फष्टाइरहेको छ, यद्यपि यो शास्त्रीय र लोकशैलीको ठिमाहाबाहेक क्यै हैन ।

पप सङ्गीत– सञ्चारमाध्यमको व्यावसायिकताको लोभले गर्दा आजभोलि निकै लोकप्रियता हासिल गर्दै गैरहेकोछ तर यसमा नेपाली हावा, पानी र माटोको सुगन्ध नभएकोले यो कालान्तरमा एउटा ज्वारको लहरभन्दा बढी सिद्ध हुने पनि छैन– खहरेको भेलझैं उर्लेर आएको यो शैली एउटा विशेष आयुवर्गको मुटुको ढुकढुकी नै बनिसकेको छ र तालप्रधान तथा उत्तेजक हाउभाउले गर्दा यस शैलीले सङ्गीतलाई श्रव्य नभएर दृश्य बनाइदिएको छ ।

गजल शैलीको नेपालमा प्रवेश त भएको छ तर त्यति विकास भैसकेको छैन भन्दा फरक नपर्ला; कारण छिमेकी राष्ट्र भारतमा (र आंशिक रूपमा पाकिस्तान; जहाँबाट यसले नेपाल भित्रिने जमर्को गऱ्यो) समेत परम्परागत शैलीबाट हटेर नयाँ शैलीको प्रयोगको भुमरीमा अलमलिएर यो शैली कुहिरोको काग बनेको छ ।

नेपालको आफ्नू सङ्गीतशैली भनेको लोकसङ्गीत हो, जुन सङ्गीतको आदिशैली पनि हो र जातीय र राष्ट्रिय चिनारी पनि हो । यो परापूर्वकालदेखि नै नेपाली समाजमा विद्यमान र प्रचलित थियो र आज पनि छ ।

यद्यपि सञ्चारमाध्यमहरूको कृपाले दुर्गम नेपाली गाउँहरूसमेत फिल्मी सङ्गीत र पपसङ्गीतको प्रभावबाट मुक्त रहन सकेका छैनन् तर पनि नेपाली लोकसङ्गीतको आत्मालाई कुनै पनि प्रयासले बिटुल्याउन नसकेको कुरो; आज काठमाडौंभित्र अवस्थित ४० भन्दा बढी रेकर्डिङ् स्टुडियोहरूबाट प्रत्येक वर्ष २०० भन्दा बढी लोकगीतका एल्बमहरूको उत्पादनले सहजै प्रमाणित गरेको छ । एल्बमहरूको बिक्रीकै तथ्याङ्क हेर्यौं भने पनि लोकगीत सबैभन्दा माथि छ र 'डान्स रेस्टुराँ' का नाउँमा अश्लील भावभङ्गिमायुक्त प्रदर्शन गरेर अनैतिक धन्धा गरिरहेकाहरूले पनि आफ्ना ती 'नाइट क्लब' हरूलाई 'दोहोरी गीत रेस्टुराँ' मा परिवर्तन गरेर नेपाली लोकगीतको वर्चस्वलाई स्वीकार गर्न बाध्य भएका छन् ।

'दोहोरी गीत' ले युवाहृदयका ढुकढुकीलाई त बढाएको छ नै, जीवनको तेस्रो पहरमा पुगिसकेका प्रौढहरूका मनमा पनि 'फेरि पनि

आउला कि घुमेर, सोह्र वर्षे बैंसको उमेर' भन्ने भावना जगाइदिएको छ, काउकुती लगाइदिएको छ। बेलाकुबेला ताल न सुरका साङ्गीतिक प्रस्तुति गर्ने सञ्चारमाध्यमहरूले पनि 'दोहोरी गीत' कार्यक्रम प्रस्तुत गरेर दर्शकको विश्वास फर्काउन सफल भएका छन्।

पाकिस्तानको लाहौरमा बस्नेहरू आफ्नू सहरको विशिष्टता यसरी बयान गर्छन्– "जनाब ! मक्का और मदीना (इस्लाम धर्मावलम्बीहरूको सबैभन्दा पवित्र तीर्थस्थल जहाँ उनीहरू 'हज' गर्न गएर आफ्नू परलोक सुध्रेको विश्वास गर्छन्) बढी मुकद्दस जगह हैं पर लाहौर दी गल होर है" अर्थात– "श्रीमान् ! मक्का र मदीना ज्यादै पवित्र ठाउँ हुन् तर लाहौर ? लाहौरको कुरै बेग्लै छ।"

त्यैअनुरूप लेखकका विचारमा "सङ्गीतकला निश्चय नै ललितकलामध्येको ललित र परमानन्द दिने कला हो तर नेपाली लोकगीत ? त्यसको त कुरै बेग्लै छ।"

नेपाली लोकसङ्गीतबारे कुनै अभिलेख छैन, त्यसैले यसको परम्परा र विकास क्रमबारे किटान गरेर भन्न सक्ने स्थिति छैन (देशको सीमाबारे त सही अभिलेख नभएको अवस्थामा लोकगीतका के कुरा ?) तर यो निर्विवाद छ कि मेचीदेखि महाकाली र हिमालदेखि तराईसम्म फैलिएका विभिन्न जातजातिहरूले आआफ्ना चाडपर्व, मेलापात, सामाजिक क्रियाकलाप र षोडश संस्कारहरू सम्पन्न गर्दा; लोकगीत र लोकनाचहरूलाई नै आफ्नो जीवनशैलीका रूपमा अङ्गीकार गरिराखेका थिए। केही वर्षयतादेखि एउटा वर्ग विशेषमा विदेशी संस्कृतिको प्रभावले गर्दा नेपाली संस्कृति ह्रासोन्मुख भएकोजस्तो लाग्न थालेको थियो तर हाल आएर त्रिभुवन विश्वविद्यालय नेपाली विभागले स्नातकोत्तर तहका विद्यार्थीहरूलाई दिएका शोधप्रबन्धका विषयहरूमा नेपाली लोकसंस्कृतिका विभिन्न पक्षमा देखाउन थालेको अभिरुचिले; युवावर्गका मनमा नेपाली लोकसङ्गीतप्रति उब्जेको सम्मानको भावनाको प्रशंसा गर्नु पर्दछ र विश्वविद्यालयलाई धन्यवाद दिनु पर्दछ। जहिले आँखा खुल्यो तब नै बिहानी भएको ठान्नु पर्‍यो।

आफ्नू जीवनका भोगाइहरूलाई, आफ्ना सुखदुःखात्मक अनुभूतिहरूलाई; आफ्ना हर्ष र विस्मातका सम्वेदनाहरूलाई, लोकभाखामै सस्वर अभिव्यक्त

गरिने; नेपाली अभिन्न अङ्ग र गाउँलेहरूको जीवनशैली नै बनिसकेको लोकगीतका स्रष्टाहरू बहुधा अज्ञात नै रहँदै आएकोमा; ती लुकेका प्रतिभाहरूलाई राष्ट्रिय चिनारी दिलाउनेतर्फ काठमाडौँलगायत अन्य सहरीक्षेत्रहरूमा समेत खोलिएका रेकर्डिङ् स्टुडियोहरूलाई हृदयदेखि नै साधुवाद दिनुपर्दछ। (सञ्चारमाध्यमहरूले पनि जे जति भूमिका निर्वाह गरेका छन् त्यसका लागि धेरथोर श्रेयका हकदार भए पनि; ती माध्यमहरू मार्फत चिनारी बनाउन साधक, स्रष्टा र शिल्पी हुनभन्दा पनि अर्को एउटा थप गुण चाहिन्छ, जुन सबैमा हुँदैन पनि) बर्सेनि सयौँ लोकगीतका क्यासेट एल्बमहरू तयार हुन्छन् र बीसौँ-पचासौँ लोककलाकारहरूले आफ्नू कला र गलाको वैशिष्ट्य देखाउने मौका पाउँछन् तर ढोटे, कोठे, ओठे र भोटे लोकगीतको फरक छुट्टयाउन नसक्ने केही सोखिन कलाकारहरूले सस्तो लोकप्रियताका लोभमा नेपाली लोकगीतको मर्मलाई नै छियाछिया पार्ने दुष्प्रयास गरेकाले कहिलेकाहीं मन खिन्न पनि हुन्छ– तर आफ्नू निहित स्वार्थका लागि राष्ट्रलाई नै विखण्डनतर्फ धकेल्ने राजनीतिका भ्रष्ट खेलाडीहरूभन्दा ती ढोटे गायकहरूको रहर कता हो कता श्रेष्ठ ठहर्छ; निकृष्ट होइन। लोकगायकहरूले त मेची र महाकाली, हिमाल र तराई मात्र हैन, सात समुद्रपारि पुग्न बाध्य भएमा नेपालीहरूबीच पनि भावनात्मक र रागात्मक एकताको भावना कायम गर्न सत्कार्य गर्छन्, विखण्डन ल्याउने हैन। त्यसैले त बर्मा, सिक्किम र दार्जीलिङका नेपालीहरूका घरमा नेपाली साहित्यस्रष्टाका तस्बिरहरू हुन्छन्, राजनेताका हुँदैनन्; चौबाटाहरूमा भानुभक्तका सालिकहरू ससम्मान ठड्याइन्छन्, राजनेताहरूका हैन, नेपाली गायक-गायिकाहरूका साङ्गीतिक टेप र सी.डी.हरू बजाइन्छन्, भ्रष्ट नेताहरूका भाषणहरू हैनन्।

२००७ सालसम्म आमनेपालीले, ठूल्ठूला दरबारहरूमा भारतबाट फिकाइएका ओस्तादहरू र ती ओस्तादहरूले सिकाएका सुसारे मैआँ (तालिमे नानीहरू) हरूले अभिनय गरेका उर्दू-हिन्दी नाटकहरू हेर्ने सौभाग्य पाउने थिएनन्, गजल, ठुमरी र खयाल वा राग सुन्न पाउने थिएनन् तर अधिराज्यभरि आआफ्नै लोकगीत र लोकनाचको आनन्द त

लिन्थे नै। राणाकालमा पनि नेपालका सेतुराम, बद्री र साइँला ओस्ताद, मेलवादेवी र रत्नदास प्रकाशहरूले 'हिज मास्टर्स भ्वाइस' कलकत्ता (दम्दम्) मा रेकर्ड गराएका डिस्क रेकर्डहरू र मेचीपारिका हाजिरमान र महाकालीपारिका मास्टर मित्रसेनका रेकर्डहरू सुनेर नेपाली गीतको रसास्वादन नगरेका हैनन्– यद्यपि त्यस युगमा 'ग्रामोफोन' बाजा आमनेपालीका लागि एउटा आश्चार्य र विलासी वस्तु थियो तर काठमाडौँको भद्रकाली स्थित 'हिज मास्टर्स भ्वाइस्' का रेकर्ड बिक्रेताकोमा, दरबारिया मैयाँहरू मास्टर रत्नदासका रेकर्डहरू किन्न कति आतुर रहन्थे भन्ने कुरा धेरैलाई थाहा नहुन सक्छ। रेडियो भन्ने कुरा त कसैका घरमा छ रे भन्ने कुरा राणाहरूलाई थाहा भयो भने, रेडियो राख्नेहरू शासकहरूको कोपभाजन बन्नुपर्थ्यो। २००७ सालपछि रेडियो नेपालको स्थापना भएपछि पनि, आरम्भका केही महिनाहरूसम्म नेपाली गीतहरूभन्दा हिन्दी गीतहरू नै बढी बजाउनु पर्ने बाध्यता थियो (सिनेमा हलहरूमा हिन्दी फिल्महरूबाहेक अरू देखाउने कुरै थिएन कारण नेपाली चलचित्रहरूको निर्माण सुरु नै भएको थिएन) तर विस्तारै रेडियो नेपालमा नेपाली गीतहरूले हिन्दी गीतहरूलाई विस्थापन गर्दै लगे र स्व. श्री ५ महेन्द्रका राज्यकालमा जुन राष्ट्रप्रेम र राष्ट्रिय अखण्डताको लहर नेपालीहरूका मनमा बढ्दै जान थाल्यो त्यसको जति प्रशंसा गरे पनि पुरदैन।

नेपाली गीत-सङ्गीतको विकास गर्ने महायज्ञमा रेडियो नेपाल, रत्नरेकर्डिङ् ट्रस्ट (पछि संस्थान), शाही नेपाल चलचित्र संस्थान, सांस्कृतिक संस्थान र नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको योगदानले मात्र नपुग्ने देखेर; वि.सं. २०३८ सालमा त्रिभुवन विश्वविद्यालयमा 'इकोनोम्याट्रिक्स'को प्राध्यापन गरिरहेको एउटा युवकले काठमाडौँ, डिल्लीबजारको 'एभरेस्ट एक्सरे' नजिक एउटा रेकर्डिङ् स्टुडियोको स्थापना गऱ्यो। त्यसपछिको वर्षमा अग्रज गीतकार माधव खनाल 'भावुक'का घरमा स्टुडियो सारेर २०४२ सालमा कालिकास्थान नजिकै विनोद शर्माको घरमा स्टुडियो सारेर, नेपाली क्यासेटहरूको उत्पादन सुरु गऱ्यो। विगत २० वर्षमा त्यस स्टुडियोले रेडियो नेपालमा स्वरपरीक्षामा अनुत्तीर्ण भएका र गराइएका कतिवटा स्वरका धनीहरूलाई राष्ट्रिय

स्तरको गायक (गायिका) बनायो त्यसको हिसाब छैन । विगत अनेकौं वर्षदेखि वर्षभरिमा बिक्री भएका क्यासेटहरूका आधारमा आधुनिक तथा लोकविधाका कलाकारहरूलाई पुरस्कृत-सम्मानित गऱ्यो त्यो बेग्लै छ । त्यस युवकले आफ्नू परिश्रम र लगनको प्रतिफल खोज्दै खोजेन भन्न मिल्दैन; आफ्नू घर डढाएर खरानी बाँडेर हिँड्ने काम गऱ्यो भन्न मिल्दैन तर आज आएर त्यस युवकको व्यापारिक सुरुबुरुको परिणाम; अनामनगरमा आफ्नै भव्य भवन र अत्याधुनिक रेकर्डिङ् स्टुडियोले उसको सफलताको कथा सगौरव सुनाइरहेका छन् । आज उपत्यकाभित्र मात्रै ४० वटा भन्दा बढी रेकर्डिङ् स्टुडियोहरू आआफ्ना स्तरबाट नेपाली सङ्गीतलाई जनजन माझ पुऱ्याउने सत्कार्यमा लागेका छन् । कतिपय अरू सहरहरूमा पनि रेकर्डिङ् स्टुडियो चालू भैसकेका छन् तर जुन गौरव त्यस रेकर्डिङ् स्टुडियोले आर्जन गर्न सफल भएको छ त्यो निश्चय नै प्रशंसनीय छ, खालि स्याबासी, ताली र वाह-वाह खाएर रमाउन बाध्य कलाकारहरूलाई नाम र दाम दिलाउन त त्यस स्टुडियोले अग्रसरता देखायो नै; उनीहरूको हक र हितको संरक्षण गर्नेतर्फ पनि त्यस स्टुडियोको संस्थापक युवकले प्रतिलिपि अधिकारका लागि भरमग्दुर प्रयास गर्दै आएको छ । एकातिर त्यस स्टुडियोले २१औं वर्षमा प्रवेश गर्दैछ जसका लागि त्यसका संस्थापक सन्तोष शर्मा लगायत सम्पूर्ण म्युजिक नेपाल परिवार र स्थापनाकालमा आफ्नू प्राविधिक सेवा दिने ध्वनि विशेषज्ञ प्रदीप उपाध्याय र चिरञ्जीवी बस्नेतलाई (हाल निर्माता-निर्देशक– नेपाली चलचित्र) साधुवाद, बधाई र उत्तरोत्तर प्रगतिको कामना गर्न म आफ्नो कर्तव्य ठान्दछु (नेपाली सङ्गीतको श्रीवृद्धिलाई आफ्नो पूजा ठान्ने साधकलाई नेपाली सङ्गीतको अनुरागी आराधकले शब्दसुमनबाहेक के नै दिन सक्छ र ?) भने अर्कातिर– विगत कात्तिक १६, २०६० देखि नेपाली कला जगतमाथि एकपछि अर्को वज्रपात भएकोमा मन खिन्न पनि छ । १६ गते विहान, यस लेखका रचनाकारलाई एउटा गीतकारका रूपमा नेपाली श्रोताहरू माझ चिनाउने सुर शिरोमणि श्रद्धेय नातिदाइले नेपाली सङ्गीतजगत्लाई टुहुरो बनाएर महाप्रस्थान गर्नुभो, त्यसपछि त एकएक गरी वरिष्ठ अभिनेता रवि शाह, वरिष्ठ नृत्य गुरु प्रा. मृगेन्द्रमान सिंह प्रधान, सुप्रसिद्ध

लोकगायक झलकमान गन्धर्व र चलचित्र निर्माता शालिग्राम रानाले कलाजगत्लाई स्तब्ध पारेर नयाँ चोला फेर्न यस नश्वर संसारबाट विदा लिनुभो। ईश्वर ! शान्ति देऊ अमर आत्माहरूलाई।

अर्का अत्यन्त प्रखर सङ्गीतकर्मी दिव्य खालिङ सिकिस्त विरामी भै अस्पताल भर्ना भई हाल घरमै लामो समयदेखि थलिनु भएको छ। उहाँको अवस्थालाई विचार गरी डाक्टरहरूले परिवारका सदस्यहरू बाहेक अरूलाई भेट्ने अनुमति दिएका छैनन्। फलतः उहाँलाई भेटन पाएको छैन। म यसै लेख मार्फत सबै नेपाली सङ्गीतानुरागीहरूका तर्फबाट परिमपिता परमेश्वरसित उहाँको शीघ्र स्वास्थ्यलाभका लागि प्रार्थना गर्न चाहन्छु।

बहाँटारी, आरुखर्क-८, स्याङ्जा

■



नेपाली सङ्गीत र म्युजिक नेपाल

डा. चेतबहादुर कुँवर

सङ्गीत जीवनको अत्यन्त घनिष्ट सम्बन्ध भएको विधा हो। जसलाई मानिसले जन्मेदेखि मृत्युपर्यन्त आफ्नो बनाएको हुन्छ, चाहे त्यो मधुरताले मुग्ध भएर होस् वा विरहले विरही बनिरहेको स्थितिले होस्। हर्ष र विस्मात दुबै स्थितिमा मानसिक तनाव कम गराउने, दुःख बिर्साउने, मुग्ध गराउने वा भनौं सन्तोष दिलाउने माध्यम नै सङ्गीत हो। वरिष्ठ सङ्गीतज्ञ तानसेनजस्ता कलाकाहरूले सङ्गीतकै माध्यमबाट बर्षा ल्याएको कुरो, रोदनमा बसेकोलाई हर्षित बनाएको कुरो वा हर्षमा विस्मात ल्याएको कुरो सुन्दै आएका पनि छौं। कतिपय अनुभव नभएको हुनाले हामीले प्रत्यक्ष पनि आफ्नै जीवनमा सङ्गीतको प्रभाव सत्य र असत्य

महसुस गरेर थाहा पाउन सक्दछौं। यसरी जीवनसँग अन्योन्याश्रित सम्बन्ध भएको सङ्गीतले आफ्नै पृथक इतिहास बोकेर आएको छ। बिना इतिहास आधुनिक सङ्गीत सम्भव नै छैन र भए पनि सो विधा वा विषय परिमार्जित वा परिपक्व पनि हुन सक्दैन।

मनुष्यको उत्पत्ति भएदेखि नै सङ्गीतको प्रादुर्भाव भएको छ। प्राकृतिक वातावरणमा पाइने सङ्गीत त प्रकृतिले नै जन्म दिएको हुन्छ तर त्यसको सोधखोज र विकास मानिसबाट नै सम्भव भएको कुरो नकार्न सकिँदैन। सङ्गीतको इतिहासलाई हेर्ने हो भने पनि यस विषयका लेखकहरूले प्राग्ऐतिहासिक कालदेखि नै इतिहासलाई जोडेको देखिन्छ। पाँच हजारदेखि तीन हजार इसापूर्व काललाई प्राग्ऐतिहासिक काल मानिन्छ। ती लेखकहरूको भनाइमा वैदिक कालमा सङ्गीतकलाको उद्भव सामवेदबाट भएको मानिन्छ। रामायण र महाभारतकालीन समाजमा सङ्गीतले राम्रो स्थान पाएको देखिन्छ। नेपालको इतिहासलाई हेर्ने हो भने पनि किराँतकाल, लिच्छवीकाल, मल्लकाल र आधुनिक कालमा पनि राजा-महाराजाहरूबाट सङ्गीत, वाद्यवादन र नृत्यकला आदिलाई विकास गर्नमा ठूलो सघाउ पुऱ्याएको देखिन्छ। नाट्य समूह राख्ने, समयसमयमा सङ्गीत तथा वाद्यवादनको कार्यक्रम राख्ने कलाकारहरूलाई जागिर दिएर वा पारिश्रमिक वा पुरस्कार दिएर प्रोत्साहन गर्ने कार्य आदि भए गरेको नेपालको इतिहासमा उल्लेख भएकै देखिन्छ। नेपालको एकीकरणपछि स्वयम बडामहाराजाधिराज श्री ५ पृथ्वीनारायण शाहबाट बक्सेका दिव्य-उपदेशले ता सङ्गीतलाई बचाउनमा ठूलो मद्दत पुऱ्यायो भने मौसुफबाट रचित भक्तिरचनाले ता सङ्गीत-साहित्यको इतिहासको जग बसाल्यो नै भने हुन्छ। जङ्गबहादुर राणाका पालामा उनी बेलायतबाट फर्केपछि ठूलाठूला घरमा वा दरबारमा पियानो जस्तो वाद्ययन्त्रको प्रयोग गर्ने प्रचलन आएको कुरो सङ्गीत विषयका लेखक श्री रामशरण दर्नालले उल्लेख गरेको पाइन्छ।

प्राचीन कालमा नेपालमा नाट्यकला, सङ्गीत र वाद्यवादनको उत्थानमा किराँतकालीन समयदेखि नै प्रयास भएको देखिन्छ। पछिपछि राणाकालीन समयमा विदेशी उस्तादहरू सङ्गीत, वाद्यवादन र नाट्यकर्मीहरू

यहाँ आई प्रभाव पारेको देखिन्छ तर आफ्नो मौलिक संस्कृतिलाई, सङ्गीतलाई र पहिचानलाई संरक्षण गर्नमा नेपाली पछि परेका छैनन् भन्न सकिन्छ। विशेषतया लिच्छवी वा मल्लकालीन समयमा र पछि आधुनिक कालीन समयमा दरबारमा सङ्गीत, वाद्यवादन, नृत्य र नाटच विधालाई बेलाबखतमा प्रदर्शन गरी वा कार्यक्रम राखी यसको उत्थानमा अघि बढेको देखिन्छ। विभिन्न राजाहरूका पालामा प्रारम्भ गरिएका वा विभिन्न चाडपर्वका रूपमा आएका देवदेवी नाच, भैरव नाच, लाखे नाच यसैगरी गाईजात्रा, रोपाइँजात्रा आदिमा गरिने सांस्कृतिक नाच आदि यसै इतिहासका परिणाम हुन् जो आजसम्म नेपालमा प्रचलनमा आइरहेकै छन्। यसैगरी वसन्तपञ्चमी, विवाह, ब्रतबन्ध आदिमा बजाइने धुन वा वाद्यवादन आदि यसैका परिणाम हुन्। त्यसका लागि काठमाडौँ उपत्यकाका ठाउँठाउँमा स्थापित डबलीहरूले पनि यस कुरोको पुष्टि गर्दछन्। त्यसपछि बिस्तारैबिस्तारै नेपाली उस्तादहरू, नाटचकारहरू र सङ्गीत तथा नृत्यकलाकर्मीहरू अघि बढ्दै आजको स्थितिमा आएको देखिन्छ। प्रारम्भमा शाही नेपाली सेनामा र पछि नेपाल प्रहरीमा प्रयोग हुँदै आएको ब्याण्ड प्रणालीले पनि सङ्गीत विधाको उत्थानमा महत्त्वपूर्ण भूमिका पूरा गर्दै आएको छ। २००२ सालमा स्थापित पहिलो नेपाल सङ्गीत महाविद्यालय र २०१४ सालमा नेपाल एकेडेमीको स्थापनाले ता संस्थागत रूपमा सङ्गीत विधाको पठनपाठन र विकासमा मद्दत पुऱ्याएको हामी पाउछौँ।

सङ्गीत भन्नाले गायन, वाद्यवादन र नृत्यकला भन्ने बुझिन्छ। त्यसैले सङ्गीतको अर्थ व्यापक छ। यसको व्यापकताको अर्थ नै हो गायन, वाद्यवादन र नृत्यकलालाई पनि विभिन्न वर्गमा बाँड्न सकिने स्थिति। वास्तवमा भन्ने हो भने यी विधाहरूको विकासमा २००७ सालमा पहिलो पटक स्थापित रेडियो नेपालले अग्रगण्य स्थान रोखेको छ। यसैगरी मा. मित्रसेन, मेलवादेवी, मा. रत्नदास, बटुककृष्ण, उस्ताद गोविन्द आदिले सङ्गीतलाई अघि बढाउनमा पाइला चालेको देखिन्छ। नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, सांस्कृतिक संस्थान आदिले सङ्गीत विधाको उत्थानको लागि नविर्सने गुन लगाएका छन्। पहिलेपहिले

कलकत्तामा गएर रेकर्ड गर्नुपर्ने झन्झट २०१८ सालमा स्वदेशभित्रै रत्नरेकर्डिङ् ट्रस्टको स्थापना भएबाट नै हरायो भने हुन्छ। त्यसैले २०१८ सालपछिको अवधिले सङ्गीतको विकासमा आधुनिक काल ल्यायो भन्न सकिन्छ। त्यसपछि नै सङ्गीतकर्मी, नाटचकर्मी र संस्कृतिकर्मीहरूको सङ्ख्या वृद्धिमात्र नभई यी विधाको संरक्षण र सम्बर्द्धनमा योगदान पुग्न गएको देखिन्छ। परिणामस्वरूप २०३८ साल साउन २ गते म्युजिक नेपालको स्थापना निजीस्तरमा भएपछि सङ्गीतको विकासमा अरू एक पाइला थपिन गएको छ। नेपाली सङ्गीतको विकासका साथै त्यसमा संलग्न स्रष्टा-कलाकारहरूको सम्मान गरेर देशको सामाजिक, आर्थिक र सांस्कृतिक पृष्ठभूमिका गीतसङ्गीतको सिर्जना गर्ने कार्य पनि यसको रहेको देखिन्छ। यति मात्र नभई भाषा, साहित्य, कला र संस्कृतिको उत्थान गर्ने उद्देश्यले ता यसको कार्यक्षेत्रलाई अरू विस्तृत पारेको छ। २०४० साल साउन १ गतेदेखि नियमित रूपमा सञ्चालित यस संस्थाले आफ्नो निजी भवनमै उच्च प्रविधियुक्त स्टुडियोसमेत जडान गरेको देखिन्छ। म्युजिक नेपालको दावीअनुसार टेपमेटिक डिजिटल लूपबिन डुप्लिकेटिङ् युनिटमा विश्व प्रसिद्ध सेडी प्रविधिका साथै अरू उच्चस्तरीय उपकरण जडान गरी अहिले यो एक सम्पन्न सङ्गीत उद्योग हुन गएको देखिन्छ, जसलाई स्वस्तिक इन्डस्ट्रिज र युनाइटेड भिडियोले महत्त्वपूर्ण सहयोग गरेको भन्ने भनाइ छ। हुन त यहाँ १५/२० वर्षभित्र सिम्फोनिक रेकर्डिङ्, मास्टर रेकर्डिङ्, रीमा रेकर्डिङ् आदिले पनि आआफ्ना क्षेत्रबाट क्यासेटहरू उत्पादन नगरेका होइनन् तर यहाँ अर्धसरकारी स्तरमा रत्नरेकर्डिङ् ट्रस्टपछि स्थापित यस म्युजिक नेपालले १८ वर्ष बिताई पहिलो निजी सङ्गीत उद्योग बन्ने सौभाग्य पाएको छ। यस समयावधिभित्र यस उद्योगले सङ्गीतक्षेत्रमा खेलेको भूमिकाबारे संक्षेपमा यहाँ चर्चा गर्नु प्रासङ्गिक हुनेछ भन्ने मलाई लाग्दछ।

म्युजिक नेपालले सुरुमा रत्नरेकर्डिङ् संस्थानका लागि लोक र आधुनिक गीति-क्यासेट उत्पादन गऱ्यो भने कलाकारलाई रोयल्टी प्रदान गर्ने संस्था पनि यो नै पहिलो हुन गएको देखिन्छ। यसरी समयअनुसार रेकर्डलाई क्यासेट एल्बममा ल्याई आधुनिक पाइला चालेको देखिन्छ।

क्यासेट र एल्बमको उत्पादन सङ्ख्यालाई तुलनात्मक दृष्टिले केलाउने हो भने आजसम्म यस संस्थाले सबैभन्दा बढी चार सय ४७ ओटा लोकगीतको एल्बम तयार गरेको देखिन्छ भने दोस्रोमा आधुनिक गीतको तीन सय ८३ ओटा र तेस्रोमा एक सय ८५ ओटा चलचित्र गीति एल्बम तयार गरेको देखिन्छ। यो भन्दैमा यस संस्थाले पपगीत, भजन, प्रहसन, जनगीत र राष्ट्रिय गीतलाई ध्यान नदिएको देखिदैन। यस विधालाई पनि साथसाथै लगेको देखिन्छ। यति मात्र नभई विभिन्न भाषाभाषिकाको पनि ५४ ओटा एल्बम एकातिर तयार गरेको देखिन्छ भने अर्कोतिर गजल, बालगीत र धुन तयार गर्नमा पनि यो संस्था पछि परेको देखिदैन। साङ्गीतिक विधामा पनि यिनीहरूको आफ्नै महत्त्व रहेको हुन्छ। क्यासेट एल्बम तयार गर्नमा मात्र नलागेर आधुनिक प्रविधिलाई समेत अँगालेर सीडी तयार गर्न पनि यो अग्रसर भएको देखिन्छ। उत्पादनको आँकडालाई हेर्ने हो भने यसले आधुनिक गीतको एक सय ८ थान, पपगीतको २४ थान, लोकगीतको २२ थान र विविध विधाको १० थान भीसीडी उत्पादन गरेको देखिन्छ। सीडीमा राष्ट्रिय गीत, भजन र चलचित्रका गीतलाई पनि स्थान दिएको देखिन्छ। यसरी दुई दशकभित्र यस संस्थाले १४१८ थान एल्बम, १७५ ओटा सीडी र १० ओटा भीसीडी उत्पादन भएको देखिनु नेपाली साङ्गीति क्षेत्रमा निश्चय पनि एक उत्साहप्रद कार्य हो भन्न सकिन्छ।


माथि उल्लिखित कार्यबाट प्रेरित भएर म्युजिक नेपालले खाली व्यावसायिक रूपमा मात्र काम नगरेर स्रष्टाहरूलाई उत्प्रेरित गर्ने र प्रोत्साहित गर्ने उद्देश्यले २०५० सालमा एक उदाहरणीय काम गऱ्यो। संस्थानगत रूपमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान र सांस्कृतिक संस्थानले गरेको कार्य त छँदैछन् तर निजी क्षेत्रबाट स्रष्टालाई सम्मान र पुरस्कारको व्यवस्था गर्नु कम महत्त्वको कुरो होइन। यसै सन्दर्भमा आधुनिकगीत, लोकगीत, प्रहसन, चलचित्रका गीत, पपगीत र बिक्रेताको लागि वर्सेनि दिइने 'म्युजिक नेपाल पुरस्कार' नामक पुरस्कार दस बर्षदेखि निरन्तर रूपमा प्रदान गर्दै आइरहेको देखिन्छ। यो यस संस्थाको एक प्रशंसनीय काम हो।

साङ्गीतिक उद्योगमा लाग्नु यसको प्रथम कर्त्तव्य हो तापनि सेवा भावले यस उद्योगले गर्न लागेको दोस्रो काम देखिन्छ साहित्य सेवामा पनि लाग्नु। आदिकवि भानुभक्त आचार्यद्वारा लिखित भावानुवादित रामायणलाई विभिन्न कवि र गीतकारका मधुर स्वरमा छन्दोवद्ध ढङ्गमा क्यासेट रेकर्ड गरी यसले जनसमक्ष ल्यायो। यस्तै नेपाली जनसमाजमा बहुप्रचारित श्रीस्वस्थानी ब्रतकथा, महाकवि लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित र सर्वाधिक चर्चित नेपाली गीति रचना 'मुनामदन' को दुई खण्डा, उनैले लेखेको 'कुञ्जिनी भाग १ र २' तथा 'कोमलगीता' आदि यसले उत्पादन गरेको देखिन्छ भने राष्ट्रकवि माधव घिमिरेको बहुचर्चित 'गौरी' खण्डकाव्यलाई पनि क्यासेटमा रेकर्ड गर्ने काम अन्तिम चरणमा पुगेको भन्ने कुरो बडो प्रसन्नताको बिषय हो भन्न सकिन्छ। साहित्यिक रचनालाई क्यासेको रूपमा उत्पादन गर्ने माध्यमको रूपमा रही साहित्यिक प्रचारप्रसारमा यस संस्थाले थप मद्दत पुऱ्याएको देखिन्छ। साहित्यइतर संस्थाबाट यस्तो अपूर्व सहयोग मिल्नु निश्चय नै हामी नेपालीले गौरव मान्ने कुरो हो।

सांस्कृतिक सम्बर्द्धन परिषद्को गठन यसको तेस्रो कार्य हो। हुन त सांस्कृतिक परिषद्को नामले नै यसको काम स्पष्ट हुन जान्छ तापनि नेपाली लोकसङ्गीत र लोकनृत्यलगायत सांस्कृतिक परम्परा भेषभूषा आदिको संरक्षण, सङ्कलन तथा अनुसन्धान गर्ने उद्देश्य यस परिषद्ले राखेको देखिन्छ। अहिलेसम्मको यसको प्रगति हेर्दा माथि भने झैं यसले थालनी गरेका काममा नेपालका विभिन्न भेगमा रहेका भिन्नभिन्न सम्प्रदायमा गाइने लोकगीत सङ्कलन गरी तिनको चिनारीसहितको एल्बम र उपलब्ध भएसम्मका पुराना गीत सङ्कलन गरी कलाकारको विवरणसहित वर्गीकरण गर्ने र सङ्गीत अभिलेखालय राख्ने काम गर्दै आएको देखिन्छ। अर्कोतिर मा. मित्रसेन, मा. रत्नदास प्रकाश, मेलवादेवी आदिका करिब १०० ओटा गीतहरू सङ्कलन गर्ने काम यस संस्थाले गरेको छ भने गण्डकी क्षेत्रका लोगगीत र लोकधुन सङ्कलन गर्नुका साथै उपत्यकाका तीन जिल्लामा रहेका मन्दिरहरू र सङ्गीत र नृत्यको रेकर्ड र छायाङ्कनको काम पनि यसले

गरिसकेको देखिन्छ । यस परिषद्को कार्य प्रगतिमा यो अभिलेख निश्चय नै उत्साहप्रद देखिन्छ ।

यसरी नेपाली सङ्गीत विधाको उत्थान र संग्रहीकरणका साथै यसको संरक्षण, सम्बर्द्धन र प्रोत्साहन दिने काम गर्नाले देशको साङ्गीति विकासमा म्युजिक नेपालले नबिर्साउने गुन लगाएको छ भन्न सकिन्छ । विशेष गरी सङ्गीत विधाका साथै सांस्कृतिक उत्थानमा लाग्ने जो कोहीलाई पनि गर्व गर्ने विषय यो हुन गएको छ । अहिलेसम्म आइपुग्दा यस्तो कार्यमा लाग्ने संस्था अनगिन्ती भइसकेका छन् तर अग्रगामी पाइलो चाल्ने निजी संस्था खोज्नु पऱ्यो भने म्युजिक नेपालको नाम बिर्सन खोजे पनि बिर्सन गाह्रै पर्ने जस्तो लाग्दछ । आउने दिनहरूमा यसले आफ्नो लक्ष्य प्राप्तमा अरू उन्नति गर्दै जाओस्– यही हामी सबैको शुभकामना छ । अस्तु । ■



के रोजूँ ? साहित्य कि सङ्गीत ?

जयदेव भट्टराई

नातिकाजी, शिवशङ्कर, पुष्प नेपाली, तारादेवी, योगेश वैद्य, नारायणगोपाल, अरुणा लामा, अम्बर गुरुङ, गोपाल योञ्जन, पन्नाकाजी, कालीप्रसाद रिजाल, नगेन्द्र थापा, हरिभक्त कटुवाल, रत्नशमशेर थापा, कोइलीदेवी, कुमार बस्नेत, राम थापा, धर्मराज थापा आदि नेपाली सङ्गीतजगत्ले सम्मानका साथ लिने नाम हुन्। यस्ता व्यक्तिहरूको नाम लिनासाथ रेडियो नेपालको नाम लिनैपर्छ। नाम लिनुको पनि कारण छ। रेडियो नेपालले नेपाली सङ्गीतआकाशमा असङ्ख्य गायक, सङ्गीतकार, गीतकार जन्माएको छ। जन्मेका स्रष्टालाई यथोचित स्थान दिएको छ। रेडियो नेपाल एक्लैले इतिहास थेग्ने, वर्तमान हाँक्ने र भविष्य निर्धारण गर्ने काम

सक्दैन र सम्भव पनि छैन भन्ने कुरो धेरैले अनुभव गरेको हुनुपर्छ। इतिहासका पानाहरू थपिँदै जाने क्रममा सङ्गीतजगत्मा अनेकौं नाम थपिइसके, अनेकौं प्रयोग भइसके वा भनौं आजको सङ्गीत व्यापक भइसक्यो। व्यापकता जतिकै आजको सङ्गीतले स्तर निर्धारण गर्न सकेको छ, छैन त्यो विज्ञहरूलाई नै थाहा होला।


रानूदेवी, मेलवादेवी, रत्नदास प्रकाश आदि हुँदै आजसम्म आइपुगेको सङ्गीतसंसारमा निजी क्षेत्रको आगमन एउटा बेग्लै परिवेश लिएर देखापऱ्यो। पुरानो इतिहास, सरकारी लगानी र प्रसिद्ध बनिसकेको रेडियो नेपालको छेउमै म्युजिक नेपालको आगमन सङ्गीतप्रेमीहरूका लागि सुखद आगमन हुनपुग्यो। नेपाली सङ्गीतक्षेत्रमा आउन तम्सेकाहरू मञ्च खोजिरहेका थिए, स्थापितहरू निरन्तरता चाहिरहेका थिए, नौलो केही गरौं भन्नेहरू पर्खिरहेका थिए। लाग्छ निजी क्षेत्रबाट स्थापित म्युजिक नेपालले यस्ता धेरै प्रतिभाहरूको इच्छा पूरा गरेको हुनुपर्छ। गीत गाएको, सङ्गीत दिएको, गीत रचेको सबैले सुनिदिऊन् भन्ने ठान्छन्, यसबाट यसो सानोतिनो भए पनि आम्दानी होस् भन्ने चाहन्छन्। नेपाली सङ्गीतमा लागेकाहरूले राम्रो आर्थिक उपार्जन गर्ने अवसर म्युजिक नेपालको आगमनपछि नै पाए भन्दा हुन्छ। सङ्गीतलाई पेसा बनाउन असम्भव जस्तै भएको अवस्थामा सङ्गीतलाई राम्रो आम्दानी हुने क्षेत्र बनाउन म्युजिक नेपालले साथ दियो। नेपाली सङ्गीतआकाशमा विविध सङ्गीतलाई समेट्दै म्युजिक नेपालले दिएको योगदान उल्लेख्य छ।

साङ्गीतिक जगत् म्युजिक नेपालको मुख्य आधार भएर पनि नेपाली भाषा-साहित्यप्रति यसले दर्शाएको श्रद्धाभाव र चासो बिर्सन नहुने पक्ष हो। कवि-गीतकारहरूको गीतको रोयल्टी दिने, प्रतिलिपिअधिकारप्रति सचेत गराउने र आवाज उठाउने, साहित्यिक स्रष्टाहरूलाई सम्मान गर्ने, साहित्यिक कार्यक्रम (जीवन) को सञ्चालन, भानुभक्तीय रामायणको प्रकाशन, अनेकौं प्रहसनहरूको प्रकाशन, नेपाली लोकसङ्गीत, शास्त्रीय सङ्गीत, आधुनिक सङ्गीत, भजन आदिको प्रकाशनले पनि प्रस्ट पार्छ, म्युजिक नेपालको भाषा-साहित्यप्रतिको सेवाभाव र चासो। म्युजिक नेपालको संलग्नता, समर्पण र सक्रियता सङ्गीतको संसारमा मात्र

सीमित भएको भए म्युजिक नेपाल सङ्गीतसाधक, सङ्गीतप्रेमी, सङ्गीतकार शब्दस्रष्टा आदि मात्र यससँग सम्बद्ध हुनेथिए, यसप्रति रुचि लिने थिए। म्युजिक नेपालले आफ्नो स्थापना कालदेखि नै मुलुकको भाषा-साहित्य अनि यसका स्रष्टा-साधकहरूप्रति देखाएको सम्मान र समर्पण साँच्चै प्रशंसनीय छ। म्युजिक नेपालका प्रबन्ध-सञ्चालक सन्तोष शर्मा अनि उहाँका सहयोगी, सहकर्मी, सहयात्रीहरूले सङ्गीतसँगसँगै संस्कृति-साहित्यसमेतलाई समेट्दै आफ्नो अनि म्युजिक नेपालको इतिहास बनाउनु भएको छ। त्यसबाटै सहजै अनुमान गर्न सकिन्छ, म्युजिक नेपालको आगामी पाइला अझ व्यापक हुनेछ।

म्युजिक नेपालसँग साइनो गाँस्न खोजे मात्र गाँसिएला नत्र यससँग साइनो यस पङ्क्तिको लेखकको केही छैन। सङ्गीतप्रति आम मानिसमा हुने रुचि आफूमा पनि भएकोले अथवा सङ्गीतप्रेमी भएकोले म्युजिक नेपालसँग साइनो छ भनौं भने यससँग साइनो जोडिनेहरूको सङ्ख्या गनिसाध्य हुँदैन। नेपाली भाषा र साहित्यप्रति म्युजिक नेपालले देखाएको समर्पण र सम्मानको पाटो मात्र सम्झने हो भने पनि साहित्यमा केही गरौं भन्ने भावना भएको नाताले म्युजिक नेपालसँग साइनो गाँसिएको हो। माथि नै भनियो सङ्गीतलाई मूल आधार बनाए पनि म्युजिक नेपालले साहित्यलाई पनि सम्झिएको छ भनेर। साहित्यसँगको साइनो गाँसिए पनि सङ्गीतप्रतिको म्युजिक नेपालको सेवाभाव-साइनो नजोडे पनि निर्धक्क भएर भन्नैपर्छ म्युजिक नेपालले राम्रो गरेको छ!

साहित्य एवं सङ्गीतमा सक्रिय व्यक्तित्व आदरणीय रमण घिमिरेको पत्र पाउँदा मलाई साहित्य रोजौं कि सङ्गीत भन्ने द्विविधा भएको थियो। म्युजिक नेपालले रोजेजस्तै यसपालि थोरै भए पनि दुवै पक्ष रोज्न सकियो सन्तोष यसैमा छ। एउटा समर्पित संस्थाको सत्प्रयासको सफलताको शुभ-कामना। ■



नेपाली सङ्गीतबारे

जयनन्द लामा

ब्रह्मा, विष्णु, महेश्वरलगायत देवीदेवताहरू छेगु, लुङ्गु, टुल्कुदेखि थुप्रै ल्हा: र हुङ्गै राजा-रानी, जय सिङ्गे राजा, हेमैती रानी, लेख, रचना, ग्रन्थ, किम्बदन्त, धर्म, सांस्कृतिक, परम्परा, रीतिरिवाज, रहनसहन, विभिन्न जातजाति, चाडपर्व, घाँसदाउरा, मेलापात र नेपालको भौगोलिक बनावट र अन्य मूलको दाँजोमा मेरो अध्ययन-अनुसन्धानमा विश्वको सङ्गीत विविधताभित्र नेपाली सङ्गीतमा एउटा उत्कृष्ट सङ्गीतको पहिचान पाएको मैले अनुभव गरेको छु। विश्वको सङ्गीतइतिहासमा नेपाली सङ्गीतले शान्तिपूर्ण र स्वतन्त्रतापूर्वक आफ्नो स्थान सुरक्षित राखेको पनि पाउँछु। यस पृष्ठभूमिमा नेपाली सङ्गीतको विकासको

लागि राष्ट्रिय नीति निर्माण, राज्य प्रशासन, सङ्घसंस्था, सम्बन्धित क्षेत्रका व्यक्तिहरूले यो कुरा बुझ्नु जरुरी छ– नेपालीको नेपालीत्व, नेपाल र नेपालीको पहिचानको ध्वनि हो। नेपाली सङ्गीतको संरक्षण, संवर्द्धन र विकासका लागि नीति निर्माण गर्दा यस क्षेत्रका विशेषज्ञ, अनुभवी, त्यागी र गन्यमान्य व्यक्तित्वहरूको सरसल्लाह अनुसार श्री ५ को सरकारको तर्फबाट एउटा छुट्टै निकाय खडा गर्नुपर्ने आवश्यकता देखिन्छ।

नेपाली सङ्गीतमा भएको कमी-कमजोरी, विकृत्तिलाई सुधार्न र भारतीय शास्त्रीय सङ्गीत (Eastern Classical Music) पश्चिमी शास्त्रीय सङ्गीत (Western Classical Music) जस्तै शास्त्रमा बाँध्नु नेपाली सङ्गीतलाई पनि अत्यन्तै आवश्यक देखिएको छ।

भारतीय शास्त्रीय सङ्गीत होस् वा पश्चिमी शास्त्रीय सङ्गीत होस् शास्त्र तैयार पार्न आवश्यक साङ्गीतिक विषय छोटकरीमा यसप्रकार छन्– जस्तै– ऋतु, वर्ण, ध्वनि, नाद, स्थान, स्वर, चल र अचल, शुद्ध र विकृत्ति, कोमल र तीव्र, मन्द, मध्य र तार, वर्ण, स्थायी, आरोह, अवरोही, अलङ्कार, जाति, वादी, सम्वादी, अनुवादी, वर्जित, पकडा, अलाप, सरगम, स्थायी, अन्तरा, लय, विलम्बित, मध्य, द्रूत, मात्रा, ताल, विभाग, सम, ताली, खाली, ठेक्का, दुगुन, चौगुन इत्यादि। नेपाली सङ्गीतमा आफ्नो छुट्टै पहिचान हुँदाहुँदै पनि यसप्रति सम्बन्धित निकायको चासो भने केही देखिन्न खालि यसलाई भाषण र नारामा मात्र सिमित रहेको देखिन्छ।

नेपालबाहेक अन्य मुलुकमा अञ्चल, जिल्ला, प्रान्तप्रान्तमा र केन्द्रमा समेत विशेष व्यक्तित्वहरूलाई मानसम्मानका साथ मनोनयन गरी आफ्नो देशको साहित्य, कला, सङ्गीतलाई समेटेर सङ्गीत- कला विभाग गठन गरी आआफ्नो देशको सङ्गीत कलाको विकास गरेको हामीले देखिराखेका छौं भने बहुभाषी, बहुजाति, बहुधर्म, बहुसंस्कृति भएको हाम्रो मुलकमा नेपाली सङ्गीतमा झिनो विकास पनि भएको पाउँदिन। मेरो अध्ययन-अनुसन्धानमा भारतीय शास्त्रीय सङ्गीत र पश्चिमे शास्त्रीय सङ्गीतमा जस्तै नेपाली सङ्गीतमा पनि केही कमी म पाउँदिन, किनभने हाम्रो

देशमा पनि छुट्टै किसिमको गीतसङ्गीत पाउँछु जस्तै बाह्रमासे सङ्गीत, ऋतु ध्वनि आदि सम्पूर्ण शास्त्रीय सङ्गीतमा हुनपर्ने आवश्यक साङ्गीतिक विषय र सामग्रीहरू मात्र नभएर थप हाम्रो देशको भौगोलिक बनावट विभिन्न जनजाति बसोबास गरेको धर्म, संस्कृति, परम्परा, देवीदेवता, राजारानी विभिन्न किम्बदन्त रीतिरिवाज, चाढपर्व, मेलापात, घाँसदाउरा परिचित छन्। यस्तै विभिन्न जनजातिहरू जस्तै– किसान, कुमान, गन्गाई, गुरुङ, चेपाङ, छन्त्याल, जिरेल, झाँगड, ताजपुरिया, तामाङ, वाङ्वे, तोप्केगोला, थकाली, थामी, थारु, दनुवार, दराई, दुरा, धिमाल, नेवार, पहरी, बरामु, बोटे, भुजेल, भोटे, मगर, माझी, मुगाल, मेचे, याक्खा, लिम्बू, राई, राजवंशी, राजी, लाप्चा, लार्के, वालुङ, सिसावा (ल्होमी) शेर्पा, शौका, सिचार, सुनुवार, हायु, ह्योल्मो, मार्फाली, थकाली (तीन गाउँले) डोल्पो, क्षेत्री, ब्राह्मणलगायत तमाम जातिहरूको साङ्गीतिक अध्ययन र अनुसन्धानले हामी नेपाली अरु क्षेत्रमा जे जस्तो भए पनि साङ्गीतिक क्षेत्रमा अत्यन्तै धनी छौं र यसलाई शास्त्रमा परिणत गर्न अथवा शास्त्रमा बाँधिन कुनै कमी म देख्दिन। अन्तर्राष्ट्रिय स्तरमा नेपाली सङ्गीतको विकास हुन्छ भन्ने मलाई लाग्छ। यस्तो महत्त्वपूर्ण कार्यमा सम्पूर्ण नेपाली एक भई नेपली सङ्गीतको अस्तित्व जोगाउनु हाम्रो परम कर्तव्य भएको छ, नत्र भने हाम्रो भावी पुस्ताले हामीलाई सराप्ने छ।

अन्त्यमा म्युजिक नेपालको २० वर्षे लामो कार्यकाललाई शुभकामना, साङ्गीतिक पत्रिकाको निरन्तरता रहिरहोस् भन्ने उत्तरोत्तर प्रगतिको शुभकामनाका साथ मेरो छोटो स्वतन्त्र अभिव्यक्ति यहि पूरा गर्दछु। धन्यवाद !

लोकन्थली, भक्तपुर

■



यसरी जिउँदो इतिहास कोर्दैछ

टीका भण्डारी

नेपाली सङ्गीतका सारथि एवं पारखीहरूका लागि अत्यन्त खुसीको समाचार थियो, म्युजिक नेपालको स्थापना। जुनबेला मुलुकमा गीतसङ्गीत रेकर्ड गर्ने कुनै निजीस्तरका संस्थाहरू थिएनन्, कलाकारहरू न्यून सङ्ख्यामा थिए, सङ्गीत व्यवसायको विषय बन्न सकेको थिएन, आक्कल-झुक्कल केही नेपाली गीतहरू कलकत्तामा रेकर्ड गरिन्थे, नेपाली साङ्गीतिक क्षेत्रका कलाकारहरूका लागि सबैभन्दा मार्मिक एवं गहुङ्गो चुनौती थियो आर्थिक विपन्नता। मुलुकको एकमात्र रेडियो सञ्चार माध्यम रेडियो नेपालमा गीत रेकर्ड गराउन महिनौं कुर्नु पर्थ्यो डेट पाउनका लागि। नेपाली सङ्गीतको बजारमा हिन्दी फिल्मीगीतहरूले

चर्चा पाइरहेका थिए, नेपाली गीतसङ्गीतहरू विदेशी गीतसङ्गीतको चपेटामा निसासिएको अवस्थामा सांस्कृतिक अतिक्रमणको सिकार बनिरहेका थिए। यस क्षेत्रलाई राष्ट्रियरूपमा संस्थागत संरक्षण, सम्बर्द्धन र विकास गर्ने दायित्व बोक्ने संस्थाको साँच्चिकै अभाव खटकिएको थियो। यस्तो विकट अवस्थामा साङ्गीतिक क्षेत्रमा देखिएका समस्यैसमस्याको गर्भबाट स्तरीय गीतसङ्गीत दिएर जनताको मन जित्न, विदेशी सङ्गीतको अतिक्रमण रोक्न, स्रष्टाहरूलाई उच्च सम्मान दिन, 'स्रष्टा-कलाकारहरूको सम्मान गरौं : राष्ट्रलाई सम्वृद्ध बनाऔं' भन्ने महान् उद्देश्य लिएर जन्मिएको त्यो म्युजिक नेपाल आजको विकसित अवस्थामा आइपुग्नु नै सबै सङ्गीत-कर्मीहरूका लागि सुखद क्षण एवं समाचारकै विषय नै बनेको छ।

नेपाली आधुनिक सङ्गीत नै हाम्रो सङ्गीतको मूलाधार बन्न पुगेको परिप्रेक्ष्यमा यसको वास्तविकता बुझ्ने, स्तरीयता र विशिष्टता कायम गर्ने कार्य स्तरीय उत्पादन दिने संस्थाहरूबाट मात्रै सम्भव थियो। यस मार्मिकता एवं सम्वेदनशीलतालाई आफ्नो जन्मकालदेखि नै यस संस्थाले आत्मसात् गर्दै आइरहेको देखिन्छ। आदिकवि भानुभक्त, महाकवि लक्ष्मीप्रसाद देवकोटा, गोपालप्रसाद रिमाल, सिद्धिचरण श्रेष्ठ, हरिभक्त कटुवाल, अगमसिंह गिरि, भूपि शेरचन, ईश्वरवल्लभ आदि जस्ता अग्रज एवं अगग्गै साहित्यिक धार बोकेका स्रष्टाहरूदेखि लिएर क्षेत्रप्रताप अधिकारी, कालीप्रसाद रिजाल, दिनेश अधिकारी, कृष्णहरि बराल, रमण घिमिरे आदि हुँदै युवा पुस्ताका श्रवण मुकारुडसम्मका गीतहरूलाई आफ्ना उत्पादनमा समेट्नु यस संस्थाको प्रशंसनीय पक्षको रूपमा स्वीकार गर्नुपर्ने हुन्छ। स्तरीयताकै सवालमा नेपाली सङ्गीतमा एउटा बेग्लै पहिचान र विशिष्टता प्रदर्शन गरिसकेका अम्बर गुरुङ, नातिकाजी, शिवशङ्कर, गोपाल योञ्जन, कोइलीदेवीदेखि लिएर नयाँ युगको साङ्गीतिक नेतृत्व हाँकिरहेका शम्भुजित वासकोटा, शक्तिवल्लभ आदि हुँदै न्ह्यू वज्राचार्य, राजु सिंह, आलोकश्री आदिका सङ्गीतहरूलाई समेत म्युजिक नेपालले आफ्नो उत्पादनको केन्द्रविन्दु बनाएको छ।

सायदै कुनै गायक-गायिका होलान् जसले म्युजिक नेपालबाट आफ्नो स्वर अझै श्रोता समक्ष पुऱ्याउन नभ्याएका हुन्। आधुनिक, लोक, पप,

दोहरी आदि सबै क्षेत्रमा यसले लोकप्रियता विस्तार गरेको पाइन्छ। स्वरहरूका सम्राट नारायणगोपाल, स्वरकिन्नरी तारादेवी, अरूणा लामा आदि हुँदै आजको पुस्ताको प्रतिनिधित्व गरिरहेका रामकृष्ण ढकाल, यम बराल, आनन्द कार्की, सपनाश्री, लोचन भट्टराई, राजु लामा आदि जस्ता सबै गायकगायिकाहरूको सबैभन्दा विश्वासिलो र भरपर्दो संस्था बन्न सक्नु म्युजिक नेपालको आफ्नै लोकप्रियता नै हो, इमान्दारी नै हो अनि उत्पादन विशिष्टता नै हो। '१० दिन लगाएर एउटा गीत रेकर्ड गर्नुपर्छ' भन्ने मान्यता लिएका नारायणगोपाल 'सङ्गीत मनोरञ्जनको साधनमात्र होइन आत्मरञ्जनको, आत्मशुद्धिको सही बाटो पनि हो' भन्ने धारणा राख्ने अग्रज स्रष्टा अम्बर गुरुङ जस्ता विशिष्ट साधकहरूका लागि पनि साङ्गीतिक योगदानको क्षेत्रमा प्रशंसित नै रह्यो म्युजिक नेपाल।

सांस्कृतिक धरोहरका रूपमा बढी चर्तित नेपाली लोकसङ्गीतको विकासमा यस संस्थाले खेलेको भूमिकाको प्रशंसा जति गरे पनि थोरै नै हुन्छ। यस क्षेत्रमा यसले एउटा सिङ्गो इतिहास नै पार गरिसकेको छ। लगभग ४५० जति विभिन्न लोकगीतका क्यासेट उत्पादन गरिसकेको म्युजिक नेपालले यस विधालाई व्यापारको विषय मात्र बनाएको देखिँदैन। इतिहासको गर्भभित्र लुकिसकेका मेलवादेवी, सेतूराम, मिस प्रभा, मा. मित्रसेन, मिस हीनादेवी, ओस्ताद साइँलाजस्ता ऐतिहासिक लोकजीवनका ख्यातिप्राप्त स्रष्टाहरूका स्वरहरूलाई नयाँ पुस्ताका सुरिला आवाज भएका गायकगायिकाहरूमार्फत् स्वराङ्कन गराई लोपोन्मुख लोकसङ्गीतलाई जीवित राख्ने सत्कर्म गरेको छ। लोकसङ्गीतको सवालमा बहुभाषी, बहुसांस्कृतिक एवं बहुधार्मिकता भएको हाम्रो जस्तो मुलुकमा प्रचलित अनेकौं किसिमका मौलिक धुनहरूका गीति एल्बमहरू लोकप्रिय कलाकारहरूमार्फत् जनतामा पुऱ्याउने कार्यले लोकसङ्गीतको विकासमा यो संस्था सफल रहेको मान्नैपर्ने हुन्छ।

कोठे लोकगीतहरूलाई भन्दा गामबेसीका प्रचलित ऋर्रा लोकसङ्गीतलाई मौलिक र आफ्नोपनले सजिएका लोकगीतहरूलाई प्राथमिकताका साथ उत्पादन गर्ने कार्यले म्युजिक नेपाललाई सांस्कृतिक दायित्व बोकिरहेका एउटा जिम्मेवार संस्थाको रूपमा उभ्याएको त छँदैछ, मुलुकको लोकसङ्गीतको

विकासप्रतिको यस्तो अभीष्ट र दायित्वलाई समेत स्पष्ट रूपमै बुझ्न सकिन्छ ।

अनियमित बजारतन्त्र भएको हाम्रो मुलुकमा नियमित बजार व्यवस्था गर्नु जति चुनौती र कठिनाइको कुरो हो, अस्वस्थ प्रतिस्पर्धा हुने नेपाली बजारमा स्वस्थ एवं गुणस्तरीय गीतसङ्गीतको उत्पादन र बजार व्यवस्थापन गर्ने कार्य त्यत्तिकै चुनौतीपूर्ण कुरो हो । यस किसिमका चुनौतीहरू पार गर्दै म्युजिक नेपालले अग्रपङ्क्तिमा रहेरै आफ्नो सेवा पुऱ्याइरहेको पाइन्छ । उत्कृष्टता नै आजको युगको आवश्यकता र चाहना हो, मौलिकता र आफ्नोपन नै हाम्रो चिनारी एवं पहिचान हो भन्ने राष्ट्रिय भावना एउटा व्यावसायिक संस्थाको मनभित्र हुनु निश्चय नै प्रशंसनीय कुरो हो ।

आज गीतसङ्गीतका नाउमा जसरी पनि चर्चित बन्नुपर्छ भन्ने चिन्तनबाट रातारात लोकप्रिय बन्न खोज्ने, सञ्चारमाध्यमहरूलाई सामदामको प्रयोगले आफ्नो नियन्त्रणमा राख्दै अर्थहीन चित्कार र आक्रोशयुक्त गीतसङ्गीतले स्वस्थ सङ्गीतको बजारलाई प्रदूषित तुल्याउनेहरूको सङ्ख्या पनि कम छैन । यस किसिमको अस्वस्थ साङ्गीतिक प्रतिस्पर्धा र प्रवृत्तिबाट आफूलाई पृथक राख्नुलाई म्युजिक नेपालको अर्को सकारात्मक पक्ष मान्नु पर्दछ ।

देशको सामाजिक सांस्कृतिक मान्यताअनुरूप सिर्जित गीतसङ्गीतले मात्र आफ्नो भाषा, साहित्य, कला, धर्म र संस्कृतिको उत्थान गर्नसक्छ एवं विदेशी सञ्चारमाध्यमहरूको बढ्दो प्रभुत्वका कारण आयातीत संस्कृतिलाई विस्तापित गर्नसक्छ, सांस्कृतिक अस्तित्व जोगाउन सक्छ र नेपाल र नेपालीलाई गीतले नै पनि चिनाउन सक्छ । यो जिउँदो यथार्थलाई म्युजिक नेपालले राम्ररी बुझेको प्रतीत हुन्छ ।


स्रष्टाहरूको सम्मान नभएसम्म राष्ट्रको पनि सम्वृद्धि हुनसक्दैन भन्ने गहन सोचबाट अभिप्रेरित भई विभिन्न विधामा सर्वोत्कृष्टता हासिल गरेका कलाकारहरूलाई सम्मान गर्न, एवं उनीहरूको व्यावसायिक एवं सिर्जनशील शिर उँभो पार्न स्थापित 'म्युजिक नेपाल पुरस्कार'ले स्रष्टाहरूमा आत्मस्वाभिमान, प्रेरणा र हौसलाको वातावरण सृजना गरेको

पाइन्छ। बेष्ट क्यासेट सेलिङ्को आधारमा दिइने यस किसिमको सिर्जनशील पुरस्कार उत्कृष्टताका लागि स्वस्थ प्रतिस्पर्धा गर्ने कलाकारहरूको सफलतामा एउटा नयाँ साङ्गीतिक आधार स्तम्भ नै बन्न पुगेको छ।

'साहित्य विनाको सङ्गीत पानी भित्रको निर्जीव माछो' भन्ने सार्थक भनाइलाई म्युजिक नेपालले राम्ररी बुझेको पाइन्छ। मूलतः साङ्गीतिक उद्योगको रूपमा स्थापित भएता पनि सङ्गीतको मूल्य र मर्मलाई उजिल्याउन भानुभक्तको रामायणलाई क्यासेटमा उत्पादन गरी प्रकाशित गर्नु, श्रीस्वस्थानी व्रतकथा, मुनामदन, कुञ्जिनी, कोमलगीता आदि प्रकाशित गर्नु राष्ट्रकवि माधव घिमिरेलगायतका कवि तथा साहित्यकारहरूका कविता गीत-कविताहरूलाई उच्च प्राथमिकता दिएर आफ्ना उत्पादनमा समेट्नु यसको ज्वलन्त उदाहरणमा लिन सकिन्छ।

लोपोन्मुख अवस्थामा विद्यमान रहेका लोकसङ्गीतहरूको संरक्षण गर्न स्थापित सांस्कृतिक सम्बर्द्धन परिषद्को स्थापनाले म्युजिक नेपाल अब व्यावसायिक मात्र नभएर सिङ्गो नेपाली सङ्गीतकै वर्तमान् र भविष्यको बारेमा अध्ययन अनुसन्धान गर्ने गम्भीर दायित्व बोकेको संस्थाको रूपमा परिणत भइरहेको मान्न सकिन्छ। गामबेसी र पाखापखेराहरूमा गाइने जातीय लोकसङ्गीत सङ्कलन गरी तिनलाई साङ्गीतिक रूपबाटै समाजमा स्थापित गराउने तथा त्यस्ता परम्परागत एवं मौलिक सिर्जना दिने कलाकारहरूको अभिलेख राख्ने कार्यको सुरुवातले म्युजिक नेपाल अब कलाकारहरूको इतिहास मेटिनु हुन्न लेखिनुपर्छ भन्ने भावनाका साथ प्रस्ट रूपले अघि बढेको देखिन्छ। कलाकारहरूको सृजनात्मक हकअधिकारलाई कानुनी रूपमै स्थापित गर्न यसले प्रतिलिपि अधिकारका लागि जीउज्यानै दिएर खेलेको भूमिकाका कारण सिङ्गो नेपाली सङ्गीतकै इतिहासमा म्युजिक नेपालको नाउ अब स्वर्णिम अक्षरले कोरिन पुगेको छ। नेपाली कलाकारहरूको आत्मसम्मान बढाउन रोयल्टी दिने पहिलो संस्था बनेर यसले एउटा अभिभावक एवं मार्गनिर्देशक संस्थाको रूपमा समेत आफूलाई स्थापित गरेको छ। यसका लागि सङ्गीतकर्मीहरू एवं कविकलाकारहरूले म्युजिक नेपाललाई जति नै धन्यवाद र स्याबासी दिए पनि सायद कमै होला।

यसरी आजको सुखद क्षणमा आइपुगेको म्युजिक नेपाललाई नजिकबाट नियाल्दा लाग्छ यो एउटा व्यावसायिक संस्था मात्र होइन र मुनाफाका लागि व्यापार गरिरहेको क्यासेट कम्पनी मात्र पनि होइन, नेपाली सङ्गीत, साहित्य, कला, धर्म र सांस्कृतिक सम्पदाहरूको मूल्यमान्यताको विकासका लागि स्रष्टा-कलाकारहरूकै स्नेह र सहयोगबाट नै स्थापना भएको सांस्कृतिक निकाय हो। बरू सरकारी राजस्वले धानेका कतिपय सांस्कृतिक संस्थाहरू आफ्नो दायित्वबाट कतै बिचलित भएका होलान् तर म्युजिक नेपाल अनवरत रूपमा नेपाली सङ्गीत र संस्कृतिको उत्थान र विकासका लागि डटेर एवं खटेर लागि परेको देखिन्छ। निजीस्तरबाट सञ्चालित यस किसिमका संस्थाहरूको मूल प्रतिनिधि बनेर यस क्षेत्रमा राष्ट्रिय दायित्व निर्वाह गर्ने एकमात्र संस्था बन्न पुगेको छ, म्युजिक नेपाल। ■



गीत–सङ्गीत : मानवको अपरिहार्य तत्त्व

डा. तुलसी भट्टराई

"पूर्वीय जगत्को मान्यताअनुसार सङ्गीतको प्रथम स्रष्टा स्वयम् महादेव शिव हुन्। शिवले राम, रागाङ्ग, भाषाङ्ग, क्रियाङ्ग एवं उपाङ्गसहित गानविद्या सर्जन गरे। संसारको सृष्टिक्रममा गीत गायनसहित ताण्डवनृत्य गरेका थिए। कालान्तरमा शिवजीले देवर्षि नारदलाई यो गानविद्या सिकाए। अनि पृथ्वीका मनुष्यहरूको कल्याणका लागि सङ्गीतविद्या फैलाउन नारदलाई पठाए। नारदले मनुष्यजगत्मा प्रचारप्रसार गरेका थिए। त्यसपछि सङ्गीत मनुष्यलोकको महत्त्वपूर्ण सम्पत्तिका रूपमा स्थिर एवं व्यापक भयो।"

- शास्त्रीय भनाइका आधारमा विचार गर्दा पनि गीत-सङ्गीतको

अत्यधिक महत्त्व देखिन्छ। सामाजिक, व्यावहारिक पक्षमा मूल्याङ्कन गर्दा मानवजगत्का लागि नभइनहुने अत्यन्तै आवश्यक विषय हो भन्न सकिन्छ।

- गीतको सम्वद्ध रचनाविशेषसँग छ भने गीतमा रहने गेयपक्षलाई सङ्गीतका माध्यमबाट श्रोतासम्म पुऱ्याइन्छ।
- स्वर र सुर- दुवै भगवान् शिवबाट उत्पन्न भएको मान्ने शास्त्रीय परम्परा आज पनि छ। विशेषत: देवी, देवता वा ग्रहनक्षत्रलाई खुसी पार्न अथवा आध्यात्मिक शान्ति पाउन शास्त्रीय गीत, भजन, कीर्तनहरू गाइन्छ। यस्ता गीतमा व्यक्तिगत इच्छा, भावना, राग, प्रेम, श्रृङ्गारपरक विषय रहँदैन। धर्म, भक्ति, वैराग्य वा देव आराधनासँग सम्वद्ध गीतको प्रधानता रहन्छ।
- आजको नेपाली जनजीवनमा पनि शास्त्रीय गीतपरम्परा प्रचलित रहेकै छ। भौतिकता र उपभोक्तावादले ग्रस्त समाजमा पनि शास्त्रीय परम्परा छुटेको छैन। प्राय: सबै जातिमा आफ्ना धर्म, परम्परा र आस्थागत आधारमा यो प्रचलित छ।
- गीत- गाउनका निम्ति रचिएको लयात्मक र सुललित पद्य रचना।
- सङ्गीत- लय, ताल र वाद्यवादनसँग गाइने गीत र स्वरतालयुक्त मधुर गायन। नृत्य, गीत र वाद्यवादनको मेल।
- गीत- व्यक्तिको भावनाबाट प्रेम उत्पन्न हुन्छ। प्रेमबाट आनन्द अनुभूति हुन्छ। आनन्दको चरमविन्दुबाट गीतको सृष्टि हुन्छ।
- सुख-दु:खको भाव र भावावेश-अवस्थामा निश्चित, सरल र सुवोध शब्द संयोजन गरेर स्वरसाधनाका निम्ति उपयुक्त हुने पदावली सिर्जना गर्नु गीत मानिन्छ।
- गीतलाई गायनमा पुऱ्याउने माध्यम सङ्गीत हो।
- मनको पीडा असह्य भएपछि रोएर, कराएर पनि शान्ति मिल्दैन। त्यस्तो कठिन बेलामा शान्ति र स्थिरता प्रदान गर्ने साधन एउटै मात्र हुन्छ- त्यो हो सङ्गीत।
- घाइते हृदयको अचुक औषधि सङ्गीत हो। मधुर सङ्गीतले आत्माको ताप समेत शान्त पार्दछ। सङ्गीतमा क्रूर र कठोर

हृदयलाई पनि पगाल्ने शक्ति हुन्छ ।

- सङ्गीत मानवको विश्वव्यापी भाषा हो ।
- आधुनिककाल भन्नाले व्यक्तिगत स्वतन्त्रता, अतीतको गौरवप्रति आस्था एवं राष्ट्रिय चेतना र जागरणकाललाई मानिन्छ ।
- हुन त जानिफकारहरूले भन्दै आएका छन्- आधुनिकताको कुनै परिभाषा हुँदैन र परिभाषा छैन पनि । आधुनिकता भनेर छलफल गर्नु, सीमा बाँध्नु केवल बुद्धिविलास हो । एउटा भ्रम हो । मान्छे त्यसैमा कुद्ने र रम्ने गर्छ ।
- वास्तवमा समय कहिल्यै आधुनिक र प्राचीन हुँदैन । समकालीन जनताको मन जुन कुरोले जित्न सक्छ, रमाउन, छुन सक्छ त्यही नै समसामयिक र आधुनिक ठहर्छ ।
- त्यसकारण शास्त्रीयगीत-सङ्गीत, लोकगीत, आधुनिक मानिने गीत वा पप-डिस्कोका नाममा गाइने सबैखाले गीत आधुनिक हुन् । कुनै पनि प्राचीन र नवीन भन्ने हुँदैन ।
- विज्ञहरूले के भनेका छन् भने प्राचीन-पुरानो त्यो मात्र हुन्छ- जुन कुरो समाजमा प्रचलित हुन छोड्छ, अव्यावहारिक र असामयिक ठहर्छ अथवा पुरातत्वमा गनिने विषय बन्छ त्यो मात्र प्राचीन हो ।
- वृद्ध पुस्ताका लागि शास्त्रीय गीत, वयस्कका निम्ति लोकगीत आधुनिक गीत अथवा किशोर-युवा पुस्ताका लागि-पप-डिस्को भनेर विभाजन गर्नेहरू पनि छन् । यथार्थ यस्तो होइन । गीत-सङ्गीत भन्ने तत्वमा पुस्ता छुट्टिदैन । बालकदेखि वृद्धसम्म सबैलाई मुग्ध बनाउने, आकर्षित पार्ने क्षमता हुन्छ । राम्रो गीत-सङ्गीतमा पशुपक्षीसमेत रमाउँछन् ।
- लोकगीत- जनसमाजमा परम्परादेखि गाउँदै र चल्दै आएको गीत । ऱ्याउरे, रसिया, कर्खा, सोरठी, सिलोक आदि दर्जनौ प्रकारका लोकगीतहरूको परम्परा छ- नेपाली संसारमा । विभिन्न जातजाति, समुदायहरूमा युगौंदेखि चलिआएको परम्परा हो ।
- नेपाली जगत् लोकगीतमा समृद्ध छ । लोकगीतमा व्यक्ति इच्छा, भावना, दुःख, सुख, पीडा, वेदना एवं मायाप्रीति, श्रृङ्गारिक भाव

आदि समेटिएको हुन्छ। धर्म, इतिहास, सामाजिक चालचलनका पक्षसमेत लोकगीतले समेटेको हुन्छ। लोकगीत एकप्रकार नेपाली संस्कृतिको वाहक पनि हो।

- लोकगीत पूर्णरूपमा मौलिक हो। नेपाली संस्कृति, जनरुचि, अनुभूतिको प्रतिनिधित्व गर्ने लोकगीतमा आफ्नै परम्परा र पहिचान छ। अधिकांश लोकगीतहरू जनजीवनमा परम्परागत रूपबाट प्रचलित हुँदै आएका हुन्छन्। रचनाकार हुँदैन रचनाकार अज्ञात हुन्छ।
- तर लोकगीतहरू बटुलेर संयोजन गर्ने काम संस्कृतिविद्हरूले गरेका छन्। लोकगीतको अवस्था र वर्गीकरणका आधारमा मूल्याङ्कन गरिएका छन्।
- लोकगीतलाई पहिलोपल्ट सामाजिक मूल्य-मान्यता दिलाउने क्रममा संयोजन गर्नेहरूमा गोर्‍या सिरस र मानवीर खत्रीको नाम देखापर्छ। समीक्षकहरूले उल्लेख गरेका यी व्यक्तिहरू भानुभक्तकै समकालीन थिए। लोकगीत पनि साहित्यभित्रकै एउटा अङ्गका रूपमा स्थापित भइसकेको छ।
- तर लोकगीतले सामाजिक मान्यता भर्खरै मात्र भनौं आधाशताब्दीयता पाएको हो। चाँचरी, चैतेगीत, सवाइ, लहरी साहित्य हुँदै ग्याउरेका रूपमा समृद्धि पायो लोकगीतले।

"झुल्के घाम रेसमको खास्टो ओढाइदिन्छौं
कोरीबाटी नदीनाला चुल्ठी लर्काइदिन्छौं।"

- श्री धर्मराज थापा लोकगीतका संयोजक र स्वयं गायकका रूपमा नेपाली संसारमा प्रख्यात भए। नेपाली लोकगीतलाई नेपाली जनजीवनमा व्यापक बनाउनेमध्ये धर्मराज थापा अग्रणी हुन्। उनीभन्दा अघि लोकगीतका संयोज र सर्जक भनेर व्यवस्थित रूपमा नाम लिइदैन थियो।
- व्यवस्थित रूपमा गाउने साधन- रेडियोको स्थापना पनि २००७ मा मात्रै भएको हुनाले त्यसअघि लोकगीत वा शास्त्रीय गीत वा आधुनिक कुनैको पनि प्रचलन थिएन।

- दरबार र महलतिरका सम्भ्रान्त कहलिनेहरूले मात्र मनोरञ्जनको साधन बनाइने गरेको गीत-गायनपरम्परा सार्वजनिक रूपमा व्यवस्थित थिएन। विभिन्न जाति-समुदायहरूले आफ्ना परम्परागत ढङ्गबाट गाउने नाच्ने गर्थे। मेलापात, चाडपर्व र सामाजिक कार्यक्रमका अवसरमा आ-आफ्ना स्थानीय वाद्यसाधन र ज्ञानस्रोतअनुसार काम चलाउथे, रम्थे।
- राजधानीभित्र रेडियो स्थापना भएपनि धेरै वर्षसम्म यसको व्यापकता थिएन। जिल्ला सदरमुकामका हाकिम र ठूलाठालूसम्म सीमित थियो। ग्रामोफोनहरूबाट कहिलेकाहीं गीतहरू सुनेपनि गीत-सर्जक-सङ्कलकबारे थाहा पाइदैन थियो। सर्जकको महत्त्व भेटिदैन थियो।
- गीत-सर्जकको महत्त्व र मूल्याङ्कन यताका दिनमा मात्र हुनथालेको छ। डेढ दशक मात्रै हुँदैछ- विशेष महत्त्व दिएर स्रष्टाको नाम लिन थालिएको। अरु भन्नुपर्दा- श्री सन्तोष शर्माको सक्रियता र अगुवाइमा स्थापित र सञ्चालित म्युजिक नेपालका साङ्गीतिक उत्पादन र कार्यक्रम जनसमक्ष आएपछि गीतकारहरू पनि सम्मानित हुन थालेको कुरो जगजाहेर छ।
- म्युजिक नेपालको अग्रसरताकै कारण रेडियो नेपाल, एफ.एम., रेडियो, टीभी र अन्य निजी क्षेत्रका साङ्गीतिक संस्थाहरूले पनि स्रष्टाको खोजी गर्न थालेका छन्। गायकको मात्रै चर्चा हुने परम्परा अब छैन र रचनाकारका नामबाट पनि गीत प्रचलित हुनथालेका छन्। रचनाकार-गीतकारहरूका नामबाट गीति एल्बमहरू निस्कन थालेका छन्।
- सन्तज्ञान दिलदासहरू, महाकवि देवकोटाहरू, श्यामदास वैष्णव, माधव घिमिरे अगमसिंह गिरी, दानियल खालिङ, जनार्दन सम, मवीवि शाह, जी शाह, नीरविक्रम प्यासी, हरिभक्त कटुवाल, रत्नशमशेर थापा, कालीप्रसाद रिजाल, दिनेश अधिकारी, भीमदर्शन रोका, नरेन्द्र कुमाइ, तारिणीप्रसाद कोइराला, भैरवनाथ रिमाल, भूपी शेरचन, छिन्नलता, कृष्णप्रसाद पराजुली, डा. राममान तृषित, प्रेमविनोद नन्दन, लक्ष्मण लोहनी, क्षेत्रप्रताप अधिकारी, वैरागी काइँला, भीम

विराग, रवीन्द्र शाह, हिरण्य भोजपुरे, गणेश रसिक, मञ्जुल, देवज्ञ न्यौपाने, चेतन कार्की, विश्ववल्लभ, चाँदनी शाह, नारायण आचार्य, ईश्वरवल्लभ, यादव खरेल, किरण खरेल, राजेन्द्र थापा, नगेन्द्र थापा, कृष्णहरि बराल, रमण घिमिरे, नरेन्द्र प्रसाईं, श्रवण मुकारुङ, शिव अधिकारी आदि गीतकारहरू नेपाली जनजीवनमा चर्चित हुँदै आएका छन् ।

- गीतकारहरूको इतिहास अथवा खोज-अनुसन्धानका निम्ति यो आलेख तयार गरिएको होइन । अन्य सयौँ गीतकारहरू छन् । यो एउटा सङ्केत मात्र हो । मूल उद्देश्य हो गीतकारहरूले महत्त्व पाउन थालेको कुरो उल्लेख गर्नु ।
- गायक-सङ्गीतकारसँगै गीतकारको पनि चर्चा हुनुपर्ने । अरु भनौं गीतकारको चर्चा हुनुपर्ने । अरु भनौं गीतकारको चर्चा र मूल्याङ्कन पहिलो पङ्क्तिमा हुनुपर्ने । त्यस्तो हुनसकेको छैन ।
- गीतकारले ठूलो परिश्रम र समय खर्चेर एकदृष्टि र एकनिष्ट भएर रचना गर्छ । सरस, मधुराक्षर र आलङ्कारिक शब्द संयोजन गरेर रचना गर्छ । आफ्नो सम्पूर्ण भाव र अनुभूतिमा मन-हृदय खोलेर शब्दमा उतार्छ । उसले यसरी रचेका गीत सुनेर श्रोताहरू मुग्ध हुन्छन्, प्रशंसा गर्छन् । तर गीतकार- शब्द-वाक्य विन्यासकार को हो थाहा पाउँदैनन् ।
- निश्चय पनि गीतकारको महत्त्व र मूल्याङ्कनका लागि श्रोता एवम् प्रशंसकहरू समेतले ध्यान दिनु आवश्यक छ । सङ्गीतकार र गायकहरूले पनि गीतकारप्रति आभार व्यक्त गर्ने परम्परालाई अरु विकसित पार्नु राम्रो हुनेछ । म्युजिक नेपालले प्रारम्भ गरेको-स्रष्टा सम्मान र मूल्याङ्कन-अभियानप्रति विशेष आभार प्रकट गर्दछु । यस संस्थाले अरु धेरै उन्नति-प्रगति गर्न सकोस् । हार्दिक कामना छ । ■



म्युजिक नेपालले आर्जेको विश्वास

दिनेश अधिकारी

देशभित्रै सीमित रहेर, नेपाली गीत-सङ्गीतलाई क्यासेट वा रेकर्डको माध्यमबाट श्रोताहरूलाई उपलब्ध गराउने सन्दर्भमा इन्द्रेणी रेकर्डस्, रत्नरेकर्डिङ् संस्थान र म्युजिक नेपालको नाम हामीले बिर्सदाबिर्सदै पनि सम्झिनुपर्ने हुन्छ। इन्द्रेणी रेकर्डस् र रत्नरेकर्डिङ् संस्थान अब इतिहास भइसकेका छन्। अहिले हाम्रो अगाडि म्युजिक नेपाल छ र यसको स्थापना भएको समयले पनि अब बीस वर्ष टेकिसकेको छ अथवा भनूँ म्युजिक नेपाल अब बीस वर्षे तन्नेरी हुनलागेको छ। प्रथमत: म्युजिक नेपाल परिवारप्रति म यसको लर्के जोवनका लागि बधाई ज्ञापन गर्दै सुखद भविष्यका लागि शुभ-कामना व्यक्त गर्दछु।

सुरुमै स्पष्ट हुन जरुरी छ म्युजिक नेपाल निजी क्षेत्रको व्यापारिक संस्था हो। यो सरकारी वा सामाजिक संस्था नभएकाले 'नाफा' का लागि काम गर्नु यसको मूल चरित्र हो। यस अर्थमा म्युजिक नेपाल गीत-सङ्गीतसँग सम्बन्धित अन्य कम्पनीहरू जस्तै हो र छ पनि। त्यही रूपमा यसमा पनि केही कमी-कमजोरीहरू छन्। यो, यथार्थको एउटा पाटो हो।

तर म्युजिक नेपालको सन्दर्भमा यो मात्र यथार्थ होइन। यसको अर्को पनि पाटो छ र त्यही पाटोको कारण म्युजिक नेपाल, आज एउटा प्रतिष्ठित संस्था हुन सकेको छ। गीत-सङ्गीतसँग सरोकार राख्नेहरूका लागि त यो 'एक नम्बर' मा रहिआएकै छ। त्यसबाहेक वाङ्मयको क्षेत्रमा काम गर्ने वा चासो राख्ने अरूहरूका लागि पनि म्युजिक नेपाल आकर्षणको एउटा केन्द्र बन्न पुगेको छ।

व्यक्तिगत रूपमा मलाई सम्झना भएसम्म २०४५ सालदेखि म्युजिक नेपालसँग मेरो प्रत्यक्ष हिमचिम सुरु भएको हो। रेडियो नेपाल र अन्यत्र रहेका गीतहरू सम्बन्धित कलाकार (गायक, गायिका वा सङ्गीतकार) लाई रोयल्टी दिने सर्तमा, क्यासेटमा उत्पादन गरी बिक्री-वितरण गर्नुका साथसाथै आफ्नोतर्फबाट पनि थोरबहुत गीत रेकर्ड गर्ने काम नै मुख्य रूपमा गर्थ्यो त्यसबेलाको म्युजिक नेपालले।

अहिले सुन्दा सामान्य लागे पनि त्यसबेला म्युजिक नेपालको यो काम आफैंमा नौलो र परिवर्तनकारी कदम थियो। सङ्गीतकर्मीहरूलाई रोयल्टी दिएर तिनका सिर्जनाहरूलाई म्युजिक नेपालले सर्वसुलभ बनाएको थियो।

समय बग्दै गयो र समयसँगसँगै म्युजिक नेपाल पनि आफ्ना क्रियाकलापका कारणले सङ्गीतकर्मीहरूका माझमा विश्वास आर्जन गर्न सफल हुँदै गयो। अब म्युजिक नेपालले लोकप्रिय वा स्तरीय गीत-सङ्गीतका स्रष्टा-कलाकारहरूलाई यदाकदा आफ्नै लगानीमा राम्रा 'अवसरहरू' उपलब्ध गराउन मात्र थालेन बरु सँगसँगै उत्कृष्ट सिर्जनाहरूलाई आफ्नो माध्यमबाट श्रोताहरूसमक्ष पुऱ्याउनपट्टि पनि उत्तिकै प्रयत्नरत् रहेको देखियो। परिणामस्वरूप नारायणगोपालका नवीनतम गीतहरू समेटिएको गीतियात्रा (भाग १), रत्न थापाको शब्द-रचना, अम्बर गुरुङका सङ्गीत-सिर्जनामा विभिन्न स्थापित कलाकारहरूका स्वरहरू समेटिएको 'दोभान'

शीर्षकको गीति एल्बमजस्ता गीति सिर्जनाहरू प्रकाशनमा ल्यायो र आफ्ना उत्पादनहरूमा गर्व गर्नसक्ने हैसियत बनाउँदै गयो ।

'नाफाको मात्र व्यापार' गरेको भए, म्युजिक नेपाल आज जहाँ छ सम्भवतः त्यहाँ हुने थिएन । अथवा भनूँ त्यसो गरेको भए म्युजिक नेपाल आज जुन आर्थिक हैसियतमा छ सम्भवतः त्योभन्दा राम्रो अवस्थामा हुने थियो होला, तर आजजस्तो यस क्षेत्रका सबैको चासोको संस्था हुने थिएन । म्युजिक नेपालले आर्जन गरेको ठूलो कमाइ हो यो पनि !

म्युजिक नेपालले रामायण निकाल्यो र बिक्री-वितरण त गर्नैपर्थ्यो । गऱ्यो र गर्दै पनि छ । तर यसैमा मात्र हराएन यो र बीचबीचमा कहिले 'गाउँछ गीत नेपाली' त कहिले 'सवारी रेलैमा' जस्ता क्यासेट र सीडी एल्बमको उत्पादन गरेर समाज र देशप्रतिको आफ्नो सरोकारलाई पनि सँगसँगै अभिव्यक्ति दिँदै आयो । सुन्दैछु, राष्ट्रकविको अमर काव्यकृति 'गौरी' र देशभरि प्रचलित विभिन्न नाचहरूसँग सम्बन्धित 'ठूलोनाच' शीर्षकको सांस्कृतिक महत्त्वको सामग्री पनि यसले निकट भविष्यमै प्रकाशनमा ल्याउँदैछ ।

२०५० सालदेखि नै क्यासेट बिक्रीका आधारमा 'म्युजिक नेपाल पुरस्कार' दिएर स्रष्टा कलाकारहरूको लोकप्रियतालाई संस्थागत गर्ने प्रयास मात्र म्युजिक नेपालले गरिराखेको छैन बरु सँगसँगै आफ्नै छातामुनि 'सांस्कृतिक सम्बर्द्धन परिषद्' को समेत स्थापना गरेर आफ्नो पहिचान र गौरवको जगेर्ना गर्नुपर्ने वास्तविकतालाई पनि आत्मसात गरिरहेको छ र नेपाली गीत-सङ्गीतको क्षेत्रका अग्रज स्रष्टाहरूका सिर्जनालाई सङ्ग्रहित गर्ने काममा पनि यो उत्तिकै लागि परेको छ । यसले हाम्रो संस्कृतिलाई जोगाउन सहयोग पुगेको मात्र होइन बरु सँगसँगै आफ्ना अग्रजहरूलाई सम्मान गर्नुपर्ने सत्यलाई पनि उजागर गरेको छ । के नातिकाजी, के अम्बर गुरुङ, के नारायणगोपाल र भक्तराज, के कृष्णमात्र र शिवशङ्कर, के किरण खरेल र रत्नशमशेर, के तारादेवी र अरुणा लामा, के शम्भुजित र शक्तिवल्लभ, के कुन्ती मोक्तान र सुक्मित गुरुङ, के रामकृष्ण ढकाल र यम बराल, के कुमार बस्नेत र राम थापा, सबै पुस्ता र सबै विधाका सङ्गीतकर्मीहरूको सिर्जना आजको म्युजिक नेपालमा उपलब्ध छ ।

जरुरी थिएन एउटा कलाकारको निधनमा स्टुडियो नै बन्द गरेर सम्मानभाव प्रकट गर्न! म्युजिक नेपालबाट आफ्नो एल्बम प्रकाशनमा ल्याउने स्रष्टा-कलाकारको निधन हुँदा एक दिन उसको नाममा आफ्नो स्टुडियो बन्द गरेर श्रद्धाभाव प्रकट गर्ने परम्परा पनि यसले बसाएको छ। यस्ता थुप्रै काम म्युजिक नेपालले गरेको छ, जो नगरेकै भए पनि उसमाथि कसैले किन नगरेको भनी औंलो ठड्याउने थिएन अथवा भनूँ किन नगरेको भनेर औंलो ठड्याउने ठाउँ थिएन। यस अर्थमा, म्युजिक नेपाल आफैंले आफूलाई धेरै हदसम्म जिम्मेवार बनाउँदै आएको छ। आत्मअनुशासन प्रगतिको परिचायक हो। म्युजिक नेपालले त्यही परिचय निर्माण गरिरहेको छ। नेपाली साङ्गीतिक भण्डारको श्रीवृद्धिमा यसले ठूलो योगदान पुऱ्याएको छ। गीत-सङ्गीतका माध्यमबाट राज्यलाई उल्लेखनीय राजश्व पनि बुझाएको छ। नेपालभित्र व्याप्त रहेको गैर-नेपाली सङ्गीतको बजारलाई उल्लेखनीय रूपमा घटाएको पनि छ। यसका लागि म्युजिक नेपाललाई साधुवाद छ।

जसले सक्छ, आशा पनि उसैसँग गर्ने हो। बीस वर्षमा म्युजिक नेपालले धेरै गरेको छ। म आशा गर्छु, भोलिको म्युजिक नेपाल आजभन्दा धेरै गुणा सक्षम र प्रिय हुने छ र यसका लागि आउँदा दिनहरूमा म्युजिक नेपालले वर्षमा एक पटक सङ्गीत महोत्सव आयोजना गर्ने परम्पराको सुरुवात गर्नुका अतिरिक्त आफ्ना उत्पादनहरू जम्मा गर्ने मात्र होइन कमभन्दा कम अनुसन्धानकर्ताहरूकै लागि मात्र सुविधा पुग्ने गरी भए पनि सबै नेपाली गीत-सङ्गीतहरू उपलब्ध हुने एउटा 'सङ्गीतालय' (सङ्गीत-पुस्तकालय) को व्यवस्था पनि मिलाउने छ र भोलिको पुस्तालाई माटो मात्र होइन माटोसँगै सांस्कृतिक वैभवयुक्त 'देश' हस्तान्तरण गर्ने काममा हामीलाई सघाउ पुऱ्याउने छ। मलाई लाग्छ, म्युजिक नेपालका लागि भविष्यमा प्राप्त हुने यो गौरव यसले आर्जन गरेको वा गर्ने जतिसुकै राम्रो आर्थिक हैसियतभन्दा माथि हुनेछ।

आफ्नो तर्फबाट हुनसक्ने सहयोगको प्रतिवद्धतासहित उल्लिखित कामका लागि म्युजिक नेपालसँग अनुरोध गर्छु र यस वार्षिकोत्सवको सुखद् अवसरमा अन्तरमनदेखि नै बधाईसहित शुभकामना व्यक्त गर्दछु। ■



मेरो अनुभवमा म्युजिक नेपाल

देवीभक्त श्रेष्ठ

म्युजिक अर्थात सङ्गीत, बाध्यवादन, नृत्य र गायनको सम्मिलित रूपलाई एकसाथ उठाई त्यस अवस्थादेखि आजपर्यन्त यति लामो कष्टकर यात्रामा विविध विषम परिस्थितिमा पनि किञ्चित विश्राम नलिई म्युजिक नेपाल यात्रारत छ । यस क्रममा साहित्य, सङ्गीत, कला, संस्कृतिलाई कौशलतासँगै औद्योगिकीकरण र व्यावसायीकरण गर्दै स्वस्थ कलमजीवी र सङ्गीतको यात्रालाई अगाल्ने सङ्गीतकार र यस क्षेत्रलाई फूलाउने, फलाउने वा जीवन्त राख्न लागिपरिरहने सङ्कल्पित साधकहरूलाई हात थामिदिएर उसको कला संस्कृतिको जगेर्ना गर्दै स्वयको व्यावसायिक विकास र जीविकोपार्जनसम्म ल्याइदिने काम यसले गऱ्यो । यस्तै, सबै क्षेत्रभित्रका


स्रष्टाहरूलाई ससम्मान समाजमा सामाजिक उचाइका साथ राष्ट्र र समाजसँगै सामीप्य गर्दै समुन्नति र स्थायित्वको निरन्तरताप्रति समर्पित गराउने वातावरण बनाइदियो, राष्ट्रको गौरवशाली संस्था म्युजिक नेपालको २०४३-४४ सालतिर डिलर बन्ने प्रस्ताव श्रद्धेय दाइ मदन दिपबिमज्यूबाट आएकाले उहाँको सहयोग र आशीर्वादबाट छलफल गर्न कम्पनी जाँदा अफिसमा प्रबन्ध-सञ्चालक श्रद्धेय श्री सन्तोष शर्माज्यूलाई भेटी कुरा गरियो। त्यहाँ कार्यालयमा वार्ता हुँदापनि पल्लो कोठामा रेकर्डिङ् हुँदै गरेका गीतसङ्गीतहरू छर्लङ्गै अफिस कोठामै सुनिन्थे, जुन अवस्थामा नेपाली क्यासेटको बजार प्रायः शून्य थियो। झोलाझोलामा क्यासेट राखी बजारको पसलपसलमा करकापले क्यासेट राख्ने गर्थे। जबकि हिन्दी क्यासेट मारामारै बिक्री हुन्थे। यस्तो हिन्दीको अधिपत्य रहेको बजारभित्र हिम्मत र सङ्कल्पका साथ उदाएको नवसूर्य म्युजिक नेपालले पिछडिएको नेपाली कला, साहित्य, संस्कृतिलाई एकपछि अर्को गर्दै सफलताको उज्यालो किरणबाट उज्यालो छर्दै आइरहेको छ। कुनै एक एल्बम चल्ती (हिट) हुनुको पछाडि, उत्कृष्टतामा आउनका पछाडि कोको, केके र कहाँकहाँदेखिको प्रत्यक्ष र अप्रत्यक्ष संलग्नता रहेको हुन्छ, ती सबै कुरालाई मनन् गरी सम्बन्धित स्रष्टा-कलाकारहरूलाई एकै मञ्चमा राखेर सम्मानित गर्नु, सबैमा समग्ररूपको समर्पण भाव जागृति गराउनु, अपनत्व भाव जागृति गराउनु आफ्नो सृजनाप्रतिको जिम्मेवारीप्रति स्वयंलाई नै हिस्सेदारी बनाउनु यसले अग्रसर गरेको ज्यादै महान् कार्य हो भन्ने म ठान्दछु। सङ्गठित र सामूहिक प्रतिभाहरू चाहे साहित्यकार हुन्, चाहे सङ्गीतकार हुन् वा गायकगायिका हुन् वा बजारव्यवस्थापक अर्थात बिक्रेता हुन् जनताको घरघरमा अधिकतम् एल्बम पुऱ्याउने समूहलाई उत्साहित गर्दै जनसमक्ष ल्याउन गरिने कार्यलाई चानचुने योगदान मान्नु किमार्थ हुँदैन जस्तो लाग्छ। हुन त केही समयदेखि क्यासेट निर्माण गर्ने अन्य कम्पनीहरू पनि यसका पछिपछि सहयात्रामा लागेका छन् शुभेच्छा गरौं सबै फुलून् फलून्। शून्यबाट सुरु भै यस विन्दुसम्म आइपुग्दा आइपरेका कयौं कष्टकर चुनौतीमा पनि दुःखको आभासै नदिई आजको स्तरमा ल्याई पुऱ्याउनु यसको अकल्पनीय कार्य

झैं लाग्छ। स्वच्छ भावनाले गरिएको सङ्कल्पित कार्य सधैं नै उज्ज्वल र अमर रहन्छ भन्ने महान् उक्तिको सार्थकता पाएको यस कम्पनीमा मैले पनि सामीप्य पाउने सौभाग्य दाइ मदनज्यूबाट भएको र मदनदाइको सामीप्य पाउन स्व. जे.बी. आले दाइ, प्रकाश महत दाइ, कृष्ण महतजी र उहाँहरूको सामीप्य पाउन हिकोला कलर ल्याबको जन्म नै यसरी पुस्तापुस्ताको सम्बन्ध झैं हुँदै आएको छ। यसै कम्पनीको सम्बन्धबाट भानुभक्तीय रामायणको स्वराङ्कित श्लोक लिएर दार्जीलिङयात्रा र सोही यात्राको प्रभावमा आफ्ना पूज्य पितृहरूको सम्झनामा स्थापित साहित्य चौतारी २०५६ असार ३१ गते भानुजयन्तीको शुभ अवसरमा श्रद्धेय कविवर माधव घिमिरेज्यूको करकमलबाट समुद्घाटन भई नियमित आफ्नो लक्ष्यअनुरूप निरन्तर अग्रगतिमा रहेको छ। जसको श्रेय हिकोला र म्युजिक नेपाल परिवारलाई दिन चाहन्छु।

हालसम्म क ख मात्रै भएपनि साहित्य, सङ्गीत र कलाको क्षेत्रमा प्राप्त गरेँ भने पनि, त्यो सम्पूर्ण जस अग्रजहरू, हिकोला कम्पनी र म्युजिक नेपाललाई नै सुम्पन चाहन्छु र मजस्तो अपाङ्गलाई पनि यहाँसम्मको उचाइमा ल्याई दिनुभएकोमा आभार व्यक्त गर्दै संस्थाको २०औं वार्षिकोत्सवको सफलताको कामना गर्दछु।

म्यु– म्युजिक साहित्य, कला, सङ्गीत
जि– जीवन जिउने सहज तरङ्ग हो सङ्गीत
क– कति दुःख आओस् सुखै दिन खोज्ने सङ्गीत
ने– नेपथ्यबाट भक्तिपथमा पुऱ्याउने सङ्गीत
पा– पावन भावना झैं बहन्छ हर घडी सधैं सङ्गीत
ल– लम्कन्छ ईशपथमा अविरल सङ्गीत
बी– बितोस् मेरो सदैव मङ्गल भई यो सङ्गीत
स– समग्र स्रष्टालाई सुख दिइरहोस् सङ्गीत
व– बनून् बाणी अमर समान सबको धुन झैं सङ्गीत
र्ष– हर्षले सदैव वास गरी रहून तरङ्गित मन झैं सङ्गीत

को– कोही नहुन् साहित्य कला सङ्गीतका अभावी
शु– शुभ दिनमात्र देख्न पाऊन् तारनादको प्रभावी
भ– भक्तिभाव जागोस् निरन्तर यी तीनै विधामहाँ
का– कार्य सिद्ध गराई देऊ गणपते सद्भावले लिदामहाँ
म– मन शान्ति होओस् सदैव सब परिवारको जन
ना– नाशियून सबै विघ्नहरू मन होस् स-कञ्चन



'माया नगरे नि सम्झन्छु दिनदिन'

देवेन्द्र भट्टराई

यो पुस्तौंदेखि चल्दै र सुन्दै आएको कुरो हो। गाउँगाउँ पुगेर जिन्दगीका जिउँदाजाग्दा सवाइ सुनाउने गाइने जातिलाई 'गन्धर्व ऋषि' भनिने गरिन्थ्यो। लाहुर गएका छोराका कथा, राजा-महाराजाका वीरता र तिकडमबाजीका कथा मात्रै हैन, पारिवारिक किचलो र द्वन्द्वका कथा ती गन्धर्वका गायकी खुराक हुन्थे। साथमा हुन्थ्यो– मनै छिनाउने सारङ्गीको च्याइँच्याइँ!

पोखरा, बाटुलेचौरका दुर्गाबहादुर गन्धर्वका छोरा ऋलकमानले पनि त्यही पुख्यौंली बिँडोलाई थामेका थिए। आधा शताब्दीभन्दा लामो काल उनले त्यही सारङ्गी रेटेर समयको भिन्न रेखा कोरे। उनले पनि आफ्ना

बाजेबराजुले झैं दु:ख, पीडा र सास्तीको गीत गाए। आँसुको कथानक सुनाउँदै हिँडे। आफू भने कतै हराएर अरूकै बखान उतार्दै हिँडे। उनी भन्थे– "गाइनेको कामै दु:ख बिसाउने हो, अभावको कथा सुनाउने हो।" यसरी दु:खका कथा भनिरहेकै बेला २०६० मङ्सिरमा ६८ वर्षको उमेरमा झलकमानले संसार छाडे। उनले आफूपछाडि एक्लो सारङ्गी र सवाइ सङ्गीतको इतिहासलाई पनि एकैसाथ चटक्कै छाडे।

गाउँलेका लागि सबैभन्दा छुने कथा हुन्थ्यो लाहुरेको कथा। "मरैं भने मरिहालैं, बाँचे पठाउँला तस्बिरै खिचेर ..."– झलकमान यसरी जब गाउन सुरु गर्थे, समयको ख्याल रहन्नथ्यो कहिल्यै। पछि २०२२ सालतिर लोकगायक धर्मराज थापाले चौधै अञ्चलका गाइनेहरूलाई काठमाडौंमा भेला गराएका थिए। त्यसमा बाटुलेचौरका झलकमान पनि समेटिएका थिए। राष्ट्रिय स्तरको लोकगीत प्रतियोगितामा झलकमानले प्रथम भएर इतिहास उभ्याउन सुरु गरेका थिए। पोखरामै घटेको एउटा सत्य घटना जहाँ एक जना लाहुरेले रणमैदानबाट पत्र पठाएको थियो र त्यहाँ बा, आमा, श्रीमती, छोराछोरी, दाजुभाइ, दिदीबहिनी सबैका नाममा वियोगको सन्देश पठाइएको थियो। हो, त्यही कथा बन्यो झलकमानको जीवनलाई उजिल्याउने कसी–

"हे बरै, बाबाले सोध्लान नि खै छोरा भन्लान्
रणै खुल्यो भन्दिए
आमाले सोध्लिन् नि खोइ छोरा भन्लिन्
रणै जित्दै छ भन्दिए ..."

पछि २०२४ सालमा राजाबाट बोलावट भएर झलकमान रेडियो नेपालमा जागिरे बने। झलकमानका दुई सय ५० भन्दा बढी गीत रेडियो नेपालमा रेकर्ड भइसकेका छन्। तर मुस्किलले १०-१५ वटा गीत मात्रै बज्ने गरेका छन्। उनका ११ गीत सङ्कलित 'झलकमान गन्धर्वका लोकगीतहरू' म्युजिक नेपालले बजारमा ल्याएको छ। म्युजिक नेपालका तर्फबाट सन्तोष शर्माले गीतमा गरेको सहयोगलाई झलकमानले भुलेका थिएनन्। "खान नपाएर मर्नै लागेका बेला सन्तोष शर्माले पैसा

पठाउनुहुन्थ्यो", उनले सम्झेका छन्। उनले पछिल्लो पटक (तीन बर्षअघि) 'राधा पियारीको भला दिनदिन जोबन यसै ढल्किगयो' बोलको गीत रेडियोमा रेकर्ड गराएका थिए।

दुई गाँस अन्नकै लागि ज्यान फालेर घरघर चहार्ने तिनै रुलकमानलाई सम्झना गराउने अहिले दर्जनौं सम्मानपत्र, तक्मा र दोसल्ला चिनारी छन्। नारायणगोपाल स्मृति सम्मानदेखि इन्द्रराज्यलक्ष्मी पुरस्कारसम्म उनले दिनरात सारङ्गी रेटेरै पाएको पहिचान हो। "जीवनमा कति सङ्घर्ष गरियो तैपनि गरिबीले भने कहिल्यै छाडेन"– उनी भन्थे।

'सच्चा प्रकृतिका कवि' मानिने गाइने दाजु रुलकमान छोरानातिलाई सारङ्गीको बिँडो सुम्पन चाहन्थे। त्यो सम्भव हुन पाएन। "यही सारङ्गीको च्याइँच्याइँले रुलकमानलाई 'रुलकमान' बनाएको हो", उनी आफैं पनि भन्थे। सारङ्गीमा भरेको ख्याति, रामकली र मङ्गलका धुनले उनलाई यसरी चिनाएको हो। पछिल्लो दिनमा आफन्तले नै सारङ्गीलाई 'मागिखाने भाँडो' भनेपछि उनी विरक्तिएका पनि थिए।

संस्कृतिकर्मी रामशरण दर्नालका शब्दमा रुलकमान सवाइ सङ्गीतका सग्लो इतिहास हुन्। "सारङ्गी र सवाइमा अब त्यो उचाइ भेट्न गाह्रो छ", दर्नाल सम्झन्छन्। अब उनका स्वर र सङ्गीत भेला पार्ने, सम्मान र सम्झना बनाएर राख्ने जिम्मा म्युजिक नेपालले लिनुपर्ने दर्नाल बताउँछन्। साँच्चै, जहिल्यै अभाव र हैरानीको जीवन बिताएपनि रुलकमानले बोलेको प्रेमको भाषा बिर्सेर बिर्सिनसक्नु छ। स्वरमा दुःखको संवेदना भएपनि मनैदेखि प्रेमको भाषामा रुलकमानले बोलेका छन्–
"तिमीले माया नगरे 'नि सम्झन्छु दिनदिन!" ■



स्वतन्त्र अभिव्यक्तिको शुभकामना

जनकविकेशरी धर्मराज थापा

जति रेटे पनि बोल्छ सारङ्गी त रुनुफुनी
जति फुके पनि मीठै लाग्छ बाँसुकीको ध्वनि

यी दुई लोक वाद्यवादनले नेपाली जनमानसलाई मनोरञ्जनको वर्षा गराइरहेका हुन्छन् । आफ्ना सङ्गीतमा नयाँनयाँ छन्दको सृजना गर्ने गायक र सङ्गीतज्ञहरूको परिश्रमलाई चिरस्थायी राख्ने काम म्युजिक नेपालले गरेको छ ।

नेपाली सङ्गीत स्वदेशी वा विदेशी जो कोहीले पनि सुनोस् त्यो विशुद्ध भएर निर्माण भएको छ भने त्यसबाट श्रोतागण आकर्षित नभै

रहँदैनन् । अझ यस सङ्गीतको राग, तालालाई सारङ्गी, बाँसुरी, मादल, खैजडीका तालहरूले साथ दिएर व्यक्त गरिएका छन् भने त्यो श्रोताको कर्ण-कुहरभित्र सदाबहार बनेर अविस्मरणीय हुँदै घुमिरहेको हुन्छ ।

यसपालिको यमपञ्चक तिहारको पर्वमा भैली र द्यौसुरेले विभिन्न थरीका नेपाली जनजातिका भाका र भावनाहरूलाई चित्ताकर्षक शैलीकै माध्यमबाट प्रयोग गरे । अनि विभिन्न नामका नयाँनयाँ एफ.एम.हरूले त्यत्तिकै उत्साहका साथ प्रसारण गरे । ती कलाकारहरू जो लोकगीतको निम्ति मरिमेटी लागेका छन् तिनीहरूले नेपाली लोकसङ्गीतलाई लोकप्रियताको शिखरमा पुऱ्याइछाडेका छन् । लोकगीतमा दोहरी खेलेर मनका प्रेमप्रीतिहरू अत्यन्तै मार्मिक ढङ्गले परस्परमा साटासाट गरेको पनि पाइयो । यस्तो नेपाली भेषभूषामा जुवारी खेलेको, तरूनातरूनीहरूको फुल्दो बैंसको भक्कानै फुटेको मनको मूल टेलिभिजनको पर्दाबाट देशविदेशका दर्शक एवं श्रोताहरूले देख्न र हेर्न पाए । सामूहिक होस् वा एकल स्वरबाट मनका मौलिक भावनाहरू अडियो, भिडियो, सीडी, क्यासेट एल्बमहरूबाट बजार, गाउँ, सहरभरि छ्यापछ्याप्ती छरिएका छन् । यस कामको थालनी म्युजिक नेपालबाट नै भएको पाइन्छ ।

लोकसङ्गीतले नै नेपालीको आँगनमा हरसाल हरपर्व, जात्रा-मेलाहरूमा, महोत्सवमा मनोरञ्जनको वर्षा गरेर नै जान्छ । भारतवर्षका लोकसङ्गीतका विशेष संस्कृतविद् श्री देवेन्द्र सत्यार्थीले भारती पत्रिकामा भन्नु भएको थियो- "नेपाल सङ्गीतको फूलबारी हो ।" आज हाम्रो म्युजिक नेपालबाट बीस वर्ष पहिले साइत गरी थालनी भएको सङ्गीतयात्रा नेपाली प्रकृति र जनजीवनको गुनगुन र भुनभुनबाट उद्भाषित भएको छ । विश्वका विशालबजारभरि छरिएर नेपालको पहिचान दिने काम तिनै सम्मानित लोकप्रिय स्वनामधन्य कलाकारहरूले गरिरहेका छन् । साथै गीतका रचयिता, कवि र सङ्गीतमा आधुनिकताको ज्यान थप्ने सङ्गीतज्ञहरूको महत्वाकाङ्क्षी भावनालाई समेत परिचय दिने काम गरेका छन् । यो सबै कामको भार म्युजिक नेपालले नै आफ्नो काँधमा बोकेर यात्रा सम्पन्न पार्ने कसम खाएको छ ।

शास्त्रीय सङ्गीतको सुर-साधनाको कठोर तपस्याबाट नै लोकसङ्गीतको मौलिक गुभो प्रस्फुटित हुन्छ। मौलाएर भाका र भावनाका हाँगाबिँगाहरूमा चिल्लापातहरूबाट पालुवा र फूलफूलका कोपिला मगमगाउन थाल्दछन्। वसन्त आफैँ वासन्तीसित गाउन आतुर हुन्छ। कण्ठका कोइलीहरू लिएर तिनैका आलापविलापबाट आधुनिक रङ्गमञ्चमा कैयौँ दर्शक र श्रोताहरूको मुटु छुन पुगेको अनुभव हुन्छ। यो त सबै पाठक र श्रोतावर्गले बुझेकै कुरो हो। सङ्गीत भन्नु नै साहित्यको प्राणमय ढुकढुकी हो। गुनगुन नचली मेरो कलम चल्दैन भन्ने महाकवि लक्ष्मीप्रसाद देवकोटाको मेरो 'पहाडी सङ्गीत'को भूमिकामा भावना पोखिएको म यस बेला सम्झन्छु। सङ्गीतलाई निर्मल बनाई बगाएको गङ्गामा सा.रे.ग.म.प.ध.नि.का तरङ्गहरू बहेली खेलून् सप्तसुरका करोडौँकरोडौँ भुल्काहरू फुटालिऊन। यिनै उद्देश्यहरूलाई बोकेर म्युजिक नेपाल काठमाडौँ उपत्यकाभित्रको डिल्लीबजार कालिकामाईको थानदेखि एकजना उत्साही श्री सन्तोष शर्मा र उहाँका लगनशील साथीहरूले कदम चाल्नु भएको हो, निस्कनु भएको हो।

डिल्लीबजार डिल्लीजङ्ग बस्नेतकै नामले प्रसिद्धि रहेको ठाउँ हो। कर्नेल श्री इन्द्रबहादुर बस्नेतका सुयोग्य छोरा, नाति, पनातिहरू र स्थानीय जागरुक विद्वान्, समाजसेवी, छिमेकीहरूबाट डिल्लीबजार गुलजार भइरहेको पाइन्छ।

कान्तिपुर, भक्तपुर र ललितपुर यी तीन सहर सामवेदका सङ्गीतकै तालसुर गायनमा रमझम भइरहेका हुन्छन्। पखवाज (मृदङ्ग) र बाँसुरीका ध्वनिमा देवी र भैरवनाच छमछमाउँछन्। 'राजमति कुमती जिके वसा पिरती हय ब्यू राजमति चा' भन्ने नेवारी लोकगीत नै प्रेमबन्धनमा बाँधिएको प्रेममा बलिदान हुन खोजिएको सङ्गीत हो। यो गीत अहिले पनि गुनकेशरी फूलजस्तै सुगन्धित भइरहेकै छ।

ञ्याम्ञ्याम् ञ्यामकीरी बास्यो कालीको थानैमा

यस गीतले पूर्व, पश्चिम, उत्तर, दक्षिण सिमानामा थापित कालिकामाईका दुर्गवरिपरिका रानीवनभित्र बास्ने ञ्याँउकीरीहरूको प्रतिनिधित्व गरेको

छ । म्युजिक नेपाल प्रतिस्थापित भएको डिल्लीबजारको कालिकाथानलाई पनि समेट्न पुगेको छ ।

सुदूरपश्चिम कर्णाली अञ्चल जुम्ला सिन्जा दराका बलि राजाकै पालादेखिको भैली र द्यौसुरेको एउटा ऐतिहासिक कथा छ । जो यस प्रकार पाइन्छ ।

जस्तै 'सिरे र सुरे' नामका दुई भाइलाई आफ्नो दरबार-आँगनमा बोलाई यमपञ्चकका दिन ती दुई भाइका शिरमा फेटा गुताई दुइटा लट्ठी दिएर दुई गोडामा पैजरी (कल्ली) लगाई देउसुरे र भैली भट्याउँदै अत्यन्तै मीठो आकर्षित ध्वनिका साथ अभियान आरम्भ गरे । ती दुई भाइको सेतो चोलियासहितको सेतो जामा भेषभूषाको पहिरन थियो । यसरी गाँउदै गए–

हो औंसीबार गाईतिहार- भैलो
यो घरका मालिक कस्ता छन् ?
श्री महाराजै जस्ता छन्
यो घरकी मालिक्नी कस्ती छन् ?
श्री महारानी नै जस्ती छन्
हो औंसीबार .....
हरियो गोबरले लिपेको
रातो माटोले छिपेको
लक्ष्मीपूजा गरेको
हामी त्यसै आएनौं
बलि राजाले पठाएको
हो औंसीबार गाईतिहार- भैलो ।

चारतारे सारङ्गीका मधुर धुनमा, मादलको हलुका तालमा द्यौसुरे सङ्गीतले नै मेची-महाकालीका घर-गाउँका घर-आँगन, ग्यालढोका भँडार-कुँडारहरूमा लक्ष्मी बोलाउँदै झिलिमिली बत्ती बालेको मुलुक यो नेपाल सङ्गीतकै फूलबारी हो । विभिन्न जाति र जनजातिको गाँजदेखि पालुवा हाल्दै, मौलाउँदै आएको सङ्गीतको विरुवालाई अन्तर्राष्ट्रिय स्तरमा

पुऱ्याई फल्दोफुल्दो पार्छु भन्ने अमर उद्देश्य लिएर साहित्य, कला, सङ्गीतको पथमा यात्रा गर्दै निस्केका पुजारी श्री सन्तोष शर्माको यस म्युजिक नेपालको मन्दिरमा श्रद्धा भक्तिको पुष्प अर्पण गर्दछु। यस म्युजिक नेपालभित्र सप्तकोशी, सप्तकर्णालीका धाराहरू छल्छलाऊन् कलकलाऊन् गुनगुनाऊन् भुनभुनाऊन्। महाकवि लक्ष्मीप्रसाद देवकोटाको कविता सुन्दरीजलका झैं– घुँघुँरियून, चुहुरियून, फुहुरियून घनघन झमझम छमछम छमछमाऊन्।

वीस वर्ष त के यसको आयु नेपालको पृथ्वी रहेसम्म र आकाशमा चन्द्र-सूर्य झुल्केसम्म रहोस्, मानवका हृदयभित्र मुटुको स्पन्दन हुँदै परमानन्दको वर्षा गराइरहोस्। नेपाली जनजीवनले चराका तानाहरूसितै स्वर्गीय सृजनाको वासन्ती वनमा कोइलीका झैं कुहुकुहु शब्द छरी साहित्य, कला, सङ्गीतको वसन्त बोलाइरहोस्।

धर्मकुञ्ज भवन,
बाटुलेचौर, पोखरा

■



स्रष्टा र सङ्गीतसंरक्षणका कुरा

ध्रुवेशचन्द्र रेग्मी

राष्ट्रको समग्र विकासमा सङ्गीत, कला र साहित्यको ठूलो भूमिका रहेको हुन्छ । अरु भनौं भने सङ्गीत, कला, साहित्यले त्यस राष्ट्रको एवं समाजको चिनारी गराउँछ । यसर्थमा यी कुराहरूमा राष्ट्रको अस्तित्व रहेको हुन्छ । जसले गर्दा यी कुरालाई संरक्षण, जगेर्ना र विकास गर्नु त्यस राष्ट्रको सरकार, व्यापारी समुदाय, नागरिक समाज र प्रत्येक नागरिकको कर्त्तव्य हुन्छ । नेपाली कला, साहित्य र सङ्गीतलाई संस्कृतिको धरोहर हुन् र यसका साधक, स्रष्टालाई राष्ट्रका निधि हुन् भनी बेलाबेलामा कुर्लने व्यक्तिहरूको कमी नेपालमा छैन । तर यस्ता संस्कृतिको धरोहर र साधकस्रष्टाको संरक्षण जगेर्ना गर्नुपर्ने दायित्व आफू

आसिन भएको कुर्सीकै अख्तियारी भित्र पर्दछ भन्ने कुरोलाई तिनले कहिल्यै बुझेनन् वा बुझे पनि अबुझ भएर बसेका छन्। आफ्नो कर्तव्यप्रति च्युत भएको कुरोमा त्यस्तालाई कुनै कहिल्यै ग्लानि भएको देखिदैन।

उदारीकरण र विश्वव्यापीकरणको कारण विश्व साँघुरिएको छ। यदि यस्तो परिस्थितिमा राष्ट्रले आफ्नो संस्कृति, कला र सङ्गीतजस्तो धरोहरको संरक्षण र जगेर्ना गर्नेतर्फ चासो नराख्ने हो भने आर्थिक अतिक्रमणको साथै सांस्कृतिक अतिक्रमणबाट पनि प्रताडित हुनु पर्नेछ। यस्तो विषम परिस्थितिमा एकातर्फ यसको संरक्षण, जगेर्ना एवं विकासमा आफ्नो कर्तव्यै भएकाहरू कर्तव्यप्रति च्युत भएर बसेका छन् भने अर्कोतर्फ यस्तो अवस्थाप्रति चिन्तित भई कतिपय निजी क्षेत्रका व्यक्ति एवं संस्थाहरू निःस्वार्थ एवं यस क्षेत्रप्रतिको प्रेम र समर्पण भावले यसको संरक्षण, जगेर्ना एवं विकासको लागि तल्लीन रहेका छन्।

नेपाली संस्कृति, कला र सङ्गीतको संरक्षण गर्नु पर्दछ भन्ने भावना राखी यसको विकासका लागि महत्त्वपूर्ण योगदान पुऱ्याउने व्यक्ति एवं संस्थाहरूको नाम लिँदा म्युजिक नेपालको नाम पनि अग्रपङ्क्तिमा राख्न सकिन्छ। हुन त म्युजिक नेपाल कम्पनी ऐनअन्तर्गत नाफा कमाउने उद्देश्यले खडा भएको व्यापारी संस्था हो। यस संस्थाले कला, सङ्गीत, संस्कृतिलाई संरक्षण र विकासभन्दा पनि व्यापारिक दृष्टिकोणले मात्र लिँदा पनि नाजायज देखिदैन। तर त्यति हुँदाहुँदै पनि यस संस्थाले सङ्गीतको, कलाको विकासका लागि, स्रष्टाको संरक्षणको लागि विशेष पहल गरेको देखिन्छ। यस संस्थाले नेपाली कला, सङ्गीत र संस्कृतिको संरक्षण र विकासमा गरेको योगदानको मूल्याङ्कन गर्ने हो भने नेपाली कला, सङ्गीत र संस्कृतिको संरक्षण गर्ने उद्देश्यले जन्माइएका जनताको कर तिरेको रकमबाट सञ्चालित संस्थाले भन्दा बढी नै योगदान पुऱ्याएको देखिन्छ।

कम्पनीको रूपमा खडा भएको म्युजिक नेपालले आफ्नो व्यापारको सिलसिलामा नेपाली गीत, सङ्गीत, लोकसाहित्यको रेकर्ड गरी चक्काहरू उत्पादन गर्नु र त्यसको लागि सुविधा उपलब्ध गराउनुजस्ता कार्य त्यस

संस्थाको सामान्य कार्य हो र जुन सबै त्यस्ता प्रकृतिका संस्थाहरूले गर्दछन् र गरिरहेका छन् । तर पुराना सङ्गीत, भाखाहरूलाई रेकर्ड गरेर अभिलेख राख्नु, भानुभक्तको रामायणलाई नेपालका ख्यातिप्राप्त विद्वान्हरूबाट वाचन गराई श्रव्य-क्यासेटमा सङ्ग्रहित गर्नु, मोतीराम भट्ट, शम्भुप्रसाद ढुङ्गयालका गजल, कविताहरू सङ्ग्रहित गर्नु, नेपालका मूर्धन्य शास्त्रीय सङ्गीतलाई रेकर्ड गर्नु र यस्ता कार्य सम्पादन गर्नको लागि सांस्कृतिक सम्वर्द्धन परिषद् भनी छुट्टै शाखा खोल्नुलाई म्युजिक नेपालको व्यापारिक कृयाकलापभन्दा बढी राष्ट्रको संस्कृति, कला एवं सङ्गीतप्रतिको श्रद्धा एवं प्रेमको साथै यस्ता धरोहरलाई संरक्षण र जगेर्ना गर्ने जाँगर एवं जोसका रूपमा लिनुपर्दछ ।

साङ्गीतिक क्षेत्रमा पत्रपत्रिका एवं कृतिहरूको ज्यादै अभाव छ भने यस क्षेत्रमा लाग्ने व्यक्तिहरू लेख्न-पढ्नभन्दा बढी गाउन, बजाउन र सङ्गीत भर्नमै बढी रुचाउँछन् । नेपाली कला, सङ्गीतको बारेमा जान्न खोज्नेहरूलाई पठनीय सामग्रीको अभाव छ । यस्तो अवस्थामा यस संस्थाले नियमित रूपमा सङ्गीत नामक त्रैमासिक पत्रिका प्रकाशन गर्ने जिम्मेवारपूर्ण कार्य गरेको छ, जसको सराहना नगरी बस्नु सरासर अन्याय हुन्छ ।

समग्र रूपमा भन्नुपर्दा म्युजिक नेपालले एकातर्फ सङ्गीतको रेकर्ड, स्रष्टाको सम्मान, रोयल्टी प्रथाको सुनिश्चिता, प्रतिलिपिअधिकारसम्बन्धी कानुनको लागि गम्भीर पहल, पत्रिकाको नियमित प्रकाशनजस्ता कार्य गरी राष्ट्रको सङ्गीत र कलालाई संरक्षण, जगेर्ना एवं विकासमा योगदान पुऱ्याएको देखिन्छ भने अर्कोतर्फ व्यवस्थित उद्योग भएको कारण कतिपय व्यक्ति एवं कलाकारहरूलाई रोजगारको अवसर प्रदान गर्नुको साथै सरकारलाई राजस्व वृद्धिमा समेत योगदान पुऱ्याएको छ । मेरो आफ्नो व्यक्तिगत अनुभवमा पनि जहिले पनि कला, सङ्गीतको संरक्षण वा स्रष्टाको सम्मान गर्ने सम्बन्धमा म्युजिक नेपाल व्यवस्थापनसँग गएर कुनै प्रस्ताव राख्दा तत्काल सकारात्मक जवाफ आएको मैले पाएको छु र सोहीअनुसार कतिपय कार्यहरू समेत सफलताका साथ सम्पन्न गरिएको छ ।

म्युजिक नेपालले खास गरेर सङ्गीतका सबै विधालाई समेटेर लग्ने प्रयास गरेको देखिन्छ तथापि सङ्गीतको महत्त्वपूर्ण विधाको रूपमा रहेको शास्त्रीय सङ्गीतलाई जानी वा नजानी कतिपय अवस्थामा सङ्गीतको अन्य विधाको सरह व्यवहार नगरेको भन्ने आभास शास्त्रीय सङ्गीत क्षेत्रमा लागेका कलाकारहरूलाई पर्न गएको पाइन्छ। सायद यस्तै व्यवहार सङ्गीत, संस्कृति, कलाक्षेत्रमा कार्य गर्ने अन्य व्यापारिक संस्थाले गरेको भए त्यसलाई सहज रूपमा लिइन्थ्यो होला तर म्युजिक नेपाललाई व्यापारिक संस्थाको रूपमा मात्र नहेरिएकोले यसबाट शास्त्रीय सङ्गीत क्षेत्रका व्यक्तिहरूले उचित र समान व्यवहारको अपेक्षा गर्नुलाई जायज नै मान्नु पर्दछ।

यस्ता गुनासाहरूलाई यस पङ्क्तिको लेखकले पनि बारम्बार म्युजिक नेपाल व्यवस्थापन समक्ष बराबर व्यक्त गर्ने गरको छ। जसलाई कतिपय अवस्थामा कार्यान्वयन समेत गरिएको भएता पनि संस्थागत रूपमा यस्तो कुराहरूले मान्यता पाउन सकेको देखिँदैन। यस क्षेत्रबाट यस्ता गुनासाहरू उठ्नुको पछाडि वा म्युजिक नेपालले अन्य विधाभन्दा शास्त्रीय विधालाई भिन्न व्यवहार गरेको अनुभूति कलाकारहरूले गर्नुको पछाडिका कारणहरूमध्ये केही प्रमुख कारणहरू निम्न बमोजिम भएको देखिन्छ।

- संस्थाको वर्षभरि नै आयोजना गरिने विभिन्न कार्यक्रमहरूका साथै वार्षिक दिवसमा शास्त्रीय सङ्गीतको विधालाई नसमेटिनु,
- सङ्गीत पत्रिकामा शास्त्रीय सङ्गीत सम्बन्धमा लेख, सामग्री बिरलै रूपमा प्रकाशित हुनु,
- २० वर्षको संस्थाको इतिहासमा आजसम्म शास्त्रीय सङ्गीतको क्यासेट, सीडीको सार्वजनिक रूपमा विमोचन नगरिनु,
- शास्त्रीय सङ्गीतको क्यासेट, सीडीले प्रचारप्रसार नपाउनु वा नगरिनु,
- म्युजिक नेपालले बिक्री-वितरकलाई वा कलाकारलाई प्रदान गर्ने पुरस्कारहरूमा शास्त्रीय सङ्गीतबाहेक अन्य सबै विधालाई समावेश गरिनु, र
- रोयल्टीको असमान व्यवस्था हुनु।

उपरोक्त उल्लिखित कारणहरूमध्ये पनि असमान रोयल्टीको व्यवस्थाले वास्तवमै शास्त्रीय सङ्गीतका स्रष्टाहरू अझै मर्कामा परेका देखिन्छ। तलको तालिकाले यसलाई अझै स्पष्ट पार्दछ:

६० मिनेटको सामग्री रेकर्डिङ् गर्दा लाग्ने अनुमानित खर्च

शास्त्रीय सङ्गीततर्फ	जम्मा लागत (रु.)	लोक/पप/आधुनिक गीत (एउटा ७-८ मिनेटको गाना)	जम्मा लागत (रु.)
वाद्यवादकको संलग्नता		वाद्यवादको संलग्नता कमसे कम ८ जना x रु. ४००/-	३२००/-
स्टुडियो (रेकर्ड र मिक्सिङ् गरी बढीमा १० घण्टा x ५००/-)	५०००/-	प्रोग्रामिङ्	१५००/-
प्रोग्रामिङ्, एरेञ्जमेन्ट (स्वयं)		म्युजिक एरेञ्जमेन्ट	१०००/-
यातायात खर्च		स्टुडियो (रेकर्ड र मिक्सिङ् गरी कमसेकम १० घण्टा x ५००/-)	५०००/-
विविध	१०००/-	विविध	१०००/-
(एउटै ६० मिनेटको वा ३०-३० मिनेटको २ वटा वा १५ मिनेटको ४ वाटासम्म धुन रकेर्ड गर्दा लाग्ने)	६०००/-	एउटा गीतको लागि जम्मा रु. ११७००/- ले ६० मिनेटमा कमसे कम ८ वटा गीत हुने हुँदा ८ x १२७००/-	१०१६००/-

माथिको तालिकालाई विश्लेषण गर्दा शास्त्रीय सङ्गीतको रेकर्डिङ् गर्न लाग्ने खर्च र समय अरू सङ्गीतको विधाभन्दा करीब १५ गुणा नै कम हुने देखिन्छ । यस्तो अवस्थामा कलाकारलाई दिइने रोयल्टी अन्य विधाका कलाकारलाई दिइने रोयल्टी समान हुनुलाई अन्यायपूर्ण नै मान्नुपर्ने हुन्छ । अन्य सङ्गीतका विधाका तुलनामा शास्त्रीय सङ्गीत विधाका सामग्री उत्पादन गर्न ज्यादै नै कम लागत पर्न जाने कारण त्यसको प्रतिफल सम्बन्धित कलाकारले पनि पाउनु पर्दछ भन्ने गुनासोलाई म्युजिक नेपाल व्यवस्थापनले जायज नै मानी रोयल्टीको दरमा परिवर्तन गर्नुपर्ने आवश्यक देखिन्छ ।


शास्त्रीय सङ्गीतको कलाकार वा साधकले म्युजिक नेपालको स्टुडियोमा वा अन्य कुनै पनि क्षेत्रमा दक्ष कलाकारको रूपमा प्रवेश पाउन कमसेकम १०-१५ वर्ष साधना नगरीकन योग्य बन्न सक्दैन । अहिलेको यथार्थतालाई दृष्टि पुऱ्याउँदा पनि म्युजिक नेपालले हालसम्म निकालेका शास्त्रीय सङ्गीतका सामग्रीहरू प्रस्तुत गर्ने अधिकतम साधकहरू लगभग वीस बर्षभन्दा बढीदेखि यस क्षेत्रमा लागेकाहरूको संलग्नता रहेको पाइन्छ । यसर्थ शास्त्रीय सङ्गीत विधातर्फका क्यासेट वा सीडीको प्रचलित मूल्यमा वृद्धि गर्नु समेत उचित देखिन्छ । कतिपय कलाकारहरूको प्रस्तुति ज्यादै उत्कृष्ट र अन्तर्राष्ट्रिय बजारमा समेत स्थान लिन सक्ने हुँदाहुँदै पनि त्यस्तो क्यासेट चक्का तथा सीडीले उचित प्रचारप्रसार नपाउनु वा नगरिनुको कारणबाट पनि यस क्षेत्रका कलाकार मर्कामा परेका छन् ।

म्युजिक नेपालको व्यापारिक सञ्जाल (Business Network) विश्वभरि नै फैलिएको छ र नेपालमा उत्कृष्ट साङ्गीति सामग्रीहरूलाई विश्वबजारमा प्रवेश गराउन सक्ने क्षमता समेत म्युजिक नेपालसँग छ । त्यसतर्फ संस्थाले सक्रियताका साथ पहल गर्न सके नेपाली सङ्गीतले विश्वबजारमा प्रचार एवं प्रसार पाउनुको साथै यसको संरक्षण र सम्बर्द्धन हुन गई कलाकारको आर्थिक अवस्थामा सुदृढ हुने र राष्ट्रिय अर्थतन्त्रमा समेत उल्लेखनीय योगदान पुग्नसक्ने देखिन्छ ।

केही कुरालाई छाडेर, समग्र रूपमा मुल्याङ्कन गर्दा म्युजिक नेपाल

कम्पनी ऐनअन्तर्गत नाफा कमाउने उद्देश्यले खडा भएको व्यापारिक संस्था हुँदाहुँदै पनि नेपाली संस्कृति, कला र सङ्गीतको संरक्षण एवं विकास तथा स्रष्टा र साधकको सम्मान गर्ने कार्यमा अतुलनीय योगदान समेट्ने, उचित स्थान दिने र आफ्ना साङ्गीतिक उत्पादनलाई विश्वबजारमा प्रवेश गराउने कार्यमा पहल गर्न सके नेपाली सङ्गीत तथा स्रष्टाको अरु बढी उत्थान, विकास र संरक्षणमा यसले योगदान पुऱ्याउन सक्ने देखिन्छ र यस कार्यमा सफलताको लागि शुभकामना समेत व्यक्त गर्दछु ।

■



म्युजिक नेपाल अर्थात् सन्तोष शर्मा

नगेन्द्र थापा

सन्तोष शर्माले गीत गाएको आजसम्म मैले सुनेको छैन, न त पढेको छु, उनले लेखेका गीत। उनले कुनै गीतमा सङ्गीत दिएका छन् भन्ने पनि मलाई थाहा छैन। तर उनको सम्पूर्ण काम-कर्त्तव्य गायक, गीतकार अनि सङ्गीतकारकै सेरोफेरोमा घुमिरहेको सुनेको छु, देखेको छु र पढेको छु।

सन्तोष शर्माले गीत नगाए पनि, गीत नलेखे पनि, सङ्गीत नदिए पनि म्युजिक नेपाल अर्थात सन्तोष शर्माले नेपाली साङ्गीतिक क्षेत्रमा निरन्तर बीस वर्षसम्म दिएको अतुलनीय योगदान गर्विलो छ।

म्युजिक नेपालको सबभन्दा ठुलठुलाउँदो पक्ष हो– यो व्यावसायिकतामा

मात्र सीमित छैन । पैसा कमाउने मात्र यसको उद्देश्य कहिल्यै रहेन । बजारमा चल्ने किसिमका मात्र गीत रेकर्डिङ् गराउने लक्ष यस संस्थाले कहिल्यै राखेन ।

नेपाली सङ्गीतको चौतर्फी विकास, संरक्षण र सम्बर्द्धनका सबै पक्षहरू म्युजिक नेपालले आफूभित्र समेटेको छ । यस क्रममा यस संस्थाले धेरै नयाँ गायक-गायिकाहरूलाई अवसर र प्रोत्साहन दिएको छ, धेरै वाद्य-वादकलाई काम र माम दिएको छ । पुराना सङ्गीत-सम्पदाको संरक्षण (पुनः रेकडिङ् गरेर भए पनि, नयाँ स्वरमा प्रस्तुत गरेर पनि) का साथसाथै लोकगीतलाई प्राथमिकताका साथ प्रचार तथा प्रसार गरी नेपाली सङ्गीतलाई धेरै ठूलो गुन लगाएको छ म्युजिक नेपालले ।

यसपालिको दसैंको मुखमा म्युजिक नेपाल अर्थात सन्तोष शर्माबाट एउटा खाम उपहारमा प्राप्त गरें– यसो खाम खोलेको त मैले ३५ वर्ष पहिले लेखेका २, ४ वटा गीतहरू (जुन स्वरसम्राट नारायणगोपालले गाएका छन्) को रोयल्टी वापत केही रकम रहेछ । मेरा लागि यो अप्रत्याशित एवं सुखद आश्चर्य थियो । मलाई के लाग्छ भने– रकम कति थियो भन्ने प्रश्न त्यति महत्त्वपूर्ण होइन– महत्त्वपूर्ण कुरो त त्यस उपहारले कलाकारप्रति बोकेको सदाशयता अनि कलाकारहरूले दिएको योगदान वापतको सम्मान र माया हो ।


म्युजिक नेपाल अर्थात सन्तोष शर्मा नेपाली सङ्गीतका लागि ती सबै काम गर्दैछन् जुन वास्तवमा श्री ५ को सरकारका सम्बन्धित निकायहरूले अनिवार्यरूपले गर्नुपर्ने थियो ।

आफू साहित्यकार नभए पनि, सङ्गीतकार, गायक र गीतकार केही नभए पनि साहित्यकार र कलाकारका हितका लागि प्रतिलिपिअधिकारसम्बन्धी ऐन बनाउन सन्तोष शर्मा जसरी लागिपरेका छन्– त्यो सम्झँदा नतमस्तक हुन्छु म । सन्तोषको यो अभियान चाँडोभन्दा चाँडो सार्थक परिणाममा रूपान्तरित होस्– हार्दिक कामना व्यक्त गर्दछु ।

म्युजिक नेपाल अब गीत रेकर्डिङ् गर्ने स्टुडियो मात्र रहेन । जुन प्रकारबाट म्युजिक नेपाल आफ्नो कार्यक्षेत्र विस्तृत गर्दैछ– म कामना गर्दछु– यो संस्था नेपाली विगत, आधुनिक एवं आगत सङ्गीतको

सङ्ग्राहलय बनोस्, अभिलेखालय बनोस्, नेपाली सङ्गीत अध्ययन र अन्वेषण गर्ने सङ्गीतालयको रूपमा प्रतिस्थापित होस् ।

गएका सफल बीस वर्षका लागि म्युजिक नेपाल अर्थात सन्तोष शर्मालाई अभिनन्दन गर्दै आउँदा बीस वर्ष झन् ऊर्जामूलक, चिरस्मरणीय अनि मन्दिर, नेपाली सङ्गीत र सङ्गीतकर्मीका लागि– शुभकामना । ■



नेपाली सङ्गीतको साझा चौतारी

नन्दकृष्ण जोशी

१. पृष्ठभूमि

केही दिन पहिलेको कुरो हो, नेपालको साङ्गीतिक क्षेत्रको सबैभन्दा जेठो संस्था अथवा निजी लगानीमा सञ्चालित सबैभन्दा भरपर्दो सङ्गीत उद्योगको संस्था म्युजिक नेपालका प्रबन्ध-सञ्चालक श्री सन्तोष शर्माज्यूले दूरभाष (टेलिफोन) मार्फत सो संस्थाका बारेमा आफ्ना भावनाहरू लेखिदिन आग्रह गर्नुभयो। करिब ५ महिनादेखि अस्वस्थताका कारण म आफ्नै आवासगृहमा बन्दी जीवन बिताइरहेको हुँदा सङ्गीतको साझा चौतारी म्युजिक नेपालमा जान नसकेको मात्र हुँ, भावना त त्यता दौडिरहन्छ।

मेरो स्वास्थ्यको जानकारी लिन एक-डेढ महिना पहिले त सन्तोष शर्मा र श्रीमती कञ्चन शर्मा मकहाँ आउनु भएको थियो, त्यसपछिका दिनहरूमा पनि बारम्बार स्वास्थ्य गतिविधि बुझ्न फोन गरिरहनु हुन्थ्यो, एक किसिमको आनन्दको अनुभूति हुन्थ्यो ममा। तर पछिल्लो पटकको फोनमा मलाई आग्रह गर्नु भयो। शर्माज्यूको आग्रहमूलक आवाज सुन्दा मलाई लाज लाग्यो साथै बडी श्रद्धा पनि लाग्यो उहाँप्रति। म अत्यन्त सामान्य र सानो मानिस सम्झन्छु आफूलाई। म जस्तो व्यक्तिलाई आग्रह गर्नु पर्दैनथ्यो शर्माज्यूले जस्तो लाग्यो मलाई। धेरै कुराहरू फूलबुट्टा नभरी भन्नुपर्दा म्युजिक नेपाल प्रा.लि. वर्तमान आवस्थामा नेपालमा सञ्चालित निजी क्षेत्रका सङ्गीत उद्योगहरूको माऊ (जननी) संस्था हो भने सन्तोष शर्मा माली। त्यसैले पनि गीत गाउने र सङ्गीतको परिधिभित्र रहेका हामीहरूले म्युजिक नेपालका बारेमा धेरथोर जानेकै हुनुपर्छ, समयले साथ दिँदा म्युजिक नेपालका बारे केही शब्दहरू जोड्न पाउँदा आफूलाई भाग्यमानी सम्झनुपर्छ हामीले। अतएव टुटेफेटेका शब्दहरूको समायोजन गर्ने जमर्को गर्दैछु।

२. सबै कलाकारहरूको भरपर्दो र पुरानो संस्था म्युजिक नेपाल

नेपालमा सङ्गीत उद्योगको विकास भएको धेरै भएको छैन। गाउँघरको परिवेशमा हुर्केका हामीलाई पहिलेपहिले रेडियो नेपालको नाम सुन्दा मनमा गीत र सङ्गीतको खुल्दुली लाग्थ्यो। राजधानी प्रवेशपछि थोरै मात्रामा रत्नरेकर्डिङ् संस्थाको नाम सुनिन्थ्यो, सो संस्थाले कलाकारका गीतहरू प्रशस्त मात्रामा रेकर्ड गर्छ भन्ने सुनिदैनथ्यो। के कति कारणले हो, न्वारनसँगै सो संस्था साङ्गीतिक समाजबाट सदाका लागि विलीन भएको जस्तो लाग्छ।

आजभन्दा १८ वर्ष पहिले सयौँ कलाकारहरूका मधुर स्वरहरू अनवरत रूपमा रेकर्ड गरी नेपाली भूमिमा ती नेपाली गीतहरू सुन्नु र सुनाउनुपर्ने टड्कारो आवश्यकता आइसकेको महसुस असली गायक र पारखी श्रोताहरूले गरिसकेका थिए। यिनै कुरालाई मनन गरी सन्तोष

शर्मा र उहाँका कर्मयोद्धा साथीहरूले एकाविहानैको शुभ मुहूर्तमा गीत र सङ्गीत रेकर्ड गरी सच्चा कलाकार र नेपाली गीत-सङ्गीतको महत्त्व राजधानीवासीलाई सुनाइ दिनुभयो। आफ्नै स्टुडियो, आफ्नै नेपाली गीत र आफ्नै श्रोता। मलजल, हावा पाएपछि वर-पीपललाई हुर्कन बेर लागेन क्रमशः बढ्दै गयो, पश्चिम महाकालीदेखि पूर्व मेचीसम्मका असङ्ख्य कलाकारहरू जम्मा हुँदै गयौं, सङ्गीतरूपी वर-पीपलको चौतारीमा शीतल ताप्न। न्याय पाए कलाकारले त्यहाँ, अन्याय कसैमाथि नभएकाले म्युजिक नेपालको साङ्गीतिक आँगनी सम्पूर्ण कलाकारको लागि भरपर्दो र आस्थाको साङ्गीतिक केन्द्र बन्न सक्यो। के नेपालमा पनि साङ्गीतिक उद्योग फस्टाउन सक्छ ? के नेपालमा सङ्गीतको विकास सम्भव छ ? के नेपाली गायक-गायिकाहरूका गीतहरू नेपाली बजारमा बिक्री हुन सक्छन ? के नेपाली कलाकारहरूले गीत गाएको भरमा जीविकोपार्जन गर्न सक्छन् ? आदि विविध प्रश्नकर्ताहरूको जिज्ञासालाई नेपालको निजी लागानीमा सञ्चालित म्युजिक नेपालले सहजै हल गरिदिएको छ। अरूको मुख ताकेर बाँच्न चाहने, भ्रष्टाचार नगरी निद्रा नलाग्नेहरूलाई स्वाभिमानी कर्मको चोटिलो जवाफ दिएको छ कलाकारहरूको सुख-दुःखको संस्था म्युजिक नेपाल प्रा.लि. ले ।

३. एक परिवार, एक आवाज : म्युजिक नेपाल

संस्था सुदृढ पार्न सामूहिक नेतृत्वभन्दा एकल नेतृत्वको ज्यादै ठूलो आवश्यकता पर्दो रहेछ। नेतृत्व वहन गर्नसक्ने व्यक्तिमा सीप, जाँगर, दया र कर्त्तव्यप्रतिको बोध हुँनु अपरिहार्य रहेछ। काठमाडौंको धोबीधारा, कालिकास्थान हुँदै अनामनगर स्थित वर्तमान समयको म्युजिक नेपालको आधुनिक डिजाइनको भव्य भवन, त्यसभित्र अत्याधुनिक प्रविधिका गीत रेकर्ड गर्ने मेसिन, औजारहरू; प्रत्येक कोठामा अति व्यस्त र इमानदार कर्मचारीहरूले, कलाकार, पत्रकार, ग्राहकवर्ग आदि सबैजना नै हाम्रा सम्पत्ति हुन् भन्ने नजिकको मानवीय नाता कायम राख्न सकेका कारणले

नै स्वदेश र विदेशका नेपालीहरू म्युजिक नेपालका शुभचिन्तक रहेका छन् र भोलिका दिनहरूमा यो सम्बन्ध अरु घनिष्ट हुनेछ भन्ने मैले कल्पना गरेको छु। पुस-माघको जाडो याममा होस् अथवा वैशाख-जेठको गर्मीमा, सदैव नियमित रही कर्त्तव्य पूरा गर्नु म्युजिक नेपाल परिवारको सफलताको सूत्र रहेछ। नेतृत्व पङ्क्तिमा रहनु हुने व्यक्तित्वमा मैले कहिल्यै पनि निराशापन देखिन, सदैव आत्मीयतापूर्ण व्यवहारका कारण कलाकार आफैं पनि यस संस्थाको दैलोमा प्रवेश गर्न सदैव आतुर रहे। असल नेतृत्वले नै साङ्गीतिक क्षेत्र बढी भरपर्दो रहन गयो। सबैको आवाज एउटै रहन गयो– मिलिजुली बसौं, बाँडीचुँडी खाऔं।

४. साङ्गीतिक रोयल्टी– कलाकारको जीवनी

कलाकारको जिन्दगी आफैंमा रमाइलो बगैंचा हो। जुन बगैंचाको रेखदेख गर्न म्युजिक नेपालले मात्र राम्ररी जानेको छ, पछिका संस्थाहरूलाई सिकाइदिएको छ। व्यक्तिमा प्रतिभा भएर हुँदोरहेन छ, प्रतिभाको कदर पनि हुनुपर्दो रहेछ। म्युजिक नेपालको प्रतिभाको कदर गरेकै कारण पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका, यसैगरी दक्षिण चितवनदेखि उत्तरमा गोसाइकुण्डसम्मका केही हुनेखाने कलाकारले राजधानीमा बङ्गला जोडेका छन्, पजेरो पनि हुँइकाएकै छन्। अवसर नपाउँदा र प्रतिभाको कदर नगरिँदा सुदूर भेगका भुन्टे गान्छेहरू नारायणगोपाल, तारादेवी, रामकृष्ण ढकाल, कुन्ती मोक्तान बन्न सकेनन् अथवा कुमार बस्नेत, कोमल वली बन्नबाट बञ्चित भए। जे जति कलाकार सफल छन् म्युजिक नेपालको मायाको स्पर्शले सफल बन्न सके भन्दा अतिशयोक्ति न होला। कलाकारको कदर रोयल्टीबाट पनि हुन्छ, रोयल्टी नै कलाकारको निवृत्तिभरण भएकोले बिक्रीको आधारमा कलाकारले निवृत्तिभरण पाउनुपर्छ भनी आवाज उठाउने र सो को थालनी गर्ने संस्था पनि म्युजिक नेपाल नै हो जस्तो लाग्छ मलाई।

५. विशिष्ठ कामको थालनी, म्युजिक नेपालको आँगनी

आफ्नो स्थापना कालको सुरुवातसँगै म्युजिक नेपालले प्रतिभाका धनी तर छरिएर रहेका कलाकारहरूलाई एउटै साङ्गीतिक मञ्चमा जम्मा गराई नेपाली संस्कृति र माटोको सुवास सबैलाई दिलाएको गुन नेपाली दिग्गज श्रोताहरूले कदापि भुल्ने छैनन्। यस संस्थाको स्थापना नहुँदो हो त वर्तमान र सुदूर भविष्यसम्म पनि नेपाली कलाकारको प्रतिभा कि त गुम्सिएर रहन्थ्यो अथवा इतिहासका पानामा सीमित हुन्थ्यो। तर म्युजिक नेपालको ऐतिहासिक कदमका कारण स्वरसम्राट नारायणगोपाल, प्रसिद्ध लोकगायक बमबहादुर कार्की, हरिदेवी कोइलारा, शम्भु राई आदि सयौँ नाम चलेका सिद्धहस्तहरूलाई नेपाली श्रोताहरूले नजिकबाट चिन्ने मौका पाए। यसका अलवा नेपाली लोकगीत, दोहोरी गीत, आधुनिक गीत, भजन, फिल्मी गीत, व्याङ्ग्यात्मक गीत आदि गरी झन्डै १५ सयको हाराहारीमा म्युजिक नेपालकै आगनीमा उत्पादित गीतहरूले नेपाली सङ्गीतको भण्डारमा जम्मा हुने मौका पाए। चिरकालसम्म सङ्गीतको त्यो भण्डार दुरुस्त रहने कुरामा आशा राख्न सकिन्छ। यसैगरी नेपाली गीत र सङ्गीतका पुराना स्रष्टा मेलवादेवी, रानूदेवी, मित्रसेन, सेतुराम आदिका गीतहरू पनि वर्तमान समयका असल कलाकाराका सुरिलो स्वरबाट रिमिक्सका माध्यमले सुन्न पाइन्छ। यसलाई मैले म्युजिक नेपालको अनुकरणीय काम सम्झेको छु।

यसैगरी हिन्दूहरूको पवित्र ग्रन्थ भानुभक्तीय रामायणका सम्पूर्ण श्लोकहरू सयौँ स्रष्टा-कलाकारहरूको जादुमय स्वरमार्फत रेकर्ड गराई नेपाली जनजनमा कहिल्य नभुलिने विशिष्ट काम सम्पन्न गरेकोमा म्युजिक नेपाल धन्यवादको पात्र रहिरहनेछ। 'करको' (कमलमणि दीक्षित, रमेश खकुरेल, कोषराज न्यौपाने) को कम मेहनत रहेन यस विशिष्ट कार्यमा। सबैभन्दा कान्छो उमेरका ८ वर्षीय बालकलाकार सुश्रुत तिमिल्सिना देखि ८७ वर्षीय बूढीआमा नर्वदादेवी न्यौपानेसम्मका स्वरलाई पनि रामायणमा समेटेर कीर्तिमानी काम गर्‍यो 'करको' समूहले। म्युजिक नेपालको आगनीमा भएको सो कार्यक्रमलाई मैले विशिष्ट कामको थालनी सम्झेको छु।

६. म्युजिक नेपालसँगको मेरो सम्बन्ध

हुन त आजसम्म न मैले म्युजिक नेपाल पुरस्कार पाएको छु, न त भोलिका दिनहरूमा सो पुरस्कार पाउने सम्भावना नै छ। तर सम्बन्ध पुरस्कारमा मात्र सीमित हुन्न, बरु पुरस्कारले सीमित घेरा अंगाली दिन्छ। वि.सं. २०४३ सालमा रेडियो नेपालद्वारा आयोजित अधिराज्यव्यापी लोकगीत सम्मेलनमा मैले सुदूर पश्चिमको देउडा लय 'छमक्क-छमक्क' गाएर प्रथम हुने मौका पाएको थिएँ। धेरैले मन पराएर सो गीत म्युजिक नेपालमा पनि रेकर्ड गर्न हौस्याए। फूर्तिसाथ कालिकास्थान म्युजिक नेपालको स्टूडियोमा गएँ, गीत सुनाएँ, साउन्ड इन्जिनियर प्रदीप उपाध्याय र संयोगवश नारायणगोपाल पनि त्यही हुनुहुन्थ्यो, दुवै जनाले "पश्चिमी पाराको ठेट गीत कति मीठो रहेछ" भनी खुसी व्यक्त गर्नु भयो, पछि त्यहाँ त्यो गीत रेकर्ड गरैं। त्यही देउडागीतले म्युजिक नेपालका बीचमा सेतुको काम गऱ्यो। अनामनगर सरिसकेपछि मैले धेरै गीतमात्र होइन देउडा गीतका र अन्य गरी २२ थरी गीति क्यासेट म्युजिक नेपालको स्टुडियोमा मेरो आफ्नै निजी लगानीमा रेकर्ड गराएँ। एम.एन. लेखिएको क्यासेटमा त्यहीं डबिङ् गराई वि.सं. २०४६ सालदेखि वि.सं. २०५२ सालसम्म बोरामा देउडा गीतका क्यासेट राखी छिमेकी मित्रराष्ट्र भारतको बाटो हुँदै सुदूरपश्चिमका गाउँगाउँ, बस्तीबस्ती, मेलापर्वका साथै प्रमुख सहरहरू धनगढी, महेन्द्रनगर, दीपायल, दार्चुला, गोठालापानी, बैतडी, टीकापुर, दैलेख, जुम्ला, जाजरकोट, हुम्ला, कालीकोट तथा नेपालगञ्ज आदि स्थानहरूमा पटकपटक पुगी बजार विस्तार गरेको कुरा अहिले पनि झलझली याद आउँछ। म्युजिक नेपालको क्यासेट चक्का र नन्दकृष्ण जोशीद्वारा गाइएका देउडागीत पाएपछि त्यस क्षेत्रका श्रोताले अधिक मन पराएको कुरा म कदापि बिर्सन सक्दिन। हातका चाँदीका वाला र खेत बिक्री गरेर भएपनि श्रोताहरू क्यासेट प्लेयर किन्थे र बजाउँथे। देउडाका विविध गीति क्यासेटहरू १७ वर्षको अवधिमा झन्डैझन्डै साडे दुई लाखप्रति मैले नैं बिक्री गरेर श्रोताहरूको देउडाको माग पूरा गरेको छु, देउडागीतको जग बसालेको छु। यी सबै क्यासेट म्युजिक नेपाल


लेखिएको क्यासेटमा नै डबिङ् हुन्थ्यो । रकम कहाँबाट जुटाएँ, ब्याङ्क र व्यक्तिलाई चर्को ब्याज कति लाखसम्म तिरेँ, यसबारे छुट्टै लेख लेखूँला तर त्यसबेला म्युजिक नेपालसँगको मेरो नाता परिवारको झैं घनिष्ट थियो र अहिले पनि छ । सन्तोष शर्मा, कञ्चन शर्मा, गणेश परियार, ईश्वर अर्याल, जे.के. शर्मा, परशुराम चौधरी, विष्णुजी, अच्युत दवाडी, मदन दिपबिम, घोष, मानकाजी, भीम बावु आदि मेरा लागि कहिल्यै नभुलिने नामहरू हुन् । त्यसपछिका दिनहरूमा पनि स्वस्तिक अडियो इन्ड्रस्ट्रिज र म्युजिक नेपाल परिवारले मप्रति दर्शाएको स्नेह सदैव ताजा रहने छ ।

७. अन्त्यमा

म्युजिक नेपाल हामी सबैको साझा साङ्गीतिक फूलबारी हो । वि.सं. २०३८ साउन २ गतेदेखि आजसम्म यस संस्थाले धेरै हावाहूरी साथै भोकप्यास पनि सहेको छ होला, तर आफ्नो धर्म विपरीत हिँडेको देखिएन, अन्याय गरेको सुनिएन, कर्त्तव्यमा अल्छी गरेको थाहा पाइएन, कालो धन्दा गरेको कतै भेट्टिएन बरु राष्ट्रलाई आर्थिक, सामाजिक, सांस्कृतिक एवं साङ्गीतिक क्षेत्रबाट सुदृढ तुल्याउनका लागि जुटिरहेको पाइयो । सयौँको दालभात र गुन्द्रुकको जोहो गरेको देखियो । भोलिका दिनहरूमा पनि प्रगतिपथमा म्युजिक नेपाल प्रा.लि. अवश्य लम्किरहोस् भनि शुभकामना व्यक्त गर्न चाहन्छु । धन्यवाद !

बफाड, तलकोट
हाल: धुम्बाराही, काठमाडौँ

■



सन्तोष दाइ र म्युजिक नेपाल

नरेन्द्रराज प्रसाईं

मान्छेले गर्ने काम उसकै मनमस्तिष्कको गच्छेको प्रतिविम्ब हो। त्यही प्रतिविम्बको अर्को रूप हाम्रा अगाडि म्युजिक नेपाल उभिएको छ। अनि म्युजिक नेपालसँगसँगै सन्तोष दाइ पनि उभिएका छन्। नेपाली भाषामा यस अवधिमा यतिका गीतहरू आउँथे या आउँदैन थिए म भन्न सक्तिन। २००७ मा रेडियो नेपाल स्थापना भएयताको नेपाली भाषाका गीत रेकर्डिङ्को तुलना गर्ने हो भने पनि म्युजिक नेपालको भूमिकाले अहम् भूमिका खेलेको पाइन्छ। आज म्युजिक नेपालको रातोदिनको समर्पणका कारण छडछड खोला बगेजस्तै यसले दिनप्रतिदिन आफ्नो उत्पादन जनसमक्ष ल्याइरहेको छ। श्री ५ को सरकारले स्थापना गरेको

रत्नरेकर्डिङ् संस्थान एकातिर खारेज हुनु र अर्कातिर म्युजिक नेपालको साङ्गीतिक आवश्यकता टाकुरामा पुग्नुले के देखाउँछ भने रत्नरेकर्डिङ् संस्थानको व्यवस्थापन बाँदरका हातमा पऱ्यो र म्युजिक नेपाल विशिष्ट श्रेणीको मानवका हातमा नै पऱ्यो ।

२०३८ सालको कुरो हो, त्यति बेला सन्तोष दाइले म्युजिक नेपाल स्थापना गरेको मेरो आँखामा अझै झल्झली आउँछ । म अहिले म्युजिक नेपालको गतिविधिसँग टाँस्सिएर २०३८ सालको म्युजिक नेपालको कल्पना गर्न सक्तिन । अनि त्यतिखेर पनि म्युजिक नेपालले पछि यसरी देशदेशान्तर हाँक्छ भन्ने बेहोरा मेरो कल्पनामा आउँदैनथ्यो । तर मान्छेको एकोहोरो आराधनाले त्यति बेलाको त्यो म्युजिक नेपाल पनि चमत्कारी ढङ्गबाट आजको यो म्युजिक नेपाल हुन सक्तोरहेछ । जसका लागि हामीले सन्तोष दाइलाई बधाई दिनै पर्छ ।

म्युजिक नेपाल आज एउटा अत्यन्तै विकसित रूपरेखामा स्थापित भइसकेको संस्था भएको छ । आजको म्युजिक नेपाल भन्नु अन्य एसियाका विकसित राष्ट्रहरूको रेकर्डिङ् संस्था वा स्टुडियोसँग पनि तुलना गर्ने हिसाबमा उभिइसकेको छ । वास्तवमा आज नेपाली सङ्गीतको प्रवर्द्धनका लागि म्युजिक नेपालको भूमिका नै सशक्त देखिएको छ । त्यति मात्र होइन यस संस्थाले नवोदित कलाकारदेखि छोपिइसकेका कलाकारहरूसम्मलाई जनसमक्ष ल्याएको छ । यस संस्थाले कैयौं प्रतिभाहरूलाई आफ्नो योग्यताको प्रस्फुटन गर्ने स्वर्ण मौका प्रदान गरेको छ । त्यतिमात्र होइन नारायणगोपालजस्ता गायक तथा सङ्गीतकारको सङ्गीतमा पेसागत मर्यादाका लागि पहल गर्ने योद्धा पनि म्युजिक नेपाल नै हो । त्यतिखेर नारायणगोपालको गीतियात्रा म्युजिक नेपालद्वारा रेकर्डिङ् भई प्रकाशमा आएपछि नै नारायणगोपालले सर्वप्रथम रोयल्टीका बिटा पाउन थालेका थिए ।

म्युजिक नेपालले अरुणा लामाको गीतियात्रालाई पनि नारायणगोपाललाई झैं पेसागत मान्यताका साथै आयमूलक क्षेत्रमा पुऱ्याइदियो । वास्तवमा म्युजिक नेपालले रेकर्डिङ् गरेका दुई दर्जनभन्दा बढी गीतहरू अरुणा लामाकै स्वरमा आवद्ध छन् । त्यही संस्थाले 'अरुणायात्रा' नामक अरुणा

लामाका तीनवटा गीति क्यासेट जनसमक्ष ल्याइदियो । त्यसै गरी हराएका रत्नबहादुर, दिलमायालगायत अनगिन्ती सङ्गीत र स्वरका साधकलाई म्युजिक नेपालले नै पुनः गोडमेल गऱ्यो, मलजल गऱ्यो र सिँचन गऱ्यो । वास्तवमा म्युजिक नेपालको सद्भाव र सद्विचारले आज कैयौं कलाकारहरूले प्रोत्साहन पाएका छन् । त्यस संस्थाबाट कसैले भावनात्मक प्रोत्साहन पाएका छन्, कसैले भौतिक प्रोत्साहन पाएका छन् र कसैले आर्थिक प्रोत्साहन पाएका छन् । वास्तवमा म्युजिक नेपालप्रति कलाकारको झुकाव भएको कारण पनि यसको कार्यशैलीकै प्रतिविम्ब हो । नेपाली सङ्गीतको परिप्रेक्षमा व्यापारिक संस्था भए तापनि म्युजिक नेपालले नै सर्वप्रथम नियमित रूपमा नेपाली कलाकारलाई सम्मान, पुरस्कार र रोयल्टी दिन सुरु गरेको हो ।

म्युजिक नेपाल भन्नु नेपाली भाषा साहित्य, कला र संस्कृतिको उत्थानमा समर्पित एउटा केन्द्रीय संस्था हो । म्युजिक नेपालको स्थापनापछि नेपालमा पहिलेजस्तै अन्य विदेशी भाषाका गीतका क्यासेटहरू विक्रीवितरणमा क्रमशः केही लोप हुन थालेको हो । त्यति मात्र होइन २०४० सालअघि जुनसुकै समारोह, भोजभतेर र बिहे, पिकनिकहरूमा प्रायः हिन्दी गीतहरू नै बज्ने गर्थे । म्युजिक नेपालको स्थापना भएपछि ती ठाउँहरूमा पनि प्रायः नेपाली गीत बज्ने गर्छन् । वास्तवमा म्युजिक नेपाल नेपाली भाषासंस्कृतिको एउटा संवाहकका रूपमा नै प्रतिष्ठापित भएको छ ।

म्युजिक नेपालले नेपाली कलाकारलाई देशविदेशमा प्रस्तुत मात्र गरेको छैन । यस संस्थाले कलाकारलाई यथोचित सम्मान पनि प्रदान गर्दै आएको छ । यसै सिलसिलामा यस संस्थामार्फत् कलाकारलाई हरेक वर्ष म्युजिक नेपाल पुरस्कारले पनि सम्मानित गर्ने परिपाटी बसाएको छ । अधिकतम क्यासेट बिक्री भएका सम्बन्धित स्रष्टालाई यस संस्थाले सम्मान खामेर दिने गरेको बेहोरा पनि यस संस्थाको अर्को महत्त्वपूर्ण कार्य मानिन्छ । गीतसङ्गीतको विधामा यस संस्थाले धेरै कलाकारलाई बलियो आर्थिक टेवा पनि दिएको छ ।

हाम्रो देशमा म्युजिक नेपाल एउटा प्रतिनिधि सांस्कृतिक संस्था भइसकेको छ । यस संस्थाद्वारा नेपाली भाषासाहित्यको प्रचार गर्ने

उद्देश्यले भानुभक्तीय रामायणका क्यासेट रेकर्डिङ् र उत्पादनदेखि श्री स्वस्थानी व्रतकथा, मुनामदन, कुञ्जिनी, कोमलगीता आदिसम्मका गीतएल्बम बजारमा ल्याइएको छ। यी बृहत्तर काम गरेर म्युजिक नेपालले हाम्रो संस्कृतिको प्रतिनिधित्व गरिसकेको छ।

म्युजिक नेपालले आज जे गऱ्यो धेरै गऱ्यो। यस संस्थाले फेरि पनि अझै धेरै गर्नुछ। हाम्रा भाषा, साहित्य, संस्कृति, कलालाई बोकेर म्युजिक नेपालले आफ्नो साङ्गीतिक यात्रालाई भूगोलको सेरोफेरोमा निरन्तर घुमाउँदै लग्नुपरेको छ। नेपाली सङ्गीतमा यस्तो गतिशील काम गर्ने म्युजिक नेपाललाई हामी मुखले बधाई र धन्यवाद दिन्छौं। म्युजिक नेपालले भने हामीलाई कामले प्रत्युत्तर दिइरहेका थिए, दिइरहेका छन् र दिइरहने छन्। ■



नारायणगोपाल र म्युजिक नेपाल

पेमाला गुरुवाचार्य

नारायणगोपालले पनि म्युजिक नेपालका बारेमा सुन्नु मात्र भएको थियो। सायद दिव्य खालिङबाट नै उहाँले म्युजिक नेपालले गीत रेकर्डिङ् र एल्बम प्रकाशन गर्ने काम गर्छ भन्ने सुन्नु भएको थियो। दिव्य खालिङले त्यहाँ 'जिङ्गल' हरू रेकर्ड गर्थे क्यार। यसरी म्युजिक नेपाल उहाँको जानकारीमा आयो र पछि सन्तोष शर्मालाई प्रदीप उपाध्यायमार्फत् भेट्नु भयो जस्तो लाग्छ।

उहाँ म्युजिक नेपाललाई राम्रो सुरुवात् हो भन्नु हुन्थ्यो। त्यसबेला रेडियो नेपालको विकल्प थिएन। त्यसैले उहाँलाई म्युजिक नेपालबाट नयाँ गीत रेकर्डिङ्को प्रस्ताव राखिँदा खुसी लागेको थियो। "दाइलगायत

सङ्गीतकार, वाद्यवादक सबैको यथोचित पारिश्रमिक दिन्छौं। र, सबै खर्च म्युजिक नेपालले नै व्यहोरेर गीत रेकर्ड गरेर एल्बम निकाल्छौं र बिक्री भएका आधारमा दाइलाई रोयल्टी पनि दिन्छौं।" भन्ने प्रस्ताव राख्यो। यसरी उहाँको क्यारियरमा रोयल्टी भन्ने कुरो सर्वप्रथम म्युजिक नेपालले नै दिएको हो। उहाँ पनि रोयल्टीको पक्षधर हुनुहुन्थ्यो। कलाकारले आफ्नो सृजना र साधनाको उचित मूल्य पाउनुपर्छ भन्ने कुरामा अडिग मान्छे उहाँलाई यस प्रस्तावले साह्रै खुसी पारेको थियो। सम्पन्न नै हुन नसके पनि जीविकासम्म चाहिँ यसैबाट चलाउन सक्नुपर्छ भन्ने मान्यता थियो उहाँको। त्यसैले उहाँ रेडियो नेपाललगायतका संस्थाहरूसँग रोयल्टीका लागि झगडै गर्नुहुन्थ्यो।


पछि म पनि यस संस्थानको सम्पर्कमा पुगें र सबै गीतहरू निकाल्ने अधिकार यसैलाई दियौं। हुन त मास्टर रेकर्डिङ्ले बदमासी गरेर चोरेर अहिले पनि निकालिराखेका छन्। तिनीहरूले एक पैसा दिएका छैनन्। कसकहाँ न्याय खोज्न जाने? कुन मन्त्रीलाई भेट्ने? नेपाल टेलिभिजनजस्तो संस्थाले त धोका दियो। आधिकारिक निकाय नै देख्तिन म, रोयल्टी भन्ने कुरो खालि म्युजिक नेपालबाट आएको छ। त्यो पैसा त मैले निजी प्रयोग गर्ने पनि होइन, सङ्गीत कोषमै जाने हो तर सबैले बेइमानी गरिरहेका छन्। आज नारायणगोपाल सङ्गीत कोषलाई टेवा दिन म्युजिक नेपालले ठूलो सहयोग पुऱ्याइरहेको छ। अहिलेसम्म पनि यसैले मात्र नियमित रूपमा धेरथोर जति हुन्छ रोयल्टी दिइराखेको छ।

यति हुँदाहुँदै पनि म्युजिक नेपाललाई एकदुई कुरा सल्लाह दिन मन लागेको छ। यसले जथाभावी रूपमा चारैतिर हात नहाले हुन्थ्यो। यसले निकालेका एल्बमहरूका सबै गीतहरू स्तरीय होऊन्। कसैले पैसा लगानी गर्छ भन्दैमा वेसुरा र सुन्न झर्को लाग्ने गीतहरू ननिकाले हुन्थ्यो। अरूले यस्तो गर्न सुहाउँछ तर म्युजिक नेपाललाई यसले शोभा दिँदैन। यो त अब रेडियो नेपालकै विकल्प भइसकेको छ। त्यसैले जे पायो त्यही, जसको पायो त्यसको गीत निकाल्ने काम बन्द गर्नुपर्छ। विशेष गरेर लोक-दोहोरी र पपगीतका नाममा जस्तो पायो त्यस्तो गीतहरू निकाल्नु हुँदैन। यसमा मलाई सारै दुःख लाग्छ। यसले किन

यस्ता काममा आफ्नो समय र पैसा खर्च गरेको होला जस्तो लाग्छ। सङ्ख्या बढाएर मात्र केही फाइदा छैन। म्युजिक नेपालको मलाई खट्केको पक्ष नै यही हो। यसबाहेक क्यासेटको गुणस्तरमा पनि ध्यान दिनुपर्छ कि जस्तो लाग्छ।

सांस्कृतिक संस्थानको महाप्रबन्धकबाट अवकाश पाएपछि चारवर्षसम्म उहाँ बेरोजगार हुनुभयो। त्यसबेला 'ब्लुनोट' निकाल्नुभयो रत्नरेकर्डिङबाट र पछि ललितकला क्याम्पससम्म जानुभयो। उहाँको आम्दानी थिएन। तर हामीलाई एउटा 'भीसीआर' को ठूलो रहर थियो। उहाँको फिल्म हेर्ने ठूलो सोख थियो। यो कुरो उहाँले म्युजिक नेपालमा चुहाउनु भएको रहेछ– "फिल्म हेर्नुपर्ने एउटा भीसीआर नभएकाले समस्या पऱ्यो।" सन्तोषजीले भन्नुभएछ– "हेर्नुहोस् न दाइ के छ र? बरू आफैं छान्नुहोस् तपाईंलाई कस्तो मन पर्छ।" अनि उहाँले फेरि सोध्नुभएछ– "सन्तोषजी त्यसको लागि पैसा पनि चाहिन्छ नि, त्यो पैसाचाहिँ कहाँबाट जुटाउनु ?" सन्तोषजीले भन्नुभएछ– "तपाईंको रोयल्टीबाट आइहाल्छ नि।" त्यतिबेलाको २७ हजारमा महङ्गो कालो भीसीआर म्युजिक नेपालले दिएकै रोयल्टीबाट उहाँले किनेर ल्याउनु भएको थियो। घरमा कहिलेकाहीं पैसाको हर्जा हुँदा "किन धन्दा मान्छ्यौ– म्युजिक नेपालमा सन्तोषजीलाई भनौंला अलिअलि आइहाल्ला नि" भन्नुहुन्थ्यो। यसरी उहाँलाई एक किसिमको विश्वास र भरोशा नै थियो म्युजिक नेपालप्रति।

वास्तवमा म्युजिक नेपाल सबै कलाकारहरूको छहारीजस्तो भएको छ। यसप्रति सबै कलाकारहरूको विश्वास छ। तर, यसले स्तरहीन गीत चाहिँ ननिकालोस्। बीस वर्षको शुभकामना। ■



म्युजिक नेपाल : एक विहङ्गावलोकन

प्रकाश लुइटेल

१. विषय प्रवेश

म्युजिक नेपालको विधिवत् स्थापना २०३८ साउन २४ गते त्रिपुरेश्वर काठमाडौँ निवासी सन्तोषकुमार शर्माका नाममा दर्ता भएपछि भएको हो। यस संस्थाको प्रा.फ.नं. ३७५३/३६/०३८ रहेको छ। श्री ५ को सरकार उद्योग तथा वाणिज्य मन्त्रालय, घरेलु तथा ग्रामीण उद्योग विभाग काठमाडौँबाट प्राइभेट फर्म रजिस्ट्रेसन ऐन (२०१४) बमोजिम रजिस्टर गरी म्युजिक नेपाललाई दर्ता प्रमाणपत्र प्रदान गरिएको हो। सम्पूर्ण कच्चापदार्थ स्वयं प्रवन्ध गरी क्यासेट टेप भर्ने उद्देश्यले स्थापित यस

संस्थामा २०३८ भदौ २२ गते सजनराम भण्डारी र यादव बासकोटा एवम् २०५२ मा स्वस्तिक अडियो साझेदारका रूपमा कार्यरत छ। २०४० वैशाख २ गतेदेखि परीक्षण उत्पादन सुरु गरेको यस संस्थाले २०४० साउन १ गतेदेखि रत्नरेकर्डिङ् संस्थानका क्यासेटहरूको डबिङ्बाट नेपाली गीतसङ्गीतका एल्बमहरूको नियमित उत्पादन थालेको हो। २०४५ वैशाख ७ गते श्री ५ को सरकार उद्योग मन्त्रालय, उद्योग विभागबाट कम्पनी ऐन (२०२१) बमोजिम प्राइभेट लिमिटेड कम्पनीका रूपमा यो संस्था दर्ता भएको हो। म्युजिक नेपालको जन्म जुन दिन भयो, त्यसपछि छरिएका नेपाली गीतसङ्गीतका भँगालाहरूलाई एकीकृत गरी विभिन्न एल्बमहरू मार्फत् जनताका घरदैलामा पुऱ्याउने परम्परालाई निरन्तरता दिइरहेको छ। यो नै म्युजिक नेपालको विशेष ऐतिहासिक कार्य हो।

धोबीधारा, कालिकास्थान आदि धेरै ठाउँहरूको बसाइँ सराइपछि कोठा, फ्ल्याट हुँदै २०४६ पश्चात् ४ तले, २६ कोठे सुविधासम्पन्न निजी भवन बनाउन म्युजिक नेपाल सफल भएको छ। हाल एउटा विशिष्ट र उन्नत सङ्गीत उद्योगका रूपमा स्थापित भइसकेको म्युजिक नेपाल प्राविधिक रूपले पनि निकै बलियो संस्था बनिसकेको छ। तर स्थापनाकालमा पूर्णत: सरकारी भत्ता र विर्ता खाएर/पाएर पनि दिनानुदिन जीर्ण बन्दै गएको रत्नरेकर्डिङ् संस्थानलाई आफ्नो आँखाअगाडि क्रमश: थलिँदै गएको दृश्य देखिरहेको म्युजिक नेपाललाई शिर ठाडो पारेर हिँड्नसक्ने अवस्था सिर्जना गर्नु निश्चय नै अवसर र चुनौती दुवै थियो। यसरी क्रमश: ओइलाउँदै निष्प्रभाव, निश्क्रिय र निर्जीव बनेको रत्नरेकर्डिङ् संस्थानबाट केही पाठ सिक्दै प्रौद्योगिक सामर्थ्यलाई सार्थकरूपमा अघि बढाउन म्युजिक नेपाल सफल भएको हो।

यसपूर्व सङ्गीतलाई उद्योग-व्यवसायका रूपमा विकास गर्न सकिन्छ भन्ने न्यूनतम अवधारणासमेत निजी क्षेत्रका उद्योगपतिहरूमा आइनसकेको तत्परिप्रेक्ष्यमा म्युजिक नेपाल निकै कदम अघि बढेर नेपालकै जेठो निजीस्तरको साङ्गीतिक उद्योगका रूपमा स्थापना भएको हो। नेपाली उद्योग क्षेत्रमा नवीनतम प्रयोगका रूपमा विकसित म्युजिक नेपालले

सङ्गीतजस्तो अमूर्त वस्तुलाई समेत औद्योगिक प्रतिष्ठा प्रदान गरेको छ । शून्यमा रहेको निजीस्तरको सङ्गीत-उद्योग म्युजिक नेपालको स्थापनासँगै ०१ हुन पुगेको हो । सङ्गीत उद्योगको गुरुसंस्थाका रूपमा स्थापित यस संस्थालाई साङ्गीतिक शक्तिकेन्द्र मानी यसकै सिको गरेर सयौँ साङ्गीतिक उद्योगहरू स्थापना भइरहेका छन् । तसर्थ म्युजिक नेपालको आरम्भसँगै नेपाली सङ्गीत-उद्योगको क्षेत्रफल द्रुतगतिमा अघि बढेको छ भन्नु सामयिक एवं न्यायसङ्गत देखिन्छ ।

२. म्युजिक नेपालको उद्देश्य

क्यासेट टेप भर्ने उद्देश्यले स्थापित म्युजिक नेपालले नेपाली गीतसङ्गीतको औद्योगिकीकरण गर्ने अविराम उद्देश्य लिएको छ । यस संस्थाका अन्य मुख्य उद्देश्यहरू तपसिलमा रहेका छन्–

१) नेपाली गीतसङ्गीत, कला र संस्कृतिको उत्थान गर्नु,
२) उच्च गुणस्तरीय गीतसङ्गीत, कला र संस्कृतिको उत्थान गर्नु,
३) अनियमित र अवैज्ञानिक बजारको अन्त्य गर्दै प्रतिस्पर्धात्मक सङ्गीत बजारमा अगाडि बढ्नु,
४) स्वस्थ र स्तरीय मनोरञ्जन प्रदान गर्नु,
५) नेपालका सबै जातजाति, भाषाभाषी, वर्ग, पेसा, सम्प्रदाय र संस्कृतिको इष्टसंस्थाका रूपमा सर्वस्वीकार्य बन्ने अक्षुण्ण प्रयास गर्नु,
६) बाह्य सञ्चार र गीतसङ्गीतको बढ्दो अतिक्रमण/साञ्चारिक एवं साङ्गीतिक उपनिवेशबाट मुक्त हुनु,
७) देशको आर्थिक, सामाजिक र सांस्कृतिक परिवेशअनुसारका गीतसङ्गीतको सिर्जना गर्नु,
८) नेपाली गीतसङ्गीतको विश्वव्यापीकरण गर्नु,
९) विभिन्न सञ्चार तथा साङ्गीतिक संस्थाहरूसँग सुमधुर सम्बन्ध स्थापना गर्नु,
१०) बौद्धिक सम्पत्ति संरक्षणसम्बन्धी अधिकार (मूलतः प्रतिलिपि अधिकार ऐन) को सम्मान गर्नु र यसको महत्त्वका बारेमा प्रचारप्रसार गर्नु,

११) स्रष्टाहरूको सम्मान गर्दै राष्ट्रलाई समृद्ध बनाउने प्रयास गर्नु,
१२) राष्ट्रिय साङ्गीतिक प्रवर्द्धनमा जोड, विश्वव्यापी प्रतिस्पर्धा र खुला अर्थनीतिमा विश्वास गर्नु,
१३) राष्ट्रहितकारी पुरातन सांस्कृतिक पक्षहरूको ससम्मान संरक्षण एवं संवर्द्धन तथा आधुनिक वैज्ञानिक प्रविधिको एकैसाथ सहर्ष र सहज स्वागत गर्नु।

'स्रष्टाहरूको सम्मान गरौं : राष्ट्रलाई समृद्ध बनाऔं' म्युजिक नेपालको उद्देश्यगत मूल नारा हो। नेपाली सङ्गीतको मूल जरामा प्रवेश गरी त्यसलाई काट्ने दुष्प्रयास गरिरहेका सेता, काला र नीला साङ्गीतिक प्रभाव र प्रवाहहरूलाई अङ्कुश लगाई सबै खाले नेपालीहरूका घरदैलामा नेपाली साहित्य, सङ्गीत र संस्कृतिलाई भित्र्याउने प्रयास गर्नु पनि म्युजिक नेपालको उद्देश्य हो।

समष्टिमा नेपाली गीतसङ्गीतको उत्पादन, बिक्रीवितरण, संस्कृतिको संरक्षण, संवर्द्धन र विकास, सर्जकहरूको सम्मान, राष्ट्रियताको संवर्द्धन, सामाजिक एवं राष्ट्रिय एकताको सुदृढीकरण गर्दै बहुजाति, बहुभाषी, बहुसंस्कृति र बहुउमेरका मानिसहरूलाई समेट्ने सम्मानजनक र सार्थक उद्देश्य यस संस्थाले लिएको छ। 'विविधताभित्रको साझा एकता, नेपालको मूल विशेषता' भन्ने सामान्यीकृत अवधारणालाई म्युजिक नेपालले सफलीभूत पार्ने केन्द्रीय उद्देश्यका रूपमा ग्रहण गरेको छ।

३. म्युजिक नेपालले विभिन्न क्षेत्रमा प्रथम संस्थाका रूपमा पाएको प्रसिद्धि

नेपाली सङ्गीतउद्योगका मर्यादाक्रममा श्रेष्ठ र समृद्ध परम्परा भएको लब्धप्रतिष्ठित संस्थाका रूपमा म्युजिक नेपालको स्थान क्रमाङ्क ०१ मा पर्दछ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा उल्लेख्य ख्याति आर्जन गरिसकेको गुणस्तरीय उत्पादनलाई प्राणप्रतिष्ठा बनाएकाले सङ्गीतसँग सम्बद्ध विविध क्षेत्रमा यस संस्थाको पाइलो अग्रणी रहेको छ। यस संस्थालाई

बहुक्षेत्रमा प्रथम मान्नुपर्ने कारक तत्वहरूलाई बुँदागतरूपमा तल प्रस्तुत गरिएको छ–

१) निजीस्तरको पहिलो रेकर्डिङ् स्टुडियो स्थापना गरी पहिलो सङ्गीत प्रकाशन गर्ने संस्था,

२) कलाकारहरूलाई एल्बममा रोयल्टी प्रदान गर्ने पहिलो नेपाली संस्था,

३) कलाकार (गायक, गीतकार, सङ्गीतकार) हरूलाई प्रसारण रोयल्टी दिने पहिलो संस्था,

४) अत्याधुनिक टेपमेटिक डिजिटल लुपबिन प्लान्ट जडान गर्ने दक्षिणएसियाकै पहिलो स्टुडियो,

५) बहुराष्ट्रिय सङ्गीत कम्पनीहरूबाट इजाजतपत्र (लाइसेन्स) प्राप्त गरी गीत प्रसारण गर्ने पहिलो नेपाली साङ्गीतिक संस्था,

६) विश्वप्रसिद्ध जापानी टेलिभिजन संस्था एनएचके (NHK) को एसियाज हु इज हु (सन् १९९८ अक्टोबर २९ र ३० मा प्रसारित २० मिनेटको वृत्तचित्र) मा प्रस्तुत हुने पहिलो दक्षिण एसियाली साङ्गीतिक संस्था,

७) अन्तर्राष्ट्रिय स्वर्णतारा पदक (International GoldStar Award, 1998/2000) प्राप्त गर्ने दक्षिण एसियाकै प्रथम साङ्गीतिक संस्था,

८) साङ्गीतिक मुखपत्र (सङ्गीत, त्रैमासिक पत्रिका, २०५१ देखि) प्रकाशन गर्ने प्रथम निजी रेकर्डिङ् संस्था,

९) राष्ट्रिय संस्कृतिको संरक्षण, संवर्द्धन र विकास गर्ने ध्येयले 'सांस्कृतिक संवर्द्धन परिषद्' को स्थापना गर्ने प्रथम साङ्गीतिक संस्था,

१०) एफ्एम् रेडियो स्टेसनसम्बन्धी अवधारणा र म्युजिक नेपाल एफ्एम् सञ्चालन (२०५२ साल फागुन ११ गतेदेखि प्रत्येक दिन अपरान्ह ३-४ बजेसम्म एक घण्टा) गर्ने पहिलो साङ्गीतिक संस्था,

११) लोकगीत-सङ्गीतको संरक्षण, विकास र प्रचारप्रसार गर्ने ध्येयले प्रथम राष्ट्रव्यापी लोकगीत प्रतियोगिता (२०४८) को आयोजना गर्ने निजीस्तरको पहिलो संस्था,

१२) राष्ट्रका महान स्रष्टाहरू (विश्वेश्वरप्रसाद कोइराला, सिद्धिचरण श्रेष्ठ र अन्य)का स्वर/आवाजको रेकर्डिङ् तथा संरक्षण गर्ने पहिलो संस्था,

१३) सांस्कृतिक, साहित्यिक र ऐतिहासिक महत्त्वका कृतिहरू (रामायण, मुनामदन, कुञ्जिनी आदि) को वाचन गराई विभिन्न एल्बमहरूमा संरक्षण गर्ने प्रथम निजीस्तरको संस्था,

१४) प्रतिलिपि अधिकार ऐन र बौद्धिक सम्पत्ति संरक्षणका बारेमा आवाज उठाउने पहिलो नेपाली संस्था ।

म्युजिक नेपालले अथक परिश्रम, निरन्तर परिष्कार-परिमार्जन, विकासवादी सोचले गर्दा विभिन्न क्षेत्रमा प्रथम हुने अवसर पाएको हो । आफ्ना सम्पूर्ण उत्पादनहरू स्तरीय एवं युगसापेक्ष बनाउँदै लैजाने निजीस्तरको यस सङ्गीत-उद्योगले शून्यप्रायः रहेको सङ्गीत-उद्योग व्यवसायलाई आजको विकसित अवस्थामा पुऱ्याउने भूमिका निर्वाह गरेको छ ।

४. बौद्धिक सम्पत्ति संरक्षणसम्बन्धी अधिकारका पक्षमा प्रयास

प्याटेन्टस्, ट्रेडमार्कस्, प्रतिलिपि अधिकार र ट्रेडसेक्रट्सको संयुक्त स्वरूपलाई नै बौद्धिक सम्पत्ति भनिन्छ । यिनै मूलतः चार प्रकारका बौद्धिक सम्पत्तिहरूमा अधिकार प्राप्त गर्नु नै बौद्धिक सम्पत्तिसम्बन्धी अधिकार हो । यी चारमध्ये प्रतिलिपि अधिकारका बारेमा संक्षिप्त चर्चा गर्नु मुख्य अभीष्ट हो ।

ज्ञान-विज्ञान, भाषा-साहित्य, कला-संस्कृतिका सृष्टाहरूलाई प्रदान गरिएको अधिकार नै प्रतिलिपि अधिकार हो । आफ्नो सिर्जनामाथि पूर्णाधिकार प्रदान गर्नु, सृष्टा र सिर्जनाको संरक्षण गर्नु, सृष्टाहरूलाई आर्थिकरूपले आत्मनिर्भर, सामाजिकरूपले प्रतिष्ठासम्पन्न, नैतिकरूपले पूर्ण जवाफदेही, कानुनीरूपले प्रतिवद्ध बनाउनु यस ऐनको मूल ध्येय हो । यस अधिकारभित्र आर्थिक र नैतिक अधिकार मुख्य छन् । आर्थिक अधिकार (प्रतिलिपि अधिकार ऐन, २०५८, दफा ७) मा रचनाको उत्पादन, रूपान्तरण, बिक्रीवितरण, भाडामा दिने, आयात-निर्यात गर्ने अधिकार समितिलाई प्रदान गरिएको हुन्छ भने नैतिक अधिकार (प्रतिलिपि अधिकार ऐन २०५८, दफा ८) अन्तर्गत रचनाउपर दाबी गर्ने तथा रचनाको

तोडमाड एवं गलत प्रस्तुतिमा रोक लगाउन पाउने अधिकार हुन्छ। ज्ञान, विज्ञान, प्रविधि, कला, साहित्यजस्ता अधिकारहरूअन्तर्गत मुद्रित र ध्वनित वस्तु मुख्य मानिन्छन्। विशुद्ध कृषिअर्थतन्त्रबाट औद्योगिक अर्थतन्त्रतिर फड्को मार्ने सिलसिलामा बौद्धिक अधिकारसम्बन्धी अवधारणा प्रकाशमा आएकाले यसको विशेष महत्त्व छ। उद्योग-व्यवसायलाई विशिष्टीकृत गर्ने क्रममा जन्मिएको सङ्गीतउद्योगमा गीतरचनाकार एवं सङ्गीतकारलाई प्रतिलिपिका प्रथम अधिकारी मानिएको छ। कलाकार (गायक, सङ्गीतकार) र गीतको उत्पादक-प्रसारक संस्थालाई नेवरिड्राइट-अन्तर्गत गायन, उत्पादन एवं प्रसारण भएको मितिले पचास वर्षसम्म संरक्षण प्रदान गर्ने व्यवस्था प्रतिलिपि अधिकार ऐन २०५८ ले गरेको छ। मूलत: आर्थिक अधिकार (दफा ७), नैतिक अधिकार (दफा ८), प्रस्तोताको अधिकार (दफा ९), ध्वनि अङ्कन-उत्पादनको अधिकार (दफा १०), ध्वनि अङ्कन प्रयोगबापत् मनासिव माफिकको पारिश्रमिक पाउने अधिकार (दफा ११), प्रसारण संस्थाको अधिकार (दफा १२), संरक्षण प्राप्त गर्न योग्य रचना प्रस्तोता, ध्वनि अङ्कन उत्पादक वा प्रसारण (दफा १२) आदि अधिकारहरूको सुस्पष्ट व्यवस्था पनि प्रतिलिपि अधिकार ऐन २०५८ ले गरेको छ।

मुद्रित र ध्वनित वस्तुहरूमा स्रष्टाहरूसँग स्वीकृति नलिई हुने मानवीय अपप्रयोगमाथि कानुनीरूपमा पाता कस्ने ध्येयले म्युजिक नेपालले सदैव प्रतिलिपि अधिकार ऐनको, सफल, सबल र प्रभावकारी कार्यान्वयनमा विशेष जोड दिइरहेको छ। प्रतिलिपि अधिकारसम्बन्धी ऐन निर्माण गर्नाको मूल प्रयोजन नै स्रष्टाहरूको आफ्नो उत्पादनमा पूर्णाधिकार दिलाउनु हो। श्रमजीवीहरूको श्रम लुटी, मोज, भोज र सोख गर्ने अनधिकृत व्यक्ति, संस्था, समूह आदिलाई ठेगान लगाउने उद्देश्यले निर्माण भएको प्रतिलिपि अधिकार ऐनको आवश्यकता, उपयोगिता, महत्त्व र लोकप्रियता बढाउन म्युजिक नेपाल मन, वचन र कर्मले लागेको छ। स्रष्टाहरूलाई चुस्ने, बौद्धिक शोषण गर्नेमाथि अङ्कुश लगाई स्रष्टाहरूको संरक्षण गर्ने नीति अख्तियार गर्दै आएको म्युजिक नेपाल प्रतिलिपि अधिकारको अन्तर्राष्ट्रिय सङ्गठन (CISAC) र नेपाल प्रतिलिपि अधिकार

संरक्षण समाजसँग पनि पूर्ण आवद्ध रहेकाले स्थानीयदेखि अन्तर्राष्ट्रिय तहसम्मका चोरीनिकासीलाई न्यूनीकरण गर्न प्रतिलिपि अधिकार ऐन निर्माणार्थ सरकारलाई घच्घच्याउने निजीस्तरको प्रभावशाली पहिलो नेपाली संस्था हो। स्रष्टालाई सिर्जनाको मूलस्रोत मान्ने म्युजिक नेपाल यस्ता स्रोतहरूको संरक्षण, संवर्द्धन, विकास र शुद्धीकरण गर्ने कानुनी बाटोलाई सदैव फराकिलो, पारदर्शी र स्रष्टाकेन्द्री होस् भन्ने चाहन्छ।

५. म्युजिक नेपालले आर्थिक/प्राविधिक क्षेत्रमा पुऱ्याएको योगदान

५.१ आर्थिक योगदान– कलाकारको वार्षिक आम्दानीमा विस्तार

नेपाली कलाकारहरूलाई ससम्मान रोयल्टी प्रदान गर्ने म्युजिक नेपाल नेपालकै पहिलो संस्था हो। यस संस्थाले विभिन्न स्रष्टा-कलाकारका रचनाको बिक्रीका आधारमा पूर्व निर्धारित शुल्क भुक्तानी गर्न थालेबाट सीमित रूपमा भए पनि रचना र रचनाकारको आर्थिक अधिकारको सम्मान हुन थालेको हो। नि:शुल्क काम गरिरहेका स्रष्टाहरूलाई उक्त शुल्क भुक्तानीले प्रोत्साहित गरेको देखिन्छ। म्युजिक नेपालको सिको गरेर बढ्दो सङ्गीतको व्यावसायीकरणले गर्दा आज कलाकारहरूले उच्च आर्थिक र सामाजिक प्रतिष्ठा कायम गर्न थालिसकेका छन्, जस्तै– म्युजिक नेपालको एक जना अत्यधिक सफल गायक/सङ्गीतकार कलाकारको वार्षिक आम्दानी सँगैको तालिकामा प्रस्तुत गरेअनुरूप वृद्धि भएको देखिन्छ–

आर्थिक वर्ष	आम्दानी (रु.)
२०४१-४२	११७७७
२०४३-४४	१७१८९
२०४४-४५	४६०७४
२०४५-४६	३५८४६
२०४७-४८	६०१८७
२०४८-५०	७५६३५
२०५१-५२	१०५२१३
२०५३-५४	१६५४८३.५
२०५५-५६	३२३३२०
२०५७-५८	५२५८४०
२०५८-५९	५५०२२५

समष्टिमा आज कलाकारहरू आफ्नो कला बेचेर ससम्मान दैनिक

गुजारा गर्नसक्ने हुनु निश्चय नै सङ्गीतले औद्योगिक स्वरूप प्राप्त गर्नाको परिणाम हो। सङ्गीतउद्योगको विस्तारसँगै स्रष्टाहरूको आर्थिक सुदृढीकरण भएको छ। म्युजिक नेपालका उत्कृष्ट कलाकर्मीहरूले जीविकोपार्जनका लागि अब अन्यत्र भौंतारिनुपर्ने अवस्था समाप्त भएको छ।

म्युजिक नेपालका एक वरिष्ठ सङ्गीतकारको औसत मासिक आम्दानी

आर्थिक वर्ष	आम्दानी (रु.)
२०४०	५००
२०४२	१५००
२०४४	३०००
२०४६	५०००
२०४८	८०००
२०५०	१५०००
२०५२	१८०००
२०५४	२५०००
२०५६	२८०००
२०५८	३००००
२०५९	४५०००

सरकारी राजस्वमा अभिवृद्धि

बढ्दो सङ्गीत-उद्योगको विस्तारले सरकारी राजस्वमा पनि व्यापक वृद्धि भएको छ, म्युजिक नेपाल समूहद्वारा बुझाउने राजस्वले राजस्व वृद्धि गराउन विशेष योगदान पुऱ्याएको छ। म्युजिक नेपाल समूह भन्नाले म्युजिक नेपालसँग आबद्ध स्वस्तिक अडियो आदिको सामूहिक नाम हो। भ्याट, आयकर, भन्सार आदि करहरू बापत म्युजिक नेपाल समूहद्वारा तिर्ने रकमबाट सरकारी राजस्वमा तलको तालिका बमोजिमको वृद्धि भएको छ–

म्युजिक नेपाल समूहद्वारा प्रत्येक आर्थिक वर्षमा बुझाउने राजस्व

करका प्रकार	आर्थिक वर्ष					
	२०५४-५५	२०५५-५६	२०५६-५७	२०५७-५८	२०५८-५९	जम्मा
भ्याट	१६८२८२०.८०	२०४०४५८.५०	२१५८२७४.०८	३५०२८२०.००	२५५५६३५.६८	१२३४११०८.१८
आयकर	४४६८८७३३	४६०१८४.८८	४६६२४२.२८	५५४३१४.७४	४१६७२२.००	२३४४४७१.३४
भन्सार	१२०५२२१.८५	१३६३०१०.०६	८७७७०२.००	१६५७६३५.००	१५४१६४६.००	६४४१२१६.५३
जम्मा	३३३५१४०.१८	३८६३६६३.५५	३४८८२१८.३७	५७१४७७०.७४	४८१४००३.६८	२१३२६७८६.५३

माथिको तालिकामा प्रत्येक वर्षमा सबै करहरूको जम्मा रकम आर्थिक वर्ष २०५४-५५ मा रु. ३३३५१४०/१८ देखिन्छ भने २०५५-५६ मा रु. ३८६३६६३/५५, २०५६-५७ मा रु. ३४८८२१८/३७, २०५७-५८ मा रु. ५७१४७७०/७४, २०५८-५९ मा रु. ४९१४००३/६९ रहेको छ। राष्ट्रिय अर्थतन्त्रको दायरालाई फराकिलो पार्न म्युजिक नेपाल समूहले उल्लेखनीय योगदान गरको पाइन्छ।

५.२ प्राविधिक योगदान

म्युजिक नेपालले २०३९ देखि एउटा क्यासेटबाट अरू खाली क्यासेटमा गीत सार्ने ४ ट्र्याकको डबिङ् मेसिनबाट कार्यारम्भ गरेको हो। तत्कालीन रत्नरेकर्डिङ् सस्थानका महाप्रबन्धक गणेश रसिकको अनुरोधमा म्युजिक नेपालले रत्नरेकर्डिङ्का अधिकांश गीतहरू त्यही यन्त्रबाट डबिङ् गर्न थालेको बुझिन्छ। धेरै परिश्रम र लगानीबाट भव्य भवननिर्माण भए पनि स्टुडियो-उपकरण फिकाउने र जडान गर्ने दक्ष इन्जिनियरको अभाव भइरहेको बेला म्युजिक नेपालका प्रबन्ध-सञ्चालक सन्तोष शर्माले फास्ट फरवार्ड (Fast Forward) नामक पत्रिकामा भारतीय इन्जिनियर तथा प्रसिद्ध रेकर्डिस्ट दमन सूदको फोन प्राप्त गरी फोनसमेत गरे। दमन सूद ख्यातिप्राप्त रेकर्डिस्ट भए पनि स्टुडियो नै निर्माण गर्नु उनका लागि नयाँ काम थियो। यद्यपि उनले स्टुडियो डिजाइन, जडान, परीक्षण र रेकर्डिङ्समेत गरिदिएका हुन्। स्टुडियो निर्माणसँगै यस संस्थाले क्यासेट र बट्टा उत्पादन गर्ने उपकरणसमेत जडान गरेको हो।

म्युजिक नेपालले दक्षिण एसियामा त्यस बखत जडान नभएको 'टेपमेटिक डिजिटल लुपबिन डबिङ् प्लान्ट' जस्तो इटालीमा निर्मित अत्याधुनिक स्टुडियो जडान गरेको छ। यो स्टुडियो जडान गर्न यस संस्थाले वि.सं. २०५२ मा ग्रिन्डलेज ब्याङ्कबाट रु. ७०,००,०००/- (सत्तरी लाख रूपैयाँ) ऋण लिएको थियो। उक्त ऋण आर्थिक वर्ष २०५६/५७ मा तिरिसकेको छ। यो स्टुडियो दक्षिण एसिकाकै उच्च प्रविधिसम्पन्न पहिलो स्टुडियो हो। संसारकै अत्याधुनिक प्रविधियुक्त यस डबिङ् मेसिनमा सम्पूर्ण प्रक्रिया डिजिटल हुन्छन्। यसले गुरुकपीबाट

कुनै पनि आवश्यक सामग्री (एल्बम र श्रव्य सामग्री) लाई कम समयमै बृहत्हरूपमा म्याग्नेटिक टेप (चुम्बकीय टेप) मा डबिङ् गर्दछ । लुपबिन् मेसिन थपी अझ युगीन प्रविधिसम्पन्न बनाउन म्युजिक नेपालले वि.सं. २०५८ मा नेपाल-अरब ब्याङ्क लिमिटेडबाट रु. २५,००,०००/- (पच्चीस लाख रूपैयाँ) ऋण लिएको छ । हाल म्युजिक नेपालसँग ४ ट्र्याकदेखि ४० ट्र्याकसम्मका ३ वटा अत्याधुनिक स्टुडियोहरू छन् । १६ ट्र्याक क्षमताको हार्डडिस्क रेकर्डर, ८ ट्र्याक क्षमताको एनलग रेकर्डर म्युजिक नेपालसँग छ । पुराना गीतसङ्गीतको संरक्षण, संवर्द्धन, परिष्कार-परिमार्जन गर्ने र अनावश्यक ध्वनि हटाउन मास्टरिङ्तर्फ सेडी डिजिटल एडिटिङ् सिस्टम (Sadie Digital Editing Syst‰) र कम्प्याक्ट डिस्क रेकर्डर (मेट्ने र भर्ने) जस्ता अत्याधुनिक रेकर्डर मेसिनहरू यस संस्थामा उपलब्ध छन् । म्युजिक नेपालसँग हाल अडियो-भिडियो (श्रव्य-दृश्य) का अत्याधुनिक स्टुडियोहरू छन् ।

समग्रमा २० वर्षअघि एउटा कोठाबाट सुरु भएको म्युजिक नेपाल उच्चतम प्रविधिसम्पन्न स्टुडियो जडान गर्न र चार तले पक्की भवन बनाउन सफल भएको छ । आज ६०% भन्दा बढी नेपाली क्यासेट र सीडीहरू यसै संस्थाबाट उत्पादन भएका छन् ।

६. उपसंहार : नेपाली गीतसङ्गीतको प्रवर्द्धनमा म्युजिक नेपालको योगदान

म्युजिक नेपाल नेपाली सङ्गीतकै निजीस्तरको पहिलो उद्योग भएकाले यस संस्थाले साहित्य, सङ्गीतलाई औद्योगिकीकरण गर्न चालेको कदम निश्चय नै महत्त्वपूर्ण छ । यसको योगदानलाई तलका विभिन्न उपशीर्षकका माध्यमबाट निरूपण गरिन्छ–

६.१ ऐतिहासिक योगदान

म्युजिक नेपाल साङ्गीतिक उद्योग स्थापनाको इतिहासमा पहिलो निजी सङ्गीत उद्योगका रूपमा सुपरिचित छ । नेपाली साहित्य-सङ्गीतलाई

एउटा समृद्ध उद्योगका रूपमा विकास गर्न सकिन्छ भन्ने अवधारणासमेत जागृत नभइसकेको तत्कालीन अवस्थामा स्थापित म्युजिक नेपालको योगदान आज आएर प्रमाणित भएको छ। म्युजिक नेपालको स्थापनापूर्व शून्य रहेको निजीस्तरको सङ्गीत व्यवसाय यसको स्थापना भएपछि ०१ भएको हो। मूलतः यसले शून्यमा गीत गाइरहेका कलाकारहरूलाई रोयल्टी प्रदान गरी कलाकारको संरक्षण, संवर्द्धन र आर्थिक सुदृढीकरण गरेको छ। यसपूर्व नारायणगोपालजस्ता शिखर कलाकारहरू पनि पारिश्रमिक विना आफ्नो परिश्रम दान दिन विवश थिए। म्युजिक नेपालले एकातिर कलाकारहरूको आर्थिकस्तर वृद्धि गरेको छ भने अर्कातिर राज्यमा लाखौंको राजस्व अभिवृद्धि गराएको छ। अन्तर्राष्ट्रिय गुणस्तर भएका प्रविधिहरूलाई भित्र्याउने दक्षिण एसियाकै पहिलो संस्थाको रूपमा पनि म्युजिक नेपालको योगदान अगाडि छ। यसरी म्युजिक नेपालले गीत-सङ्गीतलाई व्यावसायीकरण गरी अरू उद्योगझैं यो पनि प्रभावकारी र प्रभावशाली उद्योग हो भन्ने तथ्यलाई प्रमाणित गरिसकेको छ। नेपाली साहित्य-सङ्गीतलाई उद्योगव्यवसायको स्वरूप प्रदान गर्नाका साथै यसलाई औद्योगिक व्यवसायमा रूपान्तरण गर्न म्युजिक नेपाल आज पनि प्रयत्नशील छ। सारमा सङ्गीतको औद्योगिकीकरण गर्ने म्युजिक नेपाल पहिलो निजीस्तरको साहित्य-सङ्गीत उद्योग भएकाले यसको ऐतिहासिक महत्त्व साहित्यिक-साङ्गीतिक गुरूउद्योगका रूपमा प्रतिष्ठित छ।

सङ्गीतउद्योगको तर्फबाट राजस्व तिर्ने म्युजिक नेपाल नेपालको पहिलो कम्पनी हो भने प्रतिलिपि अधिकार ऐन र बौद्धिक सम्पत्ति संरक्षणजस्ता महत्त्वपूर्ण विषयहरूमा आवाज उठाउने सम्भवतः नेपालकै पहिलो संस्था हो। सर्जकहरू असहाय भए साहित्य-सङ्गीतको पनि मूल सुक्न सक्छ भन्ने तथ्य बुझेको नेपालको पहिलो संस्था पनि म्युजिक नेपाल नै हो। कलाकारप्रतिको उपेक्षालाई कम गर्न, आफ्नो

सिर्जनाप्रति ढुक्क रहन, श्रमजीवीहरूको अस्तित्वलाई सदैव जिउँदो राख्न, कलाकारहरूको आफ्नो कलाकारिताबाट प्रतिष्ठा र आर्थिक सम्पन्नताका साथ बाँच्न पाउने अधिकार सुरक्षित गर्नका लागि देखिएको बाधाव्यवधानलाई कानुनी प्रक्रियाबाटै समाधान गर्न प्रतिलिपि अधिकार ऐनको प्रभावकारी कार्यान्वयनतर्फ सरकारलाई निरन्तर घच्घच्याउने पहिलो स्रष्टाकेन्द्र संस्था म्युजिक नेपाल हो। नेपाली साहित्य-सङ्गीतको विकासमा कलाकारहरूको योगदान उच्च, विशिष्ट र जागरणमूलक रहे पनि उनीहरूको आर्थिक-सामाजिक दृष्टिले कुनै मूल्य, महत्त्व र उपयोगिता थिएन। कलाकारहरूको यस्तो निरीह र करुण अवस्थालाई राम्ररी बुझेका म्युजिक नेपालका प्रबन्ध-सञ्चालक तथा प्रतिलिपि अधिकार संरक्षण समाजका महासचिव सन्तोष शर्माले म्युजिक नेपाललाई कलाकारकेन्द्रित साहित्यिक-साङ्गीतिक संस्थाका रूपमा रूपान्तरण गर्ने ऐतिहासिक कदम चालेका हुन्।

म्युजिक नेपाल स्थापनाकालदेखि अहिलेसम्म पनि कलाकार केन्द्रित, साङ्गीतिक, भाषा-साहित्य, कला र संस्कृतिसेवी तथा उच्च प्रविधिसम्पन्न र स्टुडियो भित्र्याउने संस्थाका रूपमा सुपरिचित छ। तसर्थ म्युजिक नेपालको ऐतिहासिक योगदान जुनसुकै दृष्टिकोणबाट अग्रणी, महत्त्वपूर्ण र प्रशंसनीय छ।

६.२ सङ्ख्यात्मक योगदान

म्युजिक नेपालले २० वर्षको समयावधिमा हजारौँ एल्बम र सयौँ सीडीहरू आफ्ना श्रोताहरू माझ ल्याइसकेको छ। हालसम्मका लोकप्रिय मानिएका गीतसङ्गीतमध्ये दुई तिहाइभन्दा बढी उत्पादनहरू म्युजिक नेपालकै छन्। गीतसङ्गीतको उत्पादन, बिक्रीवितरण, संरक्षण, संवर्द्धन, विकास र विस्तार गर्ने एकछत्र प्रयासमा म्युजिक नेपाल जुटेको छ। यस संस्थाद्वारा उत्पादित नेपाली गीतसङ्गीतको सङ्ख्या तलको तालिकामा प्रस्तुत गरिन्छ–

म्युजिक नेपालद्वारा उत्पादित एल्बम, सीडी, भिडियो र भीसीडीको विवरण:

क्र.सं.	आ.व.	एल्बम सं	सिडी सं	भिडियो सं	भीसीडी सं
१.	२०४१-४२	१३	-	-	-
२.	२०४२-४३	२२	-	-	-
३.	२०४३-४४	२१	-	-	-
४.	२०४४-४५	३६	-	-	-
५.	२०४५-४६	४४	-	-	-
६.	२०४६-४७	३४	-	-	-
७.	२०४७-४८	५४	-	-	-
८.	२०४८-४९	७६	-	-	-
९.	२०४९-५०	८५	-	-	-
१०.	२०५०-५१	६५	-	-	-
११.	२०५१-५२	८०	-	-	-
१२.	२०५२-५३	१०२	-	-	-
१३.	२०५३-५४	११४	६	२	-
१४.	२०५४-५५	१०९	९	२	१
१५.	२०५५-५६	११५	१४	१	१
१६.	२०५६-५७	९७	१७	१	१
१७.	२०५७-५८	९७	३७	-	-
१८.	२०५८-५९	१०२	२७	१	-
१९.	२०५९-६०	७१	३२	-	४
	जम्मा	१३३६	१४२	६	६

माथिको तालिकालाई हेर्दा १३३६ वटा एल्बम, १४२ सीडी, ६ भिडियो, ६ भीसीडीको सङ्ख्या अत्याधिक भने होइन। अनावश्यक ढङ्गले दौडिँदा चोट लाग्नसक्ने खतरालाई दृष्टिगत गरी म्युजिक नेपालले

उत्पादनमा सन्तुलन र नियन्त्रणसमेत गरेको देखिन्छ। बीस वर्षमा प्रतिवर्ष औसत ७४ क्यासेट उत्पादन गर्नु अधिक नभए पनि अल्पचाहिँ होइन। निष्कर्षमा म्युजिक नेपालद्वारा उत्पादित एल्बम, सीडी, भिडियो र भीसीडी सङ्ख्याका दृष्टिले पनि कम नभएकाले यस संस्थाको उत्पादन सङ्ख्यात्मक दृष्टिबाट पनि उल्लेखनीय छ।

६.३ गुणात्मक योगदान

म्युजिक नेपालद्वारा उत्पादित सम्पूर्ण साङ्गीतिक उत्पादनहरू सङ्ख्यात्मक दृष्टिले जति उल्लेख्य छन् गुणात्मक दृष्टिले अन्तर्राष्ट्रिय गुणस्तरका छन्। वस्तुको उच्च गुणस्तर, उत्पादित सामग्रीको उच्च गुणस्तर र प्रविधिको उच्च गुणस्तरका कारण म्युजिक नेपालका उत्पादनहरू विश्वबजारमा जहाँसुकै र जहिलेसुकै खुला प्रवेश पाउनसक्ने खालका छन्। साहित्यिक मूल्यका दृष्टिले म्युजिक नेपालका गीतहरू समृद्ध र कलाले भरिपूर्ण छन् भने तिनमा थपिएको स्तरीय साङ्गीतले थप गुणात्मकता थपेका छन्। म्युजिक नेपालद्वारा उत्पादित वस्तुहरू अन्तर्राष्ट्रिय गुणस्तर चिन्ह (ISO 9000) प्राप्त भएकाले यिनीहरू टिकाउ, भरपर्दा र प्रतिस्पर्धात्मक छन्। अन्तर्राष्ट्रिय गुणस्तरको स्टुडियो जडान गर्ने दक्षिण एसियाकै पहिलो संस्था भएकाले प्राविधिक दृष्टिले पनि म्युजिक नेपालका उत्पादनहरू विशेष प्रविधिसम्पन्न छन्। गुणस्तर नियन्त्रणका लागि आफ्नै एउटा गुणस्तरमापन शाखा खडा गरेको म्युजिक नेपाल आफ्ना उत्पादनहरूमाथि नियन्त्रण र सन्तुलनको नीति सधैँ अख्तियार गरिरहेको छ। म्युजिक नेपालद्वारा उत्पादित साहित्यिक-साङ्गीतिक उत्पादनका एल्बम, सीडी, भीसीडी आदि अन्तर्राष्ट्रिय गुणस्तरका भएकै कारण अन्तर्राष्ट्रिय गुणस्तर र प्रतिष्ठाका लागि उद्योगहरूका निमित्त प्रदान गरिने अन्तर्राष्ट्रिय स्वर्णतारा पदक (International GoldStar Award) सन् १९९८ र २००२ गरी दुई पटक प्राप्त गरिसकेको छ।

म्युजिक नेपालका सबै उत्पादनहरू डिजिटल हुने भएकाले तुलनात्मक रूपमा बढी विश्वसनीय र गुणस्तरीय हुन्छन्। यथासम्भव स्तरीय उत्पादनलाई बजारमा ल्याई स्वस्थ प्रतिस्पर्धा गर्न चाहने यस संस्थाको

उद्देश्य भएकाले एकै दिनमा तल्लो दर्जाका हल्काफुल्का अस्थायी उत्पादनहरू गरेर नाफा लिने प्रवृत्ति यस संस्थाको छैन। परिष्कृत, परिमार्जित, अलङ्कृत विशिष्ट साहित्यलाई साङ्गीतिक रुङ्कार दिएर भाषिक-साहित्यिक र साङ्गीतिक पक्षलाई सन्तुलन गर्नु म्युजिक नेपालको निजी वैशिष्ट्य हो। स्तरीय सङ्गीतमा गुणस्तरीय साहित्यलाई घोलेर प्रस्तुत गरिएका म्युजिक नेपालका उत्पादनहरूमा उच्च प्रविधिसमेत थपिएकाले यिनीहरू जुनसुकै दृष्टिकोणबाट ज्यादै मूल्यवान्, गुणस्तरीय र प्रतिस्पर्धात्मक छन्। मोलअनुसारको माल हुनुपर्छ भन्ने म्युजिक नेपाल आफ्ना उत्पादनहरू स्थायी प्रकृतिका बनाई प्रतिस्पर्धात्मक बजारमा सदैव विश्वास राख्ने साहित्यिक-साङ्गीतिक उद्योग हो।

समष्टिमा यिनै गुणहरूका कारण म्युजिक नेपालद्वारा उत्पादित जुनसुकै साङ्गीतिक उत्पादनहरू जुनसुकै ठाउँमा बिक्रीवितरणका लागि उपयोगी मानिन्छन्। म्युजिक नेपाल नेपाली भाषाका परिष्कृत विशिष्ट साहित्य, कला, संस्कृतिलाई विशिष्ट सङ्गीतमा ढालेर प्रचारप्रसार गर्ने सशक्त सङ्गीत-उद्योग हो। सङ्ख्यात्मकभन्दा गुणात्मक पक्षमा विश्वास राख्ने म्युजिक नेपाल लामालामा फड्का मारेर रातारात उन्नतिको शिखर छुने कोसिस गुणस्तरीय काम गर्नमा आफूलाई समर्पित गरिरहेको छ। गुणस्तरीय उत्पादनबाट विशेष प्रतिष्ठा प्राप्त गर्न सकिन्छ भन्ने म्युजिक नेपालको मूलभूत आसय हो।


६.४ सांस्कृतिक, साहित्यिक, साङ्गीतिक र मनोरञ्जनात्मक योगदान

लोकगीत, भजन, रामायण वाचन, विभिन्न जनजाति र भाषाभाषीका भाषा, साहित्य आदिको साहित्यिक र सांस्कृतिक दुवै दृष्टिले विशेष महत्त्व छ भने आधुनिक गीत, प्रहसन, घटना, श्रद्धाञ्जलिगीत आदिको साहित्यिक महत्त्व ज्यादा छ। म्युजिक नेपालले लोकगीत, आधुनिकगीत, पपगीतका एल्बमहरू प्रशस्त मात्रामा निकालेर सङ्गीतको सेवा त गरिरहेकै छ तर यो नेपाली साहित्यको सेवामा पनि लागेको कुरो त्यसबेला थाहा भयो जुनबेला भानुभक्तको रामायणका सबै श्लोकहरू रेकर्ड गरेर यसले अनपढ व्यक्तिका घरमा पनि साहित्य, सङ्गीत, कला र संस्कृतिलाई भित्र्याउने काम गऱ्यो। नेपाली संस्कृतिको संरक्षण गर्न म्युजिक नेपालको

भातृसंस्थाका रूपमा सांस्कृतिक संवर्द्धन परिषद् स्थापना भएको छ। समष्टिमा म्युजिक नेपाल गुणस्तरीय गीतसङ्गीत उत्पादन, साहित्यिक, सांस्कृतिक र अन्य गतिविधिमा सक्रियताका साथ अघि बढेको छ। नेपाली भाषा सँगसँगै अन्य विभिन्न भाषामा विभिन्न स्वादका गीतसङ्गीत उत्पादन गरेर म्युजिक नेपालले राष्ट्रिय भाषा, साहित्य, सङ्गीत र संस्कृतिको एकैसाथ विकास गरेको छ।

मनोरञ्जन प्रदान गर्नु साहित्य र सङ्गीतको एउटा महत्त्वपूर्ण उद्देश्य हो। स्वस्थ मनोरञ्जन मान्छेको चाहना र आवश्यकता दुवै भएकाले म्युजिक नेपालद्वारा उत्पादित साहित्य-सङ्गीतका सबै एल्बम तथा सीडीहरूमा साहित्यिक दृष्टिले कलात्मक, साङ्गीतिक दृष्टिले विशिष्ट र मनोरञ्जनात्मक दृष्टिले रोचक गीतसङ्गीतहरू मात्र बजारमा ल्याइएका छन्। स्वस्थ मनोरञ्जन प्रदान गरी बढीभन्दा बढी जनाताको मन जित्नु म्युजिक नेपालको उद्देश्य भएकाले सबै जातजाति र भाषाभाषीका साहित्यिक, सांस्कृतिक र साङ्गीतिक भाव, भावना एवं विचारलाई सम्मानजनकरूपमा समेटी स्वस्थ र स्तरीय मनोरञ्जन प्रदान गर्न म्युजिक नेपाल लागिपरेको छ। तसर्थ म्युजिक नेपालले साहित्यिक-साङ्गीतिक बजार स्तरीय र स्वस्थ मनोरञ्जन प्रदान गर्न सफल भएको छ।

निष्कर्षमा म्युजिक नेपालको योगदान नेपाली भाषा, साहित्य, सङ्गीत, कला, संस्कृति आदिका क्षेत्रमा अग्रणी रहेको छ। म्युजिक नेपालका साङ्गीतिक-साहित्यिक उत्पादनहरू ऐतिहासिक दृष्टिले अग्र, सङ्ख्यात्मक दृष्टिले अधिक, गुणात्मक दृष्टिले उच्च, मनोरञ्जनका दृष्टिले रोचक, चेतनाका दृष्टिले सन्देशमूलक, संस्कृतिका दृष्टिले सम्मानित र कलाका दृष्टिले परिष्कृत, परिमार्जित र प्रविधिका दृष्टिले अत्याधुनिक छन्। म्युजिक नेपालका हालसम्मका उत्पादनहरू अन्तर्राष्ट्रिय महत्त्व र मूल्यका छन्। म्युजिक नेपाल गुडिरहेको गाडीझैं अत्यन्त द्रुतगतिमा गीतसङ्गीतको उत्पादन गर्न क्रियाशील रहेकाले नेपाली गीतसङ्गीतका क्षेत्रमा उदाएको पहिलो निजी स्तरको साङ्गीतिक गुरुसंस्थाको मूल्याङ्कन गरी अन्तिम निर्णय दिने बेला भइसकेको छैन। आजसम्म म्युजिक नेपालले नेपाली गीतसङ्गीत, कला-साहित्य, संस्कृति र आधुनिक साङ्गीतिक प्रविधिका क्षेत्रमा पुऱ्याएको योगदान प्रशंसनीय र आदरणीय छ। ■



म्युजिक नेपाल एक सहयात्रीको रूपमा

प्रकाश श्रेष्ठ

१७ वर्षअगाडि अर्थात् ०४३ माघ १२ गते सोमबारको दिन थियो, त्यसदिन मेरो म्युजिक नेपालमा पहिलो गीत रेकर्ड हुने क्रममा थियो। त्यो गीत नेपाल भाषामा थियो, जसको शब्द– दुर्गालाल ख्वाविल, सङ्गीत: द्वारिकालाल जोशी र गीत थियो– "गुस्नी न्हयाइपु फय थ्व वगु ..."

त्यसपछि वारम्बार त्यस स्टुडियोमा रेकर्ड हुने क्रम जारी हुन गयो, त्यसै क्रममा पहिलो पटक म्युजिक नेपालले नेपाली चलचित्रका गीत रेकर्ड गऱ्यो। यस सिलसिलामा मैले त्यहाँबाट प्रथम रेकर्डिङ् भएको फिल्म 'भाग्यरेखा' (०४४ साल फागुन २ गते आइतबार) मा रेकर्ड गर्ने मौका पाएँ, जसको सङ्गीत, नर्वु छिरिङ र शब्द, रत्नशमशेर थापाका

थिए। सम्पूर्ण गीतका रेकर्डिस्ट प्रदीप उपाध्यायजी हुनुहुन्थ्यो। यो त्यसबेला निक्कै नै चर्चाको विषय हुन पुगको थियो, किनभने त्योभन्दा अगाडि मैले १०/१२ वटा चलचित्रमा गाइसकेको थिएँ, तर सम्पूर्ण गीतहरू त्यसबेला कलकत्ता र बम्बैमा रेकर्ड हुन्थे। त्यतिबेला म्युजिक नेपालले सम्पूर्ण गीतहरूलाई राम्रो क्वालिटी दिएर बजारमा निकालेको अनुभव मलाई आज पनि छ। त्यसबेला निकै नै ठूलो जिम्मेवारी म्युजिक नेपालले निर्वाह गरेको म ठान्दछु।

म्युजिक नेपाल नै एउटा यस्तो संस्था हो जसले कलाकारहरूलाई सर्वप्रथम क्यासेट निकालेर रोयल्टी दिने प्रथा सुरु गऱ्यो, त्योभन्दा अगाडि सबै गीतहरू प्रायजसो रेडियो नेपालमा मात्र रेकर्ड हुने गर्दथे।

हालसम्म मैले गाएका ३५ वटा चलचित्रका १२ वटा आधुनिक गीतका एल्बमहरू म्युजिक नेपालबाट रिलिज भैसकेका छन्।

मेरो पहिलो एल्बमको हकमा मैले ०४४ सालमा एम्.एन्. ११५ नम्बरमा 'प्रकाश श्रेष्ठका आधुनिक गीतहरू' भन्ने क्यासेट म्युजिक नेपालबाट नै रिलिज गरेको हो। जसको लागि म म्युजिक नेपालप्रति सदा आभारी रहने छु।


हालसम्म मैले, म्युजिक नेपालबाट रिलिज गरेका एल्बमहरू मध्येमा ४ वटा आधुनिक गीतहरू २ वटा चलचित्रका गीतहरू, एउटा राष्ट्रिय गीत र एउटा भजन गरी जम्मा ७ वटा क्यासेट र ६ वटा सीडी बजारमा रिलिज भैसकेको छ।

यो संस्था, यस क्षेत्रको जेठो त हो नै साथसाथै यसले जेठो हुनुको धर्म पनि निर्वाह गर्दै आएको छ।

यसै गरी आगामी दिनहरूमा पनि म्युजिक नेपालले कलाकारहरूलाई यसै रूपमा सेवा गर्दै रहला भन्ने मेरो पूरा विश्वास छ, र भविष्यमा म्युजिक नेपालले आफ्नो बजार अझ व्यापक पारोस् र यो संस्था अझ फलोस् फुलोस्, म्युजिक नेपालको बीस वर्ष काललाई मेरो यही शुभकामना गर्दछु।

काठमाडौँ, छाउनी - १३

■



सङ्गीतबजार र म्युजिक नेपाल

प्रकाश सायमी

"संसारमा तीन चीज सधैं विकाउमा रहनेछ- समाचार, सङ्गीत र खेल । तर यी तीनले जे जति बजार लिन्छन्- पहिलो र दोस्रोको भाव र स्वभाव बदलिइरहन्छ ।" उपन्यासकार जार्ज आर्वेलले घोषण गरेका यी तीन विकाउ चीजमा नेपाली जनसमाजमा समाचारले आज बिक्नुको अर्कै स्वरूप लिइसकेको छ । खेल भारत र भारतजस्तै अन्य क्रिकेटप्रेमी मुलुकहरूमा म्याच फिक्सिङ्का कारण 'कमाउ धन्दा' भएको छ तर सङ्गीत त विश्वजनीन रूपमा आजको मितिमा माथि नै छ । अमेरिकाका विल कोस्वी संसारमा सबैभन्दा बढी कमाउनेमा मनोरञ्जन जगत्मा प्रथम व्यक्ति हुन् भने भारतका पं. रवि शङ्कर र गायिका लता

मङ्गेशकर पनि त्यही आरेखमा पर्छन् । हामी पनि हाम्रो सङ्गीतको व्यापार पचास-साठी वा अस्सी वर्षअघि सुरू भएको भए हाम्रा नारायणगोपाल, हाम्रा अरुणा लामा, हाम्रा रुलकमानको आयजनीको गणना गरिरहेका हुन्थ्यौं ।

समय ढिलो सुरू भयो- हाम्रो जगत्मा । विशेषत: नेपाली सङ्गीतको समय तीसको दशकपछि मात्र सुरू भयो । नेपाली सङ्गीतको श्रोतव्य पदार्थको उत्पादन नब्बे वर्षअगाडि सुरूआत भएको भएता पनि त्यसअनुरूपको संरक्षण समयान्तरमा मात्र हुनसक्यो जब म्युजिक नेपालजस्ता निजी संस्थाको स्थापना भयो ।

म्युजिक नेपालको स्थापना पूर्व नेपालवर्षमा राजकीय स्तरमा विभिन्न रेकर्डिङ् संस्था खुलेको इतिहास छ तर लिखत्रूपमा इन्द्रेणी रेकर्डस् (र पछि गएर रत्नरेकडिङ् संस्थान भएपछि) ले निर्वाह गरेको भूमिका प्रेरणादायी छ, त्यतिबेला बनेका राष्ट्रभाषीय सिनेमा र नाटक-नाटिकाको गीति-सङ्ग्रह पनि यसैले प्रस्तुत गर्ने गर्थ्यो । यसको स्थायित्व र सक्रियताले मध्यमवर्गीयभन्दा मुन्तिरका नेपाली श्रोताजनलाई लक्षित गर्न सकेन जसलाई भारतबाट उत्पादन हुने सिङ्गापुरको गुणस्तरीय इब्बल एप्पल र एच्.एम्.वी. अनि हिन्दुस्तान रेकर्डले सस्तो, सुलभ र सरल मूल्यमा लाभान्वित गरिरहेको थियो । त्यसका सामु रत्नरेकर्डिङ् संस्थानका एल्.पी. र इ.पी. महङ्गो मात्र नभई अप्राविधिक भइसकेको थियो ।

ढ्वाँङ्ग्रे रेडियो, दम चुल्हे रेडियो र ७८ रेगुलेशन पर मिनट शैलीमा श्रोतव्य माध्यमपछि काठमाडौंका अभिजात्य वर्गका निम्ति इ.पी. र एल्.पी. सङ्ग्रहणीय त थियो नै तर सर्वसुलभ थिएन । यसका ठाउँमा क्यासेट चक्काले जनजीवनको हिस्सा बन्ने मौका त्यतिबेला पायो जतिबेला छत्तीस सालको राजनीतिक उथुलपुथुलपछि राजनीतिज्ञहरूका भाषणका रेकर्ड पनि क्यासेटमा सहरबजारदेखि अभेक गाउँ-गाउँमा सुन्न थालियो । सुन्ने क्रममा दुईवटा विषय अत्यधिक लोकप्रिय भए- नेताको भाषण र हाँस्यव्यङ्ग्य सङ्कलन । तर गीत-सङ्गीतलाई श्रोतासमक्ष पस्केने विधि प्रविधिका निम्ति सम्पूर्ण गायक-गायिकाको निम्ति रत्न रेकर्डिङ्को पहुँच थिएन । जसका निम्ति निजी क्षेत्र तयार हुनु जरुरी

थियो, त्यसका निम्ति भारतका एकादुका कम्पनी त देखिए तर तिनको व्यापारिक स्तर र बजार निश्चित भएन। यसै समय अन्य क्यासेट कम्पनीका साथमा म्युजिक नेपाल देखापऱ्यो। म्युजिक नेपालका निम्ति चुनौती पनि असाध्य थियो- गीत-सङ्गीत लिएर बजारमा जाँदा राम्रा गायक-गायिका हुनु अनिवार्य थियो जसले श्रोताजनको सापेक्षिक वुभुक्षा मेट्न सकोस्। त्यस्ता धेरै गायक-गायिका रेडियो नेपालजस्तो सरकारी प्रसारक संस्थासँग सम्वद्ध थिए भने कति रेडियो नेपालबाट तिरस्कृत थिए।

प्रहसन र लोकगीतको क्यासेट निकालेर स्थापनाको यज्ञादि सुरु गरेको म्युजिक नेपाललाई ठूल्ठूला रेकर्ड (लङ् प्लेइङ्) मा गाएका गायक-कलाकारलाई क्यासेट चक्कामा मनाउनु कठिन कार्य थियो। यो कठिन कार्य म्युजिक नेपालले एक कठिन परिस्थितिमा सुरु गऱ्यो- रेडियो नेपालमा गाउन छोडेका तर सर्वाधिक जनप्रिय भइसकेका महान् गायक नारायणगोपालका स्वरहरूको सङ्कलन 'गीतियात्रा' बाट। नारायणगोपालको प्रसङ्ग यहाँ जे अर्थमा म्युजिक नेपालको निम्ति साहसिक छलाङ थियो वा रह्यो, त्यसैको विपर्ययमा मुरलीधरजस्तो आमजनतासित अपरिचित मानिएका (त्यतिबेला) गायकको एकल एल्बम प्रकाशन गर्नु म्युजिक नेपालको न्वारानको बल थियो भन्नुपर्छ।

जसरी म्युजिक नेपाल त्यतिबेला स्थापित अन्य रेकर्डस् कम्पनीका समतुल्यमा स्थायित्व र सक्रियतामा अग्रगामी रह्यो त्यसरी नै क्यास् एन्ड थ्रोमा सदैव अरु क्यासेट कम्पनी भन्दा पूर्वगामी नै बन्दै गएको छ। विगत्को इतिहास हेर्ने हो भने नेपाली चलचित्र गायनमा स्थापित हुन लागेका पार्श्वगायक उदितनारायण झा र उनकी पत्नी दीपा झाको पहिलो युगल एल्बम (सङ्गीतकार युजीन लामा) होस् वा सङ्गीतकार अम्बर गुरुङको मास्टरपीस 'दोभान' होस्, त्यसलाई सम्वरण गर्नु र प्रकाशन गर्नुमा म्युजिक नेपालले छरितोपन देखाएकै हो।

नेपाली सङ्गीतको व्यापार र विपणनलाई पूर्व मेचीदेखि महाकालीसम्म मात्र सङ्कुचित नराखी त्यसलाई प्रवासीय भूभागमा पनि वृहत्तर बनाउँदै लैजानुमा म्युजिक नेपालले आफ्नो प्रतिवद्धता कायमै राखेको छ तर


यसका अलावा नेपाली वाङ्गमयको सेवामा यसले कविताको क्यासेट 'कविताको मौसम' र प्रमुख नेपाली कविहरूको कविताको सीडी 'अञ्जली' बजारमा ल्याइसकेको छ भने 'रामायण'को पूर्णाङ्कीकरणले संवृद्ध समाजलाई लाभान्वित गरेको छ। नेपाली लोकगीतलाई स्तरीकृत गर्दै लगेको छ भने देवकोटाका कालजयी कृति 'कुञ्जिनी' लाई साधारणीकरण गर्दै जनस्तरमा जोडेको पनि छ।

पङ्क्तिकार स्वयम् चलचित्रकर्मी भएको नाताले के ठान्दछ भने नेपाली चलचित्रका मौलिक सङ्गीत-सङ्कलन अर्थात् ओरिजीनल साउन्ड ट्र्याकलाई यस संस्थाले ट्र्याकमा ल्याएको छ- चाहे त्यो दुईदुई पटक म्युजिक नेपाल अवार्डबाट सम्मानित 'सिमाना' होस् वा क्षीण सम्भावना बोकेर आएको 'बलिदान'। चलचित्र-सङ्गीतकै कुरा गर्दा म्युजिक नेपालले यसलाई इतिहासमुखी मात्र बनाएन, अधिकारवादी पनि बनायो। त्यो के अर्थमा भने कृतिस्वका आधारमा नेपाली सिनेमायी सङ्गीतको सर्वोच्च मूल्याङ्कन थालियो, जसले गर्दा विक्री-वितरणमा निष्पक्षतापूर्ण प्रतिस्पर्धा र पाइरेसीसँगको रक्षा दृश्यिक स्थायित्व बन्न पुग्यो। सिनेमाको प्रसार र प्रवर्द्धनका निम्ति आकर्षक साजसज्जाका ज्याकेटमा शिल्पीयुक्त आवरण-कला र दोषरहित भाषाको प्रयोगमा एम्.एन्.ले सधैं आफ्नो खूबी देखाएकै छ यसका साथसाथै जनचेतनाका निम्ति, सामाजिक सरोकारका निम्ति अभिप्रेरणा जगाउन सक्ने दिशामुखी कार्यक्रमहरूलाई अग्रता दिनु आवश्यक छ।

विक्रमाब्द १८६८-६८ मा भद्रकाली रेकर्डले प्रारम्भ गरेको सङ्गीतिक व्यावसायलाई शीर्षासनमा राख्ने हो भने त्यसले पनि नेपाली सुगम सङ्गीतको विकासमा माइलखुट्टी कायम गरेको छ, आजको परिप्रेक्ष्यमा म्युजिक नेपालले पनि पार्श्वभूमिमा नारायणगोपाल, अम्बर गुरुङ, अरुणा लामाजस्ता दिग्गज स्रष्टाहरूलाई बोकेर समकालिकताको हिसाबमा लोचन भट्टराईदेखि शिशिर योगीसम्मलाई यथोचित सम्मान दिएकै हो जस्तो लाग्छ, तथापि प्रतिस्पर्धाको कलेवरमा अन्य आदरणीय स्रष्टा-साधकहरू नसमेटिएका होलान् जसका लागि नेपाली सङ्गीतसमाजले चिन्तनको नयाँ धार बनाउन पनि आवश्यक छ। इतिहासगत महत्त्व भएका विषय

गीत-कविता वा अन्य श्रोतव्य पदार्थको अर्काइ भ्यालू बचाउने हो भने यसमा एकात्मता वा सहमति अनिवार्य पनि छ।

अब नेपाली गीत-सङ्गीत अतीतजीवी र प्रविधिमुखी बन्दै गएको बेला म्युजिक नेपालले पनि सुरुचिसम्पन्न, साधनामुखी र संरचनात्मक बाटो अपनाउनु जरूरी छ, जुन बाटोमा हाम्रो जीवन र जगत् रम्न सकोस्, हाम्रो भाषा र भाव भव्य होस्। ■



म्युजिक नेपालको दुई दशक

डा. प्रदीप भट्टराई

■ **म्यजिक नेपालबाट क्यासेट निकाल्नु भनेको, ६ महिना भइसक्यो । अनेक उपाय लगाइसकँ, तैपनि पालो नै आएन ।**

ऋट्ट सुन्दा अपत्यारिलो लाग्न सक्छ तर सत्य हो - म्युजिक नेपालबाट क्यासेट निकाल्न चाहनेहरू आज पनि यसरी छ महिनादेखि पालो पर्खिरहेका छन् । तीसको दशकको अन्त्यमा जतिबेला निजी क्षेत्रमा म्युजिक नेपालबाहेक दोस्रो म्युजिक उत्पादन कम्पनी नै थिएन, त्यतिबेला यसो हुनु स्वाभाविकै हो । तर, आज बजारमा बर्गेल्ती क्यासेट उत्पादक कम्पनीहरू हुँदा पनि म्युजिक नेपालबाट क्यासेट निकाल्न लोभ गर्नेहरूको

सङ्ख्यामा कुनै कमी आएको छैन । आखिर के छ त म्युजिक नेपालको पछाडि, जसले आज पनि सङ्गीत-स्रष्टाहरूलाई विगत दुई दशकदेखि आफूतिर निरन्तर खिचिरहन सकेको छ? यसको एउटा मात्र कारण नहुन सक्छ, धेरै कारणहरूमध्ये मलाई लाग्दछ, जतिबेला यस्ता कम्पनी नै थिएनन्, त्यस्तो खडेरीको बेला नेपाली सङ्गीत-स्रष्टाहरूको अभावको मित्र म्युजिक नेपाल मात्र थियो, त्यस मित्रताको ऋण चुकाउन पनि आजपर्यन्त म्युजिक नेपालमा पालो पर्खने सङ्गीत-स्रष्टाहरूको ताँतीमा कमी नआएको हुनसक्छ । दोस्रो, दुई दशकको लामो यात्रामा यसले बनाएको ब्रान्ड– एमएन ब्रान्ड, जसले निर्वाधरूपमा नेपाली सङ्गीतको आफ्नो ब्रान्डको गाथा गाउँछ, यो ब्रान्ड पनि म्युजिक नेपालप्रतिको आकर्षणको अर्को महत्त्वपूर्ण आधार हुनुपर्छ ।

यो त भयो म्युजिक नेपालका बारेमा सुन्न पाइने एक कुनाको आकर्षक र प्रिय प्रसङ्ग । यस अलावा अर्को कुनाबाट ऋट्ट सुन्दा अप्रियजस्तो लागे पनि यसको विकासमा महत्त्वपूर्ण हुनसक्ने कुराहरू, जो गुनासाका रूपमा आएका छन्, केही समययता बाक्लै सङ्ख्यामा सुनिन थालिएको छ । यी गुनासाहरूलाई एउटा सीमासम्म सकरात्मक रूपमा लिएर व्यवस्थित गर्न सकियो भने निश्चय पनि यसले म्युजिक नेपालको विकासको गतिमा सहयोग नै पुऱ्याउँछन् ।

■ **म्युजिक नेपाल अर्को रेडियो नेपाल भयो । मार्केटिङ् र पब्लिसिटीमा खर्चै गर्दैन । यस्तो सरकारी चालाले कसरी हुन्छ ? मेरो क्यासेट त खतमै भयो नि !**

म्युजिक नेपालका बारेमा ठ्याक्कै यस्ता र यस्तै आशयका कुराहरू पनि नेपाली साङ्गीतिक बजारमा बाक्लै सुनिन्छन् । नेपाली सङ्गीत उद्योगको श्रीगणेश गर्ने ऐतिहासिक संस्था म्युजिक नेपाल जसको एमएन ब्रान्डमा क्यासेट निकाल्न आज पनि सङ्गीत-स्रष्टाहरू ६-६ महिना लाइनमा बसिरहेका छन, यस्तो संस्थाका विपक्षमा गरिने यस्ता कुराहरू पनि ऋट्ट सुन्दा अपत्यारिला नै लाग्छन् । तर, पनि बजारमा सुनिएका

यस्ता कुराहरूलाई पूर्णतः नकारेर यसबाट सपार्न सकिने सम्भावित कुराहरूको ढोका बन्द गर्नु हुँदैन । मलाई लाग्छ, यसरी गुनासा गर्नेहरू पनि म्युजिक नेपालका शुभचिन्तक नै हुन् । उनीहरूको चाहना हो, म्युजिक नेपालले अरू राम्रो गरोस्, यसको कार्यशैली र काम गर्ने क्षमतामा कहीं-कतै कमी आएको रहेछ भने पनि त्यस्तो नहोस् । मलाई लाग्दछ, म्युजिक नेपालको दूरदर्शी नेतृत्वले यसलाई सकरात्मक रूपमा लिएर आफ्नो रणनीति र कार्यनीतिमा आवश्यक परे परिवर्तन ल्याउने नै छ । यही फराकिलो सोच, सकरात्मक दृष्टिकोण र समयको चुनौतीलाई सामना गर्नसक्ने क्षमताकै कारण म्युजिक नेपाल आजको दिनमा आइपुगेको हो भन्ने मलाई लाग्दछ ।

भनिरहनु पर्दैन, म्युजिक नेपाल एक ऐतिहासिक संस्था हो र नेपाली सङ्गीत आज जुन उद्योगको खाकामा आइपुगेको छ, त्यसको अगुवा र मार्गदर्शक संस्था पनि म्युजिक नेपाल नै हो । यसैले म्युजिक नेपालको भूमिका र दायित्व पनि ऐतिहासिक नै हुन्छ । यो निर्वाह गर्ने क्रममा दुई दशकको लामो इतिहास भएको यस संस्थाले आफूलाई सदैव खरो उतार्दै आएको छ । हुन त एउटा सुगम बाटोमा रहेको संस्थाका लागि दुई दशक लामो यात्रा केही पनि होइन तर यात्राको बुल्डोजर नै आफैं चलाउने म्युजिक नेपालजस्ता संस्थाहरूका लागि यो आफैंमा ऐतिहासिक महत्त्वको हुन्छ, लोभलाग्दो र ईर्ष्यालाग्दो हुन्छ ।

म्युजिक नेपालले दुई दशकको यात्रा तय गऱ्यो । यो आफैंमा खुसीको क्षण हो । यसका लागि म्युजिक नेपाल परिवार बधाईको पात्र छ, यो औपचारिकता हो । तर, म्युजिक नेपालले यस अवसरलाई मात्र खुसीको क्षणका रूपमा नलिएर आफ्नो इतिहासप्रति इमानदार र गौरवान्वित हुँदै आफ्नो यात्रामा यदि कुनै कमी-कमजोरी भएका रहेछन् भने त्यसबाट तङ्ग्रिने र आगामी दिनका लागि नयाँ सोच, कोण र योजनाका साथ प्रस्तुत हुने अवसरका रूपमा पनि लिनुपर्छ । मलाई लाग्दछ, म्युजिक नेपालका लागि यो एउटा सुखद् अवसर त हो नै, सँगसँगै नयाँ अवसरहरूको खोजी गर्न, चुनौतीहरूको सामना गर्न सङ्कल्प गर्ने एक नयाँ ऊर्जाशील दिन पनि हो ।

म्युजिक नेपालभन्दा मेरो काठमाडौँ आगमन केही महिना जेठो छ। त्यसैले मैले म्युजिक नेपालका सङ्घर्ष र उतार-चढावका दिनहरूलाई नजिकबाट देखेको छु। एक सङ्गीत अनुरागीका रूपमा मात्र होइन, म्युजिक नेपालका यी बीस वर्षमध्ये पाँच वर्ष त आफू पनि यस गरिमामय संस्थाको छतमुनि रहेकाले मलाई लाग्दछ, म यसका बारेमा केही जान्ने र बोल्ने हक राख्दछु। म त्यही हकको सदुपयोग गरेर भनिरहेको छु, म्युजिक नेपालसँग सुरूका दिनदेखि नै आफ्नो गन्तव्य निश्चित भए पनि त्यसको प्राप्तिका लागि आवश्यक स्रोत र साधनको भने अभाव थियो। यद्यपि, म्युजिक नेपालले समयको आवश्यकता, सङ्गीत-स्रष्टाहरूको सद्भावपूर्ण साथ अनि आफ्नो प्रतिवद्धताका कारण त्यतिबेला लाग्ने अजङ्गको पहाड बीस बर्षमा नाप्यो र अर्को बीस वर्षका लागि एउटा नयाँ उचाइको पहाड अगाडि उभ्याएर त्यसलाई उक्लिने योजना बनाइरहेको छ।

म्युजिक नेपाललाई नजिकबाट नियाल्ने एक पात्रका हैसियतले म यहाँ संक्षेपमा यसले विगत बीस वर्षमा हासिल गरेका उपलब्धि र प्राप्त गरेका सफलताहरूको कुरो उप्काउन चाहन्छु। यसैको गर्वमा लुकेका यसका अप्ठेरा भोगाइहरू र आगामी दिनमा सिर्जना हुनसक्ने सम्भावित चुनौतीहरूको अन्तर्निहित भावनालाई बुझ्न पनि सम्वन्धित पक्षहरूलाई विनम्रतापूर्वक आग्रह गर्दछु।

सर्वप्रथम त नेपालमा सङ्गीत पनि व्यवसाय या उद्योग हुन सक्छ र ? भन्ने यक्षप्रश्न उभिएको बेला तीसको दशकको अन्त्यमा स्थापित म्युजिक नेपालले नेपालमा सङ्गीत उद्योग नै स्थापना गरिदियो, यस उद्योगमा आज अरू पनि खेलाडीहरू थपिएका छन्, यो बेग्लै कुरो हो। यद्यपि, यस अभियानको चरु राख्ने काम नै म्युजिक नेपालले गरेको हुँदा यसको श्रेय पनि यसैलाई जानुपर्छ। यस अभियानमा म्युजिक नेपालले करिब १५ सय श्रव्य क्यासेटहरू उत्पादन गरेर आफूलाई नेपाल अधिराज्यकै सबैभन्दा ठूलो म्युजिक-घरका रूपमा स्थापित गऱ्यो। दर्जनौं सङ्ख्यामा राष्ट्रका साङ्गीतिक स्रष्टाहरूलाई नाम, दाम र काम पनि दियो। गीत गाउन र बजाउनकै लागि स्रष्टाहरूले उल्टै पैसा दिनुपर्ने

युगमा म्युजिक नेपालले पैसा दिएर गीत गाउन लगाउने अग्रगामी छलाङको सुरुवात् गऱ्यो । आज स्थापित दर्जनौं साङ्गीतिक स्रष्टाहरूको ख्याति र व्यक्तित्व विकासका पछाडि म्युजिक नेपालको केही भूमिका नै छैन भन्नु न्यायसङ्गत हुँदैन । चाहे नेपाली आधुनिक गायनका शीर्ष-व्यक्तित्व नारायणगोपाल हुन् या नेपाली लोक-गायन-क्षेत्रका शीर्ष-स्वर कुमार बस्नेत, उहाँहरूको ख्याति चुल्याउने र सिर्जनाहरूलाई उचित प्रविधिमा अद्यावधिकीकरण गरेर आम श्रोताहरूमाझ पुऱ्याउने काममा म्युजिक नेपालको केही न केही योगदान रहेकै छ । यस अलावा पछिल्लो पुस्ताका रामकृष्ण ढकाल, यम बराल, कुन्ती मोक्तान, खेम गुरुङ, ममता दिपविम, राजु लामालाई मात्र होइन, नेपथ्य, कन्दरा, ग्लुमीगाइज, परिवेशजस्ता साङ्गीतिक व्यान्डहरूलाई आजको चर्चाको शिखर टेकाउन पनि म्युजिक नेपालको अहम् भूमिका रहेको छ । यसको अर्थ म्युजिक नेपालले मात्र उनीहरूलाई शिखर टेकायो भन्ने होइन, उनीहरूबाट पनि म्युजिक नेपालको एमएन ब्रान्ड बनाउनमा अतुलनीय योगदान भएको छ । माटोको भर ढुङ्गा, ढुङ्गाको भर माटो भनेझैं आवश्यकता अनुसार यी दुईले एक-अर्कालाई उठाउन कुनै कसर बाँकी राखेका छैनन् ।

म्युजिक नेपालले जहिले पनि सङ्गीत-स्रष्टा र उनीहरूका सिर्जनाहरूलाई नै सर्वस्व ठान्यो, यसमा कुनै द्विविधा पाल्नु हुँदैन । परिणामतः यसले स्रष्टाहरूलाई प्रोत्साहित गर्न, सम्मानित गर्न म्युजिक नेपाल पुरस्कारको स्थापना गऱ्यो, सलामी दस्तुरको प्रचलन भित्र्याएर त्यसलाई समय अनुसार अद्यावधिक गर्ने काम गऱ्यो, अन्तर्राष्ट्रियस्तरको प्रविधिलाई भित्र्याएर हाम्रो सङ्गीतलाई विश्वस्तरको बनाउने अहम् भूमिका पनि निर्वाह गऱ्यो । यस अलावा म्युजिक नेपालले नेपाली सङ्गीतको संरक्षण र सम्वर्द्धनका क्षेत्रमा पनि उल्लेखनीय काम गरेको छ । स्वागतयोग्य कुरा हो कि, यस संस्थाले थालेको अभियानमा आज अरु पनि थुप्रै संस्थाहरू सहभागी भएर यसलाई अझ परिस्कृत र ठूलो आयतनको बनाउने काममा जुटेका छन् । तर एउटा कुरो, यदि त्यो प्रारम्भिक जग राख्ने काम म्युजिक नेपालले नगरेको भए आज नेपाली सङ्गीत उद्योग जुन मुकाममा पुगेका छ, त्यो अवश्य पनि हुने थिएन ।


नेपालमा सङ्गीतको बजारीकरण गर्ने पहिलो संस्था पनि म्युजिक नेपाल नै हो। यसले नेपाल टेलिभिजन, रेडियो नेपालको केन्द्रीय तथा क्षेत्रीय प्रसारणहरू, म्युजिक नेपाल एफ.एम., वेबसाइट, श्रव्य-दृश्य चक्काहरूलगायतका माध्यमहरू प्रयोग गरी सङ्गीतको प्रचार-प्रसार गर्नमा कुनै कसर बाँकी राखेन। यस अलावा बजारीकरणका अन्य परम्परागत र आधुनिक उपायहरू पनि यसले अवलम्वन गऱ्यो। यिनै हरसम्भव उपाय र प्रयासहरूकै कारण आज नेपाली सङ्गीतको बजार यस रूपमा फराकिलो हुन पुगेको हो। अर्को कुरा, आज जुन रूपमा एफ.एम. स्टेसनहरू स्थापना भएर नेपाली सङ्गीतको प्रचार-प्रसारमा जुटेका छन्, तिनीहरूलाई गीति सिर्जनाहरू उपलव्ध गराएर प्रारम्भिक अवस्थामा मलजल गर्ने संस्था पनि म्युजिक नेपाल नै हो। यस अलावा अन्तर्राष्ट्रिय म्युजिक उत्पादक कम्पनीहरूसँग सहकार्य गर्ने, नेपाली सङ्गीत उत्पादनहरूको अन्तर्राष्ट्रिय बजार बिस्तार गर्ने क्रममा पनि म्युजिक नेपालले अनेकौँ विनम्र प्रयत्नहरू गरेको छ।

यी त भए म्युजिक नेपालका सत्प्रयत्न, सफलता र उपलब्धिका कुराहरू। यी आफैँमा उल्लेख्य छन् र सन्तोषका विषयहरू पनि बन्न सक्छन् तर यति नै सम्पूर्ण सफलता र उपलब्धिको मानकचाहिं हुन सक्दैन। असफलता नै त नभनौँ, तर केही समययता म्युजिक नेपाल सम्पूर्ण स्रष्टाहरूको मन जित्ने कुरोमा केही चुकेको हो कि जस्तो भान परेको छ। खासगरी यस संस्थासँग सुरुका दिनहरूमा सहकार्य गर्ने सङ्गीत-स्रष्टाहरू अहिले केही मात्रामा चित्त दुखाइरहेका भेटिन्छन्। उनीहरूको गुनासो हुन्छ- पहिलापहिला म्युजिक नेपालबाट जुन किसिमको सद्भावपूर्ण व्यवहार पाइन्थ्यो, आज त्यसमा कमी आएको छ। स्रष्टा र म्युजिक कम्पनीबीच जस्तो सम्बन्ध हुनुपर्थ्यो त्यस्तो नभएर अहिले अलि बढी 'व्यावसायिक' र 'व्युरोक्रेटिक' सम्वन्ध राख्नुपर्ने बाध्यता छ, त्यो राम्रो होइन। उनीहरूको यस गुनासोलाई नाजायज नै त भन्न सकिन्न तर समयअनुसार हुने केही फेरबदललाई पूर्णत: इन्कार गर्न पनि सकिन्न। मेरो विचारमा यसमा पचास प्रतिशत सत्यता हुनुपर्छ किनभने यस बीचमा आएका नयाँ र उत्साही म्युजिक व्यवसायीहरूले अलि बढी

नै वास्ता गरेकाले पनि उनीहरूलाई त्यस्तो लागेको हुनसक्छ । जे होस्, म्युजिक नेपालका सबैभन्दा ठूला निधि भनेका स्रष्टाहरू नै हुन् । उनीहरूको चित्त दुखाएर या उनीहरूलाई दूरीमा राखेर म्युजिक नेपालले तय गरेको आफ्नो नारा 'स्रष्टाको संरक्षण गरौं, राष्ट्रलाई समृद्ध बनाऔं' साकार बनाउन कदापि पनि सकिन्न ।

यी यावत् सकरात्मक र केही सुधानुपर्ने कुराहरू हुँदाहुँदै पनि म्युजिक नेपालको एमएन ब्रान्ड नेपाली सङ्गीत उद्योगमा सत्तिसाल ब्रान्डका रूपमा स्थापित छ । अरु सङ्गीत कम्पनीहरूले आफ्नो स्थायित्व अझै पनि पूर्णतः प्रमाणित गरिनसकेको अवस्थामा आफ्ना सिर्जनाहरूको संरक्षणका लागि पनि स्रष्टाहरू म्युजिक नेपाल नै जानुपर्ने स्थिति छ । म्युजिक नेपालले आफ्नो सबैभन्दा सुन्दर यस पक्षलाई अनन्तकालसम्म जोगाएर राख्न सक्नुपर्छ । यसैमा म्युजिक नेपाल र समस्त नेपाली सङ्गीतस्रष्टाहरूको सत्यम् शिवम् सुन्दरम् निहित रहेको छ ।

म्युजिक नेपालले बीस वर्ष पूरा गरेको अवसरमा प्रकाशन हुन लागेको यस विशेष सङ्ग्रहमा दसीका रूपमा रहने यस आलेखको बिट मार्ने क्रममा मलाई एउटा निर्णय सुनाउन मन लागेको छ । कसैका लागि अप्रिय लागे पनि जिम्मेवारीबोधका साथ यहाँ राख्न लागेको त्यो निर्णय भनेको के हो भने, म्युजिक नेपाल नेपाली सङ्गीत उद्योगको बेगवान नदी हो । बर्खाको बेलामा आउने खोल्साहरूले कहिलेकाहीं यसको गतिलाई डगमगाउन उन्नाइस-बीसको खेल खेल्न सक्छन् तर यसको निरन्तर गतिलाई कुनै असर पार्न सक्दैनन् । यसको अर्थ, म्युजिक नेपालले समयको माग र स्रष्टाहरूको खुसीलाई पूर्णतः बेवास्ता गरेर इतिहासको रट मात्रै लगाउनुपर्छ भन्ने पनि होइन । ■



म म्युजिक नेपालको सदस्य हुँ

प्रेमराजा महत

म्युजिक नेपालले हामीलाई स्थापना गरायो र हामीले पनि यसलाई स्थापना गराउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्‍यौं। त्यसैले म्युजिक नेपाल र हामीबीच एउटा प्रगाढ र अटुट साइनो छ। हामी र म्युजिक नेपाल नेपाली सङ्गीतका क्षेत्रमा सँगसँगै वामेसर्दै र हुर्कदै आज यस मोडसम्म पुगेका छौं। त्यसवखत हामी पनि आफ्नो प्रतिभालाई फिजाउने जमर्को गर्दै थियौं। म्युजिक नेपाल पनि नेपाली सङ्गीतलाई उकास्दै आफू पनि माथि उठ्ने प्रयत्न गर्दै थियो। त्यसैले म्युजिक नेपाल र हामीबीचको सम्बन्ध भनेको हृदय र स्पन्दनजस्तो छ। म्युजिक नेपाल मुटु हो भने हामी यसका ढुकढुकी। मुटु नभई ढुकढुकी सम्भव छैन र ढुकढुकी


बिनाको मुटुको कुनै औचित्य छैन ।

त्यस दिनदेखि आजसम्म हामीबीचको यो नाता निरन्तर झाँगिदै, मौलाउँदै र विकसित हुँदै आइरहेछ । म परिस्थितिवश आज अमेरिका आइपुगें । यहाँ आएपछि मलाई थाहा भयो, म्युजिक नेपालकै कारणले मेरो कलाकारिता फस्टाउँदै यहाँसम्म पुगेको रहेछ । त्यसैले मेरो कृति फैल्याउने काम पनि म्युजिक नेपालले नै गऱ्यो । किनभने म्युजिक नेपालले हाम्रो सङ्गीतलाई व्यापकरूपमा प्रचारप्रसार नगरिदिँदो हो त हामी नेपालभित्र पनि चिनिने थिएनौं होला । तर यसको साङ्गीति बजारको व्यापक फैलावटले हाम्रा 'पानका पात', 'सिमसिमे पानीमा', 'दौंतरी' लगायत अधिकांश एल्बमहरू र तिनका गीतहरू पनि नेपाली भूभाग छिचोलेर सीमातीत रूपमा विश्वव्यापी जस्तै हुनपुगे । जसको कारण ती एल्बम र गीतसँग मेरो कलाकारिता गाँसिन पुगेकाले मैले आज आफ्नो देशभन्दा कल्पनातीत टाढा अर्कै गोलार्द्ध, यो अमेरिकामा पनि नाम र इज्जत पाउन सकिरहेछु । यो गुण म्युजिक नेपालले मजस्ता असङ्ख्य कलाकारहरूलाई हरघडी लगाइरहेको छ । त्यसका लागि म योप्रति ऋणि छु ।

मानिसहरू भन्ने गर्छन– प्रेमराजा प्राय: आफ्नै खर्चमा म्युजिक नेपालमा आफ्ना गीतहरू रेकर्ड गर्छ र त्यहाँबाट एल्बमहरू निकाल्छ– तर पनि म्युजिक नेपालको यतिविघ्न प्रशंसा किन ? म उनीहरूलाई जबाफमा भन्ने गर्छु– पैसाले मात्र सबै सम्बन्ध बन्न र जीवन्त हुन सक्तैनन् । हो, म म्युजिक नेपालमा आफ्नै खर्चमा गीतहरू रेकर्ड गर्छु, जसलाई म्युजिक नेपालले बजार व्यवस्थापन गरिदिन्छ । तर यति भन्दैमा म्युजिक नेपालसँग मेरो व्यापारी या पसले र क्रेताको नाता मात्र छैन । म त आफूलाई म्युजिक नेपालको परिवार भित्रै, एउटा एकाघरको सदस्य पो ठान्दछु त ।

कहिलेकाहीं यहाँ, अमेरिकामा पनि अलिकति फुर्सद हुँदा आफ्नो कलाकारितालाई फिजाँउछु । यसरी आफ्नो कलाकारितालाई नजिकबाट चिहाएको घडी म नेपाल पुग्छु, रेडियो नेपाल पुग्छु । असङ्ख्य कलाकर्मीहरूको झुरुल्कोमा, उनीहरूसँगै बिताएका तीतामीठा संस्मरणहरूमा

रुमल्लिन पुग्छु । यसरी अतीतमा गोता खाँदाखाँदै जब म्युजिक नेपाल पुग्छु, अनि यसको सम्झनाले मुटुभित्रबाट भक्कानो फुटेर आउँछ । मेरा ती आरम्भका दिनहरू आँखाअघि कुनै पुरानो सिनेमाको 'रील' झैं घुम्दै जान्छन् । म एकएक घटनाहरू सम्झिदै जान्छु । आज पनि मलाई ती एकएक घटनाहरू कण्ठ छन् । मानिसले आफ्नो पहिलो प्रेम र त्यससँगको कुनै प्रसङ्ग भुल्दैन भनिन्छ । मैले पनि म्युजिक नेपाललाई भुलेको रहेनछु । मलाई एकएक घटना कण्ठ छन् । कालिकास्थानदेखि अनामनगरसम्मका म्युजिक नेपाल विकासक्रमका हरेक बाटा र यात्राहरू कण्ठ छन् । किनभने म पनि म्युजिक नेपालको यात्राकै एक सहयात्री त थिएँ नि । म्युजिक नेपाल नै हो मेरो कलाकारिताको प्रेमिका या सहयात्री । त्यसैले योसँग गाँसिएका एकएक प्रसङ्गहरू मलाई आज पनि कण्ठ छन्– कुनै दिन सविस्तार भनौंला । तर अहिलेचाहिँ यो म्युजिक नेपाल बीस वर्ष पुगेको अवसरमा यसको उत्तरोत्तर प्रगतिको कामना गर्दै, यससँग सम्बन्धित सन्तोष शर्मा, मदन दिपबिम, कृष्ण खनाललगायत सम्पूर्ण प्राविधिक प्रशासकहरूमा बधाई । ■



सुटुक्क

बमबहादुर कार्की

ठ्याक्कै तिथिमिति याद नभए पनि संयोगकै कुरा मान्नु पर्छ, एक दिन अघिको परिचयलाई अघि सार्दै कैलाश प्रवीण प्रेमराजा महतलाई लिएर रेडियो नेपाल आइपुग्नु हुन्छ– २०४२ सालमा । धेरै बेरको आनाकानी पछि संशयपूर्ण भावमा ओठ खोल्नु हुन्छ– एउटा क्यासेट एल्वम निकालौं भनी । सोच्दै नसोचेको कुरा अघिसारेपछि अक्मकिएर सोधें– कहाँबाट र कसरी? मेरो प्रश्न पूरा नहुँदै निकै हतारिदै जबाफ दिनुभयो– म्युजिक नेपालबाट, त्यो चाँजोपाँजो हामी मिलाइहाल्छौं, खालि तपाईंले हुन्छ भने मात्र पुग्छ । हुन्न भन्न नसक्ने मेरो कमजोरीमाथि आफ्नो प्रस्ताव थप्नुभयो– त्यही हामीले दुई-तीन दिनअगाडि रेकर्ड गरेको 'खोलापारि


निर्माया' र 'सलल' भन्ने दोहोरी गीत भए पुग्छ । गोजीमा भएको एउटा सादा फोटो र दुइटा दोहोरी गीत लिएर जानुभयो र भोलिपल्टै 'हाम्रो क्यासेट निस्कने भयो' भनेर हस्याङ्फस्याङ् गर्दै असीमित खुसी बोकेर आउनु भयो र भन्नुभयो– हाकिम साहेबले तपाईंलाई पनि भेट्न खाज्नुभएको छ । कुमार बस्नेत र जयनन्द लमाजस्ता वरिष्ठ कलाकारहरूको क्यासेट त चर्चामा नभएको वेला अनि रेडियोमा भर्खरभर्खर मात्र दुईचारवटा लोकगीत रेकर्ड गरे तापनि क्यासेट निकाल्ने सवालमा सोचै नबनाएको मान्छे कतै यो निरर्थक अभियान त चालेनौं भन्ने बाटोभरि चिन्ता बोकेर कालिकास्थानस्थित म्युजिक नेपाल पुग्यौं, जहाँ सन्तोष शर्माजी हँसिलो र स्फूर्त मुद्रामा प्रतीक्षारत हुनुहुन्थ्यो । जुन मुद्रा अहिलेको भेटघाटमा पनि पाइन्छ, यो नै म्युजिक नेपालको शुभ-लच्छिन् हो र सम्पत्ति पनि । एकछिनको कुराकानीपछि क्यासेट निकाल्ने सहमति भयो ।

सहमतिअनुरूप केही दिनमै 'खोलापारि निर्माया' दोहोरी श्रोतासामु आयो र हामीले र सायद म्युजिक नेपालले पनि नसोचेको माया श्रोतहरूबाट पायो । मलाई लाग्छ यो नै औपचारिक रूपमा भन्नुपर्दा दोहारी गीतहरूको इतिहासमा पहिलो क्यासेट थियो । म्युजिक नेपालभन्दा पहिले सरकारी स्तरमा मात्र क्यासेटको प्रकाशन गर्ने संस्था श्री रत्नरेकर्डिङ् संस्थान थियो जसले त्यतिबेलासम्म दोहोरी गीतहरू रेकर्ड गरेको थिएन । सानैदेखि कला, संस्कृति र गीत-सङ्गीतमा अभिरुचि भएका कारण गाउँघरमा गाइने भाषाहरू रेकर्ड गर्न र गीत सुन्ने ठूलो धोको पूरा गर्न ठूलै मिहिनेत लगाएर च्याउखेतीको आर्जनबाट बल्लतल्ल २०३७ सालमा एउटा टेप रेकर्डर किनेकोमा उक्त टेप रेकर्डरमा बजाउनको लागि नेपाली क्यासेट नपाएको जुन दुखानुभूति महसुस गरेको थिएँ, अब भने आफ्नै स्वरमा गीत सुन्न पाउँदा ममा छुट्टै साङ्गीतिक यात्रामा लाग्दाका तीता र दुःखद् क्षणलाई विर्साइदिएको थियो । यसरी म्युजिक नेपालसित जोडिँदै श्रोतासम्म पुगेको हाम्रो नातालाई 'पानको पात'ले जवानी दियो र 'दौंतरी' जसलाई 'लगन' भनेर बढी चिनिन्छ, ले बयस्क बनाइदियो जुन बयस्कतामा अहिलेसम्म बुढचौली लाग्न पाएको

छैन किनभने यसमा म्युजिक नेपालले सञ्जीवनी प्रदान गरेको छ ।

यही सञ्जीवनी बुटीलाई साथ राखी म्युजिक नेपालमा साङ्गीतिक कोसेली पस्किने क्रमलाई निरन्तरता दिने सिलसिलामा थाहै नपाई झन्डै साढे तीन दर्जन क्यासेट एल्बम सुम्पिइएछ– भजनदेखि रत्यौलीसम्म, तीजदेखि तिहारसम्म, स्वास्थ्यदेखि सूचनासम्म, भूगोलदेखि इतिहाससम्म, ठटचौलीदेखि व्यङ्गसम्म, जन्मदेखि विवाहसम्म, विवाहदेखि मृत्युसम्म, घटना, कर्खा र सवाइदेखि जीवनगाथासम्म, अनुभूतिदेखि विभूतिसम्म र झोपडीदेखि दरबारसम्म । यसरी गीत रेकर्ड गर्ने दौरानमा पुरानो अप्ठेरो प्रविधिबाट आजको अत्याधुनिक प्रविधिसम्म आइपुग्दा म्युजिक नेपालबाट लिने क्रममा धेरै थोक लियौं तर दिने क्रममा खै के के दियौं, के के दियौं ? नौलानौला सोचसँगै पञ्चामृतै नभए पनि तिर्खा मेटिने दोहोरीको सङ्लोसङ्लो पानी दियौं, बर्गैचै नभए पनि फरकफरक सुवास र फरकफरक रङको लोकथुँगासहितका फूलदानी दियौं तिनै फूलदानीसँगै सरल ढङ्गको आनीबानी दियौं र शरीरै दिन नसके पनि भर्भराउँदो जवानी दियौं । त्यसैले त म्युजिक नेपालले कहिले कलाकारहरूका हकहितका लागि आवाज उठाउँछ, कहिले प्रतिलिपिअधिकार ऐनका लागि सम्मेलन र सेमिनार जुटाउँछ, हिमाल, पहाड, उपत्यका हुँदै तराई झर्छ; कला, संस्कृति र गीत-सङ्गीतका स्रष्टा-कलाकारहरूलाई सम्मान गर्छ; गीत सङ्गीतको विकासका लागि कलकारहरूसँग हातेमालो गर्दै अघिअघि सर्छ । ठेगाना छैन, को कतिसम्म बाँच्छ र कतिवेला मर्छ तर बाँचुञ्जेल जोसुकैले पनि कर्ममा विश्वास गर्नै पर्छ । त्यसैले भन्न करै लाग्छ यो हो कलाकारहरूको पुरानो विसौनी अनि नदीभन्दा लामो हिउँचुली भन्दा अग्लो र सागर भन्दा गहिरो ताल, सुखदु:खको साथी म्युजिक नेपाल ।

■



सङ्गीत र जीवन

भैरवनाथ रिमाल 'कदम'

सङ्गीत मानिसको जीवनमा जन्मैदेखि साथसाथै आएको हुन्छ। बच्चा जन्मदा अवश्य रुन्छ। उसको त्यो रुवाइ नै सङ्गीत हो। त्यस रुवाइमा एक प्रकारको लय हुन्छ। त्यस रुवाइले मानिसलाई कर्कश र दिक्क नै किन नलागोस्, तर त्यसमा सङ्गीतको अथवा लयको मिश्रण भएको हुँदा त्यो रुवाइ सङ्गीतवद्ध आवाज हो।

बच्चालाई काखमा राखेर आमाले दूध खुवाएपछि गीत गाउँदै सुताउँदा, कुनै न कुनै गीत गाएर सुताउँछिन्। उनले गाएको त्यो गीत सङ्गीतमय हुन्छ। बच्चा बिस्तारै बढेर बामे सर्दै जान्छ। यसबेला अर्थात् बामे सर्दै गर्दा पनि आमा, दिदी वा बज्यैले बच्चालाई हातमा

समातेर 'ताती' भन्दै हिँडाउने चेष्टा गर्छिन्। यसरी "हाम्रो बाबु ताती गर्छ" अथवा "हाम्री नानी ताती गर्छे" भनेर सङ्गीतवद्ध स्वरमा उनीहरूले भन्छन्। बच्चा पनि त्यही सङ्गीतमय आवाजमा मस्त भएर भुलिँदै बामेसराइबाट कुनै वस्तुको सहारा लिएर उभिने र त्यसपछि हिँड्ने प्रयत्न गर्छ। कसैले बच्चालाई डर देखाइदिको छ र बच्चा चर्को आवाजले रोइरहेको छ भने उसकी आमाले "जा, तँलाई म पिटिदिन्छु, हाम्रो बाबुलाई अय्या गर्ने। नरोऊ मेरो राजा। हाम्रो बाबुको बुबु-माम दिन्छु" भन्दै गीत गाएर फुल्याउने कोसिस गर्छिन्। बच्चा आमाको सङ्गीतमय आवाजमा मक्ख पर्छ।

बच्चा बढ्दै गएर ठूलो हुन्छ। ऊ किशोरावस्थामा पुग्छ। गाउँ-घरमा किशोरकिशोरीहरू गाईवस्तुलाई वन-जङ्गलतिर चराउन लैजान्छन्। त्यसबेला वन-जङ्गलको प्राकृतिक सुन्दरताले उनीहरूको हृदयमा सङ्गीत भरिइसकेको हुन्छ। त्यसरी उनीहरू आफ्नो हृदयको भावना-गीत गाएर अथवा मुरली बजाएर प्रकट गर्छन्। मुरली पनि नहुनेले वनमा फुलेको लालुपातेको हरियो पात टिपी एक हातले ओठमा राखेर फुक्दै आफूले मनपराएको सुर निकालेर बजाउँछन्। यो हाम्रो लोक-सङ्गीत हो। यसै प्रकार छोरी-चेलीहरू घाँसदाउरामा जाँदा वा पँधेरोतिर जाँदा पनि गीत गाउँदै जान्छन्। यसो गर्दा उनीहरूलाई रमाइलो लाग्नुको साथै थकाइ पनि मर्दै जान्छ।

किशोर-किशोरीहरू युवक-युवती हुन्छन्। उनीहरूको जीवन उल्लास र उमङ्गले भरिएको हुन्छ। गाईवस्तु चराउँदा, घाँस-दाउरा जाँदा, रोपाइँ गर्दा, बाली भित्र्याउँदा र पूजाआजा, चाडपर्व, उत्सवको बेला पनि त्यसैअनुसारको गीत भजनहरू गाइन्छन्। यिनको सङ्गीत त्यसैअनुसारको हुन्छ। रोपाइँ गर्दा पुरुषहरू एकातिर र स्त्रीहरू अर्कोतिर भई जुवारी खेल्छन्। यो सङ्गीत बडो कर्णप्रिय हुन्छ। कतै-कतै जुवारी रातभरि पनि खेलिन्छ। पूजाआजामा पनि भजन-कीर्तनले रात बितेको पत्तै हुँदैन। विवाहको अवसरमा स्वास्नीमानिसहरू रत्यौली खेल्छन्। रत्यौली खेल्दा पनि उल्लास र उमङ्गले खेलिएको हुँदा छर्लङ्ङै रात काटिन्छ। तीज र शिवरात्रिजस्ता चाडपर्व र उत्सवमा स्वास्नीमानिसहरू पशुपतिनाथको

मन्दिर र अन्य देवस्थलहरूमा गई रातभरि भजन-कीर्तनमा आफूलाई लीन पारेर जाग्राम बस्दछन्। यो सब सङ्गीतकै प्रभावले सुगम हुन गएको हो।

खुसीको बेला मात्र होइन, शोकको बेलामा पनि सङ्गीतले मानिसको जीवनमा ठाउँ ओगटेको हुन्छ। विभिन्न जातिका विभिन्न रीतिरिवाज, प्रथा हुन्छन्। कुनै-कुनै जातिमा मानिसको मृत्यु हुँदा शोक-गीत गाउने वा शोक-धुन बजाउने चलन छ। नेवार जातिको पनि यस्तो प्रथा छ। नेवार जातिको कुनै मानिसको मृत्यु हुँदा शोक-सङ्गीतका साथ शव-यात्रा हुन्छ। अर्थात् शोकको सङ्गीतका बाजा बजाउँदै अर्थीलाई अन्तिम संस्कारको लागि स्मशानघाटमा लगिन्छ। यस बेला बजाइने सङ्गीतले वातावरणलाई नै शोकमग्न तुल्याइदिन्छ। टाढैबाट कसैले यस्तो सङ्गीत सुन्यो अथवा यो सङ्गीत बजाएको ध्वनि सुन्यो भने उसले ठान्दछ- कुनै शवयात्रा भैरहेछ।

इसाई धर्ममा पनि झन्डै यस्तै किसिमको प्रथा छ। कुनै विशिष्ट व्यक्तिको मृत्यु हुँदा लासलाई गिर्जामा लगिन्छ र सबैले भगवान्सँग मृतव्यक्तिको चिरशान्तिको लागि प्रार्थना गर्दछन्। यसरी शवलाई गिर्जामा लैजाँदा गिर्जाको ठूलो घण्टाले शोकमय ध्वनि बजाउँछ। यस बेला पनि गिर्जाको घण्टाको शोकमय ध्वनि चारैतिर प्रतिध्वनित भएर सम्पूर्ण वातावरणलाई नै शोकपूर्ण बनाइदिन्छ। यसरी सङ्गीतले मानिसको जीवनमा जन्म, मृत्यु, सुख-दुःख, हर्ष, उल्लास उमङ्ग, खुसियाली, चाडपर्व, सामाजिक क्रिया इत्यादिमा अभिन्न स्थान ओगटेको हुन्छ।

मानिसमा मात्र होइन, अन्य प्राणी– जस्तै चराचुरुङ्गी, पशु, कीटाणु आदि पनि सङ्गीतबाट टाढा रहेका हुँदैनन्। चराचुरुङ्गीमा कोइली, चिवेचरी, जुरेली र मैनाको मीठो सङ्गीतले कसलाई मुग्ध पारेको होओइन। मिर्मिरे विहानीपख चरचुरुङ्गीले गाएको 'चिरबिर सङ्गीत' सुतिरहेको मानिसको कानमा पर्दा कति मीठो र सुनिरहूँजस्तो लाग्छ। मिर्मिरे बिहानपख टाढाबाट भाले बासेको आवाजले कसको मन नयाँ उमङ्ग, नयाँ उत्साह र नयाँ जीवनले विभोर नहोला। खोलाको कलकल

ध्वनि, धारोको झरझर आवाज, मेघको निनाद, समुद्रको उत्तुंग छाल इत्यादिले सङ्गीत प्रसार गरेर सबैलाई मोहित पार्छन् । भनिन्छ- सर्प, कमिला र उद्भिज पनि सङ्गीतबाट प्रभावित हुन्छन् । हाम्रा ऋषिमुनिहरू सङ्गीतमय ऋचा गाउँथे, आज हाम्रा कविहरू लयबद्ध अर्थात् सङ्गीतमय कविता पाठ गर्छन्, जसलाई सुनेर हामी भावविभोर हुन्छौं । सारङ्गीको 'च्याँ-च्याँ, बाख्राको 'म्याँ-म्याँ' र भरियाको 'स्याँ-स्याँ' यी सब सङ्गीतमय छन् । त्यसैले मानिसको जीवन मात्र होइन पशु, पक्षी, कीट-पतङ्ग, झारपात सबैको जीवन सङ्गीतसँग अविच्छिन्न किसिमले आबद्ध भएको हुन्छ । त्यसैकारण सङ्गीत नै जीवन हो भने जीवन नै सङ्गीत हो ।

प्रश्न उठ्न सक्छ– सङ्गीतबाट किन यसरी सबै प्राणी प्रभावित भएका त ? यस प्रश्नको उत्तर यही सार्थक लाग्दछ– सङ्गीतमा भाषाको समस्या छैन, जोसुकैले पनि यसप्रति प्रभावित हुने सामर्थ्य राख्ने हुनाले सङ्गीतबाट सबै प्राणी प्रभावित भएका हुन् । किनभने सङ्गीत बुझ्नलाई त्यसको भाषा बुझिरहन पर्दैन । पशु-पक्षीको भाषा मानवजातिले बुझ्न सकेको छैन, तर उसले तिनीहरूको सङ्गीत सजिलै बुझ्दछ । सङ्गीतको विशेष गुण नै के हो भने यसले सम्पूर्ण प्राणीलाई मुग्ध र प्रभावित पारिदिन्छ । ■



म्युजिक, म्युजिक नेपाल अनि म

मणिकमल छेत्री

प्रथमत: म्युजिक नेपालले आफ्नो जातिको सङ्गीत, संस्कृति र साहित्यको निम्ति योगदान दिँदै दुई दशक बिताइसकेको कुरोमा म अति हर्षित छु, साथै म्युजिक नेपलालाई समस्त कलाकारको पक्षमा बधाई टक्रचाउँदछु। अर्को कुरो मलाई म्युजिक नेपालले यो २० वर्षे कालमा योगदान पुऱ्याएको विषयमा लेख मागी पत्राचार गर्नुभएकोमा आन्तरिक हृदयबाट आभार व्यक्त गर्दछु।

म्युजिक नेपालको योगदानबारे कसैले भनिरहन र लेखिरहन पर्छ जस्तो मलाई लाग्दैन यद्यपि मेरो व्यक्तिगत केही अनुभवका कुराहरू राख्ने यस अवसरलाई म चुकाउन चाहन्न। म्युजिक नेपालको प्राय: स्थापनाकालदेखि

नै म यससित चिर-परिचित छु। पहिलेको वा आरम्भकालको म्युजिक नेपाल आज प्रगतिशील बनेर एउटा अविस्मरणीय इतिहास बन्न गएको छ। म्युजिक नेपालले साङ्गीतिक क्षेत्रमा मात्र नरहेर साहित्य र संस्कृतिको क्षेत्रलाई लिएर गरिरहेको गतिविधि पनि सराहनीय पाइन्छ। कारण अरु क्षेत्रका लेखहरू वा जानकारीहरू अन्य पत्रपत्रिका, पुस्तक आदिमा पढ्न पाएजस्तै सङ्गीत बिषय प्राय: 'सङ्गीत' त्रैमासिक पत्रिका मार्फत् हामी पढ्छौं, बुझ्छौं तथा जानकारी पाउँदछौं, यो सङ्गीत जगत्को निम्ति ठूलो उपलब्धि हो।

म्युजिक नेपालले आधुनिक गीतहरूको रेकर्डिङ्मा पनि आफ्नो स्तर कायम राखेको पाउँछौं हामी, जो हालैको सङ्गीत परिवेशको निम्ति अति नै जरुरी महसुस हुँदैछ। यतिमात्र नभएर म्युजिक नेपालका क्यासेट/सी.डी. आदि अति उच्चस्तरीय रहेको कुरो पनि कसैले नकार्न सक्दैन। मेरो आफ्नो अनुभवमा कतिपय राम्रारास्रा नवोदित गायक/गायिकालाई म्युजिक नेपालले प्रोत्साहन र उत्साहका निम्ति, लिनपर्ने रकममा धेरै छुट दिएर रेकर्डिङ् गरिदिएको पनि मैले देखेको छु, जसलाई हामी पूर्णरूपले सामाजिक कार्य भन्न सक्छौं।


यसै सन्दर्भमा विगत पाँच वर्षदेखि 'कलाकार अभियान परिषद्' दार्जीलिङ र म्युजिक नेपालमाझ एउटा सम्झौता गरियो जसमार्फत नेपाल बाहिर रहेका राम्रारास्रा कलाकारहरूलाई नि:शुल्क रेकर्डिङ् गराएर रोयल्टी दिने भयो म्युजिक नेपालले। यो कसरी हुन गयो ? यसबारे उल्लेख गर्न म अति आवश्यक ठान्छु। एकदिन मेरो रेकर्डिङ् म्युजिक नेपालमा भइरहेको समय म्युजिक नेपालका सन्तोष शर्माजीसित उहाँकै कोठामा मेरो भेट भयो। मलाई धेरै अघिदेखि मनमा लागेका उद्गारहरू पोखाउने अठोट गरेर मैले सन्तोषजीलाई भनें– "हेर्नुहोस् हालमा दार्जीलिङ र नेपालबीचको साङ्गीतिक आदानप्रदान ठप्प छ, आजभन्दा केही कालअघि रत्नरेकर्डिङ् संस्थानले दार्जीलिङका कलाकारहरूलाई 'कोटा' दिन्थे र प्रत्येक वर्ष यसरी नेपाल र दार्जीलिङका कलाकारहरूमाझ परिचय साथै कलाको आदानप्रदान हुन्थ्यो तर आज 'डिस्क'को जमाना गयो क्यासेट, सीडी आदिको जमाना आयो र यो काम नेपालबाट कसैले

गर्न सक्छ भने त्यो हो म्युजिक नेपाल । यसले यो काम गर्न सक्छ ।" मेरो यो कुरो सुनेपछि उहाँले सङ्कोच नमानी भन्नुभयो– "यो त अति उच्च विचार हो, तर यस सम्बन्धमा मैले मेरो 'बोर्ड' को बैठकमा कुरा राख्न पर्छ । तपाईंले दार्जीलिङ पुग्नासाथ यसो बिषय उल्लेख गरेर म्युजिक नेपाललाई एउटा पत्र पठाउनुहोस" । अनि ता के थियो र म लागिपरेँ यसै कार्यमा, पत्राचार भयो नियमहरू बनिए अनि दार्जीलिङका राम्रा राम्रा भाइबहिनीहरू साथै प्रतिष्ठित कलाकारहरूले कलाकार अभियान परिषद्, दार्जीलिङ र म्युजिक नेपाल काठमाडौँबीच भएको सम्झौता बमोजिम आज पर्यन्त रेकर्डिङ् गरिरहेका छन् बिना पैसामा वा निःशुल्क । यो कति महान् कार्य हो, विशेषत: हामी बाहिरका कलाकारहरूका निम्ति, जसको हामी बयान नै गर्न सक्दैनौँ, हामी ऋणी छौँ म्युजिक नेपालप्रति । सन्तोषजी अति नै मृदुभाषी हुनुहुन्छ, उहाँकै आग्रहमा दार्जीलिङमा भानुभक्तको रामायण क्यासेटको विमोचनको भार मैले लिएँ । जसमा सन्तोषजी स्वयं साथै महान् साहित्यकार श्रद्धेय दाइ कमलमणि दीक्षित पनि आउनु भएको थियो जो दार्जीलिङले कहिल्यै भुल्ने छैन उक्त टोलीमा विशिष्ट फोटोग्राफर भाइ कुमार आले, गायिक लोचन भट्टराई, मदन दिपविम आदि पनि आउनु भएको थियो ।

म्युजिक नेपालको अर्को अझ उच्चकोटीको योगदानबारे पनि केही लेख्न चाहन्छु । हाम्रो जातिको परिचायक हाम्रो संस्कृति हो यसै सन्दर्भमा भन्नुपर्दा– लोकगीतको खडेरी परेको समयमा म्युजिक नेपालले आफ्नो लागत खर्चको केही पर्वाह नगरी मीठामीठा लोकगीतहरूका रेकर्डिङ् गरायो जसको फलस्वरूप आज दोहरीगीत प्रसिद्धिको सीमा नाघेर अघि बढ्न सकेको छ । म्युजिक नेपालको योगदानबारे लेख्ने हो भने सानोतिनो पुस्तकै बनिन जान्छ, त्यसको निम्ति समय पनि चाहिन्छ तर मेरो निम्ति समय कम रहेकाले संक्षेपमा मात्र म्युजिक नेपालबारे लेख्न सकेँ अन्त्यमा म्युजिक नेपालको उत्तरोत्तर विकासको कामना राख्दछु ।

दार्जीलिङ्

■



खै कसरी बित्यो ?

मदन 'दिपबिम'

सम्पर्क कसरी हुन्छ अनि सम्बन्ध कसरी बढ्छ भन्ने कुरो मानिसले पहिले नै चाल पाउने भए मानिसको मानिससँग गर्ने व्यवहार नै फरक हुन्थ्यो होला । २०३६-३७ सालतिर होला, मलाई पनि आफूले गाएका गीत-सङ्गीतका क्यासेट निकाल्ने रहर लागेथ्यो, त्यसबेला हरिवंशजी र मदनकृष्णजीहरूको 'यमलोक' भन्ने क्यासेट बजारमा आएथ्यो । त्यो क्यासेट देखेपछि मैले मदनजीलाई के कसरी उत्पादन गरेको भनेर सोधेको थिएँ । मदनजी त्यसबेला कृषि सूचनाशाखा हरिहर भवनमा काम गर्नुहुन्थ्यो । उहाँले हुन्छ नि म क्यासेट निकाल्ने व्यक्तिसँग भेट गराइदिन्छु भन्नुभयो र केही दिनपछि मलाई सन्तोष सरसँग भेट

गराइदिनु भयो। यो नै मेरो म्युजिक नेपालसँगको सम्बन्धको सुरुवात थियो, डिल्लीबजार धोबीधारामा। त्यसपछि मेरो क्यासेट निकाल्ने सिलसिलामा आवतजावत बढ्दै गयो, त्यहाँका इञ्जिनियर प्रदीप उपाध्यायजीसँग पनि परिचय बढ्दै गयो र मेरो लोकगीत तथा आधुनिक सङ्गीतमा सबै रेडियोमा रेकर्ड गरिएका गीतहरूको मिक्स एल्बम 'मदन दिपबिमका लोकगीत तथा आधुनिक गीतहरू' भन्ने एम.एन. नं. ११८ बजार ल्याइयो। तर पछि लोकगीतहरू मात्र राखी 'छल्कना' नामको एल्बम प्रकाशित गरियो जुन हालसम्म बजारमा उपलब्ध छ। त्यसबेला मलाई म म्युजिक नेपालमा आवद्ध भई मेरा जिन्दगीका धेरै समय बित्लान् भन्ने मनको एउटा कुनामा पनि थिएन। म सरकारी सेवामा थिएँ। बेलाबेलामा निस्कन्थें म्युजिक नेपालमा। म पहिलादेखि नै यसो प्यारोडी व्यङ्ग्य-गीतहरू पनि लेख्ने, गाउने गर्थें, एकेडेमीबाट आयोजित 'गाईजात्रे हाँस्यव्यङ्ग्य' कार्यक्रममा भाग लिई स्वर्ण पदक पुरस्कार पाइसकेको थिएँ। त्यसबेला म्युजिक नेपालको स्टुडियो भर्खर बन्न सुरु हुँदै थियो र त्यसमा डबिङ् कम मात्र हुन्थ्यो। स्टुडियो तयार भएपछि प्रदीपजी र सन्तोषसरले मलाई व्यङ्ग्यगीतको एल्बम रेकर्ड गर्नलाई भन्नु भयो र मैले मेरा साथी प्रेमराज, तेजबहादुर मुखिया र अन्य साथीहरूबाट वाद्यवादनमा सहयोग लिई एकैदिन ७ वटा गीत गाएँ, जुन गीतहरू 'पैसाको मामिला' भन्ने व्यङ्ग्यगीत एल्बम एम.एन.नं. १२३ मार्फत् बजारमा ल्याएको थिएँ। यही एल्बम नै म्युजिक नेपालले आफ्नो स्टुडियोमा रेकर्डिङ् गरी उत्पादन गरेको पहिलो एल्बम हो। त्यसको केही समयपछि धोबीधाराबाट कालिकास्थानमा म्युजिक नेपाल सर्‍यो र त्यहाँ रेकर्डिङ् स्टुडियो अलिक व्यवस्थित रूपमा निर्माण भएको थियो। त्यस समयमा मेरो अफिस र डेरा आवत्-जावत् गर्दा बाटोमा पर्ने भएकोले त्यहाँ बराबर पस्ने गर्थें। बेलाबेलामा मलाई लोकगीतहरू रेकर्ड गर्ने सम्बन्धमा गीतका लय, शब्दका बारेमा जाँचिदिने काम पनि लगाउँथ्यो म्युजिक नेपालले। यस सिलसिलामा मैले ०३८ सालतिर हो जस्तो लाग्छ– दोहोरी गीतको एम.एन. १४१ 'बस्न मन छैन' भन्ने जुवारी एल्बम रेकर्ड गरी निकालेका थियौं। यस समयमा मेरो 'दोहोरी'

र 'जुवारी' भन्ने शब्दका बारेमा निकै छलफल भएको थियो। कारण पूर्वतिर 'जुवारी' खेल्ने, गाउने भनेकै 'दोहोरी' हो। मलाई त पूर्वतिर 'दोहारी' भन्ने शब्द त 'दोहोरी खर्च' भन्ने मात्र थाहा थियो केटा र केटी विवाह गर्दा दुवै पक्षको विवाह खर्च एउटै पक्षले गर्ने भयो भने त्यसलाई दोहोरी खर्च भन्ने प्रचलन मात्र सुनेको थिएँ। जस्तो, गीतै छ:

'घर त मेरो यहाँ होइन, अर्चले,
माया लाउँला, दोहोरी खर्चले'

तर त्यस बेलामा दोहोरी शब्द मैले नराखी धरै पाइन, त्यसैले एल्बममा 'जुवारी' (बस्न मन छैन) दोहोरीगीत, भन्ने क्यासेट-कभरमा उल्लेख छ। यसपछि पनि बराबर आउने जाने क्रम चलिरह्यो। म्युजिक नेपालले आफूले नै रेकर्ड गरेका एल्बमहरू बिस्तारबिस्तार बजारमा ल्याइरहेको थियो। रोयल्टी पाउने व्यवस्था भएकाले कलाकारहरू सबै तानिँदै आइरहेका थिए र क्यासेट बिक्रीको बजार पनि अलि बढ्दै गइरहेको थियो। सरकारीस्तरको रत्नरेकर्डिङ् संस्थान भने निदाउँदै बसेको जस्तो थियो। २०४३ साल मङ्सिर महिनामा सरकारी नोकरीबाट अवकास लिएपछि म हिमालयन कलर ल्याब, न्यूरोडमा आवद्ध भई काम गर्न सुरु गरेँ। त्यसको केही समयपछि नै मलाई साङ्गीतिक क्षेत्रमा काम गर्ने इच्छा भयो र मैले सन्तोषसरसँग त्यो इच्छा व्यक्त गरेँ। र, उहाँले मलाई काम गर्ने मौका दिनुभयो र २०४३ माघ महिनादेखि काम सुरु गरेँ र आजसम्म गरिरहेको छु। उता हिकोलामा पनि मेरा मित्र जे.बी. आलेले मलाई त्यहाँ काम छोड्न दिनुभएन, पार्ट टाइम भए पनि गर्नुपर्छ भनेकाले त्यहाँ पनि म आजका दिनसम्म कार्यरत नै छु।

जुन दिन म म्युजिक नेपालमा कर्मचारीको रूपमा आएँ त्यो दिन मलाई एउटा छुट्टै प्रकारको अनुभव भइराखेको थियो। सन्तोषसर, प्रदीपसर, ईश्वर अर्यालजी, कृष्ण खनाल, विष्णुजी, परशुराम चौधरीजी, नीलकण्ठजी, मानकाजीसँग स्टाफको नाताले परिचय भयो भने त्यस बेला एम.एन. मा कार्यरत वाद्यवादकहरू, नोर्बुजी, सुवर्णजी, दीपक थापाजी, भूपेन्द्र रायमाझीजी, हरीश माथेमाजी,, सुशीला विश्वकर्माजी, राजु

अग्रवालजी, नीरञ्जन महर्जनजीसँग पनि भेटघाट भयो। उहाँसँगै हकामकाज गर्नुपर्दथ्यो। सुरुमा मैले, स्टुडियो बुकिङ्, रेकर्डिङ्, सुपरभाइजिङ्, पब्लिक रिलेसन र प्रशासनसम्बन्धी काम सुरु गरेँ। म गएको केही समयपछि नै म्युजिक नेपालले नेपाल टेलिभिजनमा साङ्गीतिक कार्यक्रम 'सङ्गीत सौगात' सुरु गऱ्यो। त्यसको पहिलो गीत सुटिङ् गर्न सतीशदाइ र हामीहरू गोकर्ण गएका थियौँ, त्यो गीत मुरलीधरजीको 'त्यो नजरको बयान गरुँ म कसरी ?' भन्ने बोलको थियो र त्यसमा नृत्य गरेकी थिइन्, अग्नि गुरुङले। मेरो पहिलो सुटिङ् नै यही थियो र यहाँदेखि नै मैले गीतहरू भिजुलाइज गराउने, नृत्य निर्देशन गर्ने, एडिटिङ्, प्रोग्राम बनाउने काम गर्न थालेको हुँ। यस कार्यक्रमको उद्घोषण तथा सुटिङ्मा सहयोग गरेर हरिशरण लामिछानेजीले मलाई महत्त्वपूर्ण रूपले साथ दिनु भएको थियो। यस कार्यक्रमका लागि गीत, कलाकार छान्ने, नृत्यहरू सिकाउने, कन्सेप्ट तयार पार्ने काम सबै आफैँले गर्नु पर्दथ्यो। यो कार्यक्रम करिब १३ महिनासम्म सञ्चालन भएको थियो।

यसभन्दा अघिको एउटा कुरो सम्झना आउँछ त्यो के भने त्यसबेला नारायणगोपाल दाइका गीतहरू रेकर्ड समाप्त हुन लागेका थिए। उहाँ प्रायः म्युजिक नेपाल आइरहनु हुन्थ्यो सम्पर्क बढिरहेको थियो। हुन त नारायण दाइसँग मेरो चिनाजान विभिन्न कार्यक्रममा भाग लिने सिलसिलामा पहिला नै भएको थियो तर पनि दिनहुँ जसो भेट हुँदा सामीप्य त बढ्ने नै भयो। नारायणगोपाल दाइजस्तो गायकसँग निकटता पाउनु एउटा सङ्गीतकारलाई अहोभाग्य हो। भेटघाटको क्रममा मैले पनि मेरो सङ्गीतको एउटा गीत गाइदिन अप्ठ्यारो मान्दै उहाँ समक्ष अनुरोध प्रस्ताव राख्दा सङ्गीत राम्रो गर्नु 'गीतियात्रा भाग-२' गर्दा गाउँला भन्ने वचन दिनु भएको थियो तर नेपाली सङ्गीतको दुर्भाग्य भनौँ या मेरो दुर्भाग्य भनौँ नारायण दाइले दोस्रो एल्बमका गीतहरू रेकर्ड गर्न नै पाउनु भएन। यस समयमा भएको एउटा अर्को कुरा भने याद आइरहन्छ। त्यो के भने रामकृष्ण ढकाल भाइको 'ढकाल सुमधुर साँझ' गर्ने सिलसिलामा गोपाल कर्माचार्य भाइ, हामी मिली गीतको रिहर्सल त्यही म्युजिक नेपालमा नै गर्ने गर्दथ्यौँ। त्यो बेला रामकृष्णले अधिकांश

नारायण दाइका गीतहरू नै गाउने गरेका थिए। मैले एकदिन त्यही म्युजिक नेपालमा उहाँलाई "दाइ एउटा सानो भाइ आएको छ गीत राम्रो गाउँछ एकपटक सुनी दिनुहोस् न" भन्दा उहाँ मेरो अफिस कोठामा आउनुभयो। रामकृष्णले आफै टेबुलमा ताल बजाउँदै उहाँको गीत सुनाउँदा हाँस्दै भन्नुभयो– "राम्रो गाउँदो रैछ।" यो कुरोको मलाई आज पनि सम्झना आइरहन्छ।

प्राइभेट रेकर्डिङ् स्टुडियो अरू नभएको हुँदा प्राय: म्युजिक नेपालको स्टुडियो खाली हुँदैन थियो। हुन त त्यसबेला म्युजिक नेपालले नै कलाकारलाई दिएका एल्बमका गीतहरूको रेकर्डिङ् हुन्थ्यो र फाटफूट प्राइभेट गीत र जिङ्गलहरू रेकर्ड हुन्थे। र, स्टुडियोमा रेकर्डिङ् गरिने सामग्रीहरूको म साधारणतया सुपरभिजन गर्दथँ।

गीतहरूको एरेन्ज सबै नोर्वू छिरिङजीले गर्नुहुन्थ्यो। त्यसबेला राम्रा मानिने वाद्यवादकहरूमध्येकै सबै जसो त्यहाँ कार्यरत थिए। त्यसबेला त्यहाँ रेकर्डिङ् भएका प्राय: सबै गीतहरू स्तरीय नै मानिन्थे। यसरी नै बितिराथ्यो मेरो दिनचर्या म्युजिक नेपालमा। यसबीच मैले पनि एउटा लोकगीत, एउटा दोहोरी र एउटा आधुनिक गीतको एल्बम प्रकाशन गर्ने मौका पाएँ। तर बीचमा प्रदीपसरले म्युजिक नेपाल छोड्नु भएको थियो। रेकर्डिङ्मा परशुराम चौधरीजी आउनु भएको थियो। यसपछि म्युजिक नेपालले आफ्नै स्टुडियो भवन अनामनगरमा बनाई त्यहाँ सरेपछि हाफ इन्च स्पूल रेकर्डिङ् मेसिन आएको थियो र त्यसको सञ्चालन विधि सिकाउन बम्बैबाट चित्तेसर आउनु भएको थियो र मैले पनि त्यो बेला रेकर्डिङ् गर्न सिके र केही समयसम्म रेकर्डिङ् कार्य पनि आफैंले गरें तर प्रशासनिक तथा अन्य कामको कारणले त्यसलाई निरन्तरता दिन सकिएन। यसैबीच भारत बम्बईबाट घोषालजी आएपछि रेकर्डिङ् कार्य गर्न छोडी अरु प्रशासनिक स्टुडियो, गीत, सङ्गीत तथा अन्य कार्यहरूमा संलग्न रहँदै आएँ। म्युजिक नेपालमा कार्य गर्दा मुख्यत: गायक-गायिका, गीतकार, सङ्गीतकार तथा वाद्यवादकसँग नै बढी सम्पर्कमा रहने काम गर्नु पर्दथ्यो। साथै सबैसँग गरिने करारलाई ध्यान पुऱ्याउनु पर्ने हुन्थ्यो। कुनै पनि प्राइभेट संस्थामा काम गर्नलाई त्यस संस्थाको प्रमुख व्यवस्थापनको

व्यवहार नै कुनै पनि काम गर्ने कर्मचारीको लागि मुख्य वातावरण र आधार हो भने कुनै पनि कर्मचारी लामो समयसम्म काम गरिरहन्छ भने त्यो त्यसको प्रमाण हो । म्युजिक नेपालले आयोजना गरेका प्रतियोगिता, वार्षिकोत्सव र अन्य कामहरूमा आफूले जानेसम्म र सकेसम्म प्रत्येकमा सहयोग गर्दै आएको छु । प्रशासनिक काममा पहिला कृष्ण सिवाकोटीले मलाई मद्दत गर्नु भएको थियो भने पछि आएर सुमन विष्टजीले खुवै सहयोग गर्नुभयो । यसरी नै दैनिक काममा लाग्दालाग्दै मेरो १७ वर्षको अवधि म्युजिक नेपालमा हाँस्दै रमाउँदै तथा नयाँ नयाँ गायक-गायिका, सङ्गीतकार, गीतकारसँग पनि सम्पर्क बढ्दै बित्यो । आगामी दिनमा कतिसम्म यसले निरन्तरता पाउने हो ? भन्न सकिँदैन । तर एउटा कुरो भन्न चाहन्छु मलाई म्युजिक नेपालले माया गरेको छ र म पनि सदा माया गर्नेछु, पक्का ... । ■



खालि सकारात्मक कुरा छन्

राष्ट्रकवि माधव घिमिरे

म्युजिक नेपालले फुटकर सङ्गीतमा राम्रो काम गर्दै आएको थियो, अपेराहरूलाई निकालेको थियो । एक दिन मदन दिपबिमले मेरो प्रसिद्ध शोककाव्य 'गौरी' लाई पनि सङ्गीतवद्ध गरेर निकाल्न पाए हुन्थ्यो भन्ने आसय प्रकट गरे । यो तीनचार वर्षअघिको कुरो हो । कसले सङ्गीत भर्ला र कस्तो सङ्गीत भर्ला भन्ने निधो नभएर मैले स्वीकृति दिएको थिइन । फेरि सन्तोष शर्माजीसँग भेट हुँदा उहाँले 'गौरी' मा जुन सङ्गीतकारबाट सङ्गीत हाल्न चाहनुहुन्छ, त्यसैलाई हाल्न लगाउनेछु भन्नुभयो । मैले यसका लागि सङ्गीतकार चन्द्रराज शर्माको नाम सिफारिस गरें ।

'अपेरा' मा यस्तो काव्यका लागि फुटकर सङ्गीत हालेर हुँदैन, समग्रतामा पनि जानुपर्छ। सबैभन्दा महत्त्वपूर्ण कुरो अपेराको पनि विकासको क्रम हुन्छ। कथानकले कस्तो माग गर्छ? सुरुदेखि अन्त्यसम्म क्रमशः उत्कर्षमा कसरी लैजाने र विभिन्न मोडहरू हुन्छन्, तिनलाई कसरी अघि बढाउने? यसमा ध्यान पुऱ्याउनुपर्छ। अपेराका निम्ति यो असजिलो कुरो हो। फेरि 'गौरी' को बिषय एउटै छ– शोकका प्रवाहहरू। एकपछि अर्को विषयक्रम त छ तर दोहोरिएको पनि छ। पहिले शोकको आहत पर्दा कस्तो हुन्छ? पछि शान्त हुँदै जाँदा कस्तो हुन्छ? तीव्रताबाट साम्य हुँदै गएर त्यसका आवेगहरूमा स्थिरता आउँदाको अवस्थाहरू छन्। यसमा एउटा नायिका छे तर विविधता छ। यसको कथाक्रमभन्दा पनि प्रवाह मुख्य हो। पहिले आउँदा पहाडी नदी छड्छडाएर आउँछ, पछि शान्तरूपमा बग्छ। तर वेग खतम हुँदैन खालि शान्त हुन्छ। गौरी यस्तै हो। १५/१६ खण्डहरू छन्। ती प्रत्येक खण्डहरूमा पनि पृथक सङ्गीत हुनसक्नु पऱ्यो। त्यसैले यसमा, भव्य सङ्गीतको रचना आवश्यकता थियो। यस्तो आवश्यकतालाई जो कोहीले पूर्ति गर्न मुस्किल पर्छ। जोसँग सङ्गीतको खजाना छैन, त्यसतालाई यस्तो सङ्गीत गर्न कठिन हुन्छ। यसका लागि शास्त्रीय सङ्गीतका साथै आधुनिक सङ्गीतको ज्ञाता हुनु पनि आवश्यक पर्थ्यो। खजानासँगसँगै कल्पनाशक्ति पनि प्रवल हुनुपर्थ्यो। अर्को कुरो, यसमा सङ्गीत गर्ने मानिस स्वयं साहित्यकार या साहित्यको मर्म बुझ्ने साहित्यानुरागी हुनुपर्थ्यो। यसका निम्ति मैले चन्द्रराज शर्मालाई रोजें। उनले मेरो गीतिनाटक शकुन्तलामा बढो न्यायपूर्ण सङ्गीत गरेका थिए र उनीप्रतिको त्यो प्रभाव ममा थियो। त्यसैले मैले चन्द्रराजजीलाई छानें। उनले 'गौरी' मा भव्य सङ्गीत हालेका पनि छन्। साहित्यको मर्म पनि बुझेर सङ्गीत हालेका छन्। यस्तो कृतिमाथि सङ्गीत गराउने काम म्युजिक नेपालले मात्र सक्थ्यो।


यसले रामायण पनि क्यासेटमा भरेर निकाल्यो र अरू पनि यस्ता साहित्यिक र सांस्कृतिक महत्त्व भएका कृतिहरूलाई ध्वन्याङ्कन गरेर प्रकाशित गरेको छ। साहित्य, सङ्गीत र कलासंस्कृतिका उत्तम अङ्ग

हुन्। संस्कृतिको संरक्षण नगरे संस्कृति लोप हुनजान्छ। संस्कृति बिनाको साहित्य, कला, सङ्गीत रङविनाको फूलजस्तै हुन्छ। परम्पराबाट मानवीय मूल्यको संरक्षण संस्कृतिले नै गरेको हुन्छ। संस्कृतिको संरक्षणअन्तर्गत सङ्गीतको संरक्षण र सम्बर्द्धन राष्ट्रकै निम्ति आवश्यक छ। यो राष्ट्रले गर्नुपर्ने उत्तम उद्देश्य हो तर जनस्तरमा स्थापित यस संस्थाले त्यही उद्देश्यको परिपूर्ति गरेको छ। यो राष्ट्रका हरेक नागरिकहरूले गर्नुपर्ने कर्त्तव्य हो। यस्ता कुराहरूबाट उसलाई अर्थिक फाइदा नहुन सक्छ तर राष्ट्रको सम्पत्ति जुन अक्षेय हुन्छ– त्यसलाई संरक्षण गर्ने काम यसले गरिरहेछ। संसारबाट मानिसको हृदय हराएको बेला, त्यो पनि सारा कुरा कम्प्युटरीकृत भएको बेला यसको आवश्यकता त अझ प्रचुर मात्रामा छ। यो उत्तम कार्य म्युजिक नेपालले गरेको छ। यसबाट नाफा हुन पनि सक्छ, नहुन पनि सक्छ तर यसको चिन्ता नगरी सन्तोष शर्माले यो काम गरे। उनको म अत्यन्त प्रशंसा गर्दछु। यो भानुभक्तीय रामायण या गौरीको कुरामात्र होइन, सेतुराम, मेलवादेवी, मित्रसेनहरूको गीतलाई पनि पुनः रेकर्ड गरेर प्रकाशित गऱ्यो म्युजिक नेपालले। यो हाम्रो इतिहास हो, यस इतिहासलाई पनि उसले संरक्षित गरेका छ। अझ म त के भन्दछु भने लोकलयको समेत संरक्षण भएको छ। अर्को यसले ठूलो नाचको पनि रेकर्ड गरी अधिराज्यव्यापी प्रकाशित गरिरहेछ। आधुनिक सङ्गीतको बढी प्रचारले गर्दा लोकभाका हराउने सम्भावना थियो तर, म्युजिक नेपालले यसलाई संरक्षण र प्रचारप्रसार गऱ्यो। म के आशा गर्छु भने– सुदूरपश्चिमतिर लामालामा लोककाव्यहरू र लोकलयहरू छन्, ती पनि लोप हुने स्थितिमा छन्। तिनलाई पनि म्युजिक नेपालले खोजेर संरक्षण गर्न सकेमा अत्यन्त उत्तम कार्य हुनेछ भन्ने मलाई लाग्दछ।

गौरी रेकर्डिङ्को सिलसिलामा म म्युजिक नेपाल धेरैचोटि गएँ। नकारात्मक केही पाइन् सबै सकारात्मक छन्। किनभने नेपालमा त्यस किसिमको भव्य स्टुडियो देख्ता नै मलाई आनन्द लाग्यो। यसले गरेका गुणस्तरीय उत्पादन पनि प्रशंसनीय छ। सङ्गीत विकासका सन्दर्भमा जुन अपेक्षा गरिन्थ्यो, त्यो पनि यसले पूर्ति गरिरहेछ। र, सङ्गीत

उत्पादनको क्षेत्रमा हामी आत्मनिर्भर भयौं भन्ने कुरामा म्युजिक नेपालबाट म आश्वस्त भएँ। यसले मदन दिपविमजस्ता सङ्गीत बुझेका मानिस राख्नु पनि राम्रो कार्य हो। यसबाहेक म्युजिक नेपालका सन्तोष शर्मा अहङ्कारशून्य, मिलनसार र सहयोगी हुनुले पनि यसलाई थप उकासेको छ। उनले हामीहरूको सम्मान नै गरेका छन्, व्यवहार राम्रो छ, व्यवस्थापन पनि राम्रो र यसको स्तरीयता पनि मलाई राम्रो लाग्यो। यसका साथै सङ्गीतका लागि उत्तम गीत लेख्ने गीतकारसँग सम्पर्क राखेर, सङ्गीतकारहरूलाई पनि खोजेर गरेको यस्तो उत्पादन राम्रो छ। गौरी रेकर्डिङ्का लागि नै मसँग बारम्बार सम्पर्क राख्नु पनि त उत्तम रचनाको खोजी हो। कसैले यस्ता कामका लागि साहित्यकारसँग स्वयं प्रयास गर्ला र ?

अर्को कुरो एउटा संस्थाको मानसिले रोयल्टी पचाउने काम नै गर्छ तर म्युजिक नेपालले त्यसो नगरी रोयल्टी र कलाकारहरूको अधिकारका निम्ति प्रतिलिपिअधिकार कानुन तर्जुमामा लागिपर्ने र रोयल्टी व्यवस्थित ढङ्गले स्रष्टाहरूलाई दिने काम गरेको छ, यो काम सारै प्रशंसनीय छ। यसको उदाहरण म आफैं हुँ। गएको दसैंमा रोयल्टीबापत् भनेर २५ सय रुपियाँ पठाइदिएका थिए। मेरा गीतहरू अन्त पनि सयौं ठाउँमा बजेका छन्, बारम्बार बजेका छन्, प्रकाशित भएका छन् तर तिनको कुनै खबर छैन। तर म्युजिक नेपालले मलाई २५ सय रुपियाँ पठाइदियो। यो माथिका कुराका ज्वलन्त उदाहरण होइन त ? त्यसैले मेरो म्युजिक नेपालप्रति कुनै नकारात्मक भावना छैन। हामी बूढा मान्छेहरूको काम पनि यस्ता व्यक्ति र संस्थाहरूलाई प्रोत्साहित गर्नु नै हो। राम्रो गरेकालाई राम्रो गऱ्यो भन्दा अझ राम्रो गर्छ। ■



सङ्गीत र सिद्धि

दाहाल यज्ञनिधि

"सङ्गीत भावको सम्मिश्रणबाट जन्मिएको उच्चतम दर्शन नै साहित्य हो।"

- बी.पी. कोइराला

नेपाली जातिको इतिहास लेखिने दिन पर्खदै छु। जुन दिन नृतत्वको आधारमा यस भूप्रदेशको फँडनीदेखिको सामाजिक इतिहास लेखिनेछ त्यस दिनलाई यो लेख पनि एक सिन्को बन्नेछ। सिन्कोले 'ठहर' गाँस्न काम दिन्छ। मैले सिद्धि शब्द छानेँ। सिद्धि हासिल गरेको सङ्गीत र बीचैमा मरेको सङ्गीतमा सीमा छुट्टचाइने दिन आए। आए, किनभने अबौद्धिक

मन बोकेका मान्छेसँगसँगै बौद्धिकता बोकेका मान्छेको बजार पनि धमाधम लाग्दै छ अचेल हाम्रो जातिको उपस्थितिमा । अब ती दिन गए जुन दिन मास्टर रत्नदास अछूत भनेर कुटिएथे । ती दिन पनि गए जुन दिन रामशरण दर्नाल भनेका कर्नाल बजाउनेका सन्तान हुनाले बाहुन कुलपति भएका संस्थामा दमाईं प्राज्ञ बनाइनु हुँदैन भन्ने तर्क स्वयम् बाहुन कुलपतिले गरेथे । आज सुन्दास पुत्री र लामा पुत्रको बेनीबजारबाट 'शुभानी सङ्गीत' बग्न थाल्यो । सङ्गत नगरेका पाठक र धारणादृष्टि नभएका श्रोतालाई यो विश्लेषण गर्न नआउला । गायिका कुन्ती सुन्दासको सङ्गीतकार शिलाबहादुर मोक्तानसँग घरजम हुनु भनेको हाम्रो भूप्रदेशका जातीय सत्ताको ढुँडीमाथिको उपल्लो व्यङ्ग्य भैकन असल मानवीय संसारको आवादी हो । बुद्ध धर्मको ब्राह्मण लामा घरानका सन्तति हुन् शिलाबहादुर भने हिन्दू जारशाखाका घटिया घैमलमा पुरेर मर्नु न बाँच्नुको स्थितिमा पुऱ्याइएको सामवेदी दर्जालाई दमाई भनेर अमानवीय भौडीमा खँदारिएको खाँदकी चरी हुन् कुन्ती । यी दुईको घरजम यहाँ प्रतिनिधि उदाहरणमा खिचेको हुँ । बदलिँदो संस्कृतिले बिस्तारबिस्तार घाम फैलाउँदै छ । मलाई परम आशा छ अब यथास्थितिको अन्धमुष्टि रातहरू बिलाउनेछन् र घाम लागेको घमाइलो समाजको आयुष्य र वर्चस्व आरोग्य भवनतर्फ लम्कनेछ । घमाइलो समाज बनाउनमा सङ्गीत माध्यम बनिरहेको छ । यता विश्वबजारको विज्ञानमय चेतनाले पनि यसलाई होस्टेहैंसे गरिरहेको छ ।

हाम्रो नेपाली जातिको बनोटमा सङ्गीतको छनौट गरौं । राजनीतिको एकीकरणपहिले नै लेख्यसमेतको भाषामा खस भाषाले र कथ्य अनि गायनको भाषामा सङ्गीतले भाषिक अधिराज्य कायम गरेको थियो । मेरो निक्यौंल रुढीग्रस्त सङ्गत-सत्सङ्गतका नामको मानवताविहीन पूजापाठे सङ्गीत र बदलिँदो समाजको आत्मा बनेको सङ्गीतका बीचमा रेखा कोर्नु छ भन्ने हो ।

दुर्गा भण्डारीले अधिक प्रयोग गर्ने शब्द 'स्वाँठ' को सहायतामा म यस मामलोमा निख्खरासँग भन्छु । नेपालको भावात्मक एकीकरणमा लोकसङ्गीतको अध्यात्मले ढण्डासोको काम गरेको छ । नेपाली खस

भाषा-साहित्यको इतिहास लेख्नेले लोकसङ्गीतको अघिल्लो अध्याय कोट्याएकै छैनन् ।

लेख्य, लेखोट, कपोट, लिखत, लिखितम् यी शब्दका पछि लागेको पठितहरूको धारणाले दपेट्यो अचेल । यसमा मानवनिर्मित संस्थामध्ये आदलती संस्था समेत तयार भएपछि दसी-प्रमाण प्रकरणले मात्र मुद्दा जित्ने दिन आए । यसको घँचेटाइमा श्रुतिकला पऱ्यो । मानवनिर्मितिबाटै मानविकीकला बनेर परापूर्वकालदेखि श्रुतिकला जन्मिएथे । श्रुतिशास्त्रबाट मौलाएका स्मृतिशास्त्र र दर्शन अनि पुराणशास्त्रहरू हाम्रो सामुन्ने अहिलेसम्म छन् । अक्षरका माध्यमले आर्जन गर्नुपर्ने ज्ञानका संस्था खडा भएपछि निरक्षर रहँदैका श्रुतिसाहित्यका सौविध्यहरू बिर्सन थाले पठितहरूले । पढेका हौं भन्नेले नपढेकाले कण्ठाग्र राखेका साहित्यलाई महत्त्व नै नदिएका कारण श्रवणसाहित्यको भाउ घटेको देखिएथ्यो । तर जबजब वितेजाहरू मटक मारीमारी मनोरञ्जन लिन्थे त्यस समयमा चाहिँ श्रुति-साहित्य मात्र काममा आइरह्यो । कोठीमा, सङ्ग्राममा, घाटमा, मण्डपमा, मन्दिरमा, राज्याभिषेकमा, श्रुतिसङ्गीतलाई काममा ल्यारहन्थ्यो, बाग्डोर हत्याउने वर्गले । मानवसभ्यताका व्यापक फाँटबाट साँघुरो घेरामा सङ्गीतलाई खुर्मुऱ्याए जोदाहा र जिताहा दरबारियाहरूले । जब दरबारियाका चौघेरामा सङ्गीतलाई थुनछेक गरियो लोकसङ्गीतको पटाङ्गिनीका आठै दिशाबाट भेटिने क्षितिजहरू चाउरिन कर लाग्यो । चाउरिएको सङ्गीतले शास्त्रीयताको आड भरोसा लिनुपऱ्यो । करोडौं वर्षदेखिका मानवपुर्खाका सन्ततिका यात्रामा सङ्गीतले शास्त्रीयतावादको ढिँगुरामा पनि नलीखुट्टा ठिँगुऱ्याउनुपऱ्यो । त्यति भए पनि सबै पठित हुन नसक्नु र आदिम जीवनका सङ्ला मुहानमा मानवआत्मा गाँसिइरहनुले परापूर्वपीठिकाका गुञ्जनहरू पनि एकातर्फ नछोडीनछोडी आइरह्यो । यो लिपिविहीन गुञ्जनलाई तरबारको धार नै सर्वस्व ठान्ने र तिनका भरौटेले अरौटे मात्र बनाएनन् अश्लील र अभागी पनि बनाए । यता उच्च सङ्गीतको दर्जा विजेताले मन पराएका श्रव्य मात्र भए जो लेखेर गायनमा ल्याइए । उता नीचा सङ्गीतका दर्जा पाए लोकलहरीहरूले । कुसङ्गति जमातले यसरी सच्चा सङ्गीतको हुर्मत लिए । लोकमाधुर्यलाई कामुक शक्तिमत्तहरूको

अश्लील ओछ्यान बनाएको उपद्रो समय बित्यो। त्यसै कलाविहीन अपराधी समूहमध्येको घाले बोक्सोको एक बोक्सो समूहले हामी नेपाली जातिको पवित्र उद्गायनलाई आजसम्म मारेकोमारेकै छ। हाम्रो सङ्गीत-सरोवरमा असली माछा खेल्न दिइएको छैन। अलिअलि राम्रा माछा खेल्न लागे भने यहाँको अश्लीलवर्गले कि त उसको खाद्य भनेर तारेको माछा मीठो भनीभनी खान्छ कि त उसैको सिसाको सोकेसमा मनोरञ्जन निम्ति भित्र्याउँछ। २००७ सालदेखिको रेडियोलाई माध्यम बनाइएका लिखित गीत हुन् या प्राचीन समयदेखिका कथ्य, गेय, उच्चार्य र आस्वाद्य अलिखित गीत हुन् सबैजसोमा नेपालको अश्लीलवर्गले जुठेजुठो बनाएको छ। मित्रसेनका गीत सुनेर पारख गर्ने एउटा दरबारिया छैन। उल्टै दरबारियाले गीत-सङ्गीतको संसार खर्लप्पै ढाकेको देखिन्छ यहाँ। यत्रो गरिबीको चपेटामा चेप्पिएर मरणासन्न मूर्च्छामा रहेको जातिलाई सुनाउन सुनका पेच कस्नेका प्रलाप प्रसार गरिन्छ यहाँ। पौने शताब्दीको स्वतन्त्रता सङ्ग्राम चालू हुँदा सखाप जीवन र शहादत प्राप्त राष्ट्रवादीबारे रचिएका गीत प्रतिबन्धित गराइन्छ यहाँ। यसले गर्दा नारायणगोपाल हुन् कि गोपाल योञ्जन हुन् अरुणा लामा हुन् कि कुमार सुब्बा हुन् जेजति प्रत्युत्पन्न मतिका कलाकार छन् तीभन्दा माथि जङ्गमहरू राखिन्छन् र सङ्गीतको वीणालाई बलात्कार गरिन्छ। मास्टर रत्नदास प्राज्ञ भनिएनन् तर एउटा भिलेन प्राज्ञ भनियो। दरबारियाको नातेदार भएर। अरु तस्करी पारङ्गत भएमा ऊभन्दा ठूलो विशारद कोही हुन्न यस देशमा। सङ्गीतको सम्वेदनामाथि जहिलेसम्म सैतानहरूको चकचकी हाबी हुन्छ तैलेसम्म हामीले सङ्गीतमा सिद्धि पाउँला भन्ने नसोचे हुन्छ। अन्य मुलुकमा पनि शासक छन् तिनले सङ्गीतलाई आफ्नोभन्दा माथिल्लो उचाइको आसनमा राखेर गोडा धोएका छन्। हाम्रो देशका कंशका अंशले सङ्गीतलाई अश्लीलताको ओछ्यान बनाएका छन् र सधैं फोहोर कटकटिएका खोल बनाएकाले हाम्रा धेरै गायक-गायिका गन्हाएका छन्। गन्हाएका गायिकिका माध्यमबाट सङ्गीतमा सिद्धि मिल्दैन। यस कोणबाट नेपाली सङ्गीत विश्लेषण गरिनुपर्दछ। 'कोकलेका अगाडि भ्यागुताको टर्टर' उखान बोल्थे पुर्खाहरू। आज


सङ्गीतको सन्दर्भमा यो अर्थ लागेको छ। हाम्री लता र हेमलता भन्ने सीमा पारकालाई सीमापारिबाटै बरु हाम्री अरुणा र शान्ति ठटाल भन्नेसम्मको सामर्थ्य त हासिल गरे। किनभने त्यहाँ दरबारियाको आत्माविहीन वाक्यलाई गीत भन्नुपर्दैन तर यहाँ खोस्मेरामाथि साधना सुम्पिएकाले कुनै सङ्गीतकार सीमापार जान सकेनन्।

"सारङ्गीको च्याइँ-च्याइँले एउटा मीठो बिन्ती गऱ्यो" यो वाक्य हाम्रो लोकसाहित्यमा छ। हामी मुनष्यको गरिमा र स्वतन्त्रताको पक्षधर हुनुपर्छ भन्ने लाग्छ भने धार्मिक कठमुल्लाहका पछि लागेको सङ्गीत छोडौँ। धार्मिक कठमुल्लाह र राजनीति गर्नेहरू जीवनविरोधी हुनुका कारण प्रभावशाली मानिएका हुन् भन्ने नबिसौँ। जीवनविरोधीका पछि लागेको सङ्गीत होइन। त्यो प्रलाप मात्र हो। प्रलाप र सङ्गीतमा फरक छ। तसर्थ प्रलापको पक्ष छोडौँ र सङ्गीतको पक्ष रोजौँ।" जर्ज वर्नाडशाको यो भनाइ यहाँ काम लाग्नेछ। उनी भन्छन्- "अवसर पाउनेले पढ्न लेख्न त जान्दछन् तर के पढ्ने र के लेख्ने भन्ने थाहा पाउन्नन्"। सिद्धि हासिल गरेको सङ्गीतमा पुग्नु छ भने कुन प्रलाप हो र कुन सङ्गीत हो छुट्टचाऊँ।

"मानव जीवन वीणाको त्यो तार हो
जहाँ ज्ञान र अनुभूति स्पन्दित भएपछि
सङ्गीतका अनन्त राग निस्कन्छन्।"

–त्रिपिटक

■



परम्परा बनाउने संस्था

रत्नशमशेर थापा

म्युजिक नेपालले आफ्नो स्थापनाको दुई दशक आरम्भ गर्दैछ भन्ने चिट्ठी पाउँदा मलाई खुसीका साथै आश्चर्य लाग्यो, समयले कति छिटो यति लामो फड्को मारिसकेछ। झन्डै दुई दशकअघि प्रसिद्ध गीतकार मित्र माधव खनाल 'भावुक' मार्फत् म्युजिक नेपालका प्रवन्ध-सञ्चालक सन्तोष शर्मासँग मेरा पुराना गीतहरूको अल्बम निकाल्ने सिलसिलामा षहिलोचोटि धोबीधारास्थित 'भावुक'जीकै घर रहेको म्युजिक नेपालको कार्यालयमा भेट भएको थियो। पहिलो भेटमै म सन्तोष शर्माको भलादमीपन, बोलाई, कुरा गराइ, म्युजिक नेपालको उद्देश्य बारेको गहिरो सोचाइ आदिबाट प्रभावित भएको थिएँ। नेपाली भाषा-साहित्य, गीत-

सङ्गीत आदिको सम्बर्द्धन र प्रवर्द्धनका लागि ज्यूज्यान अर्पेर लागिपर्ने दृढ सङ्कल्प लिएर अघि बढ्ने अठोट त्यही बेलामै सन्तोष शर्माले व्यक्त गरेका थिए। सन्तोष शर्माको यस अठोटले अवश्य मूर्तरूप लिनेछ र नेपाली भाषा, साहित्य, गीत-सङ्गीतले देश-विदेशमा छिट्टै आफ्नो आभा फौलाउने छ भन्ने विश्वास मभित्र जागिसकेको थियो। म्युजिक नेपालमा दुईचार पटक आउने-जाने गर्दा अरु सञ्चालक बोर्डका सदस्यहरू लगायत त्यस संस्थामा कार्यरत धेरै व्यक्तित्वहरूलाई चिन्ने औसर पनि पाएँ र प्रायः सबै जसोमा मैले नेपाली गीत-सङ्गीतको विकासमा दत्तचित्त भई लाग्ने निःस्वार्थ भावनाको साथै दरिलो चाहना पाएँ।

आफू एउटा साहित्यकार भएकोले म्युजिक नेपालको सुरुआतको काल भएको र भर्खरभर्खर स्थापित हुनलागेको संस्थालाई सहयोग गर्नुपर्छ भन्ने सोच लिएर मैले १६ वटा आफ्ना लोकप्रिय गीतहरूको सङ्गालो यसलाई सुम्पिदिएँ। म्युजिक नेपालले विभिन्न ख्यातिप्राप्त गायक-गायिकाहरूद्वारा गाइएका मेरा ती गीतहरू समेटेर 'अतीतका सम्झना' एल्बम निकाल्यो। यो एल्बम निस्केको केही वर्षपछि सन्तोष शर्माले मसँग मेरा केही नयाँ गीतहरू सुप्रसिद्ध सङ्गीतकार अम्बर गुरुङजीको एकल सङ्गीतमा विभिन्न गायकगायिकाहरूलाई गाउन लगाई दोस्रो एल्बम निकाल्ने प्रस्ताव राखे। त्यसबेलासम्म म्युजिक नेपालले त्यति राम्रो प्रगति गरिसकेको थिएन। अनेकौं समस्याहरूसँग जुध्न परेकोले पनि हुनसक्छ। बाहिरबाट हेर्दा गीत-सङ्गीतको क्षेत्र सरल, सुमधुर र खास समस्या नभको देखिए पनि भित्र-भित्र चाल नपाउने गरी यस क्षेत्रमा उत्पन्न हुने समस्याहरू अक्सर जटिल नै हुने गर्छन्। आफ्नो श्रम, सीप, बुद्धि, विवेकले जस्तासुकै अप्ठ्यारा समस्याहरूलाई समाधान गर्ने क्षमता भएका सन्तोष शर्माको खुबीको प्रशंसा गर्नैपर्ने देख्छु म किनभने आफूले उच्च शिक्षा हासिल गरेको विषयमा गरिरहेको त्रि.वि.को प्राध्यापन पेसा छोडेर बिलकुलै नयाँ सङ्गीत र गीतको क्षेत्रलाई शिखरमा पुऱ्याउन उनी कम्मर कसेर लागे। म्युजिक नेपालले के काम गर्न सक्ला भनी नाक खुम्च्याउने आलोचकहरूलाई कामैले नाजवाफ बनाउन आफूलाई राम्रो दख्खल नभएको फाँटमा पनि दिनरातको मेहनत, कुशल प्रशासन, कलाकारहरूसँगको

आत्मीय व्यवहारले सक्षम भए र यिनै खुशीका कारण उनले आज म्युजिक नेपाललाई शिखरमा पुऱ्याएका छन् ।

डेढ दशकअघि मेरो दोस्रो एल्बम म्युजिक नेपालले निकाल्नेबारे कुरा चल्दा मैले भनेथें- "यसको लागि निकै खर्च लाग्ने फेरि बिक्री पनि हुने सम्भावना कम भएको अवस्था म्युजिक नेपाल भर्खर भर्खर फस्टाउन लागेको बेलामा यति जोखिमपूर्ण काम तपाई किन गर्न चाहनुहुन्छ । किनभने अम्बरजीको सङ्गीत र मेरा गीतहरूले चाहेजस्तो व्यापार गर्न मुस्किल पर्नसक्छ" उनले दिएको जवाफले म केही क्षण अवाक् नै भएको थिएँ । त्यसबेला उनले भनेका कुरा आजसम्म मेरा कानमा गुन्जिरहेका छन् । उनले मलाई भनेका थिए- "अम्बर दाइको सङ्गीत र तपाईंको गीत भएको एल्बम निकाल्न कुनै अरु संस्थाले हिम्मत गर्दैन साथै चासो पनि लिँदैन । त्यसैले अम्बर दाइ र तपाईंजस्ताको आधुनिक गीतको एल्बम हामी निकाल्छौं, यो एउटा स्तरीय एल्बम निकालेर ती श्रोताहरू जो राम्रा र गहकिला सङ्गीत र गीत सुन्न रुचाउँछन् उनीहरू समक्ष यो एल्बम प्रस्तुत गर्न चाहन्छु । यस एल्बमलाई म म्युजिक नेपालको ऐतिहासिक कार्यको रूपमा लिन्छु । यस एल्बमबाट मुनाफा कमाउन नसके पनि म त्यसप्रति चिन्ता लिन्न, मुनाफा त हामी लोकगीतका चक्काहरू बिक्री गरेर पनि कमाउन सक्छौं । म्युजिक नेपालले आधुनिक गीत सङ्गीतमा ठोस काम के गऱ्यो त भन्ने चर्चा कुनै बेला चल्दा हामी अम्बर दाइको सङ्गीत र तपाईको गीत ख्यातिप्राप्त गायक-गायिकाहरूद्वारा गाइएको यही एल्बम देखाउँछौं र गर्व गर्छौं ।" सन्तोष शर्माका यी कुराहरू सुन्दा मलाई यो व्यक्ति साँच्चि नै नेपाली गीत-सङ्गीतको उत्थानका लागि मरिमेट्ने दूरदर्शी व्यक्तित्व हो भन्ने लागेको थियो । उनको विचार, कार्यशैली देखेर मैले अम्बरजीलाई पनि सन्तोष शर्मासँग भेट गराएँ । त्यसपछि हामी तीनजना बसी छलफल गरी सहमतिमा १० वटा गीत भएको 'दोभान' नामको एल्बम म्युजिक नेपालद्वारा उत्पादन भएको हो ।

म्युजिक नेपाल स्थापित भएको समयदेखि हालसम्म यसले साहित्य र संस्कृतिको क्षेत्रमा पुऱ्याएको सेवा-योगदान सम्बन्धमा लेख्ने हो भने केही

पृष्ठको लेखले मात्र पुग्दैन एउटा सिङ्गो मोटो किताब नै लेख्नुपर्ने हुन्छ । आदिकवि भानुभक्तको रामायणदेखि नेपाली मूर्धन्य कविहरूका अमर कृतिहरू रेकर्ड गरी चक्का निकालेर देश विदेशमा नेपाली साहित्य, सङ्गीत, संस्कृतिको मिठास, सुवास र प्रकाश फैलाउनमा म्युजिक नेपालले गरेको अथक प्रयासको प्रत्येक नेपालीले हृदयदेखि नै सराहना गर्नुपर्ने देखिन्छ । वाद्यवादकहरूको जीवनस्तर बढाउनेदेखि कलाकारहरूलाई रोयल्टी दिने आदिको राम्रो परम्परा म्युजिक नेपालले नै सुरु गरेको हो भन्दा अत्युक्ति हुनेछैन । यस्तै नवप्रतिभाहरूलाई प्रोत्साहन, पुरानाहरूलाई सम्मान, नेपाली साहित्य र संस्कृतिको महत्त्वपूर्ण कृतिहरूको सम्बर्द्धन र प्रवर्द्धनजस्ता कार्यहरूबाट यस संस्थाले पुऱ्याएको योगदान अविस्मरणीय छ ।

काठमाडौँमा मात्र सीमित नरहेर यसले आफ्नो वार्षिक उत्सव काठमाडौ बाहिर पनि मनाउने प्रथा चलाइसकेको छ । त्यस अवसरमा पुरस्कार वितरण गर्ने, म्युजिक नेपालले गरेका विभिन्न खालका कार्यको विवरण पेस गर्ने, मनोरञ्जनका लागि गीत-नृत्यको पनि व्यवस्था गरी आफ्नो कर्तव्य पूरा गर्ने गरेको तथ्य म्युजिक नेपालको गतिविधिप्रति चाख राख्ने देशी-विदेशी, स्ववासी-प्रवासी सबैलाई विदितै भएको देखिन्छ । व्यापारिक दृष्टिकोण राखी खोलिएको संस्थाले पैसा कमाउनतर्फ मात्र ध्यान केन्द्रित नगरी राष्ट्रको अमूल्य निधिको संरक्षण गर्न निःस्वार्थ भावना लिएर निरन्तर लागि रहनु; नेपाली साहित्य, सङ्गीत, संस्कृतिसँग सम्बन्धित नृत्य आदिको अनुसन्धान, अन्वेषण गरी भिडियो क्यासेट सीडी आदिमा सुरक्षित बनाई अन्तर्राष्ट्रिय क्षेत्रबाट प्रशंसा कमाई सिङ्गो राष्ट्रकै सेवामा समर्पित हुने यस संस्थाको क्रियाकलाप स्तुत्य छ । यस संस्थासँग संलग्न रही यस संस्थालाई अझ प्रभावशाली र समृद्ध बनाई राष्ट्रको गरिमा बढाउन तनमन लगाई यस संस्थाको भावना र चाहना बुझेर सहयोग पुऱ्याउने व्यक्तित्वहरूलाई म हृदयदेखि नै बधाई दिन चाहन्छु । ओझेलमा परेका र ओझेलमा पर्न लागेका कलाकारहरूको कृतिका खोजतलास गरी साहित्य, सङ्गीत, संस्कृतिप्रेमीहरूका समक्ष ल्याउन अझ बढी म्युजिक नेपाल सक्रिय हुन सकोस् । आफूमा केही कमजोरी छन्

भने तिनको समाधान गर्नमा हिचकिचाहट नआओस् किनभने कुनै पनि काम गर्दा कतै न कतै केही त्रुटि हुनजाने, केहीकेही छुट्ने भइहाल्छ । त्यसैले केही त्यस्तो छुटपुट देखिएमा म्युजिक नेपाल पाइनियर संस्था भएकोले बिना सङ्कोच सच्याउन अग्रसर रहोस् भन्ने यो मेरो सुझाव मात्र हो, उपदेश होइन ।

साहित्य, सङ्गीत संस्कृतिका क्षेत्रमा अरु बढी उत्साहित भई उल्लेखनीय अमूल्य काम गरी नयाँ आयाम थप्दै सही दिशामा पाइला चाल्दै इतिहासमा स्वर्णअक्षरले आफ्नो नाम लेखाउन सक्षम होस् म्युजिक नेपाल । फेरि पनि म्युजिक नेपालको प्रबन्ध-सञ्चालक सन्तोष शर्माले मसँग भनेको कुरा सम्झन्छु । यो करिब बीस वर्षअघिकै हो जुनबेला म्युजिक नेपाल भर्खरै मात्र खडा भएको थियो, उनीसँग उनकै अफिसमा भेट हुँदा उनले भनेका थिए- दाइ, चाहे कुनै काम त्यो नितान्त नयाँ र चुनौतीपूर्ण किसिमको किन नहोस् त्यसमा हात हालेपछि म त्यसलाई फत्ते गरेरै छोड्छु । सादा रूपमा स्थापना भएको म्युजिक नेपाललाई सन्तोष शर्माले आफ्नो बुद्धि, विवेक, असल चरित्र, मिलनसार स्वभावले देशभित्रका र देशबाहिरका अधिकांश कलाकारहरूको मनमा आफ्नो गहिरो प्रभाव छाड्न सफल भएका छन् । आज म्युजिक नेपाल खालि क्यासेटको उत्पादन गर्न मात्र होइन धेरै कुरा गर्न अग्रसर भएको देखिन्छ । जस्तो, लोकगीत लोकसङ्गीत, लोकसंस्कृति, चाडपर्व धार्मिक विधिले सम्पन्न हुने कार्यक्रम, ऐतिहासिक महत्त्वपूर्ण घटना आदिको अन्वेषण-सङ्कलन गरी क्यासेट, सीडी, भीसीडी आदिमा सङ्ग्रहित गरी भावी पुस्तालाई आफ्नो देशको साहित्य-सङ्गीत, संस्कृतिसम्बन्धी ज्ञान हासिल गर्न धेरै सजिलो बनाइदिएको छ । यसले दुर्लभ हुँदै गएका कति अमूल्य चीजहरू कसैको सहयोगबिना आफ्नै वर्कतले बटुली सङ्ग्रहित गरेको छ । साथै म्युजिक पाठशाला खोल्ने तरखरमा छ । म्युजिक नेपालले आफ्नो रङ्गीचङ्गी नेपाली आकाशमा मात्र होइन, विभिन्न मुलुकको आकाशमा पनि विस्तारित गर्न सुरु गरिसकेको छ । यस्तो मूख्य श्रेय म सन्तोष शर्मा अनि उसका सहयोगीहरूलाई दिन्छु । सन्तोष शर्मा बहुमुखी प्रतिभा हुन् जस्तो लाग्छ मलाई । मेरो भनाइमा कति सत्यता

छ त्यो सन्तोष शर्मासँग सम्पर्कमा आउने व्यक्तित्वले मसुस गर्ने कुरो हो । मैले त सन्तोष शर्मालाई एउटा गुणी, सहृदयी चरित्रवानको रूपमा लिएर उनीबारे उनको कार्यशैलीको प्रशंसा गरेको हुँ र सत्य कुरो सधै सत्य नै हुन्छ भन्ने मेरो धारणा पनि छ ।

अन्त्यमा म्युजिक नेपाल साहित्य, सङ्गीत, संस्कृतिको फाँटमा अझ गहकिलो काम गर्दै जाओस् । यही मेरो हार्दिक शुभकामना ।

■



बधाई म्युजिक नेपाललाई

रमा शर्मा

राष्ट्रप्रेमी जोसुकैको पनि चाहना आफ्नो देश उन्नतिको शिखरमा लम्किरहोस् र आफ्नातर्फबाट पनि त्यसमा केही योगदान पुऱ्याउन सकियोस् भन्ने हुन्छ। म्युजिक नेपालको स्थापना पनि त्यही उद्देश्यले भएको देखिन्छ। नेपालमा साङ्गीतिक क्षेत्रको उत्थानका निमित्त यसको आफ्नै विशिष्ट स्थान छ। गीतकारहरूको रचनामा सङ्गीत भर्ने, तिनलाई क्यासेट तथा सी.डी., भी.सी.डी.हरूको उत्पादनद्वारा प्रचार गर्ने जस्ता कार्य गरेर म्युजिक नेपाल सङ्गीत जगत्का कलाकारहरूको अभिभावक बन्न पुगेको छ भन्ने म ठान्दछु।

म्युजिक नेपाल व्यवसायमूलक संस्था हो। बीस वर्षअगाडि २०३८

सालमा उद्योग विभागमा दर्ता भएको यो संस्था राष्ट्रको पहिलो निजी सङ्गीत उद्योग बन्न पुगेको छ । आरम्भमा रत्नरेकर्डिङ् संस्थानका लागि नेपाली गीति क्यासेट उत्पादन कार्यमा संलग्न म्युजिक नेपाल अब स्वतन्त्र रूपमा लगभग १५ सय एल्बम, पुगनपुग २ सय सी.डी. र केही भी.सी.डी. समेत उत्पादन गर्न सक्षम भइसकेको छ । आफ्ना क्षेत्रमा अग्रगामी रूपमा कार्यरत यसबाट आगामी दिनमा एल्बम, सी.डी., भी.सी.डी. हरूको सङ्ख्या द्रुतगतिमा बढ्दै जाने आशा गर्न सकिन्छ ।

आफ्नै भवनसमेत निर्माण गर्न र साङ्गीतिक जगत्का उच्चस्तरीय अत्याधुनिक उपकरणहरूसमेत जडान गर्न समर्थ भइसकेको म्युजिक नेपालको लक्ष्य एल्बमहरूको उत्पादनमात्र नभएर जनतामा स्तरीय सङ्गीत प्रदान गर्नु, अनियमित बजार हटाई प्रतिस्पर्धात्मक रूपमा अगाडि बढ्नु, देशको आर्थिक, सामाजिक, सांस्कृतिक परिवेशअनुसारका गीतसङ्गीतको सृजना गर्नु पनि रहेको देखिन्छ । विदेशी सङ्गीतको अतिक्रमणबाट बच्नु यसको अर्को महत्त्वपूर्ण पक्ष हो । यो पक्ष राष्ट्रिय स्वाभिमानको जगेर्नाका लागि अति नै संवेदनशील छ । आज देश हरेका कुरोमा विदेशी तत्वबाट अतिक्रमित भइरहेछ । लवाइखवाइ, शिक्षादीक्षा, भाषाभेष, आनीबानी सबमा विदेशी प्रभाव बढिरहेछ । आफ्नो पन नै मेटिन लागेको अहिलेको वातावरणमा हामीले हाम्रो गीतसङ्गीतबाट जनता (श्रोता) को मन जित्न सकेनौं भने, जतातै विदेशी गीतहरू घन्किन थाले भने राष्ट्रिय अस्मितामा नै आँच नआउला भन्न सकिँदैन । हिजोआज बस, ट्याक्सी आदि यातायातका साधनहरूमा नेपाली गीतहरू गुन्जिरहेको सुन्न पाइन्छ । यो सुखद पक्ष हो । म्युजिक नेपालले लोकगीत तथा अन्य नेपाली सुन्दर, शिष्ट गीतहरूलाई आकर्षक सङ्गीतयुक्त तुल्याएर सी.डी.हरूको माध्यमद्वारा व्यापक बजार लिन सक्नुपर्दछ । यसो भएमा हाम्रो सङ्गीत-संस्कृति विदेशी अतिक्रमणबाट बच्नेछ ।

नाम अनुसार 'म्युजिक नेपाल' साङ्गीतिक संस्था भए पनि नेपाली साहित्यका क्षेत्रमा पनि यसले अभूतपूर्व काम गरेको छ । भानुभक्तको रामायण नेपाली साहित्यमा मात्र होइन नेपाली मुटुमुटुमा भिजेको कृति हो । आज भन्दा एक सय १७ वर्षअगाडि सम्पूर्ण रूपमा प्रकाशित यो

कृति त्यस जमानामा हातहातै बिक्ने पुस्तक बन्न पुग्यो । त्यतिबेलाको नेपाली समाजमा खडेरीको वर्षा हुन गएको यो कृति अनेकौं प्रकाशनद्वारा अनेकौं पटक छापियो र पछिपछि पनि छापिँदै गयो र केही वर्ष अगाडि स्वर्गीय श्री ५ वीरेन्द्रको गद्दी आरोहण रजत महोत्सवका उपलक्ष्यमा राजदरबारबाट पनि प्रकाशित भयो । भानुभक्तलाई भाषिक एकताको प्रतीक गराउने यही कृति थियो । यसै कृतिले उनलाई 'आदिकवि' र 'राष्ट्रिय विभूति' बनायो । यस्तो ऐतिहासिक अमूल्य कृतिको स्वराङ्कन गर्नेतर्फ कसैको दृष्टि परेको थिएन । पाठ्य सामग्रीका रूपमा मात्र रहेको भानुभक्तको रामायणलाई श्रव्य सामग्री बनाउने साहसिलो कार्य म्युजिक नेपालले गऱ्यो । यस कर्मलाई साहसिलो किन भनिएको हो भने १३१८ श्लोक सङ्ख्या भएको भानुभक्तको सातकाण्ड रामायण समग्रलाई श्रव्य सामग्री बनाउन कम खर्चले भ्याउने कुरो होइन । तर म्युजिक नेपालका प्रबन्ध-सञ्चालक सन्तोष शर्माले आट्नुभयो । कार्यालयभित्र र बाहिरका सहयोगीको साथ पाएर उहाँले यो काम फत्ते गर्नुभयो । सातकाण्ड रामायण एघारवटा क्यासेटमा भरियो । भानुभक्तीय रामायण वाचनका लागि जनजिब्रोले रुचाएका परम्परागत 'भाका' (लय)हरू पनि यसमा सुरक्षित हुन पुगेका छन् । यो अति महत्त्वपूर्ण कार्य हो । श्रव्य-क्यासेटको प्रकाशनले पढ्न नसक्नेहरूलाई पनि भानुभक्तको रामायणको रसास्वादन गर्ने अवसर प्रदान गरेको छ, सभा-समारोहहरूमा भानुभक्तको रामायण घन्काउन सक्ने तुल्याइदिएको छ । यसरी भानु-साहित्य होस् वा नेपाली साहित्यको प्रचारप्रसारमा होस् म्युजिक नेपालको योगदान आविस्मरणीय रहन पुगेको छ ।

यसबाहेक म्युजिक नेपालले श्रीस्वस्थानी व्रतकथा, मुनामदन, कुञ्जिनी, कोमलगीतालाई क्यासेटका रूपमा प्रकाशनमा ल्याइसकेको छ । यी दुई धार्मिक कृतिहरूलाई क्यासेटमा सुरक्षित गराएपछि अब महाकवि लक्ष्मीप्रसाद देवकोटाका दुई खण्डाकाव्यका साथै राष्ट्रकवि माधव घिमिरेको अमर कृति 'गौरी' पनि क्यासेटका रूपमा म्युजिक नेपालले सुरक्षित तुल्याउने क्रमको अन्तिम चरण छोइसकेको छ । आशा गरौं- अरू पनि क्रमशः श्रव्य सामग्रीका रूपमा प्रस्तुत हुने नै छन् । अहिलेसम्म भइसकेका

महत्त्वपूर्ण कार्यका निमित्त म्युजिक नेपाललाई नेपाली साहित्य जगत्ले धन्यवाद दिनुपर्छ ।

अब यस संस्थाको नामका बारेमा सानो चर्चा गर्नु अर्घेल्याइँ नहोला कि ! 'म्युजिक' शब्द अङ्ग्रजी हो । यस संस्थाका विभिन्न उद्देश्यहरूमध्ये एउटा नेपाली गीत, सङ्गीत, भाषा-साहित्य, कला र संस्कृतिको उत्थान गर्नु पनि हो । क्यासेटका निमित्त उपयुक्त नेपाली शब्द नहोला । यस्तोमा अङ्ग्रेजी शब्द नै प्रयोग गर्नुपर्ला । तर 'म्युजिक' का लागि हाम्रो आफ्नै 'सङ्गीत' शब्द भएकाले संस्थाको नाम 'सङ्गीत नेपाल' रहनु देशको भाषानुकूल हुन्थ्यो कि !

अन्त्यमा, एक बीस आयु सार्थक रूपमा पार गरिसकेको म्युजिक नेपाललाई बधाई ज्ञापन गर्दै आफ्नो विशाल उद्देश्यमा यसलाई निरन्तर सफलता प्राप्त होस् भन्ने शुभकामना व्यक्त गर्दछु । अस्तु ।

■



एउटा बीउ, सयौँ बिरुवा

रामकृष्ण ढकाल

हेर्दाहेर्दै म्युजिक नेपालले आफ्नो यात्राको दुई दशक राजमार्ग नापिसकेछ। मेरो उमेर कलिलै थियो- अहिले फर्केर हेर्दा र सम्झँदा अचम्म पनि लाग्छ, त्यति सानैमा मलाई सङ्गीत र सङ्गीतसँग सम्बन्धित सङ्घसंस्थाका बारेमा प्रस्ट थाहा हुन्थ्यो। आज त गीत-सङ्गीत मेरो प्राण भएको छ। म गीत-सङ्गीतसँग सम्बन्धित व्यक्ति, ठाउँ र संस्थाका बारेमा अलि बढी जानकारी राख्ने कोसिस गर्छु। तर त्यतिखेर नै मलाई म्युजिक नेपालका बारेमा थाहा थियो। नारायणगोपालसँग मेरो प्रत्यक्ष भेट नै म्युजिक नेपालमा भएको थियो। मैले 'स्वरसम्राटलाई उहाँकै स्वरमा रहेको "म त लालीगुराँस भएछु" बोलको गीत टेबुल ठटाएर सुनाएको थिएँ। आज भए म स्टुडियोभित्र पसेर

हार्मोनियमको सुरसँगै 'मन पराउने हजार' सुनाइदिन्थें, 'ओराली लागेको हरिण' देखाइदिन्थें, 'हीरामा राखेर हीरा' काटिदिन्थें अनि देखाइदिन्थें 'हाम्रो सुन्दर संसार'। त्यतिखेर नारायणगोपालले पिठ्युमा हात राखेको र शिर मुसारेर मलाई आशीर्वाद दिएको क्षण सम्झ्दा खै कताकता एक प्रकारको खुसी र सन्तोषको आभास हुन्छ।

म्युजिक नेपाल निजी क्षेत्रबाट सङ्गीतको विकासमा लागिपरेको पहिलो संस्था हो। म्युजिक नेपालको स्थापना सङ्गीतको विकासका लागि कोशेढुङ्गा सावित भएको छ। गीत-सङ्गीतको प्रचार-प्रसार र कलाकारहरूको सम्मानका लागि म्युजिक नेपालले एउटा नयाँ तर असल बाटो रोज्यो– जुन बाटोमा आज थुप्रै सङ्घसंस्थाहरू सहयात्री भएका छन्। म्युजिक नेपालजस्तै धेरै म्युजिक नेपालहरू जन्माउने ताकत पनि म्युजिक नेपालसँग रहेछ र छ। यस यात्राले जुन रूपमा भए पनि नेपाली सङ्गीतको विकास र विस्तारमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ।

नेपाली साङ्गीतिक फाँटका स्वरसम्राट नारायणगोपालको स्वरलहरी 'गीतियात्रा' सार्वजनिक गरेर नारायणगोपालको स्वरलाई एल्बममा सुन्ने अवसर दिलाउनु सङ्गीत पारखीका लागि बरदान नै हो। उहाँपछि उच्चकोटिका नेपाली सङ्गीतसाधकहरूलाई एउटा मञ्च प्रदान गर्दै आएको छ- म्युजिक नेपालले। सर्पको खुट्टा सर्पले देख्छ भनेझैं सङ्गीतसाधना र तपस्याका अप्ठ्यारा, पीडा र सन्तुष्टि एउटा गायक हुनाका नाताले मैले राम्ररी बुझेको छु। मेरो जीवनको सङ्गीत अध्यायका प्रारम्भिक दिनहरूसँग म म्युजिक नेपाललाई सँगै राखेर हेर्न चाहन्छु। जतिखेर मेरो आफ्नो गीत थिएन। म अग्रज स्रष्टाहरूकै गीत गाउँथे, त्यतिखेर नै 'ढकाल सुमधुर साँझ' नामको एकल साङ्गीतिक साँझमा गीतहरू सुनाएको थिएँ। २०४५ असार २५ गते राष्ट्रिय सभागृहमा सम्पन्न सो कार्यक्रमलाई रेकर्ड गरेर म्युजिक नेपालले एल्बमको रूपमा बजारमा ल्यायो। मलाई लाग्छ यसले एउटा हलचल ल्यायो र मलाई पनि पहिलो पटक औपचारिक रूपमा सार्वजनिक गऱ्यो।

दिनहरू सुखद हुँदै आउँदा रहेछन्। सम्झँदा कति मीठो लाग्छ। त्यतिखेर म्युजिक नेपालले उसकै लगानीमा मेरो एउटा एल्बम निकाल्ने

प्रस्ताव राख्यो। गीतहरू सङ्कलन भए- सङ्गीत भरिए र एउटा गीत त रेकर्ड पनि भयो- 'हाम्रो सुन्दर संसार थियो हूरी आई उडाइदियो'। यो नै मेरो जीवनको पहिलो गीत हो।

त्यतिखेरको मेरो उमेर स्वर परिवर्तनको उमेर थियो। एल्बम रेकर्डिङ्मा केही ढिलाई भयो। पछि त्यही गीतहरू र अन्य केही गीतहरू समेत राखी गोपाल कर्माचार्य दाइको आशीर्वादको रूपमा म्युजिक नेपाललबाटै एल्बम निक्ल्यो। यसपछि मेरा एल्बमहरू आशिष, आशा र आरोह म्युजिक नेपालबाटै सार्वजनिक भएका छन्। सबै एल्बमको आ-आफ्नो ठाउँमा मूल्य छ तर आशाको मूल्य अरु उच्चकोटीको रहेको महसुस भएको छ। म्युजिक नेपालसँगको मेरो अर्को संयुक्त यात्रास्वरूप आश्रय नामको एल्बम अब छिट्टै बजारमा आउँदैछ। यसले पनि यात्राको उल्लेख्य स्थान पाउला भन्ने आशा राखेको छु।

माथिका कुराहरू मैले आफ्नै पृष्ठभूमिमा म्युजिक नेपाललाई राखेर व्यक्त गरेको हुँ। एउटा गायक र म्युजिक कम्पनीबीचको सम्बन्धभन्दा म्युजिक नेपालसँग मेरो सम्बन्ध अरु माथि छ, प्रगाढ छ र हितैषी छ। म्युजिक नेपाल एउटा मूल सङ्गीतिक संस्था हो। सङ्गीतको विकास कलाकारहरूको सम्मान र मौलिक सङ्गीतको जगेर्नाजस्ता कुरामा म्युजिक नेपाल जति बढी सक्रिय हुन्छ त्यति नै नेपाली सङ्गीतको इतिहास मजबुत बन्दै जान्छ। श्रोताको रुचिबिना सङ्गीतको फैलावट सम्भव छैन। तर श्रोताको रुचिले मात्रै सङ्गीतलाई डोऱ्यायो भने त्यस सङ्गीतमा आफ्नोपन नहुन पनि सक्छ। भीडले तानेर गायक हुनु वा बनाउनु एउटा कुरो, गायकले भीडलाई सही नेतृत्व गर्नु अर्को कुरा। लोकप्रियता र स्तरीयतालाई सँगसँगै लैजानु नै सङ्गीत माथिको न्याय होला भन्ने ठान्दछु।

आजको तुलनामा हिजो कलाकारहरूको सङ्ख्या कम थियो। गीतहरू कम थिए। एल्बम निकाल्ने क्रम साह्रै कम थियो। आज दिनहुँ जस्तो कुनै न कुनै एल्बम निस्किरहेको हुन्छ। यस भीडमा स्वाभाविक हो– धेरै कलाकार र धेरै गीतहरू छन्। सबै राम्रा छन् भन्न पनि सकिन्न, सबै नराम्रा छन् भन्न पनि मिल्दैन। त्यसो त राम्रो के हो, नराम्रो के हो? छुट्टयाउने आधार के हो? यो भनाइ नै सर्वसम्मत नहुन सक्छ। तर गीत-सङ्गीत जीवनका

पर्याय हुन्। कुनै न कुनै रूपमा जीवनलाई नछोएको गीत दिगो हुँदैन जस्तो लाग्छ। हामी गीत केवल मनोरञ्जनका लागि मात्र गाउँदैनौं। गीत-सङ्गीतको मूल्यलाई क्षणिक मनोरञ्जनका रूपमा मात्र हेरिनु हुन्न। गीत-सङ्गीतमा जीवन अनुवाद हुन्छ, संस्कार संस्कृति उतारिन्छ र जीवन शैलीको प्रतिनिधित्व हुन्छ। आजको युगको कलात्मक प्रतिनिधि आजको सङ्गीत हो। आजको कलाको इतिहास आजको हाम्रो प्रयासमा लेखिन्छ। आज हामीले केवल रमाइलो, ठट्टा, लोकप्रियता र आर्थिक उपार्जन मात्र हेर्‍यौं भने दशकौंपछिको कुनै अन्वेषकले आजको इतिहास कस्तो लेख्ला ? म्युजिक नेपालजस्तो संस्थाको ध्यान त्यतातिर पनि मोडिनु जरुरी छ। मलाई लाग्छ यो जिम्मेवारी बोक्न म्युजिक नेपालको काँध सक्षम छ।

म्युजिक नेपालप्रति आज सयौं गीतकार, सङ्गीतकार र गायक-गायिकाहरूको आँखा लागेको छ। राम्रो काम गर्नेका प्रति सबैको चासो हुनु स्वाभाविक पनि हो। हुन त म्युजिक नेपाल निजी संस्था हो, तर आज यो निजी नभएर सार्वजनिक भएको छ। म्युजिक नेपाल नहुने अवस्थाको कल्पना गर्ने हो भने त्यहाँ म्युजिक नेपाल मात्र नभएर धेरै कुरा हुँदैन। अब म्युजिक नेपाल भइरहन पनि ऊ जीवित रहन, दिगो हुन र अझ ह्याँगिएर फैलिएर जान व्यावसायिक हिसाबले पनि मजबुत हुनुपर्छ तर उसले आफ्नो सङ्गीतिक दायित्वलाई अझ बढी निर्वाह गर्नुपर्छ। कुनै दिन, जतिखेर रामकृष्ण ढकालको एउटा पनि आफ्नो गीत थिएन त्यतिखेर एल्बम निकालौं गीत गाउन आउनुस् भनेर म्युजिक नेपालले मप्रति जुन उदारता र महानता देखायो आज पनि अनेकौं सम्भावित रामकृष्ण ढकालहरूले म्युजिक नेपाललाई त्यसैगरी आशाको आँखाले हेरिरहेका छन्। ती आँखाहरूलाई निराश पार्नु हुन्न भन्ने पनि मेरो सुझाव छ।

अन्त्यमा, म्युजिक नेपालको यात्रा सुगम, सहज र स्वाभाविक होस्। सङ्गीतिक इतिहासमा म्युजिक नेपालको नाम स्वर्ण अक्षरले लेखियोस्। बीसौं वर्ष मात्र होइन हजारौं पटक यस्तो बीसौं वर्ष मनाइरहन पाइयोस्। म्युजिक नेपाल नेपाली सङ्गीतको विशाल भण्डार हुन सकोस्, मेरो हार्दिक हार्दिक शुभकामना, शुभेच्छा र सद्भाव छ।

■



मैथिली सङ्गीत : संक्षिप्त सिंहावलोकन

डा. रामदयाल राकेश

अंग्रेजी साहित्यका प्रसिद्ध नाटककार र कवि विलियम शेक्सपीयरको भनाइ सङ्गीतको सम्बन्धमा यहाँ मननीय छ ।

"The man that hath not music in himself Not it nor moved with concord of sweet sounds is fit for treasons, stratagems and splits, The motions of his spirit are dull us night and his affection dark as Erebus let no such man be."

पृष्ठभूमि एवं परम्पार: मैथिली सङ्गीत सरसधारा सहस्रमुखी भएर सृष्टिको उषाकालदेखि प्रवाहित हुँदै आएको छ । यो एउटा प्राचीनतम

सङ्गीतशैली हो जसको मधुरतम स्वरलहरी आज पनि मानिसहरूलाई मन्त्रमुग्ध पार्नमा सफल मानिन्छ। यसको ऐतिहासिक परम्परालाई यसरी अग्रसारित गर्न सकिन्छ। कर्नाटवंशीय राजा नान्यदेव (१०८६-१३२५) भन्दा पहिला पालवंशमा ८४ सिद्धहरूद्वारा मौथिली भाषामा लेखिएका चर्यागीतहरू पाइएको प्रमाण भेटिन्छ। नान्यदेव स्वयं पनि सङ्गीतका मर्मज्ञ थिए। डा. सुभद्र झाको शब्दमा- "Nanyadeva himself was an %oinent warrior, diplomat and highly sifted authority on music." उनलाई रागरागिनीको राम्रो ज्ञान थियो। उनले रचेका 'सरस्वती हृदय अलङ्कार' सङ्गीतसम्बन्धी एउटा महत्त्वपूर्ण रचना हो। मैथिली कवि- कोकिल विद्यापतिद्वारा रचित सङ्गीतमय पदावली मैथिली साहित्यको महत्त्वपूर्ण निधि नै हुन पुगेको छ। राजा शिवसिंहको दरबारी सङ्गीतज्ञ जयत मैथिली सङ्गीतका शीर्षपुरुष नै थिए। महाराज हरिसिंहदेव (१२८५-१३२३/२४) 'नृत्यविद्या कथामा' निपुण थिए। मिथिलाको चौध्रो शताब्दीमा सङ्गीतको अनेक कार्यक्रम र गतिविधिहरूको परिचय पाइन्छ। सङ्गीतसम्बन्धी अनेकानेक ग्रन्थहरू रचिएका छन् जस्तो जगज्योर्तिमल्लको 'सङ्गीत सरस्रीग्रह' अभिलाषाको 'सङ्गीतचन्द्र' वंशमाणी झाको 'स्वरोदय दीपिका' र 'गीतपंचशिंका' घनश्यामले श्रीहस्तमुक्लावली, समीक्षा लेखे जबकि यसका रचयिता हुन् शुभंकर ठाकुर, कवि लोचनको रागतरंगिनी रचना हुन्। अठारौं शताब्दीका प्रसिद्ध सङ्गीतज्ञहरू हुन्- उमापति र गोविन्ददास। उन्नाइसौं शताब्दीका प्रसिद्ध सङ्गीतज्ञहरू हुन् -हर्षनाथ झा र चन्दा झा। महिला सङ्गीतज्ञहरूमा महादेवी लखिमा र चन्द्र कल्पा हुन्।

यस साङ्गीतीक परम्परालाई विकसित गराउनेहरूमा सारंगदेव, हरिसिंहदेव, सुमति-जतय, लोचन, घनश्याम, जगज्योतिर्मल्ल, वंशमणि, जगधर आदिको योगदान महत्वपूर्ण मान्न सकिन्छ। ज्योतिरेश्वरको वर्णरत्नाकर (१२२४) एउटा सांस्कृतिक कोशेढुङ्गा सावित भएको छ। कर्णाटवंशलाई मैथिली सङ्गीतको स्वर्णयुगमा पदार्पण गराउने महत्त्वपूर्ण भूमिकालाई सबैले एक स्वरमा स्वीकार गरेको पाइन्छ।

भक्तिभावनासित परिपूर्ण सङ्गीतिक रचना नाचारी डमरुको स्वर र तालमा गाइन्छ । गायक गाउँदा-गाउँदा यसको भक्तिरसमा निमग्न भएर नाच्न थाल्नु भक्तजनहरूका लागि स्वाभाविक हो । यस नाचारी लोकसङ्गीतको परम्परा पनि धेरै पुरानो छ । अबुल फजलले आफ्नो 'आयनी अकबरीमा' रेशीसङ्गीतको चर्चा गर्ने क्रममा 'लाचारी' शब्दको प्रयोग गरेका छन् जुन ध्वनि परिवर्तनले गर्दा नाचारी हुन गयो । यसको विषयमा एउटा विदेशी विद्वान् ग्ल्याडविनले अनुवाद गरेर यसरी भनेका छन्-

Those in the Tirhut language called lachari were composed by vidyapati and are on the voilence of the passion of love.

यस नाचारी लोकसङ्गीतलाई आज पनि मिथिलाञ्चलको घर-घर र मन्दिर-मन्दिरमा सुन्न सकिन्छ । महाकवि विद्यापतिको नाचारी लोकसङ्गीतले एउटा उत्कृष्ट उदाहरण पेस गर्दछ । उहाँको नाचारीको बोल यसरी सुरु हुन्छ-

"कखन हरब दुख मोर हे भोलानाथ"

यस नाचारीको रचनामा आजका मैथिल साहित्यकारहरू पनि संलग्न छन् । प्रस्तुत गरिन्छ एक आधुनिक नाचारीको एउटा चरण-

"सदाशिव सँग माँ दुर्गे
रूपेश्वर नाथ अविनाशी
दया करिऔ तुरत अबिऔ
हे भोलेनाथ कैलाशी ।
शरण धयने अहीं के छी
जहाँ जौ ध्यान नहि रखबै
हमर उपकार के करतै
अहीं के बार हम तकबै ।"
सदाशिव .....

(कालीकान्त तृषित : तृषितक फुलबारी : अभिनव गीत नाचारी पृ. ६५)

यस्तो नाचारी लोक सङ्गीतमा भक्तजनहरूरुको आर्त्तनाद अभिव्यञ्जित

भएको पाइन्छ। नाचारी पछि 'पराती' लोकसङ्गीतबाट मिथिलाञ्चलको गल्ली-गोरेटो आज पनि प्रतिध्वनित भइरहेको हामी पाउँछौं। यसमा कुनै पनि वाद्ययन्त्रको प्रयोग हुँदैन। यसमा आध्यात्मिक जागरणको गीत ध्वनित भएको हुन्छ। 'तिरहुत' विशुद्ध कर्णाटयुगीन सङ्गीतको स्मरण गराउनमा समर्थ लोकसङ्गीत हो। कवि विद्यापतिको योगदान यस क्षेत्रमा रमणीय छ। यो वाद्ययन्त्रको आधारमा पनि गाइन्छ र यसको बिना पनि। यस लोकसङ्गीतको परम्परामा मान, रास आदि पनि प्रचलित पाइन्छ।

मल्लकालमा मैथिली लोकसङ्गीत धेरै लोकप्रिय साङ्गीतिक विधाको रूपमा सर्वस्वीकृत पाइन्छ। यसमा जगज्योर्तिमल्लको योगदानलाई कुनै पनि मिथिलाबासीले बिर्सन सक्तैन। यस सन्दर्भमा 'सङ्गीत सार सङ्ग्रह' दशावतार नृत्यम्, हरगौरी विवाह आदि महत्त्वपूर्ण एवं उपलब्धिपूर्ण रचनाहरू हुन्। त्यस्तै सिद्धिनरसिंह मल्लको 'रागभजन सङ्ग्रह' वंशमणिको (सङ्गीत सार सङ्ग्रह, सङ्गीत भास्कर आदिले यस साङ्गीतिक परम्परालाई सशक्त बनाएको हामी पाउँछौं। यस परम्परालाई अझ अग्रसारित गरेर लोकप्रिय बनाउमा ज्योतिश्वरको 'धूर्तसमागम', विद्यापतिको 'गोरक्ष विजय', उमापतिको 'पारिजातहरण' र जगज्योर्तिमल्लको 'कुंजविहार' आदि महत्त्वपूर्ण रचनाहरू हुनु।

नेपाल अधिराज्यमा मैथिली सङ्गीतको प्रमुखत: तीनवटा केन्द्रहरू थिए- सिमरौनगढ, मोरङ-मकवानपुर र काठमाडौं उपत्यका। सिमरौनगढको संस्थापक नान्यदेव र यसका अन्तिम राजा हरिसिंहदेव सङ्गीतको मर्मज्ञ मात्र होइन प्रमुख संरक्षक थिए। मोरङ-मकवानपुरको सेमवंशी राजा हरिहरदेवका राज्याश्रित कवि उमापति मैथिली सङ्गीतका उन्नायक थिए। काठमाडौं उपत्यकाको तीनवटै राज्यहरू भक्तपुर, तलितपुर, कान्तिपुर मैथिली सङ्गीत साधनाको सिद्धस्थली सावित भएको थियो। सप्तरीको बनौलीगढका राजा पुरादित्य र भगवतीपुर (महोत्तरी)का राजा कीर्तिनारायण चौधरी आदि मैथिली सङ्गीतका संरक्षक थिए। तिरहुत (मिथिलाञ्चल)का शिवसिंहको राज्यकालमा मैथिली सङ्गीत आफ्नो उत्कर्षमा पुगेको प्रमाण भेटिन्छ।

मैथिली लोकसङ्गीत नाट्यविद्यासँग पनि अन्योन्याश्रित रूपमा सम्बन्धित भएको पाइन्छ । यस मिथिलाञ्चलमा प्रचलित कार्तिकनाच (नृसिंह) विदापतनाच, कमलानाच आदिले यसका ज्वलन्त उदाहरण प्रस्तुत गर्दछन् । त्यस्तै मिथिलाञ्चलमा प्रचलित लोकप्रिय लोकसङ्गीतको आधारमा नाचिने एवं गाइने रास, नारदी, झिझिया, झरनी, मजुरा, डम्फा बसुली, झूमर पमरिया आदि उत्कृष्ट उदाहरण हुन सक्तछन् ।

रामायणकालदेखि प्रचलित मैथिली लोकसङ्गीत कर्णाटवंश, ओइनारवंश, सेनवंश र पालवंशद्वारा पल्लवित र पुष्पित हुँदै आजसम्म यसको सरसधारा सुकेको छैन तर बीच-बीचमा यसमा वाधा र व्यवधान पनि न आएको होइन । यसबाट यो सङ्गीतिक धारा विखण्डित र विश्रृङ्खलित हुँदाहुँदै पनि आजसम्म प्रगतिवान र प्रवाहमान भएको पाइन्छ । यस्तो गौरवशाली परम्पराबाट पालित एवं पोषित यो सङ्गीतिक धारा वर्तमान कालमा आएर त्यति विकसित हुनसकेको छैन । अहिले यसलाई औंला समातेर अग्रसारित गर्नमा भारतीय र नेपाली सङ्गीतले सघाउ पुऱ्याउँदै आएको प्रस्ट देखिन्छ । भारतवर्षमा रचित र विमोचित मैथिली सङ्गीतको क्यासेटहरूमा हिन्दी सङ्गीतको स्पष्ट छाप रेखाङ्कित गर्न सकिन्छ । त्यस्तै नेपाली सङ्गीतको प्रभाव पनि यसमाथि प्रशस्त मात्रामा पाईन्छ । येनकेन प्रकारेण यो सङ्गीतधारा आफ्नो सञ्जीवनी शक्तिलाई जीवन्त राख्दै आएको छ । नेपालको मिथिलाञ्चलमा आजका युवा गीतकार र संगीतकारको सतत प्रयासले मैथिली साङ्गीतिक धारामा पुनः एउटा लहर पैदा भएको पाइन्छ । प्रजातन्त्रको पुनःस्थापनापछि यसमा धेरै प्रगति आएको देखिन्छ । यसमा जनकपुरस्थित मैथिली नाट्यकला परिषद्को योगदान अविस्मरणीय हुन गएको छ । यसमा संलग्न र सम्वद्ध युवापुस्ता यस साङ्गीतिक धारालाई अग्रसारित गर्नमा अथक परिश्रम गरिरहेको छ । नयाँ पुस्ताका केही उत्साही युवक र युवतीहरू यसमा नयाँ जोश र जाँगरका साथ जुटेका छन् । यसमा रमेश 'रञ्जन' दिगम्बर 'दिनमणि', श्यामसुन्दर शशि 'धर्मेन्द्र विह्वल', आभासलाभ, सुनीलकुमार मल्लिक, धीरेन्द्र प्रेमर्षि, रश्मि दत्त र अशोक दत्तको नाम उल्लेखनीय छन् । अहिले सुनील मल्लिक र निजका भाइ प्रवेश मल्लिकको जोडी र त्यस्तै रश्मि

दत्त र अशोक दत्तको जोडीले प्रशंसनीय काम गरिरहेको पाईन्छ । त्यस्तै निखिल विश्वास र राजेन्द्र कर्णका जोडी पनि मैथिली सङ्गीतको सुकेको धारालाई आफ्नो साङ्गीतिक प्रतिभाबाट सिञ्चित र सुवासित गर्दै अगाडि बढाउनमा सतत संलग्न देखिन्छ । महाकवि विद्यापति टेलिश्रृङ्खलामा यस जोडीको साङ्गीतिक प्रतिभा हेर्न र सुन्न सकिन्छ ।

मैथिली सङ्गीतले अब चित्रपट संसारमा पनि आफ्नो स्वरलहरी र सुवास छर्न लागेको छ । सङ्गीतकार मुरलीधरले मैथिली चित्र 'सस्ता जिनेगी महग सेनुर'मा मैथिली सङ्गीतको सुमधुर संयोजन गरेर सराहनीय काम गरेका छन् । केही महिला सङ्गीतकर्मीहरूमा सर्वप्रथम रश्मि दत्तको योगदान सर्वोपरि छ भने अन्य सङ्गीतकर्मीहरूमा रुमा झा, पुष्पा यादव, सङ्गीता देवको नाम पनि चर्चायोग्य छ । यसबाहेक मैथिली साङ्गीतिक धारालाई अझ सशक्त र स्वरयुक्त बनाउमा सक्रिय वरिष्ठ सङ्गीतकारहरू हुन.- गुरुदेव कामत, हरिशंकर चौधरी, रामा मण्डल, राघवेन्द्र झा, सुधानन्द झा, जयशचन्द्र मिश्र, महिनारायण मण्डल, शिवलाल महतो र गायनक्षेत्रमा बाल गायिका नेहा प्रियदर्शिनीको योगदानलाई महत्त्वपूर्ण मान्न सकिन्छ ।

संक्षेपमा भन्दाखेरि अहिलेका युवापुस्ताको ध्यान विस्मृत मैथिली साङ्गीतिक धारातिर आकृष्ट हुनु अभिनन्दनीय कुरा हो र यसको भविष्य समुज्ज्वल देखिन्छ । ■



गीत र भजन

रामलाल अधिकारी

राती सुतेर बिहान निद्राबाट ब्यूझ्दा मानिसको शरीर, मन दुवै रातभरिका विश्रामका कारणले फूर्ति र उत्साहपूर्ण भएका हुन्छन्। प्रातःकालीन वातावरण उसै पनि स्वच्छ र पवित्र भएको हुन्छ। विहान उठ्नेबित्तिकै कुनै शुभ कुरो देखे, सुनेमा दिनभरिको समय नै राम्ररी र चिताएको र गरेको काम सबै सफल भएर बित्छ भन्ने जनधारणा छ। बिहान उठ्नेबित्तिकै कुनै अशुभ कुरो देखेमा वा सुनेमा अपशकुन वा लोधर भन्ने लोकविश्वास छ। त्यसैले बिहान निद्राबाट आँखा खोलिनेबित्तिकै देवी-देवताका चित्र वा आफ्ना हत्केला हेर्ने चलन छ। आफ्ना हत्केलाका हस्तरेखा हेर्नाले पनि दिउँसो देखिएका अपशकुन आदिको दोष लाग्दैन। हामी बिहान ओच्छ्यानमै आफ्ना दुवै

हत्केलाको दर्शन गर्दै भन्छौं–

कराग्रे वसते लक्ष्मी करमध्ये सरस्वती।
करमूलेस्थितो ब्रह्म प्रभाते कर दर्शनम्।।

अर्थात्

अग्र भागमा लक्ष्मी छन् मध्य भागमा सरस्वती
फेदमा ब्रह्मा वास गर्छन् हात दर्शन प्रभातमा।।

बिहान उठेपछि बेलुकी सुत्नेबेलासम्मका सम्पूर्ण दिनचर्यालाई एकत्र गरी स्व. पारसमणि प्रधानले 'बाल धर्मशिक्षा' नामक पुस्तिकाका रूपमा प्रकाशित गराएका थिए तर अचेल यस्ता नैतिक र धार्मिक शिक्षा दिने पुस्तक-पुस्तिकाको हाम्रा समाजमा अभाव छ।

बिहानै भजन, भक्तिसङ्गीत आदि रेडियो र टेप रिकर्डमा सुन्दा र सकेका खण्डमा आफैंले गाउँदा पनि हाम्रो मन-हृदय प्रफुल्लित र शान्त, परिष्कृत बन्दछ। आजभोलि हाम्रा बाल-बालिका र युवक-युवती बिहान उठ्दैदेखि हिन्दी चलचित्रका गीतहरू गाउन वा गुनगुनाउन थालेका देखिन्छन्। सुसंस्कृत परिवारमा यस्तो प्रथा हुँदैन।

सभ्य बङ्गाली समाजमा हेर्दा के देखिन्छ भने उनीहरू जुन स्तरका भए पनि महालय (नवरात्रि आरम्भ) का दिन बिहानै ब्रह्ममुहूर्तदेखि नै रेडियोद्वारा प्रसारण गरिने चण्डीपाठ सुन्ने गर्छन्। आफ्ना घरमा रेडियो, ट्रान्जिस्टर नहुनेहरूधरि ऋण-पान गरेर पनि सो किन्न महालयका अघिल्लो दिन बाजा दोकानतिर भीडलागेका देखिन्छन्।

मलाई एउटा घटना स्मरण हुन्छ– सिलगढीमा केही कालपर्यन्त बङ्गाली समाजसित मेरो सम्पर्क रहेकाले त्यसै समयदेखि नै मैले नवरात्रिभरि मन्ना डेद्वारा सङ्गीतबद्ध चण्डीपाठ सुन्न थालेको हुँ। पछि दार्जीलिङ आएर पनि मैले त्यसै गरिरहें। केहीपछि शिवकुमार राईका प्रयासद्वारा आकाशवाणी खरसाङले पनि नेपाली भाषामा तर मन्ना डेकै शैलीमा चण्डीपाठ प्रसारण गर्न आरम्भ गऱ्यो। गत वर्षको घटना हो– महालयका दिन म सदाभन्दा धेरै पहिले ब्यूँझिई घरका ग्याल-ढोका

खोलेर आफ्नो ठूलो रेडियो ग्यालकै छेउमा टेबलमाथि राखी गाउँतिर फर्काएर बजाइदिएँ। गाउँ चकमन्न थियो। कोही ब्युँझेका थिएनन्। दिउँसो छिमेकी महिलाले मसित उजुर गरिन्– "सरले आज राति नै देखि ठूलो भोल्युममा गीत बजाएर हामीलाई सुत्न दिनु भएन। भोलिदेखि चाहिँ त्यसो नगर्नोस् है।" उनको चेतावनीजस्तो पनि थियो यो वाक्य।

"होइन त्यो गीत होइन, चण्डीपाठ र भजन बज्दै थियो। तपाईंहरू पनि ब्युँझेर बजाउनु हुन्छ कि भन्ने सोचेर त्यसो गरेको थिएँ।" मैले स्पष्टीकरण दिएको थिएँ।

"भजन भने पनि जे भने पनि गीतै ता हो।" उनको आफ्नै दृष्टिकोण र पक्का निर्णय थियो।

तिनै अमुकनाम्नी महिला र समग्रमा उनका जस्तै धारणा भएका मेरा समाजका सम्पूर्ण सदस्यवर्गका निम्ति गीत र भजनको पार्थक्य यो छोटो रचनामा पर्गेल्ने चेष्टा गरिएको छ। भाषाको प्रकृति बडो विचित्र हुन्छ। हामी गीत-सङ्गीत, भजन-कीर्तन भन्छौँ र यस्ता शब्दलाई प्रायः समानार्थी रूपमा प्रयोग गर्छौं। यस्ता शब्दले प्रतिपादित विषयमा कहीं सूक्ष्म र कहीं स्थूल भेद रोखका हुन्छन्। तिनका सूक्ष्मातिसूक्ष्म भेद र सङ्केतलाई मनन् गर्नु चासो पर्दो देखिन्छ।

गीद: यो शब्द लिखित भाषामा उति व्यवहृत नभए पनि ग्रामीण जीवनका सरल बोलचालका भाषामा भने यसको प्रयोग-परम्परा अझै यथावत् नै छ। 'गीद' शब्द उच्चारण गर्दा 'गीत' झैं सुनिने भए पनि यसको आफ्नै स्वतन्त्र अस्तित्व र अर्थ रहेको हुन्छ। 'गीद गाउनु' भनेको हल्ला प्रचार गर्नु हो। उदाहरणार्थ– *घरभित्रका गुप्ति कुरा गीद गाएर गाउँमा सुनाइहिँड्नु राम्रो होइन*। यसरी 'गीद' शब्द 'गीत' झैं सुनिने भए पनि लयबद्ध गानसित यसको कुनै सम्बन्ध रहेको हुँदैन।

सबभन्दा स्वादिला हाम्रा गीद-गाना तिनै त हुन्।
जो पीडामय सबभन्दा भावना व्यक्त गर्दछन्।।

–वर्डस्वर्थ

गीत: गीदमा लयात्मकता नरहेकाले यो गद्यप्रधान हुन्छ भने 'गीत'मा लयात्मकता र पद्यात्मकता अपरिहार्य रूपले रहेको हुन्छ। लोकगीत,

आधुनिक गीत, बालगीत, दोहोरी गीत आदि यसका विभिन्न श्रेणी भए पनि यस्ता प्रत्येक श्रेणीका गीतमै ताल, राग, सुर, लय आदि रहेको हुन्छ। गीत गाउनलाई एक्लो व्यक्ति वा सामूहिक स्वरको आवश्यकता पर्दछ। गीतको विषयवस्तु समाजप्रधान हुन्छ र प्रेम-पीर्ति, विरह-वेदनाजन्य कुनै पनि रसको अभिव्यक्ति गर्ने यसको उद्देश्य रहेको हुन्छ। लय, ताल र सुर यसका आत्मा हुन्।

गान: गीतको भन्दा गानको परिधि केही सीमासम्म सीमित र सङ्कुचित हुँदछ। गीतले समाजका वीरपुरुषहरूको प्रशंसा गानदेखि लिएर वीररसप्रधान भई देवी-देवताका स्तुतिगान आदि प्रस्तुत गरी भक्तिरसप्रधानसम्म हुनसक्छ। गीत र गान दुवैका रचनामा पद्यात्मकता र गेयता अनिवार्य रूपले रहेको हुन्छ। गीतले मर्यादित रूप लिँदा पनि गान बन्दछ। जस्तै– आजको साङ्गीतिक समारोहमा गीतहरूको कार्यक्रमका अन्तमा राष्ट्रिय गान प्रस्तुत गरिएको थियो।

गाना: गान र गाना दुवै नाम शब्द भए पनि 'गाना' शब्द विशेष गरी भाववाचक संज्ञाअन्तर्गत पर्दछ। यी दुई शब्दमा अत्यन्तै सूक्ष्म भेद रहेको हुन्छ।

सङ्गीत: वाद्य यन्त्रका सहारा नलिई गाइएका गीतमा वादन समावेश भएपछि सङ्गीत बन्दछ। सङ्गीतमा गायन र वादन दुवै पक्षको उत्तिकै समान रूपले महत्त्व रहेको हुन्छ। आजभोलि गीति रचनाहरूमा 'शब्दकार' र 'सङ्गीतकार' दुई बेग्लाबेग्लै श्रेणीका कलाकारहरूको सम्मिलित कार्यकलाको बोध गराउँदछ। शब्दकारले पद्यमय गीत रचना गर्दछन् र स्वरकारले यिनलाई ताल, लय र सुरमा ढलौट गर्दछन्। त्यसपछि विभिन्न वाद्य यन्त्रहरूका प्रयोगद्वारा गीत रूपी शरीरलाई सङ्गीत रूपी परिधान र आभूषणहरूले सिँगार्ने काम गरिन्छ। अत: 'सङ्गीत' शब्दले पद्यमय शब्दकार वा रचनाकार, स्वरकार, गायक-गायिका, वाद्य यन्त्रवादक वा तिनका संयोजक आदि चारै वर्गका कलाकारवर्गद्वारा सामूहिक रूपले सिर्जित कलात्मक गेय रचना भन्ने अर्थ बुझाउँछ।

भजन: भक्ति रसका पद्य रचनाहरूको गानलाई 'भजन' भनिन्छ । यस्ता गान ईश्वर वा आफ्ना आराध्य देवी-देवताका कीर्ति र कर्महरूको गुणगान र प्रशंसामा आधारित हुन्छन् । भजन पनि गीत-सङ्गीतझैं नै एक्लै वा समूहमा गाउन सकिन्छ । भजनमा गीत-सङ्गीतमा झैं भौतिक आनन्दको प्राप्तिभन्दा परमार्थिक र आध्यात्मिक सुख प्राप्तिको कामना रहेको हुन्छ ।

कीर्तन: कीर्तन गानको उद्देश्य पनि भजनकै झैं हुन्छ तर यसमा ईश्वरको बहुआयमिक चरित्रको गुणगानका सट्टा तिनका नाउँको एकोहोरो लयात्मक पुनरावृत्ति मात्र हुन्छ । यथा–

हरे राम, हरे राम, राम राम हरे हरे ।
हरे कृष्ण, हरे कृष्ण, कृष्ण कृष्ण हरे हरे ।।


स्तुति र स्तोत्र: स्तोत्र पनि ईश्वरकै चरित्रको गुणगान गरी लेखिएका पद्यमय रचना हुन्छन् । यस्ता स्तोत्र पठन गर्दा मात्र पनि हुन्छ भने तिनमा अलिकति लयात्मकता भनेर गान गरेमा स्तुति वा स्तुतिगान हुन्छ ।

प्रार्थना: प्रार्थना पद्यात्मक र गद्यात्मक दुवै रूपमा हुन सक्छन् । प्रार्थना मौन र सस्वर दुवै प्रकारले गर्न सकिन्छ । स्तुति र प्रार्थनामा के भेद छ भने स्तुतिगान निरपेक्ष वा निष्काम रूपले पनि गर्न सकिन्छ तर प्रार्थनामा आफ्ना इष्ट देवताको स्तुतिसँगसँगै आफूलाई वा आफन्तका निम्ति कुनै न कुनै वस्तु कामना गरिएको वा मागिएको हुनाले यो निष्काम नभएर सकाम हुने गर्छ । यथा–

अज्ञानी छौं यै छ बीन्ती बिसाइ ।
देऊ विद्या शारदे हामीलाई !

दार्जीलिङ

■



नेपाली साङ्गीतिक विकासमा प्रतिबद्ध

रामशरण दर्नाल

रमण घिमिरेको 'लेख रचना उपलब्ध गराइदिने' भन्ने पत्र प्राप्त गरें। म्युजिक नेपालको सांस्कृतिक सम्वर्द्धन परिषद्सँगै आबद्ध भएता पनि यसका अरू गतिविधि र क्रियाकलापबारे म त्यति राम्रोसँग परिचित थिइनँ। पछि सम्बन्धित सामग्रीहरू पाएपछि म स्वयं छक्क परें। म्युजिक नेपालले यी दुई दशकभित्र पनि आफ्नो क्रियाकलाप, विकासका मार्गहरू र विशेष कार्यहरू सम्पादन गरेर एउटा राम्रो व्यवस्थापनको उदाहरण प्रस्तुत गरेको छ। म्युजिक नेपालले दुई दशक आरम्भ गरेको अवसर पारी सङ्गीत पत्रिकाले यसको विशेषाङ्क प्रकाशमा ल्याउने जमर्को गरेकोमा खुसी प्रकट गर्न मन लागेको छ।

यस अवसरमा म्युजिक नेपाल र सङ्गीत पत्रिकालाई बधाई ज्ञापन गर्न चाहन्छु ।

'स्रष्टाहरूको संरक्षण गरौं, राष्ट्रलाई समृद्ध बनाऔं' भन्ने पवित्र भावनाले ओतप्रोत म्युजिक नेपालले सङ्गीतका श्रोताहरूलाई आनन्दित र आह्लादित पार्दै आफ्नो उद्देश्य र लक्ष्यमा निरन्तर अघि बढ्दै गरेको पाइन्छ । निजी क्षेत्रबाट स्थापित नेपालको पहिलो म्युजिक उत्पादक र वितरक हुने श्रेय पनि यसै संस्थालाई छ । आफ्नो जीवनको आरोह अवरोहमा अनेकौं आँधीबेहरी र कठिनाइहरूको सामना गर्दै आफ्नो कर्तव्यपथमा निरन्तर अघि बढिरहेको म्युजिक नेपालले जेजति सहयोग र सद्भावना श्रोताहरू, सङ्गीतप्रेमीहरू, कलासर्जक, गीतकार, सङ्गीतकार, गायक-गायिका, वादक कलाकार, उत्पादक, वितरक र व्यवस्थापनसहयोगीहरूबाट पाउँदै आएको छ त्यो सराहनीय छ । यसो भन्दैमा हामीले त्यत्तिकै उपलब्धिमा सन्तोष मानु पर्छ भन्ने होइन । समय र परिस्थितिलाई आत्मसात् गर्दै समस्याहरूको समाधान निकाल्दै बडो सजग र होसियारसाथ अघि बढ्दै जानुपर्छ । विज्ञान र प्रविधिका चुनौतीहरूलाई योग्यतापूर्वक सामना गर्दै जानुछ ।

एकातिर हामीलाई नयाँ कुराहरू पनि सिक्दै त्यसअनुसार विकासका सम्भावना (ढोका)हरू पनि खोल्दै जानुछ भने अर्कोतिर पुराना र प्राचीन सङ्गीतको संरक्षण र प्रवर्द्धन पनि गर्दै जानुछ । यस सन्दर्भमा म्युजिक नेपालको सोचाइ र पवित्र भावना सकारात्मक रहेकोमा सन्तोष लाग्दछ । आफ्नो क्षेत्रको उन्नति र विकास गर्नमा म्युजिक नेपाल जहिले पनि प्रथम हुँदै आएको छ । अहिलेसम्म उसले ८ वटा कार्य प्रारम्भ गरी सर्वप्रथम संज्ञा पाउन सफल भएको रहेछ । यसभन्दा बढी म्युजिक नेपालले आफ्नो क्षमताअनुरूप आफ्नो प्रवृत्ति र आवश्यक ठानेका विषयमा नयाँ सोच र विचारलाई पनि मूर्तरूप दिन खोजेको छ । यस प्रकारको सोचाइमा 'नेपाल सङ्गीत विद्यालय' को अवधारणामा प्रारम्भिक कार्यहरू पूरा भइसकेका छन् । अब जुनै साइतमा यसले समुद्घाटनको तिथि पनि तय गर्नेछ भन्ने आशा लिइएको छ ।

नेपाली सङ्गीतका श्रोताहरूलाई एउटा नयाँ गीत सुन्न रेडियोमा कान लगाउनु पर्छ। तीमध्येका मनपरेका गीत सुन्न श्रोतालाई क्यासेट एल्बम, सीडी आदि खरिद गर्नुपर्छ। खरिद गरिएको क्यासेट सुन्न रेकर्डप्लेयर चाहियो र सीडी सुन्न डेक नै आवश्यक भयो। यसरी गीत-सङ्गीतको आनन्द लिन श्रोताले रेकर्डप्लेयर र डेक राख्नुपर्ने हुन्छ। श्रोतालाई एउटा गीत सुन्नुपऱ्यो भने उसले कममा ६/७ वटा गीत सेटमा पाइँदैन। एउटा गीत सुन्नका लागि रेकर्ड उत्पादकले अरू ६/७ वटा गीत पनि संलग्न गराई गीत-सङ्गीतको उत्पादन गर्दछ। एउटा गीत मात्र भनेर के गर्नु ? एउटा गीतकै तयारीमा उत्पादकले प्रशस्त लगानी गर्नुपर्छ। एउटा गीत तयार गर्दा त्यसमा अनेकौं प्रतिभाहरूको योगदानलाई बिर्सन सकिँदैन। गीतमा गीतकार, सङ्गीतकार, अरेञ्जर (संयोजक) गायक, गायिका, वादककलाकारहरू आदिको सक्रिय योगदान रहेको हुन्छ। यसमा संलग्न सबैको त्यत्तिकै ठूलो योगदान रहेको हुन्छ। क्यासेट एल्बम तयार भएपछि त्यसका डिजाइनर, बजार व्यवस्थापक, बिक्रेता आदिको पनि योगदान रहेको हुन्छ। यसरी एउटा गीत-सङ्गीत तयार हुञ्जेलसम्ममा हजारौँको लागत आउन सक्छ। कलाकारहरूको पारिश्रमिक र रोयल्टी मिलाएर एउटा गीत रेकर्डसम्पन्न हुञ्जेलसम्म निक्कै खर्चको लागत आउन सक्छ।

पहिलो नेपाली गीत-सङ्गीत सम्पन्न घर-परिवारमा मात्र सीमित देखिन्थ्यो भने २००७ सालपछिको रेडियो नेपालको स्थापना, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, संस्कृतिविभाग, रत्नरेकर्डिङ् संस्थान आदिको स्थापनाले यो क्षेत्र अलि व्यापक हुँदै जान थाल्यो। सम्पन्न श्रोताले म्युजिक-डेक आदि स्तरीय श्रवण साधन जुटाए पनि सर्वसाधरणसम्म नेपाली गीत-सङ्गीत पुऱ्याउने साधन रेडियो र रेकर्डप्लेयर नै बन्न पुगेको छ। रेकर्डप्लेयरमा अडियो क्यासेटहरू सुन्न सकिन्छ।

म्युजिक नेपाल प्रा.लि.ले नेपाली गीत-सङ्गीत र वाद्यका सबै विधालाई ओगटेको छ। नेपाली सङ्गीतको लोकगीत, लोकवाद्य, परम्परागत गीत, परम्परागत वाद्य, शास्त्रीय गायन र शास्त्रीय वाद्य, आधुनिक गीत र वाद्य, सुगम सङ्गीत र वाद्य, पप् सङ्गीत, ब्यान्डका धुनहरू,

चलचित्रका गीत र वाद्य धुन, भक्तिसङ्गीतका भजन, दोहोरीगीत, जनजातीय गीतहरू, पर्व-पर्वका गीतहरू, राष्ट्रिय गीत, गाईजात्रे, हास्यव्यङ्ग्य आदि विद्याहरूलाई समेटेको छ। ती सब क्यासेट एल्बमको सङ्ख्या हालसम्म चौध सय ५ वटा सार्वजनिक भइसकेका छन्। यसैगरी सीडीहरूको सङ्ख्या एक सय ८ वटासम्म प्रकाशमा आइसकेका छन्। हालसालै मात्र विमोचित पुराना गीतहरूको सङ्गालो 'सवारी मेरो रेलैमा' क्यासेट एल्बम र सीडीमा प्रकाशित भइसकेको छ। यसमा मेलवादेवी, उस्ताद साहिँला, मित्रसेन, मिस प्रभा र मिस हीनादेवीका गीतहरूलाई रिमिक्समा विभिन्न कलाकारहरूका स्वरमा रेकर्ड गराइएको छ।

नेपाली भाषाको प्रचार-प्रसारमा म्युजिक नेपालको योगदान

म्युजिक नेपाल नेपाली साहित्य र संस्कृतिका महत्त्वपूर्ण कृतिहरूलाई स्वरवद्ध गरी प्रकाशनमा ल्याउने क्रममा हाल राष्ट्रकवि माधव घिमिरेको प्रसिद्ध शोककाव्य 'गौरी'को रेकर्डिङ्मा सक्रिय रहेको थाहा पाइन्छ।

यसअघि भानुभक्तीय रामायण, सांस्कृतिक संस्थानको सहयोगमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको 'मुनामदन' र 'कुञ्जिनी' आदि क्यासेटका रूपमा प्रकाशित गरिसकेको छ। 'गौरी'मा सङ्गीतकार चन्द्रराज शर्माले सङ्गीत दिनु भएको छ।

आदिकवि भानुभक्तको रामायणलाई क्यासेट र ध्वनिमा प्रस्तुत गरिएको छ भने म्युजिक नेपालले वि.प्र. कोइरालाको 'आत्मवृत्तान्त' को २२ वटा सीडीमा सारेर मदन पुरस्कार पुस्तकालयलाई विधिवत् हस्तान्तरण (०५६, वैशाख ८ गते) गरेको छ।

म्युजिक नेपालको प्राविधिक पक्ष

म्युजिक नेपालमा रहेका उपकरणहरूबारे जानकारी नभए पनि यसको प्राविधिक पक्ष राम्रो भएको कुरो थाहा पाइन्छ। 'टेपमेटिक डिजिटल लूपबिन प्लान्ट' जस्तो उच्चस्तरीय उपकरण जडान गर्ने दक्षिण एसियाकै

पहिलो स्टुडियो म्युजिक नेपाल बन्न पुगेको छ । दक्ष प्राविधिकहरूले यसलाई राम्ररी सञ्चालन मात्र गरेका छैनन् अपितु गुणस्तरीय अडियो उत्पादनमा समेत योगदान पुऱ्याइरहेका छन् ।

अतिरिक्त क्रियाकलाप

म्युजिक नेपालका प्रबन्ध-सञ्चालक आफूलाई परिआएको समस्याहरूको खोजमा लागिपर्नु भएकोले यो संस्था सङ्गीत वा अन्य विधाहरूका स्रष्टाहरूको सिर्जनामा शोषण हुन नपाओस् भनी प्रतिलिपि अधिकार संरक्षणमा समाज लागिपऱ्यो ।

सांस्कृतिक प्रदर्शनको सोचाइ

म्युजिक नेपाल र रोचक थापाको संयुक्त प्रयासमा सोरठीका २१ वटा गीतहरू अन्तिम चरणमा रेकर्ड भइरहेका छन् । यस सोरठीनाचलाई अधिराज्यव्यापी प्रदर्शन गर्ने तयारीमा हामी जुटेका छौं- रोचक थापा भन्नुहुन्छ ।

सांस्कृतिक सम्वर्द्धन परिषद्

म्युजिक नेपाल प्रा.लि.ले आफ्नो क्षेत्र फराकिलो पार्दै एक सांस्कृतिक सम्वर्द्धन परिषद्को गठन गऱ्यो । स्थापनाकालदेखि नै कुमार बस्नेतको संयोजकत्वमा सत्यमोहन जोशी, रत्नशमशेर थापा, भारतदत्त कोइराला र रामशरण दर्नाल सल्लाहकार तथा सन्तोष शर्मा, गणेश परियार र रमण घिमिरे कार्यकारी सदस्य रहेको एक परिषद् गठन गऱ्यो । आफ्नो विधा र क्षेत्रको कार्यमा यसले निक्कै काम सम्पादन गरिसकेको छ ।

परिषद्को प्रतिवेदन अनुसार हालसम्म ४३१ गीत संरक्षणार्थ सङ्कलित भइसकेको थाहा हुन्छ । यस बाहेक देशका विभिन्न भागबाट सङ्कलन

गरिएका विभिन्न किसिमका पौराणिक धुनहरू पुराना गायक, गायिकाहरूले गाएका डिस्क रेकर्डबाट र विविध भाषाका गीत र धुनहरू पनि सङ्कलन गरिएको देखिन्छ। यिनको सङ्ख्या पनि लगभग २६४ पुगेको कुरा प्रतिवेदनबाट थाहा पाइन्छ। यसरी विचार गर्ने हो भने परिषद्ले यस तर्फ राम्रो उपलब्धि गरेको मान्न सकिन्छ।

नेपालमा सङ्गीतको डकुमेन्टेसन नभई सकेको अवस्थामा म्युजिक नेपालको प्रयासमा यतिका काम हुनसक्नु पनि ठूलै कुरा हुन आउँछ। तर, परिषद्ले यत्तिमै सन्तोष गर्नु भने हुँदैन। भविष्यमा यो भन्दा बढी सक्रियता साथ कार्ययोजनाहरू अघि बढाउन सक्नुपर्छ। हाललाई अरु नभए पनि विज्ञान र प्रविधिले साथ दिएको आजको युगमा कमसेकम वरिष्ठ कलासाधक, गीतकार, सङ्गीतकार, गायक-गायिका र वादक कलाकारका जीवनी भीसीडीमा संरक्षित गर्न सके भावी पुस्ता र अनुसन्धान र अध्ययन गर्ने सङ्गीत अध्येताहरूका लागि समेत ठूलो सहयोग पुग्न जाने थियो।

म्युजिक नेपालको प्रकाशन

म्युजिक नेपालले वि.सं. २०५१ कात्तिक ११ गतेदेखि संस्थाको मुखपत्रको रूपमा पहिलोपल्ट 'सङ्गीत' नामक त्रैमासिक पत्रिकाको प्रकाशन प्रारम्भ गरेको छ। यो मितिमा वर्ष १, अङ्क १ प्रकाशित भएको देखिन्छ। यस अङ्कमा म्युजिक नेपालका प्रबन्ध-सञ्चालकले एम.एन.को एक दशकको विवरण प्रस्तुत गर्नु भएको छ। पत्रिकाको प्रारम्भदेखि नै सम्पादक रहँदै आउनु भएका रमण घिमिरेले एक अग्रलेख मार्फत् म्युजिक नेपाललाई सबै कलाकारको साझा छहारी भन्नु भएको छ। हालसम्म म्युजिक नेपलाको वर्ष ७, अङ्क १, साउन २०६० सम्म 'सङ्गीत' प्रकाशित भएको देखिन्छ। साहित्यिक पत्रपत्रिकाभन्दा साङ्गीतिक पत्र-पत्रिका चलाउन सजिलो छैन। एक त यस विधाका लेखक नै थोरै छन्, त्यसमाथि भनेको बेला लेख-रचना नपाइनु यसका मुख्य समस्या हुन्। त्यसैले यसमा कतिपय लेखहरू साभार

भएका पनि देखिन्छन्। यसो हुनु अस्वाभाविक होइन। स्तरयुक्त लेख साभार गर्दा पत्रिका लोकप्रिय पनि बन्न सक्छ। सङ्गीत त्रैमासिक (तीनमहिने) पत्रिकामा स्थान पाउन सफल केही लेखहरू मेरो दृष्टिकोणमा राम्रो र स्तरीय लागेकाले तिनको सूची पनि यहाँ प्रस्तुत गरेको छु।

आफ्नो नियमित प्रकाशनबाहेक म्युजिक नेपालले बर्सेनि आफूले उत्पादन गरेका क्यासेट, सीडी र भीसीडीको पुस्तिका सचित्र रूपमा प्रकाशित गर्दै आएको छ। यसबाहेक म्युजिक नेपालले विशेष ग्रन्थको प्रकाशनमा समेत सहयोग पुऱ्याइआएको थाहा हुन्छ।

स्मरणीय छ- साङ्गीतिक मुखपत्र प्रकाशन गर्ने पहिलो निजी रेकर्डिङ् संस्थाको श्रेय म्युजिक नेपाललाई नै प्राप्त छ।

शोधपत्र

म्युजिक नेपालको साङ्गीतिक भूमिकाबाट प्रभावित भई प्रकाशप्रसाद लुइटेलले 'नेपाली गीत-सङ्गीतको प्रवर्द्धनमा म्युजिक नेपालको योगदान' शीर्षकमा वि.सं. २०५८ मा त्रिभुवन विश्वविद्यालय नेपाली विभागबाट वि.सं. २०५८ को शोधपत्र नै तयार पारेका छन्। शोत्रपत्रमा म्युजिक नेपालको सबै पक्ष समेटिएको छ। शोधपत्र प्रकाशमा आएपछि म्युजिक नेपालबारे अध्ययन गर्न चाहने अध्येताहरूलाई अध्ययन-मनन गर्न सहयोग पुग्ने आशा गर्न सकिन्छ।

सङ्गीत त्रैमासिकमा प्रकाशित केही विशेष लेख-

१. सङ्गीतकला बारे केही जानकारी - अम्बर गुरुङ (वर्ष १, अङ्क १, २०५१)
२. गीत मेरो आँखामा - रत्नशमशेर थापा (वर्ष १, अङ्क १, २०५१)
३. म्युजिक नेपाल सबै कलाकारको साझा छहारी - रमण घिमिरे (वर्ष १, अङ्क १, २०५१)

४. नेपाली सङ्गीत : संरक्षण, सम्बर्द्धनको आवश्यकता - डा. गोविन्द टण्डन (वर्ष १, अङ्क २, २०५१)
५. नेपाली सङ्गीतमा आधुनिकता - रामशरण दर्नाल (वर्ष १, अङ्क ३-४, २०५२)
६. सङ्गीतमा साधना - श्रीधर खनाल (वर्ष २, अङ्क १, २०५२
७. तारादेवी र उनको सङ्गीतिक यात्रा - बद्री पौड्याल (वर्ष २, अङ्क १, २०५२
८. मलाई त कताकता यस्तो लाग्छ - कालीप्रसाद रिजाल (वर्ष ३, अङ्क १, २०५३)
९. प्रतिलिपि अधिकारसम्बन्धी ऐन - सन्तोष शर्मा (वर्ष ३, अङ्क १, २०५३)
१०. रेडियो नेपालमा - नातिकाजी श्रेष्ठ (वर्ष ३, अङ्क २, २०५४)
११. अहिलेका लोकगीतहरू मिसिनरी भएका छन् - हीरादेवी वाइबा (वर्ष ४, अङ्क १, २०५४)
१२. नारायणगोपालसँगका मेरा बीस वर्ष - पेमाला गुरुवाचार्य (वर्ष ५, अङ्क १, २०५५)
१३. किन मोक्ष प्राप्त नगर्ने? - चेतन कार्की (वर्ष ५, अङ्क २, २०५६)
१४. मेलोडी क्वीन मेलवादेवी - मोहन पी. दाहाल (वर्ष ६, अङ्क २, २०५७)
१५. मेची किनारदेखि कोशी ब्यारेजसम्म - डा. प्रदीप भट्टराई (वर्ष ६, अङ्क २, २०५७)
१६. नौमती बाजाको सुमधुर धुनमा 'रागसारङ्ग' - रामशरण दर्नाल (वर्ष ६, अङ्क १, २०५८)
१७. वेदमा सङ्गीत - बद्रीचन्द्र खनाल (वर्ष ६, अङ्क १, २०५८)
१८. सङ्गीतकार गोपाल योञ्जन -कर्म योञ्जन (वर्ष ६, अङ्क १, २०५८)
१९. अम्बर गुरुङ नेपाल गएपछि - अगमसिंह गिरी (वर्ष ६, अङ्क १, २०५८)
२०. नेपाली वाद्यको प्रयोगात्मक पक्ष - गोपाल योञ्जन (वर्ष ७, अङ्क १, २०६०)

२१. प्रतिलिपि अधिकार र... - सन्तोष शर्मा (वर्ष ७, अङ्क १, २०६०)
२२. नेपाली राष्ट्रिय धुनका रचयिता को थिए ? - रामशरण दर्नाल (वर्ष ५, अङ्क ३-४, २०५६)
२३. ८० वर्षअगाडिको सेतुराम श्रेष्ठको गीत लोप हुने अवस्थामा - सुवि शाह (वर्ष ५, अङ्क ३-४, २०५६)
२४. कलाकुञ्ज - एक संक्षिप्त चिनारी - श्रीधर खनाल (वर्ष ५, अङ्क ३-४, २०५६)

म्युजिक नेपालका नवौं सर्वप्रथम

१. निजी क्षेत्रको पहिलो रेकर्डिङ् स्टुडियो तथा पहिलो सङ्गीत प्रकाशन संस्था ।
२. कलाकारहरूलाई एल्बममा रोयल्टी दिने पहिलो नेपाली संस्था ।
३. कलाकार तथा गीतकारहरूलाई प्रसारण रोयल्टी दिने पहिलो प्रसारण संस्था ।
४. 'टेप मेटिक डिजिटल लूप बिन प्लान्ट' जडान गर्न दक्षिण एसियामै पहिलो स्टुडियो ।
५. बहुराष्ट्रिय सङ्गीत कम्पनीबाट लाइसेन्स प्राप्त गरी गीत-प्रसारण गर्ने पहिलो साङ्गीतिक संस्था ।
६. जापानी टी.भी. एन.एच.के.को एसियाज 'हु इज हु' मा प्रस्तुत हुने पहिलो दक्षिण एशिया साङ्गीतिक संस्था ।
७. सङ्गीत क्षेत्रबाट International Goldstar Award प्राप्त गर्ने दक्षिण एसियाकै पहिलो संस्था ।
८. साङ्गीतिक मुखपत्र प्रकाशन गर्ने पहिलो निजी रेकर्डिङ् संस्था (सङ्गीत, वर्ष ५, अङ्क १, २०५५) ।
९. निजी रेकर्डिङ् संस्थाहरूमध्ये सरकारलाई सबभन्दा बढी राजस्व दिने संस्थाको रूपमा पनि म्युजिक नेपाल परिचित रहेको छ । राजस्वको रकम बर्सेनि बढ्दै गएको देखिन्छ ।

म्युजिक नेपाललाई प्राप्त सम्मानहरू

२७ चैत २०५६ का दिन कलानिधि-इन्दिरा सङ्गीतमहाविद्यालयले म्युजिक नेपाललाई लामो समयदेखि नेपाली सङ्गीतको श्रीवृद्धिमा पुऱ्याउँदै आएको उल्लेखनीय योगदान वापत् 'बालकृष्ण-बालकुमारी स्मृति सम्मान' द्वारा सम्मानित गरिएको छ ।

अन्तर्राष्ट्रिय सम्मान

म्युजिक नेपालका लागि २०५५ सालमा फ्रान्सको राजधानी पेरिसमा एक भव्य समारोहबीच प्रबन्ध-सञ्चालक सन्तोष शर्माले International Goldstar Award 'प्रतिष्ठा र गुणस्तरको लागि प्रदान गरिएको सम्मान प्राप्त गर्नुभयो । यस प्रकारको अन्तर्राष्ट्रिय पुरस्कार प्राप्त गर्ने म्युजिक नेपाल दक्षिण एसियाकै पहिलो संस्था हो ।

यसैगरी जापानी टीभी एन.एच.के को एसियाको 'हु इज हु' मा प्रस्तुत हुने पहिलो दक्षिण एशियाली सांस्कृतिक संस्थाको रूपमा पनि म्युजिक नेपाल परेको छ ।

सन् २००० मा जापानको ACCU द्वारा प्रकाशित सांस्कृतिक अभिलेख स्वरूप पुस्तक "Data Book an Traditional /Folk Performing Arts in Asia and the Pacific – A Basic Model" मा म्युजिक नेपालको परिचय छापिनु गौरवको विषय मान्न सकिन्छ । यसरी म्युजिक नेपाल अन्तर्राष्ट्रिय सङ्गीतजगत्मा पनि परिचित बन्न पुगेको छ । उक्त पुस्तकमा म्युजिक नेपालको Cultural Presevation Council मा सङ्ग्रहित - सोरठी र पैसेरुको परिचय पनि दिइएको छ ।

म्युजिक नेपाल प्रा.लि.बाट अपेक्षा गरिएका विधाहरू अनेक हुन सक्छन् । तीमध्येको एउटा महत्त्वपूर्ण कार्यले नेपाली सङ्गीतको विकासमा टेवा पुऱ्याउन वा यसको जग बलियो पार्नमा एउटा कुरामा ध्यान दिन सकेमा म्युजिक नेपालको उत्तरोत्तर विकासमा सघाउ पुग्न जाने आशा राख्न सकिन्छ । म्युजिक नेपालले आफूसँग भएका वाद्ययन्त्रहरूबाहेक अरू

पनि वाद्ययन्त्रहरू आवश्यकताअनुरूप जोड्नु पर्दछ । यसबाहेकका वाद्यशिल्पी, वाद्यवादक र वाद्यकलाकारहरूलाई कन्सर्ट वा स-साना अर्केस्ट्राको समूह बनाई तिनीहरू प्रदर्शित हुने र रेकर्ड, सीडी, वा भीसीडीमा सुरक्षित राख्न सक्ने म्युजिक नेपालको लागि एक विशिष्ट वाद्यवादनका लागि सबैले सम्झन करै लाग्थ्यो । यसबाट राष्ट्रिय स्तरमा मात्र होइन, अन्तर्राष्ट्रिय स्तरमा पनि नेपाली सङ्गीतले आफ्नो मौलिक पहिचान बनाउन सक्षम बन्ने थियो । त्यसैले म्युजिक नेपालले आफ्नै मातहतमा नभए पनि आफ्नो सम्पर्कमा रहने गरी नेपाली लोकवाद्य समूह, परम्परागत वाद्य, शास्त्रीय वाद्य र आधुनिक वाद्य समूहहरूलाई समेत संयोजन गरी प्रस्तुत गर्न सकेमा पछि गएर तिनै विविध वाद्य समूहहरूबाट एउटा राष्ट्रिय वाद्यवादन निर्माण गर्ने सपना साकार हुन सक्थ्यो । राष्ट्रिय वाद्यवादन (National Orchestra) को स्थापनाले राष्ट्रिय सङ्गीतले एउटा नयाँ आयाम प्रारम्भ गर्नेछ र नेपाली सङ्गीतलाई समृद्ध बनाउनमा ठूलो योगदान पुऱ्याउन सक्ने छ । नेपाली सङ्गीत समृद्ध बन्दै गएमा भविष्यमा हामीकहाँ अन्तर्राष्ट्रिय वाद्यवादन स्थापना गर्न पनि कुनै कठिनाइ पर्ने छैन ।

अन्त्यमा- बहुराष्ट्रिय सङ्गीतकम्पनीहरूको नेपाल प्रतिनिधिको रूपमा काम गरिसकेको म्युजिक नेपालले श्रव्य-दृश्य सामग्रीहरू समेत उत्पादन गर्दै आएको छ । राष्ट्रिय सङ्गीतको भण्डारलाई समृद्ध बनाउँदै त्यसको संरक्षणमा पनि जुटेको छ । दुई दशकको छोटो अवधिमा यो सानो उपलब्धि होइन । म्युजिक नेपालले सबै स्रष्टाहरूको सहयोग र सहभागितामा उत्साहवर्द्धक कार्यहरू सम्पादन गर्दै आएको छ । भविष्यमा यसलाई अझ बढी विस्तार गरी आफ्नो उद्देश्य र लक्ष्यको सन्देश फिँजाउन लागि परेको अनुभव हुन्छ । म्युजिक नेपालले जुन मार्ग अवलम्बन गरिरहेछ, त्यसले भविष्यमा एउटा सिङ्गो प्रतिष्ठानको स्वरूप लिन सक्छ । यसतर्फ अहिले नै गम्भीरतापूर्वक कार्यक्षेत्रमा उत्रनु आवश्यक छ ।

आफ्नो दुई दशक यात्रा सफलतापूर्वक पार गरेकोमा म्युजिक नेपाल प्रा.लि. परिवार र यसका प्रबन्ध-सञ्चालक सन्तोष शर्मामा हार्दिक

बधाई ज्ञापन गर्दछु। म्युजिक नेपालसँग सम्बन्धित कलाकारहरू, कर्मचारीहरू, उत्पादक र वितरकहरूमा समेत शुभकामना व्यक्त गर्दछु।

सन्दर्भ-सामग्री

१. सङ्गीत (म्युजिक नेपालको तीनमहिने मुखपत्र) का विभिन्न अङ्कहरू।

२. नेपाली गीतिक्यासेट : कति लोकप्रिय - शिवकुमार भट्टराई (गोरखापत्र 'शनिवासरीय' २०५१, भदौ ४ गते शनिवार)।

३. म्युजिक नेपालद्वारा उत्पादित वितरित नेपाली क्यासेटहरूको सूची (छैठौं संस्करण)।

४. लहर - सं. प्रदीप भट्टराई (सन् १३ अगस्ट २००३) म्युजिक नेपाल।


५. सांस्कृतिक सम्बर्द्धन परिषद्को अप्रकाशित प्रतिवेदन, २०६०।

६. Music Mania – Anupama Chandra (India Today, Nov. 15, 1994) pp. 180-197

७. Data Bank on Tradition/Folk Performing Arts in Asia and the Pacific – A Basic Model

८. Asia/Pacific cultural Catre for UNESCO (ACCU) Japan, 2000.

■



यो विश्वासको संस्था बनिरहोस्

रामेश श्रेष्ठ

धोबीधाराको सानो घरको एकतलामाथि, एक दुइटा डबिङ् मेसिन राखेर, गीतका दुई चारोटा मास्टरकपीहरू खोजेर, जसोतसो क्यासेटहरू निकालेर बजारमा पुऱ्याएको म्युजिक नेपालको सुरुको अवस्था मैले देखेको छु। निकै बर्षपछिसम्म आफूलाई मनपरेका क्यासेटहरू किनेर सुन्दा धसिएको स्तरहीन आवाजले पिरोलिएर म्युजिक नेपाललाई कति गुनासाहरू पठाएको पनि छु। तर बीस वर्षको अन्तरालमा स्थिति बदलिएको छ। हिजोको अशक्त बालक आज सशक्त, योग्य, श्रमशील र जिम्मेवार युवामा रूपान्तरण भएको छ। यसका लागि संरक्षक र सञ्चालकहरूले जे जति श्रम र सङ्घर्ष गरे त्यो प्रशंसनीय र अनुकरणीय छ।

नेपाली गीत-सङ्गीतको विशाल भण्डार बनेको छ म्युजिक नेपाल । सैयौं, हजारौं कलाकारहरूका कृतिहरू त्यहाँ सङ्ग्रहित र सुरक्षित छन् । चाहिएको बेला जहिले पनि उपलब्ध हुनसक्छ । जबकि रेडियो नेपालको जिम्मेवार पदमा एक समय रहँदा त्यहाँ देखेको नेपाली गीत-सङ्गीतहरूको दुर्गति म सम्झन्छु । उहिलेदेखि सुन्दै आएका कतिपय लोकप्रिय गीतहरू खोज्दा त्यहाँ कतै पाइएनन्, भेटिएनन् । यहाँसम्म कि स्वदेश तथा विदेशमा समेत अति प्रिय रहेको प्रसिद्ध गीत "फर्क हे फर्क नेपाली तिमीलाई डाक्छ हिमाल, आमाको माया बराबर तिम्रै हो नेपाल उचाल" जस्ता गीत पनि रेडियो नेपालमा पाउन सकिएन । कति दुःखलाग्दो कुरो ! कत्रो गैरजिम्मेवारी पन ! कत्रो लापरवाही ! चालीसौं वर्ष रेडियो नेपालमा बसेर काम गर्नुहुने नातिकाजी दाइ समेत आजित भएर भन्नुहुन्थ्यो, "मेरै गीतहरू कति नास-नष्ट भए यहाँ भनिसाध्य छैन । 'बनकी चरी गाएर बस्छे दुनियाँ भुलाएर', जस्ता मेरै कैयौं गीतहरू यहाँ गायब भए भने अरूको त कुरै छाडूँ ।"

कामकै सिलसिलामा एकदिन रेडियोकै कर्मचारीहरूबाट पुरानो स्टोरमा पुराना थन्किएका गीतहरूको मास्टर स्पुल-टेपहरू अनगिन्ति छन् भनेर थाहा पाएपछि गएर हेर्दै । नभन्दै ढुँडी परेको अवस्थामा हजारौं हजार स्पुल-टेपहरू कोठाभरि जतातै फ्याँकिएका अवस्थामा भेटिए । अझै त्यसमा रहेका गीतहरू सुरक्षित गर्न सकिन्छ कि भनेर स्पुल-टेपहरू घाममा सुकाउन लगाएर, केही सफा गर्न लगाएर सुनें पनि । गीतहरू सुन्ने क्रममा गोपाल योञ्जनको नारायणगोपालले गाएको "सबलाई रिझाऊँ भन्दा पसलमा बेचिएछु, मेरा कोही भएनन् सबको म भएछु" भन्ने गीत पनि पाइयो । जुन रेडियोबाट सुन्न छाडेको धेरै भइसकेको थियो । दीपक जङ्गम, रमण घिमिरे, कृष्णहरि बराल र म मिलेर यी सारा गीतहरू सुरक्षित गर्ने र पुनः प्रसारण गर्नका लागि योग्य बनाउने योजना बनाउँदै थियौं, त्यतिखेरै भएको राजनैतिक परिवर्तनले हामीलाई त्यहाँ बस्न दिएन । सायद ती सबै गीतहरू त्यस्तै बेवारिसे अवस्थामा सडेगले होलान् ।

यसै सन्दर्भमा मलाई एउटा घटनाको सम्झना आउँछ । म तानसेन पाल्पामा थिएँ । आफ्ना समयका तानसेनका महान् र अति लोकप्रिय सङ्गीतकार प्राणप्रसाद उदयसँग भेट गर्न म उहाँका गएँ । उहाँबाट राणाकालीन अवस्थामा पाल्पाको साङ्गीतिक संसारको जानकारी पाएँ । उहाँहरूले तानसेनमा सङ्गीत विद्यालय सञ्चालन गर्नुभएको संस्मरणहरू सुनें । उहाँका हारमोनियमवादन, जसलाई सुनेर त्यसबेलाका भारतीय राजदूतसम्म प्रभावित भई भारतीय शास्त्रीय गायन कार्यक्रममा उहाँलाई हारमोनियममा सङ्गत गर्न अनुरोध गर्नुभएको थियो । ती सब अविस्मरणीय घटनाहरू पनि चाखपूर्वक सुनें । अन्त्यमा केही सालअघि प्यारालाइसिसले उहाँको दाहिने हात नै नचल्ने पारिदिएको दुःखद कुरो थाहा पाएपछि मैले त्यस बेलाका उहाँका गीत र वादन कहाँ सुन्न पाइन्छ भनेर प्रश्न गरें । उहाँले सगर्व भन्नुभयो, "बाबु, मेरो हारमोनियमवादनको रिकर्ड रेडियो नेपालमा छ । त्यै हारमोनियम बजाउने हात भगवानले यस्तो पारिदिएपछि के गर्ने ! अब त्यहाँ मात्रै छ मेरो चिनो । २०१३ सालमा महेन्द्र राजाको राज्याभिषेकमा पाल्पाको प्रतिनिधित्व गरेर जाँदा मेरो गीत र हार्मोनियमवादन रेडियो नेपालले रिकर्ड गरेको थियो । बाबु, सक्नुहुन्छ भने रेडियोमा गएर एकप्रति मलाई पनि सारेर पठाइदिनुहोला । मेरो पुरुषार्थ अब मसँग पनि छैन ।" रेडियो नेपालप्रतिको उहाँको विश्वास सुनेर मेरो मन अत्यन्त दुःखी भयो । एउटा कलाकारको विश्वासप्रति कति ठूलो विश्वासघात गरेको छ त्यस संस्थाले ! कलाकार र उनीहरूको कलाकृतिहरूमाथि कत्रो अपराध गरेको छ त्यसले ! यिनै घटनाहरूका कारणले पनि म म्युजिक नेपालसँग विशेष अनुरोध गर्छु कलाकारहरूका जे जति कृतिहरू त्यहाँ आइपुगेका छन्, तिनको राम्रो सुरक्षा होस् । मागेको बेला तिनका प्रतिलिपिहरू पाइने व्यवस्था होस् । यसका लागि म्युजिक नेपालले सङ्गीत सङ्ग्रहालय खोल्ने कार्य गरे ठूलो उपलब्धिको विषय हुनेथियो । जहाँ आफ्नो मात्र होइन बाहिरका पनि अमूल्य र अप्राप्य नेपाली गीत-सङ्गीतहरू सङ्ग्रहित हुन् । नेपाली गीत-सङ्गीतबारे सोधखोज गर्ने हरेकका लागि म्युजिक नेपालको म्युजिक अर्काइभ (सङ्गीत-सङ्ग्रहालय) ले सहयोगीको ठूलो भूमिका खेलोस् । यो

कला संस्कृतिको क्षेत्रमा काम गर्ने शोधकर्ता, कलाप्रेमी, र कलाकारहरूको चाहना हो ।

अहिले नेपाली गीत-सङ्गीतहरूलाई बजारमा ल्याउने थुप्रै व्यापारिक संस्थाहरू जन्मिसकेका छन् । उनीहरूले कैयौं गीति एल्बमहरू बजारमा ल्याएका पनि छन् । तर तिनीहरूको उद्देश्य पैसा कमाउने मात्र भएको हुँदा धेरै त बन्द पनि भइसके । किनभने कि त उनीहरूले त्यसमा लागेर नाफा गर्न सकेनन् वा त्योभन्दा बढी नाफा हुने काम पाएर त्यो छाडिसके । यस्ता मनोवृत्तिका संस्थाहरूमा स्थायित्व र विश्वासका आधार नहुन पनि सक्छन् तर म्युजिक नेपालले आफ्नो स्थायी स्वरूपको विश्वसनीय, सुदृढ, संगठनात्मक, गतिशील परिचय बीस वर्षको अवधिमा प्रस्तुत गरिसकेको छ । त्यसबाहेक म्युजिक नेपालले आफू साधनसम्पन्न भई नाफामूलक व्यापारिक कामहरू मात्र नगरेर, अनेकौं नाफारहित अमूल्य कृतिहरू निर्माण गरेर जनसमक्ष राखेको छ । यो अति सराहनीय र गुनिलो काम हो ।

नेपालका कैयौं पुराना लोकगीत र सङ्गीतहरू पुराना पुस्तासँगै लोप हुने अवस्थामा छन् । म्युजिक नेपालले त्यस्ता अप्राप्य कृतिहरू जगेर्ना गर्ने काम गरिदेओस् भन्ने जनचाहना छ । साथै नेपालमा पाइने प्रायः सम्पूर्ण बाजागाजाको सङ्ग्रहालय भएजस्तै प्राप्त भएजतिका सम्पूर्ण बाजाका स्वर र धुनहरू पनि अङ्कित गर्नसके म्युजिक नेपालको यो कार्य अर्को सुन्दर योगदानको रूपमा रहने थियो ।


नेपाली चलचित्रका गीत, बालगीत, पप, लोकदोहोरी, आधुनिक, भजन, वाद्यधुनका साथै विविध कृतिहरू प्रकाशनमा ल्याएर म्युजिक नेपालले नेपाली गीत-सङ्गीतलाई समृद्ध पार्ने काम त गरेकै छ हाल विशेष गरेर कतिपय लोकगीतहरूलाई पनि दृश्याङ्कन गर्ने काम गरेर अर्को नयाँ कामको सुरुवात गरेको छ । यस क्षेत्रबाट पनि नेपाली जनताले धेरै आशा गर्न सक्छन् ।

यसपालाको दसैंमा नेपाल टेलिभिजनका भाइ विजयउदय पाल्पालीको हातबाट एउटा खाम प्राप्त भएको थियो । त्यसभित्र एउटा पत्र र केही नगद रकम थिए । मेरा एकदुइटा गीति एल्बम जे जति बिक्री भएका

थिए त्यस वापत प्राप्त हुने रोयल्टीको रकम म्युजिक नेपालले पठाएको रहेछ । त्यो देखेर भाइ विजयउदयले भन्नुभयो, "हाम्रो नेपाल टेलिभिजन र रेडियो नेपाललहरूले पनि यसरी नै कलाकारहरूलाई रोयल्टी दिने व्यवस्था गरे कति राम्रो हुने थियो ।" नभन्दै गीति-एल्बम चलेका कलाकारहरूले म्युजिक नेपालबाट पाएको रोयल्टीबाट जीवन चलाउन निकै सघाएको कुरो ठाउँठाउँमा भन्दै हिँडेको सुनिन्छ । यो पनि म्युजिक नेपालले जनमानसमा छोडेको सुप्रभाव हो ।

अन्त्यमा म्युजिक नेपालको एक शुभेच्छुकको नाताले म त्यस संस्थाप्रति के अनुरोध गर्छु भने उसले पाएको अमूल्य जनविश्वास कहिले पनि नगुमाओस् । गीत-सङ्गीतको क्षेत्रमा व्यापारभन्दा सेवा भावले यो संस्था सञ्चालित होस् । त्यसो भएमा यस संस्थालाई जीवित राख्न जनस्तरबाट हर प्रकारको सहयोग मिलिरहने छ । देश र जनताको गीत-सङ्गीतको ढुकुटीका रूपमा यो अनन्तकालसम्म रहिरहने छ ।

घरकै कुनै काममा व्यस्त रहिरहँदा वा अरु कुनै कामहरूमा अल्झिरहँदा अरुण-उपत्यका समूहको नौमती बाजा, गर्रा र हाक्पारे गीतहरूले घर गुञ्जिरहेको हुन्छ मेरो । उमङ्ग, उत्साह र खुसियालीले वातावरण रमाइरहेको हुन्छ । र, त्यसबेला म सम्झन्छु यो आनन्द पनि म्युजिक नेपालकै कारणले प्राप्त भएको हो । ■



नेपाली गीत, सङ्गीत र म्युजिक नेपाल

विजय सुब्बा

म म्युजिक नेपालसँग सम्बद्ध मान्छे होइन, त्यसैले म्युजिक नेपालका राम्रा कामहरूका बारेमा बोल्न वा लेख्न मेरो अधिकार नै पुग्दैन ।

जब २०४० सालतिर होला यो संस्था खुलेको थियो, त्यसवेला मलाई पनि निकै खुसी लागेको थियो । मलाई नेपालको एउटै मात्र ठूलो रेकर्डिङ् र प्रचारप्रसार संस्था रेडियो नेपालमा पहुँच नपुग्ने र तत्कालीन रत्नरेकिर्डिङ् संस्थानमा चिहाउन नसक्नेहरूले पनि अब आफ्ना साङ्गीतिक सिर्जनाहरू रेकर्डमा सुरक्षित गर्न पाउने भए भन्ने लाग्यो । त्यसपछाडि मेरो पनि सानो त्यस्तै रहर जोडिएको थियो र म मनमनै खुसी पनि भएको थिएँ । जे

भएपनि पैसा जम्मा गरेर गीत रेकर्ड गर्न खोज्दा गर्न सकिने भयो भन्ने लाग्यो ।

म्युजिक नेपालको स्थापनाकालमा मलाई यो टिक्न सक्छ के ? भन्ने पनि लागेको थियो । तत्कालीन रत्नरेकर्डिङ् सस्थानको ताल देख्दा जो कोहीलाई त्यस्तो लाग्थ्यो होला । तर म्युजिक नेपाल राम्ररी टिक्यो । टिकेन मात्र, यसले त निजी रेकर्डिङ् संस्थाहरूचाहिँ चल्न सक्छन् भन्ने पनि देखायो गरेरै । अहिले त म्युजिक नेपाल साङ्गीतिक बजारमा यस उद्देश्यका संस्थाहरूको एक्लो नेता पनि बनिसक्यो ।

म्युजिक नेपाल निरन्तर उकालो लागिरहने विगत भएको संस्था हो । यसले यति धेरै काम गरिसकेको छ कि त्यति त सरकारद्वारा सञ्चालित संस्थाले सम्म गर्न सकेको छैन । पुराना गीत, सङ्गीत र स्वरदेखि लिएर नयाँनयाँ र स्तरीय लोक, आधुनिक, शास्त्रीय साङ्गीतिक सामग्रीहरूलाई श्रोता समक्ष पुऱ्याउने धेरै काम यही मार्फत् हुँदैआएको छ । त्यसैले यस संस्थाले आफूलाई सबैभन्दा ठूलो र अगुवा संस्थाको रूपमा दावी गर्दै आएको छ । अनर्थ भा' छैन ।

गीत र सङ्गीतका सर्जकहरू आफैंमा महत्त्वपूर्ण छन् । तर ती सर्जकका सिर्जनाहरूलाई प्रचारप्रसारमा ल्याउनुभन्दा अघि त्यस योग्य बनाउन म्युजिक नेपालजस्ता रेकर्डिङ् संस्थाहरूको भूमिका अनिवार्य हुन्छ । हो, यही काममा यस संस्थाले निजी क्षेत्रमा पहिलो पहल गऱ्यो र हजारौँ सर्जकहरूलाई पेट भर्ने माध्यम पनि बनिदियो । क्षमतावान् गीतकार, गायक र सङ्गीतकार मात्र हैनन्, सङ्गीतसँग जोडिएका कुनै पनि सर्जकहरू अब भोकै मर्दैनन् भन्ने प्रमाणित गरिदियो ।

अब अलिकति अर्कोतिर लागौँ । कलाकार र गीतहरूलाई विचारका आधारमा मुख्य गरी दुई पक्षमा विभाजन गर्न सकिन्छ । एउटा प्रगतिशील र अर्को यथास्थितिवादी वा गैरप्रगतिशील मात्र भनिराखौँ । यहाँ दुवै पक्षले आफूले जनताकै गीत गाउँदै आएको दावी गर्दछन् । हो पनि दुवैले जनताकै गीत गाइरहेका छन्, तर आ-आफ्नै पक्षका जनताका लागि । किनभने प्रगतिशील पक्षकाले जनता मान्ने भनेका ती हुन् "जो अन्याय, अत्याचारको विरोध गर्छन्, शोषणबाट मुक्ति चाहन्छन्, क्रान्तिको

पक्षमा उभिन्छन् ।" उनीहरू यिनकै लागि मात्र गीत गाउँछन् । अनि अर्कोतर्फ गैरप्रगतिशील वा यथास्थितिवादी कलाकारहरू पनि "गीतमा कहाँ राजनीति हुन्छ र" भनेर श्रमजीवि वर्गका लागि समर्पित गीतहरू गाउँदैनन् । आंशिक रूपमा दुवै पक्षकाहरूले कतै न कतै एकअर्का पक्षीय जनताका लागि पनि गीत नगाएका, नलेखेका भने हैनन् । तर मूलरूपमा माथि चर्चा गरे जस्तो स्थिति छ । त्यसकारण दुवै पक्षले सम्पूर्ण जनताका लागि हामी गीत, सङ्गीत र गायन अर्पन्छौं भन्नु झुठ सिवाय केही हुन्न । मैले यति विषयान्तर जस्तो लाग्ने प्रसङ्ग किन ल्याएको हुँ भने म्युजिक नेपालले यो वा ऊ पक्ष नभनीकन गुणस्तरको आधारमा दुवै पक्षलाई यथोचित सुविधा उपलब्ध गराउँदै आएको छ भन्नलाई हो । यसले वरिष्ठ जनगायक जे.बी. टुहुरे, चेतनारायण राई, जीवन शर्मा लगायतका जनकलाकारहरूलाई पनि समेटेको छ । हुन त सरकारी सञ्चारमाध्यमहरूको पूर्वाग्रही व्यवहार र आफ्नै कारणले गर्दा अप्रगतिशील गीत-सङ्गीतको तुलनामा प्रगतिशील गीतहरूले राम्रो स्थान बनाउन सकेनन् । तर म्युजिक नेपालसम्म जो पुगे तिनले गुणस्तर हुँदाहुँदै निरास भने हुनुपर्दैन भन्ने देखिएको छ ।

म्युजिक नेपाल व्यावसायिक संस्था पनि हो । यसले बाँच्नु पनि छ र सर्जकहरूलाई बचाउनु पनि पर्छ भन्ने कुरा बुझेको छ । नारायणगोपाल, गोपाल योञ्जन, अरुणा लामा, प्रेमध्वज प्रधान, दीप श्रेष्ठ लगायतका थुप्रै नेपाली साङ्गीतिक निधिहरूदेखि लिएर विल्कुल नयाँ पुस्ताका कलाकारहरूसँग यसले काम गरिसकेको छ ।

म्युजिक नेपाल आफ्नो उद्देश्यसँग जोडिएको विषयमा सधैं अगाडि नै सोचिरहेको हुन्छ । यसले सङ्गीतकार र गीतकारमाथि भइरहेको शोषणलाई अन्त्य गर्ने कसैले ध्यान नदिएको कुरोलाई अगाडि ल्यायो र भन्न थाल्यो गायकलाई मात्र हैन गायकले जसरी र जतिपटक गायकस्व पाउँछ त्यसरी नै गीतकार र सङ्गीतकारलाई पनि थोरै नै किन नहोस् पारिश्रमिक दिइनेछ । म्युजिक नेपालको यस निर्णयले पूर्ण गीतको दुईवटा पाटोलाई विल्कुल न्याय गरेको छ । विभिन्न रेडियो संस्थाहरूबाट गीतकार र सङ्गीतकारको नामै नभन्नेसम्म भइआएको बेला पारिश्रमिक

नै प्राप्त हुने वातावरणको सिर्जनामा अगुवाई गर्ने म्युजिक नेपाललाई प्रशंसा र धन्यवाद दुवै दिनु उचित हुन्छ ।


अर्को एउटा प्रसङ्ग लेख्छु । गीत, सङ्गीत, साहित्य, कला, विज्ञान आदि विधा वा क्षेत्रलाई न्यायपूर्ण तरिकाले प्रतिलिपिअधिकारको व्यवस्था गर्नका लागि सरकारले ०५८/५८ सालमा एउटा विधेयक मस्यौदा संसद्मा पेस गरेको थियो । त्यस विधेयकलाई ऐन बनाउने क्रममा यस संस्थाका तर्फबाट प्रबन्ध-सञ्चलक श्री सन्तोष शर्मा र वरिष्ठ लोकगायक श्री कुमार बस्नेतसँग मैले पनि सहकार्य गर्ने मौका पाएको थिएँ । संसद्मा करिबकरिब सबैको रुचि र जानकारीबाहिरको त्यस प्रतिलिपिअधिकार ऐनको व्यवस्था गर्न बनेको विधेयकमा मेरो पनि घनिष्ठ रुचिमात्र थियो जानकारी थिएन । त्यसमा मैले उहाँहरूबाट पाएको पूर्ण सहयोगले त्यस विधेयकले नेपाली गीत-सङ्गीतक्षेत्रका संस्था र सर्जकहरूको हित अनुकूलका दफा, उपदफा र व्याख्याहरू समेट्ने अवसर मिल्यो र त्यो ऐन पनि बन्यो । यदि म्युजिक नेपालको त्यति सहयोग वा अथक परिश्रम नपरेको भए त्यो एने बन्ने त थियो तर कार्यान्वयनमा जान थाल्दा नथाल्दै संशोधनको थालनीमा लाग्नुपर्थ्यो । व्यक्तिगत हिसाबले भन्दा म्युजिक नेपालको त्यस सहयोगबाट संसद्सदस्यहरूमध्ये सबैभन्दा बढी मैले फाइदा लिन सकँ भन्ने लागेको छ ।

म्युजिक नेपालको उद्देश्य नेपाली गीतसङ्गीतको संरक्षण, संवर्द्धन र विकास पनि हो भन्ने यसको व्यवहारबाट प्रमाणित भइसकेको छ । यसले काम गरेरै राम्रो काम गर्न वाध्य गराउँदै लान्छ अन्य यस्ता संस्थाहरूलाई । यसले साङ्गीतिक जगत्मा देखिइरहेका विकृति-विसङ्गतिहरूलाई अरु बढ्न नदिनेतर्फ ध्यान दिनुपर्ने भएको छ । संरक्षण, संवर्द्धन र विकास भन्नाले तिनै काममा लाग्नु पनि होला ।

माथि चर्चा गरिसकेको छु– म्युजिक नेपाल सधैँ अरूभन्दा अगाडि नै सोच्ने गर्छ । यसको रचनात्मक क्षमतालाई देख्दा यसको हकमा 'गार्खालीको बुद्धि पछाडिमात्र पलाउँछ' भन्ने उखान मिल्दैन । अहिले यसले आफ्नो मात्र होइन जुनसुकै रेकर्डिङ् संस्थाहरूबाट निर्मित तथा उत्पादित साङ्गीतिक सामग्रीहरू भए पनि सङ्कलन गरेर एउटा सङ्गीत

पुस्तकालय खडा गर्ने कुरो सोचिरहेको रहेछ । अरुलाई आफ्नै उत्पादन सम्हाल्न ठीक नभएको बेला यो चाहिँ सबैको उत्पादन सम्हाल्ने कुरा गरिरहेको छ । र, यसो गऱ्यो भने फेरि पनि यसले नेपालमा अर्को सबैभन्दा ठूलो काम गरेको हुनेछ । यसो भएमा यस संस्थाको महत्त्व बढ्ने त भयो नै, यसप्रति सर्जकहरूको थप विश्वास जाग्नेछ ।

अन्त्यमा, म्युजिक नेपालले बीस वर्षमा जे गरेको छ यस क्षेत्रमा; त्यो नै धेरै छ, यस्ता 'धेरै काम' अझै धेरैधेरै गर्न सकोस् भन्ने सतत् कामना छ । ■



म्युजिक नेपालको प्रशंसनीय योगदान

विष्णुविभु घिमिरे

कुन गाउँ, कुन सहर, कुन देश, कुन परिवेश। तराईको फाँट होस् या हिमालपारिको भिरालो, जहाँ नेपालीहरू छन्, जहाँ नेपाली भाषा छ, त्यहाँ म्युजिक नेपालको कुनै न कुनै क्यासेट अथवा सी.डी. एल्बम पनि छ। देशको दसगजाभित्र होस् अथवा परदेशको दूर-दराजमा होस्– म्युजिक नेपालको म्युजिक घन्किरहेको पाउँछौं। थरीथरीका नेपालीलाई थरीथरीका सङ्गीत, गीत र आवाजले भरिपूर्ण बनाउने म्युजिक नेपाल यस अर्थमा श्रद्धाको पुञ्ज हो, सङ्गीतप्रेमीहरूका लागि आशा, भरोसा र विश्वासको राष्ट्रिय परिचय हो।


नेपाली मनको ढुकढुकी जहाँ छ, नेपाली पहिचानको आधार जहाँ छ– त्यहाँ म्युजिक नेपालका क्यासेट र सी.डी. एल्बम पनि छन् । त्यसभित्र आफ्नो गाउँसहरको सम्झना छ । त्यसभित्र नेपालको आत्मा छ, रुरुल्को छ । गाउँघरको गीतसङ्गीत र स्वर छ । सहरबजारको रक, पप र आवाज छ । वास्तवमै एउटाएउटा क्यासेटभित्र एउटाएउटा नेपाल छ । एउटाएउटा जाति र एउटा ठाउँको रुङ्कार र आवाज छ ।

म्युजिक नेपाल नेपालका सबै जाति संस्कृतिबीच पुगिसकेको छ । सबै उमेर, सबै स्वादभित्र छिरिसकेको छ । आधुनिक गीत, लोकगीत, पपगीत, चलचित्रगीत, भजन, गजल, जनगीत, राष्ट्रिय गीत, बालगीत यसबाहेक प्रहसन र विभिन्न भाषाभाषीका गीतहरूको क्यासेट उत्पादन र वितरण गरी नेपालको सांस्कृतिक राष्ट्रियतालाई बलियो बनाउने म्युजिक नेपाल एउटा व्यवसायी संस्था हुँदाहुँदै पनि त्योभन्दा धेरै सेवामुखी संस्थाका रूपमा आफ्नो पहिचान स्पष्ट पार्न सफल छ ।

सङ्गीतसँगसँगै साहित्यका क्षेत्रमा समेत केही वर्ष यता आएर यस संस्थाले उल्लेख्य योगदान दिँदै आएको छ । यस क्रममा हामी आदिकवि भानुभक्तको रामायण रेकर्ड गरी क्यासेट प्रकाशन गरेको कुरो विर्सन सक्तैनौं । अहिले नेपालभित्र मात्र होइन नेपालबाहिर दार्जीलिङ, सिक्किम, आसाम, सिलाङदेखि देहरादुन र भाक्सुसम्मका नेपालीहरूका घरघरमा भानुभक्तका रामायण श्लोकबद्ध लयमा घन्किरहेको पाउँछौं । यसरी नै महाकवि देवकोटाको 'मुना मदन' र 'कुञ्जिनी' काव्य एवं कोमलगीताको क्यासेट प्रकाशनलाई लिन सक्छौं । अक्षर पुऱ्याउनु जति सजिलो होला त्यो ठाउँमा, सङ्गीतसहितको आवाज पुऱ्याउनु निश्चय नै गाह्रो हुन्छ । तर म्युजिक नेपाल त्यो सङ्गीत र आवाज पनि पुऱ्याउने प्रयासमा सफल छ । धार्मिक भावनाका नेपाली समाजमा 'स्वस्थानी' को आफ्नै प्रभाव र श्रद्धा छ । यसमाथि पनि स्वर रेकर्ड भई क्यासेट प्रकाशित भइसकेको र राष्ट्रकवि माधव घिमिरेको जीवन्त कृति 'गौरी' पनि निकट भविष्यमै क्यासेटका रूपमा प्रकाशनमा आउने कुरो सुन्दा साहित्यप्रेमीहरूको हृदय गद्गद् भएको छ ।

सांस्कृतिककर्मीहरूको निम्ति सांस्कृतिक संस्थान, कलाकारहरूको निम्ति नाफा, साहित्यकारहरूको निम्ति साझा प्रकाशन यो लोकमान्यता स्थापित भइसकेको सन्दर्भमा सङ्गीत, गीत र गायकहरूका निम्ति अब एकमात्र म्युजिक नेपाल अहिले सबैको आशा र भरोसाको केन्द्र भएको छ। साझा प्रकाशन, सांस्कृतिक संस्थान र नाफाभन्दा म्युजिक नेपाल उमेरले निकै कान्छो भए पनि, आजको नेपालमा यसको लोकप्रियता र यसले पुऱ्याएको योगदान कम छैन। यस संस्थाले आफ्नो स्थापनाकालदेखि अहिलेसम्म दुई दशक अवधिमा आफ्नो क्षेत्रमा गरेको प्रगति र यस क्षेत्रसँग सम्बन्धित स्वनामधन्य व्यक्तिहरूबाट प्राप्त श्रद्धा साँच्चिकै सम्मानयोग्य छ।

मुलकका विभिन्न क्षेत्रमा गाइने विविध जनजाति र सम्प्रदायका लोकसङ्गीत, लोकगीतका साथसाथै लोकपरम्परा र लोकनृत्य संरक्षण र सङ्कलन गर्ने एउटा पुनीत कार्यको शुभारम्भ आफैंमा महत्त्वपूर्ण छ। समयको चक्रमा उचित संरक्षण नपाई हराएर, बिलाएर जान लागेका हाम्रा सांस्कृतिक इतिहासका धरोहर मानिएका सेतुराम, मा. मित्रसेन, मा. रत्नदास, मेलवादेवी, वटुकृष्ण, वद्री, आनन्द, रानूदेवी, उस्ताद साँइला आदि प्रातः श्रद्धेय कलाकारहरूका गीत र स्वरहरू सङ्कलन गरी क्यासेट प्रकाशन गर्ने म्युजिक नेपालको यो योजना सङ्गीतप्रेमी र नेपाली सङ्गीतका अनुसन्धानकर्ताहरूमा एउटा अनमोल उपहार हुने कुरामा मतैक्य नहोला। म यसको बीस वर्षे काललाई र आगामी दशकहरूको उत्तरोतर प्रगतिको समेत कामना गर्दछु। ■



मेरो सङ्गीतयात्राको प्रमुख सहयात्री

शक्तिवल्लभ

केही मात्रामा भए पनि चलिसकेको मेरो सङ्गीतकारको नामले मलाई रेडियो नेपालमा स्वरपरीक्षा दिन बाधा पुऱ्याइरहेको थियो। यस्तैमा २०३८ सालमा पहिलो निजी रेकर्डिङ् स्टुडियोको रूपमा म्युजिक नेपालको स्थापना भयो तब मैले मेरो इच्छालाई दुईवटा गजल रेकर्डिङ् गरी पूरा गर्ने अवसर पाएँ। मेरो सङ्गीतजीवनको गजल गायनयात्राको सुरुवात म्युजिक नेपालबाट भएको कारणले पनि मेरो र म्युजिक नेपालको सम्बन्धले विशेष महत्त्व राख्दछ। चालीसको दशकमा रेकर्ड भै चर्चित रहेका मेरा आधुनिक सङ्गीतहरू हाम्रो सम्बन्धको अर्को महत्त्वपूर्ण कडीको रूपमा मैले पाएको छु भने पचासको दशकमा मैले सङ्गीत

गरेका केही चलचित्रका गीतसङ्गीतहरूले अडियो क्यासेटको बिक्री-वितरण र अत्यधिक सफलताको कारण यस संस्थाले मलाई व्यक्तिगत रूपमा समेत सम्मान गरिनु मेरा लागि ज्यादै अविस्मरणीय क्षणका रूपमा मैले पाएको छु। बीस वर्षसम्मको लामो सहयात्रामा मसँग यस्तै धेरै अविस्मरणीय क्षणहरू छन्, जसलाई यस सानो लेखमा समेट्न मलाई गाह्रो पर्नु स्वाभाविक छ।

विश्वव्यापारमा फैलिएको उदारीकरण र निजीकरणको प्रभावले नेपाली गीत-सङ्गीतलाई नछुने भन्ने कुरै थिएन तर यसको सुरुवात गर्ने श्रेय भने म्युजिक नेपाललाई जान्छ। जसले नेपालमा पहिलो निजी रेकर्डिङ्को सुरुवात गऱ्यो। यस संस्थाले निजी रेकर्डिङ्का साथसाथै धेरै उल्लेखनीय कार्यहरूको थालनी गरेको छ जो यस्तै अन्य संस्थाहरूका लागि समेत अनुकरणीय रहेका ती देहाय छन्।

- प्रत्यक्ष रेकर्डिङ् (LIve Recording) बाट ट्र्याक रेकर्डिङ् (Track Recording) गर्ने प्रविधिलाई भित्र्याई गीत-सङ्गीत क्षेत्रलाई नयाँ प्राविधिक युगमा रूपान्तरण गर्नु।

- अडियो क्यासेट बिक्री-वितरणलाई व्यावसायीकरण गरी प्रतिक्यासेटमा रोयल्टी दिने प्रथाको सुरुवात गर्नु।

- गीतप्रसारण भए वापत समेत आफूले सञ्चालन गरेको कार्यक्रम मार्फत् रोयल्टी प्रदान गर्ने कार्यको सुरुवात गर्नु।


- वर्षभरिका अत्यधिक सफल रहेका एल्बमहरूका स्रष्टाहरूलाई सम्मान गर्नु।

- व्यावसायिकता मात्र नभई सांस्कृतिक सम्वर्द्धनको हेतुले समेत सृजनशील गीत-सङ्गीतलाई विभिन्न वर्गमा बाँढी प्राथमिकताका आधारमा रेकर्ड गरी बजारव्यवस्थापन गर्नु आदि।

नेपाली गीत-सङ्गीत र साहित्यको विकास, प्रवर्द्धन एवं सम्बर्द्धन गर्ने कार्यबाहेक पनि यस संस्थाले गरेको अर्को ज्यादै महत्त्वपूर्ण कुरा अनुत्पादक क्षेत्र भनिएको राष्ट्रिय सम्पत्ति र राष्ट्रिय गहना भन्ने गरिएको कला, सङ्गीत र साहित्य क्षेत्रलाई व्यवसायीकरण गरी लाखौँलाख रूपैया बराबरको राजस्व सरकारलाई बुझाई राष्ट्रिय अर्थतन्त्रको विकासमा

प्रत्यक्ष योगदान पुऱ्याएको छ । जसले गर्दा यो क्षेत्र अनुत्पादक होइन राष्ट्रिय सम्पत्तिका साथै उत्पादक क्षेत्र पनि हो भन्ने ज्वलन्त उदाहरण प्रस्तुत गरेको छ ।

आफ्नो २० वर्षसम्मको यात्रामा यस संस्थाले जसरी धेरै उल्लेखनीय थालनीहरू गर्दै यहाँसम्म आइपुगेको छ, त्यसरी नै आगामी दिनहरूमा पनि स्रष्टा-सम्वर्द्धन र राष्ट्रिय संस्कृतिको विकासका लागि उल्लेखनीय एवं अनुकरणीय कार्यहरू गर्दै जानेमा आशा राख्दै म यसको उत्तरोत्तर प्रगतिको कामना गर्दछु । ■



हामी यसका सन्तान हौँ

शम्भु राई

म्युजिक नेपालका साङ्गीतिक गतिविधिहरू र यसका योगदानलाई सम्पूर्ण कलाकारहरूले अनुभव गर्दै आइरहेछन्। वि.सं. २०३८ सालयता आएर यसले सम्पूर्ण गीतकार, सङ्गीतकार र गायक-गायिकाहरूलाई व्यवस्थित ढङ्गले साङ्गीतिक यात्रामा अग्रसर गराएको छ। यसरी हिँड्दा सक्षम भइँदोरहेछ भन्ने बोध पनि गराउँदै आएको छ। आज यसले देखाएको यही बाटोमा हिँडेर नै धेरै कलाकर्मीहरूले बाँच्ने आधार पाएका छन्। वास्तवमा यो बाटो देखाउने काम रेडियो नेपाल, नेपाल टेलिभिजनजस्ता सरकारी सङ्घ-संस्थाहरूले गर्नुपर्थ्यो। तर तिनीहरूले नगरे पनि म्युजिक नेपालजस्तो निजी संस्थाले साङ्गीतिक र सांस्कृतिक फाँटमा– सङ्गीत

एउटा कलासँगसँगै गतिलो व्यावसाय पनि हुन्छ भन्ने कुरो प्रमाणित गरिदिएको छ। यो हामीजस्ता सबै कलाकर्मीहरूका लागि सुखद् कुरो पनि हो। यसले सङ्गीत मात्र होइन, साहित्य र संस्कृतिको फाँट लगायत अलिकति देशप्रति माया गर्ने सबै कलाकर्मीलाई समेत समेटेको छ।

सङ्गीतको क्षेत्रमा म्युजिक नेपालले बनाइदिएको यो व्यवस्थित बाटोलाई भत्काउने र चोइट्याउने थुप्रै प्रवृत्तिहरू पनि आएका होलान्, अप्ठ्यारो पारिदिएका पनि होलान् तर कसैले पनि यस किसिमको काम गरिदिनु हुँदैन। डोऱ्याउने संस्थालाई हामील सदैव सम्झिनुपर्छ, बिर्सिनु हुँदैन।

यो निजी स्तरको भएपनि हामीले यसलाई एउटा राष्ट्रिय स्तरको संस्थाको रूपमा हेर्नुपर्छ। यसले निजी स्वार्थसिद्धि गरेको छैन। यो राष्ट्रिय हितका लागि अगुवाका रूपमा अग्रसर भएको छ। हिजो यसले यस किसिमको प्रयास नगरिदिएको भए आज यसरी च्याउसरि साङ्गीतिक सङ्घसंस्थाहरू जन्मिने थिएनन्। मैले कसैको विरोध गर्न खोजेको होइन। आफ्नो गरिखानु पर्छ तर अग्रज, अगुवा संस्थालाई वचन लाउनु हुँदैन। आज म्युजिक नेपालकै कारणले धेरै नवप्रतिभाहरू जन्मेका छन् र धेरै जन्मेकाहरू उन्नत भएका छन् भन्ने कुरो हामीले भुल्नु हुँदैन। यसकै कारण धेरैले अवसरहरू पाएका छन् र बाँच्ने एउटा दरिलो माध्यम पाएका छन् भन्ने कुरो हामी सबैले स्मरण गरिरहनुपर्छ। आज सुनको भन्दा पनि कलाकारिताको मोलतोल उच्च भएको छ भन्ने राम्रो कुरो सुनिन्छ त्यो म्युजिक नेपालकै देन हो।

व्यावसायका हिसाबले म म्युजिक नेपालको प्रतिस्पर्धीजस्तो देखिउँला तर म यसलाई सदैव एक अभिभावकको रूपमा हेर्नेगर्छु। यदि यो मेरो अभिभावक नभइदिएको भए र यो शम्भु राईलगायत सम्पूर्ण गायक-गायिका र सङ्गीतकारहरूलाई उनीहरूको सीप र कलाको पारिश्रमिक दिनुपर्छ भन्ने थिति नबसाइदिएको भए कसैले यो व्यावसाय गर्न सक्ने नै थिएन। यो कुरो बिर्सिनु हुँदैन। अनि म्युजिक नेपाल रहेन भने र यसले अगुवाको भूमिका खेलिदिएन भने मलाई लाग्छ– पछि आउने संस्थाले यस रूपमा फस्टाउन सक्ने छैनन्।

म्युजिक नेपालले राजनीतिक आग्रह र पूर्वाग्रहका आधारमा कसैलाई

पनि काखा र पाखा राख्ने काम गरेन। सबै विचारधारा र सबै सांस्कृतिक फाँटका मानिसहरूलाई यसले विना कुनै भेदभाव समेटेको छ। बरु सरकारी प्रसारणका रेडियो र टीभीले भेदभाव गर्छन्।

कतिपयले भन्छन्– "म्युजिक नेपालले हाम्रा गीतहरू बेचेर आफू धनी भयो।" यो मिथ्या आरोप मात्र हो। बरु म्युजिक नेपालले धेरै गीतकार-कलाकारहरूलाई धनी हुने बाटो खोजिदिएको छ। म आफ्नै उदाहरण दिन्छु– मैले आफ्नो बुद्धिविवेक लगाएर यो काम गरेको होइन। मैले त म्युजिक नेपालको सिको गरेर, उसँगै शिक्षा लिएर, उसैलाई अभिभावक मानेर मात्र आज म यो काम गर्न सक्षम भएको हुँ। खालि प्रतिष्ठाका रूपमा मात्र सीमित र अनुत्पादक ठहऱ्याइएको यस विधालाई व्यावसाय बनाइदिने काम यसैले गरेका हो।

सबैभन्दा ठूलो कुरो– यो चप्पल आदि व्यावसाय गर्दागर्दै रहरले या कुनै आकर्षणले यस क्षेत्रमा प्रवेश गरेको होइन र भोलि यो क्षेत्र छोडेर अन्यत्र चाहर्न पनि सक्तैन। म्युजिक नेपाल लडे पनि, उठे पनि यसको आधारभूमि यही सङ्गीत क्षेत्र नै हो। यसैमा यसले एउटा युग व्यतीत गरिसकेको छ। यी २० वर्षहरूमा यसले यस क्षेत्रमा धेरै पाइला खियाएको छ, थुप्रै जोर जुत्ताहरू फटाएको छ। धेरैवटा मिसिनहरू घोटेर, धेरै कलाकर्मीहरू जन्माएको छ। सुतिसकेका धेरै कलाकारलाई व्यूँझाएर हिँडाएको छ। शम्भु राईजस्ता सारङ्गी रेटेर हिँड्ने फुटपाथकाहरूलाई स्थापित गराएको छ। साँच्चिकै भन्ने हो भने आर्थिक रूपले विपन्न, टायरको चप्पल लगाउन नसक्ने मानिसहरूलाई पनि यसले चारपाङ्ग्रे गाडीमा गुड्ने र हातमा मोबाइल बोक्ने अवसर र चाँजोपाँजो मिलाइदिएको छ। यसभित्र म पनि पर्नसक्छु। यसको श्रेय म्युजिक नेपाललाई नै जान्छ। यसो भन्नेहरूले म्युजिक नेपालअघिका संस्थाहरूको योगदानको मूल्याङ्कन गर्दा हुन्छ। नारायणगोपाल दाइजस्तालाई पनि यसले रोयल्टी दियो र गीतियात्राजस्तो कालजयी साङ्गीतिक सामग्री जन्मेको हो। जन्म दिने आमालाई बोक्सी भन्न थाल्यो, गाली बेइज्जती गर्न थाल्यो भने त्यो सन्तान के सन्तान? हामी त म्युजिक नेपालका सन्तान हौं। ■



सिङ्गो नक्षेत्र देशको


शैलेन्द्र सिम्खडा

गीत सङ्गीतको क्षेत्र छोपी पंख फिजाउँदै
यौटा सामान्य संस्थाले सिङ्गै राष्ट्र रिझाउँदै
स्रष्टाको सृजना चिन्न चुकेको छैन कैं पनि
जस्को पवित्र प्रसाद खानेमा पर्छु मै पनि

गरी संघर्षको यात्रा खेपी दुःख अनर्थमा
कति रुङ्का खपेका छौं बितेका बीस वर्षमा
मुर्चुङ्गा बाँसुरी टचाम्को सारङ्गी बिनयो धुन
खोजि जित्न सकेका छौं नेपाली जनको मन

सुरिलो गीतमा कैले पुराना काव्यमा कतै
चोटिलो ब्यङ्ग्यमा उस्तै दोहोरीमा जतातै
कला-संस्कृतिको टेवा राष्ट्रकै परिवेशको
प्रा.लि. म्युजिक नेपाल सिङ्गो नक्षेत्र देशको

■



यसको उचाइ माथि छ

सत्यमोहन जोशी

मेरो विचारमा म्युजिक नेपालले लोकसङ्गीतका क्षेत्रमा एउटा 'मुभमेन्ट' ल्यायो, अभियान ल्यायो। यसको स्थापनापूर्व पनि यस किसिमका संस्थाहरू त थिए तर यसले लोकसङ्गीतलाई योजनाबद्ध तरिकाले व्यावसायिकतामा ढाल्यो। यो राष्ट्रकै निम्ति ठूलो उपलब्धि हो। एकपटक म यस संस्थाले आयोजना गरेको एक समारोहमा प्रमुख अतिथि भएको थिएँ, त्यसवेला यस संस्थाले श्री ५ को सरकारलाई लाखौं रुपियाँ राजस्व बुझाएको भन्ने सुन्दा मलाई खुसी लाग्यो। श्री ५ को सरकारको राजस्वमा मात्र यत्रो रकम तिर्छ भने कलाकारहरूलार्य ऋन् रोयल्टी कट बाँढ्दो हो। मलाई त्यसबेला लाग्यो, सरकारी रूपमा सञ्चालित विभिन्न


काराखानाहरू घाटामा गएर कति बन्द भए, कति राजधानीबाहिर सारिए। तर अनुत्पानक भनिएको सङ्गीतको व्यापार गरेर सरकारलाई राजस्वसमेत तिर्नु त राष्ट्रकै लागि ठूलो उपलब्धि हो।

अर्को कुरो, सङ्गीतको क्षेत्रलाई खास गरी लोकपक्षमा छरिएका लोककलाकारहरूलाई एकत्रित गरेर एउटा सामूहिक मञ्च प्रदान गऱ्यो। मञ्च दिएर पनि यसले अरुले जस्तो कलाकारको शोषण गरेन। त्यसैले यसले कलाकारहरूलाई भौतिकरूपले मात्र होइन्, एकत्रित गर्नमा पनि योगदान पुऱ्यायो। र, वर्षमा एकपटक ती सबै कलाकार, गीतकारहरूलाई भेला गराउर एउटा समारोह नै आयोजना गरी वर्षभरि बिक्री भएका एल्वमहरूका आधारमा विभिन्न विधाका उत्कृष्ट एल्वम धनी कलाकारहरूलाई पुरस्कृत गर्नेसमेत सम्मानजनक काम यसले गरेको छ। योभन्दा प्रतिष्ठित काम के गर्ने? राष्ट्रले गर्नुपर्ने काम म्युजिक नेपालले गरिदियो।

यसले कोठामै रचेका लोकगीतहरू बढी प्रकाशित गऱ्यो भन्ने गुनासाहरू पनि छन्। यो आकर्षक भयो होला र यसले बढी प्रभाव पनि पाऱ्यो होला। सबै कुरा शतप्रतिशत राम्रा हुन्छन् भन्ने पनि छैन। विसङ्गति र विकृति पनि होलान्। तर पुराना सङ्कलनयोग्य भाकाहरूलाई पनि त यसले ल्यायो नि। साथै समस्त नेपाली सङ्गीतक्षेत्रकै एउटा विकासक्रमको थालनी पनि त गऱ्यो। पपसङ्गीत आदिलाई ल्यायो भन्ने आरोपहरू होलान् म स्वीकार्छु, तर यो विकृति हो भने त्योसँगसँगै नयाँ कुरो पनि त ल्यायो नि। पहिलेका सङ्गीतहरूले दिन नसकेको कुरा अहिले यतिवेला यसले दियो।

सयवटा गीतहरूको जन्म भएपछि एउटा 'मास्टरपिस' गीत जन्मिन्छ। उदाहरणका लागि "मैले छोएको पानी चल्दैन"। यो चारपङ्क्ति गीतले एउटा क्रान्ति ल्यायो। यो पप होस् या यसै शैलीमा गाएको गीत होस्, यसले यस्तो नयाँ भाव र शैली दियो जसले आजको सङ्गीतको भीडमा सरलरूपमा गम्भीर प्रहार गरेको छ। यसले हाम्रो सामाजिक परम्पराको असङ्गति र विकृतिमा ठूलो प्रहार गरेको छ। जुन कुरो मुलुकी ऐनजस्ता कानुनले समेत अनुभूत गराउन सकेका थिएनन्। गीत मनोविनोद र मनोरञ्जन मात्र नभएर सामाजिक क्रान्तिको माध्यम पनि

हुनसक्छ र परिवर्तनकामी सन्देश दिन सक्छ भन्ने उदाहरण हो यो। त्यसैले मैले भनेको यस्ता कुराहरू सधैँ आउने होइनन्। धेरै मध्येबाट छानिएर आउँछन यस्ता गीत। अम्बर गुरुङको सङ्गीतमा अरुण लामाले गाएको राजेन्द्र थापाको "पोहोर साल खुसी फाट्दा" भन्ने गीतले पनि यस्तै प्रभाव पारेको थियो। म्युजिक नेपालले यति 'स्कोप नदिएको भए यति क्यासेट उत्पादन हुने थिएनन्। म्युजिक नेपालले बाटो देखाइदियो र यो सम्भव भयो। त्यसैले मैले भनेको– कलाकारका लागि 'प्लेटफार्म' बनाइदिनेदेखि उनीहरूको गीत प्रसारण गरिदिने र यसै मार्फत् जीविकोपार्जनको बाटो पहिल्याइदिने काम यसले गऱ्यो। यसैले नेपाली सङ्गीतको क्षेत्रमा म्युजिक नेपालको उचाइ धेरै माथि छ, गहिराइ धेरै तल छ र सतह पनि व्यापक छ– यसले साङ्गीतिक रूपमा काम गर्न सकेमा। यसो गर्न सकेको खण्डमा हामीकहाँ बल्ल राष्ट्रिय एकता र राष्ट्रिय संस्कृति आउँछ। सांस्कृतिक एकता भइदिएको भए अहिलेजस्तो एकाविहानैदेखि हत्याहिंसाका समाचार मात्र सुन्नुपर्ने थिएन। नेपालीले नेपालीलाई मार्नु– सांस्कृतिक एकताको अभावले गर्दा नै हो। त्यसैले सङ्गीतको क्षेत्रबाट यस दिशामा धेरै सुधारात्मक कामहरू गर्न सकिन्छ। जुन काम म्युजिक नेपालले गर्नसक्छ। यसले भानुभक्तको रामायणजस्तो कृतिलाई पनि स्वरमा ढालेर निकाल्यो। यो पनि सरहनीय काम हो। त्यसैले म्युजिक नेपालले नेपाली सङ्गीतको विकासक्रममा एउटा 'डाइनामिक' गति दिएर यो 'मुभमेन्ट' थालेको छ, यो अरूले गर्न नसकेको राष्ट्रिय काम हो। ■



म्युजिक नेपाल : प्रगतिको बाटोमा

सुवि शाह

नेपाल अधिराज्यमा वि.सं. १८६५ सालसम्म गीत गायनको क्षेत्रमा स्थायित्व राखी आफैंले गाएको गीत आफैले सुन्ने प्रवृत्ति कायम भएको थिएन । सायद आफूले गाएको गीत पछिसम्म आफैंले सुन्न पाइन्छ भन्ने समेत नेपाली गायकहरूलाई थाहा थिएन होला । जब वि.सं. १८६० सालमा ग्रामोफोन नेपालमा भित्रियो, त्यसैबेलादेखि गीतको स्थायित्व कायम भई आफूले गाएको गीत पछिसम्म आफैंले सुन्न पाइँदोरहेछ भन्ने थाहा पाए । यसरी ग्रामोफोनको बिक्री-वितरण नेपालमा आएपछि सर्वप्रथम भद्रकाली हाउसका साहू जनकलाल जोशीले वि.सं. १८६५ सालमा सेतुराम श्रेष्ठलाई कलकत्तामा लगी स्वर भर्न लगाएर डिस्क रेकर्ड


ल्याएपछि मात्र नेपालमा पनि आफूले गाएको गीत पछिसम्म पनि आफैंले सुन्न पाउने अवसर पाएँ। यस क्रममा २००७ सालसम्म कलकत्ता गएर गायकहरूले गीत रेकर्ड गराउँदै आएका हुन्। त्यसपछि प्रजातन्त्र आयो र नेपालमा नै रेडियो स्थापना भयो र गायन क्षेत्रमा उन्नति हुँदैगयो। तर गायन प्रकृयामा भने एउटै माइकमा सबैले गानवजान गर्नुपर्ने भएकोले प्रत्यक्ष प्रसारण गर्न धेरै अभ्यास गर्नु पर्दथ्यो। त्यस बखत् गीत रेकर्डिङ् गर्ने व्यवस्थाचाहिँ थिएन। त्यसकारण रेकर्डिङ्का लागि कलकत्ता नै धाउनु पर्दथ्यो। पछि नेपाल रेडियोमा रेकर्डिङ्को व्यवस्था भएको र रत्नरेकर्डिङ् संस्था पनि स्थापना भएकोले एकातिर नेपाल रेडियोमा गीत रेकर्डिङ् भएर बज्न थाल्यो भने अर्कोतिर रत्नरेकर्डिङ् संस्थानले पनि रेकर्डिङ् गरेर गीत उत्पादन गरी गीतहरू क्यासेटमा कलकत्ता र जापानमा पठाई डिस्क रेकर्ड गराइने प्रवृत्ति ल्याएको हो। पछि रेकर्डिङ् संस्थानको गतिविधि कम हुँदै गएको अवस्थामा २०३८ सालदेखि म्युजिक नेपालको स्थापना भई गीत रेकर्डिङ् गर्ने कार्य परीक्षणको रूपमा थालनी गऱ्यो र रत्नरेकर्डिङ् संस्थानलाई पनि गीत रेकर्डिङ्को कार्यमा सघाउँदै आएको थियो। पछि रत्नरेकर्डिङ् संस्था खारेज भयो भने म्युजिक नेपाल चाहिँ गीत रेकर्डिङ्को कार्यमा निरन्तर अगाडि बढ्दै गयो। यस बखत चलचित्र क्षेत्रमा गीत रेकर्डिङ् गराउने लहर चलेको थियो तर रेडियो नेपाल र म्युजिक नेपालमा गएर गीत रेकर्डिङ् गर्न फिल्मका डाइरेक्टरहरू चाइदैनथे किनभने यहाँ गीत रेकर्ड गराउँदा महँगो पर्ने ज्यादा समय लाग्ने र प्राविधिक रूपले कमजोर हुने ठान्थे। खासगरी गीत रेकर्ड गर्न वाद्यवादकहरू धेरै चाहिने र समय पनि धेरै लाग्ने हुँदा फिल्मी डाइरेक्टरहरू मुम्बईमै गई गीत रेकर्ड गराउँथे।

यी विभिन्न कारणहरूलाई म्युजिक नेपालले मनन गरी, आफ्नै भवन नहुञ्जेल सुविधायुक्त स्टुडियो चलाउन नसक्ने ठहर गरी, अनामनगरमा आफ्नो भवन तयारी गरी, विभिन्न किसिमका रेकर्डिङ् मेसिनहरू जडान गरी गीत रेकर्ड गर्ने व्यवस्था मिलाएको छ। त्यसैगरी कम्प्युटराइज्ड कीबोर्डहरू पनि राखी सङ्गीतको आरम्भ गर्ने सुविधासमेत उपलब्ध गराएकाले प्रायः धेरैजसो फिल्मी गीतहरू पनि म्युजिक नेपालले उत्पादन

गर्न थालेकाले यो प्रसिद्ध रेकर्डिङ् संस्थान हुन पुगेको छ । यस अवधिभित्र म्युजिक नेपालले क्रमिक रूपबाट आफ्नो कार्यक्षमता अगाडि बढाउँदै आज विभिन्न ट्रयाक सुविधा भएका विभिन्न रेकर्डर मेसिन जडान गरेको छ । साथै पुराना गीतहरूमा कुनै नचाहिँदा आवाज हटाउने मेसिन पनि जडान गरेर पुरानो गीतलाई नयाँ रूप दिने बन्दोबस्त समेत गरिरहेको छ । यी विभिन्न सुविधाको उपयोग गर्दै म्युजिक नेपालले डेढ हजार जति क्यासेट उत्पादन गरिसकेको छ भने यसै समयभित्र प्रतिलिपि अधिकारको संरक्षणप्रति चेतना जगाउने र सांस्कृतिक सम्वर्द्धनको थालनी समेत गरिसकेको छ । यसरी म्युजिक नेपालले विभिन्न कार्य सञ्चालन गर्नुका साथै गीति क्यासेट बिक्रीको हिसाबबाट पारिश्रमिक (रोयल्टी) दिने प्रवन्ध पनि मिलाएको छ । यसको साथै बिक्रीको हिसाबबाट गीतकार, सङ्गीतकार, गायक र विक्रीकर्तालाई समेत प्रत्येक वर्ष सम्मानित गर्ने व्यवस्था पनि गरिरहेको छ । यसले भानुभक्तीय रामायणको श्रव्य क्यासेट ११ भागमा निकालेर अलौकिक नाम कमाउनु समेत सफल भएको छ । यसरी आफ्नो १८ वर्षको अवधिमा म्युजिक नेपालले अन्तर्राष्ट्रिय सम्मान 'इन्टर नेशनल गोल्ड स्टार एवार्ड' द्वारा सम्मानित भएको छ भने आज आएर म्युजिक नेपालले विभिन्न किसिमको गीतहरूका भिडियो समेत निकाली सकेको छ । म्युजिक नेपालले गरेको अर्को महत्त्वपूर्ण विषय पुरानो डिस्करेकर्डका गीतलाई युवा-कलाकारहरूद्वारा रिमिक्स गराई क्यासेट निकालेर प्रचारमा ल्याउनु हो । यसै क्रममा म्युजिक नेपालले पुरानो डिस्करेकर्डको गीतलाई पुरानै स्वर कायम राखी क्यासेटमा सारेर क्यासेट प्लेयरबाट सुन्न सक्ने गरी रेकर्डिङ् गर्ने बन्दोवस्त समेत गरिरहेको छ । जस्तो कि रिमिक्सद्वारा 'सवारी मेरो रेलैमा' भन्ने क्यासेट निकाली सकेको छ भने मित्रसेनका पुराना गीतहरूलाई मित्रसेनकै स्वरमा क्यासेट निकाल्ने तयारीमा छ साथै अरु पुराना गायकहरूको स्वरका पनि क्यासेटमा निकाल्दै जाने बन्दोवस्त गरिरहेको छ । यसरी एकातर्फ रिमिक्सद्वारा पुराना गीतहरू युवास्वरमा निक्लियो भने अर्कोतर्फ पुराना मूल गायकहरूकै स्वरलाई क्यासेटमा निकालेर प्रचारमा ल्याउने बन्दोवस्त गरी म्युजिक नेपालले पुराना गीतहरू र पुराना गायकहरूको सम्वर्द्धनको

साथै संरक्षण समेत गर्न कटिबद्ध भएको छ। यसै गरी अन्तर्राष्ट्रिय जगत्मा आफ्नो कार्यशैलीलाई पुराउन सकेकोले आज विभिन्न राष्ट्रहरूले म्युजिक नेपालसँग सम्बन्ध स्थापना गरिसकेका छन्। हालै नर्वेबाट पनि म्युजिक नेपालसँग नेपाली लोक सङ्गीतलाई स्कूलहरूमा पढाउने सम्बन्धमा सम्पर्क राखिसकिएको छ। निकट भविष्यमै सङ्गीत विद्यालय खोल्ने ध्याउन्नमा यो संस्था लागेको गाँइगुँइ सुनिन थालेको छ। यो प्रशंसनीय कुरो हो। यसरी यसले सङ्गीतका हरेक फाँटमा प्रशंसनीय योगदान पुऱ्याएको छ। खासगरी म्युजिक नेपालले आफूलाई एउटा प्रगतिशील संस्थाको रूपमा मुलुकसामु प्रस्तुत गर्न सफल भएको प्रस्ट छ।

■



विश्वास र इमान जित्यो

हरिवंश आचार्य/मदनकृष्ण श्रेष्ठ

२०३८ सालमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा आयोजना गरिएको गाईजात्रा महोत्सव प्रज्ञा-प्रतिष्ठानमा एक हप्तासम्म प्रदर्शन भयो। कार्यक्रमको सर्वत्र चर्चा भयो। राजादेखि सर्वसाधारण समेत त्यसबेलाको गाईजात्रा महोत्सवमा ठूलो चासो राखेर हेर्दथे। त्यसबेला हामी दुई मिलेर 'यमलोक' नामक प्रहसन प्रस्तुत गरेका थियौ। 'यमलोक' प्रहसन हेर्न साहित्यकारको नाताले निम्तो पाएर विश्वेश्वरप्रसाद कोइराला पनि आउनुभएको रहेछ। कार्यक्रम हेरेर बी.पी.ले वरिष्ठ सङ्गीतकार नातिकाजीसँग हामी दुईको खुब तारिफ गर्नुभएको कुरा हामीलाई माया गर्ने र हामी दुईलाई सँगै कार्यक्रम गर्न प्रेरणा दिने गायक दाइ रुबि जोशीले

सुन्नुभएको रहेछ । रुबि दाइको भनाइअनुसार– यो 'यमलोक' प्रहसन त नेपालका सबै जनतालाई देखाउनुपर्ने भन्नुभयो रे बी.पी.ले ।

हाम्रो मनमा पनि लागिरहेको थियो यो कसरी देशभरि प्रदर्शन गर्ने भनेर, तर त्यसबेला हास्यव्यङ्ग्य कार्यक्रम गाईजात्राको सात दिन मात्र प्रदर्शन गर्न पाइन्थ्यो तैपनि सेन्सर गरेर ।

हाम्रा मित्र यादव खरेल त्यसबेला प्रज्ञा-प्रतिष्ठानको साउन्ड सिस्टमको प्रमुख हुनुहुन्थ्यो । हामीले सुन्यौ, हाम्रो 'यमलोक' प्रहसनलाई उहाँले अडियो क्यासेटमा रेकर्ड गर्नुभएको छ रे । हामीले त्यो क्यासेट उहाँसँग माग्यौं तर उहाँले जागिरको कारणले गर्दा होला दिन हिचकिचाउनुभयो । आदरणीय दाइ वसन्त श्रेष्ठ प्रज्ञा-भवनको नृत्य निर्देशक हुनुहुन्थ्यो । उहाँले त्यो 'यमलोक' भरेको क्यासेट सुन्नको लागि खरेलज्यूसँग लिनुभएको रहेछ अनि हामीलाई दिनुभयो– ल तपाईंहरूको आफ्नै प्रहसन पनि तपाईंहरूले सुन्न नपाउने ? लौ सारेर दिनुस् मलाई । हामीलाई त्यो क्यासेट ठूलो उपहार भयो । हामीले अर्को एउटा प्रहसन 'प्यारालाइसेस' पनि तयार गरिसकेका थियौं । त्यो दुईवटा प्रहसन राखेर 'यमलोक' क्यासेटको मास्टर तयार गर्‍यौं ।

त्यतिबेला कमलेस अग्रवालले दुईवटा 'वटारी मेसिन' राखी हिन्दी क्यासेट बनाई बजारमा पठाउनु हुँदोरहेछ, उहाँसँग चिनजान गरी दसहजार रूपैयाँ तिरी 'यमलोक' क्यासेट बनायौं, अनि झोलामा क्यासेट राखेर दुई दाजुभाइ (मह) न्यूरोडका क्यासेट बेच्ने पसलपसल जान थाल्यौं । पसलेहरूले सोध्नुहुन्थ्यो– "के को क्यासेट ? हास्यव्यङ्ग्यको ? लोकगीत छैन ?" नाक चेप्रचाउँदै भन्नुहुन्थ्यो– "यस्तो क्यासेट के बिक्ला र ! दुई पीस छोडेर जानुस्, हेरौंला ।" हामी झोला बोकी पसलपसल पुगी दुई पीस, चार पीस, दस पीस क्यासेट छोड्न थाल्यौं । बजारमा क्यासेट यति धेरै बिक्न थाल्यो कि हाम्रो बसमै रहेन । त्यसबेला कमलेस अग्रवालले हामीलाई सातलाख रूपैयाँसम्मको क्यासेट उधारो दिनुभयो । त्यसबेला 'यमलोक' डेढ लाख थान क्यासेट बिक्री भयो । अब हाम्रो हास्यव्यङ्ग्य लेख्ने, देखाउने काम त कता गयो कता, हामी साँझ भयो कि क्यसेटको डब्बा बोकी बजारमा पैसा उठाउने र क्यासेट बाँड्ने

काममा व्यस्त हुन थाल्यौं। त्यसपछि हामीले 'अंशबण्डा र कक्फाइट' नामक क्यासेट पनि बजारमा ल्याइसकेका थियौं। हामी त्यस क्यासेटको बजारको भारी कतै बिसाउन पाए पनि हुन्थ्यो भन्ने सोचमा थियौं, त्यसैबेला संस्थागत रूपमा म्युजिक नेपाल खुलेको कुरो थाहा भयो। हामीलाई म्युजिक नेपाल चाहिएको, म्युजिक नेपाललाई हामी चाहिएको, कुरो मिलिहाल्यो। क्यासेटको भारी लगेर बिसायौं म्युजिक नेपालमा।

बीस वर्ष भयो अडियो क्यासेटको बजारव्यवस्था म्युजिक नेपालले गरिदिईरहेको छ। पहिलपहिले हामीले क्यासेटको कभर छाप्थ्यौं, गनेर दिन्थ्यौं, आजकल कभर पनि आफैं छाप्छ, बजार व्यवस्था पनि आफैं गर्छ, रोयल्टी लिन बोलाउँछ। विश्वास र इमान्दारीले जित्न थाल्यो म्युजिक नेपालले।

बीस वर्षे युवा म्युजिक नेपाल संस्थागत रूपमा ज्यादै पाको भएको छ। म्युजिक नेपालले स्रष्टाहरूको प्रतिलिपिअधिकारको कार्यान्वयनका लागि गरेको योगदान नेपालका स्रष्टाहरूले सधैं मनमा राखिरहने छन्। ■



राष्ट्रिय गौरव

हेमराज ज्ञवाली

म्युजिक नेपालले २०५५ सालको भानुजयन्तीमा भानुभक्तीय रामायणको स्तरीय श्रव्य-क्यासेट तयार गरी लोकार्पण गरेर एउटा राष्ट्रिय गौरवको काम गरेको छ। यसको लागि म्युजिक नेपालको जति सराहना गरे पनि कम हुन्छ। हुन त यो क्यासेट निर्माणमा करको समूह (कमलमणि दीक्षित, रमेश खकुरेल र कोषराज न्यौपाने) को पनि कम्ती योगदान छैन। सम्भवतः रामचरित् मानसको भारतमा भइरहेको क्यासेटको तीव्र प्रचार र हामीकहाँ भानुभक्तीय रामायणवाचन-प्रथाको लोप हुँदैजानुबाट धार्मिक आस्थामा आउँदै गरेको गिरावट, हामीमा राष्ट्रभाषाको घट्दो मोह आदिबाट पिरिएर केही त गरौं भन्ने भावनाबाट करको समूहले सुरु

गरेको सुन्दरकाण्डको श्रव्य-क्यासेट निर्माणबाट उत्प्रेरित भएर म्युजिक नेपालका सन्तोष शर्माले पूरै रामायणको श्रव्य-क्यासेट तयार गर्ने अठोट गर्नुभयो। यो उहाँको राष्ट्रियता, व्यावसायिकता, राष्ट्रभाषाप्रेम तथा रामभक्तिको अन्तरप्रेरणा थियो। यस कार्यका लागि सन्तोष शर्मा बधाईका पात्र हुनुहुन्छ। एउटा असल उद्देश्यले थालिएको काम हुँदा सहयोगी हात धेरै अग्रसर भएर सोचेभन्दा धेरै राम्रो स्तरको श्रव्य-क्यासेट तयार हुनपुग्यो।

खानाको स्वाद खाएर थाहा पाइन्छ भनिए जस्तो भानुभक्तीय रामायण क्यासेटको गुणस्तर पनि सुनेर थाहा हुन्छ। यसमा स्वर दिनेहरूले हृदयबाट स्वर दिएको स्पष्ट थाहा हुन्छ। रामगाथामा स्वर दिन पाएकोमा यज्ञमा चरु होमेर सन्तोष पाएजस्तै सबै स्वरदाताले गद्गद्पूर्ण खुसियाली अनुभव गरेका छन्। त्यसैले क्यासेट सुन्नेहरू भन्छन्– उनीहरू रामगाथाका यी क्यासेट सुनेर कहिल्यै अघाउन्नन्। दिव्य आनन्द प्राप्त हुन्छ र रामभक्तिको गङ्गामा डुबुल्की मारेको अनुभव हुन्छ। यी क्यासेट निर्माण गर्दा गायनका बेला सङ्गीत प्रशिक्षण दिने मदन दिपबिम र क्यासेटमा सङ्गीत दिने गणेश परियारको पनि ठूलो योगदान छ। व्याकग्राउन्ड म्युजिकले क्यासेटको मिठासमा ठूलो योगदान पुऱ्याएको छ। तीन महिना जति दिनरात खटेर यो कार्य सफल पार्ने कोषराज न्यौपाने र रमेश खकुरेलको पनि त्यत्तिकै स्मरणीय योगदान रहेको छ।

प्रस्तुत भानुभक्तीय रामायणको श्रव्य-क्यासेटमा स्वर दिनेको सङ्ख्या ४५ छ। मेचीदेखि महाकालीसम्म प्रायः सबै अञ्चलका गायक-गायिकाको प्रतिनिधित्व छ। विराटनगर निवासी ७५ वर्षकी नन्दा न्यौपाने स्वर दिनेमा सबैभन्दा बढी उमेरकी हुनुहुन्छ भने त्यसपछि ७४ वर्षका जनकविकेशरी धर्मराज थापा उमेरले दोस्रोमा हुनुहुन्छ। सबैभन्दा सानो उमेरमा १० वर्षका सुश्रुत जोशीले यस क्यासेटमा स्वर दिएका छन्। पुरुषमा सबभन्दा धेरै श्लोक १२८ वाचन गर्ने साऱ्है राम्रो भाकामा गोविन्द आचार्य र महिलामा सबैभन्दा धेरै १०७ श्लोक वाचन गर्ने प्रसिद्ध गायिका लोचन भट्टराई हुनुहुन्छ। साऱ्है मीठो गलाले वाचन

गर्नेमा कोमल वली, कल्पना शर्मा, पुष्प नेपाली, कुलप्रसाद पराजुली, शर्मिला वर्देवा र जितेन राई पनि प्रशंसित हुनुहुन्छ ।

स्वर दिनेमा सेर्पा, तामाङ, नेवार, चौधरी, कर्ण आदि सबै क्षेत्रका सबैजसो जातिको प्रतिनिधित्व हुनुका साथै बाबु नेपाली सेर्पा र फ्रेन्च आमाबाट पेरिसमा जन्मेकी १४ वर्षकी बालिका इमिली सेर्पाको स्वरसमेत यसमा समावेश भएकोले यो क्यासेट निर्माण कार्य ४ वर्ण ३६ जातको फूलबारीको फूलको रुपक्क परेको माला हुनपुगेको छ । यसमा नेपाली जातिका आदिकवि भानुभक्तप्रतिको हाम्रो श्रद्धा, भक्ति र सद्भावको सुगन्ध मगमग हुनुको साथै रामभक्तिको नेपाली परम्परासमेत अरू जगमगाएको छ । क्यासेट सुन्दा हरेक स्वरदाताले कर फालेको होइन, भावनाको अञ्जुली चढाएको प्रतीत हुन्छ ।

जतिसुकै राम्रो वस्तु भए पनि त्यसको समुचित उपयोग हुन नसके सबै लाभान्वित हुन सक्दैनन् । यसका लागि म्युजिक नेपालले पर्याप्त मात्रामा क्यासेट तयार गरी स्वदेश र विदेशमा समेत हुनसक्नेसम्म सुपथ मोलमा उपलब्ध गराउन र यसको आवश्यक प्रचारप्रसारको व्यवस्था गर्नु गराउनुपर्छ । त्यस्तै मुलुकभर व्याप्त गरिबीले सबैसँग क्यासेट सुन्न सम्भव नहुने स्थितिलाई दृष्टिगत गर्दा हाम्रा रेडियो स्टेसनहरूले भानुभक्तीय रामायणका श्रव्य-क्यासेटलाई टीभी सिरियलमा रामायण-महाभारत दिए जस्तै रामायण क्यासेट प्रसारण गर्ने व्यवस्था मिलाई कमलमणि दीक्षितले भन्नुभएजस्तै नेपाली संसारै घन्काउनुपर्छ । यति भएमा मात्र भानुभक्तीय रामायणका क्यासेट निर्माणको उद्देश्यले सार्थकता पाउने छ ।

भानुभक्तीय रामायण नेपालीको प्राणभन्दा प्यारो वस्तु रहेको कुरो सबैले निर्विवाद रूपमा मानेका छन् । नेपालमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाबाट २०५५ सालको भानुजयन्तीका अवसरमा यसको विमोचन २०५५ साल साउन १ गते भयो । त्यस्तै २०५५ श्रावण १७ गते भारतको दार्जीलिङको संयुक्त तत्त्वावधानमा डा. लख्खीदेवी सुन्दासको प्रमुख आतिथ्य र प्रसिद्ध नेपाली साहित्यकार इन्द्रबहादुर राईको सभापित्वमा लरेटो कलेजको सभाकक्षमा आयोजित समारोहमा नेपालबाट म्युजिक नेपालका सन्तोष शर्माको नेतृत्वमा गएको समूहले भानुभक्तीय रामायणको

श्रव्य-क्यासेट त्यहाँको नेपाली समाजलाई अर्पण गर्ने कार्य सुसम्पन्न गरेको थियो । सो अवसरमा नेपालबाट गएका उक्त क्यासेटमा स्वर दिने गोविन्द आचार्य, लोचन भट्टराई, प्रह्लाद पोखरेल, देवीभक्त श्रेष्ठ र प्रभा भट्टराईले भानुभक्तीय रामायणको प्रत्यक्ष वाचन पनि गरेर श्रोताहरूलाई मन्त्रमुग्ध पार्नुभएको थियो । सो अवसरमा नेपालबाट जाने अन्यमा फोटो पत्रकार कुमार आले, कमलमणि दीक्षित, कोषराज न्यौपाने, रमेश खकुरेल, मदन दिपबिम आदि हुनुहुन्थ्यो । भानुभक्तीय रामायणको श्रव्य-क्यासेट दार्जीलिङका नेपाली समाजलाई अर्पण गर्ने कार्यक्रमलाई सबैले त्यहाँ भएको एउटा अभूतपूर्व कार्यक्रम भन्दै सन्हाएका थिए ।

अन्त्यमा प्रत्येक नेपालीले सम्भव भएसम्म आफ्नो घरमा १/१ सेट भानुभक्तीय रामायणको श्रव्य क्यासेट राख्न तथा आफू र आफ्ना परिवारले यसको नियमित श्रवण गरी रामभक्तिको गङ्गामा नुहाई लाभान्वित हुन र आफ्नो अभीष्टसिद्धि पूरा गर्नसमेत करबद्ध प्रार्थना गर्दै कमलमणि दीक्षितको 'यस्तो पनि' भन्ने पुस्तकको पृष्ठ ८ को निम्न श्लोक उद्धृत गरेर यो लेख यही टुङ्ग्याउने अनुमति माग्छु-

रामायण् छ अगम् यि संस्कृतमहां पुग्दैन सबूको गति,
मायाश्लोक बनाइदिन्छु र पढुन् लागोस् हरीमा मति ।
यस्तो सुर गरि भानुभक्त कविले भाषा बनाई दिया
थर् आचार्य छ घर् त हो तनहुँमा साऱ्है दयालु थिया ।

■

(साभार: कान्तिपुर दैनिक)



म्युजिक नेपाल : एक झलक

स्थापना	:	२०३९ साउन २ गते
परीक्षण उत्पादन आरम्भ	:	२०४० बैशाख २ गते
नियमित सञ्चालन	:	२०४० साउन १ गते
गीतियात्रा– (नारायणगोपाल) प्रकाशन	:	२०४४ माघ १० गते
श्रीस्वस्थानी व्रतकथा एल्बम प्रकाशन	:	२०४९ माघ
म्युजिक नेपाल पुरस्कार स्थापना	:	२०५० साउन
'मुनामदन' एल्बम प्रकाशन	:	२०५२ जेठ
लूपबीन टेपमेटिक जडान	:	२०५३ साल मङ्सिर २४ गते
सांस्कृतिक सम्बर्द्धन परिषद् स्थापना	:	२०५३ साउन १५ गते
श्रव्य-रामायण विमोचन	:	२०५५ साउन १ गते (काठमाडौं)
श्रव्य-रामायण सार्वजनीकरण	:	२०५५ साउन १७ गते (दार्जीलिङ)
'सङ्गीत' रामायण विशेषाङ्क प्रकाशित	:	२०५७ साउन ९ गते
गौरी-शोककाव्य रेकर्ड आरम्भ	:	२०५९ भदौ
जापानको एन.एच.के. टीभीको 'एशियाज हु इज हु' मा प्रसारण	:	सन् १९९८ अक्टोबर १३ र २४

ISBN 99933-881-1-4

9 789993 388111